"समृद्ध सांस्कृतिक नगर"



आवधिक योजना

(आ. व. २०८१/८२—२०८५/८६)



तानसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश

विषय सूची

परिच्छेद १: परिचय 1

१.१ पृष्ठभूमि 1

१.२ योजना तयारीको कानुनी आधार 2

१.३ आवधिक योजना तर्जुमाको उद्देश्य 3

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया 4

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा 6

२.१ नगरपालिकाको परिचय 6

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना 7

२.२ आर्थिक विकास अवस्था 12

२.२.१ कृषि तथा खाद्य सुरक्षा 13

२.२.२ पर्यटन तथा संस्कृति 14

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति 15

२.२.४ आम्दानी र रोजगारी 16

२.२.५ वित्तीय संस्था 17

२.३ सामाजिक विकासको अवस्था 17

२.३.१ स्वास्थ्य तथा पोषण 17

२.३.२ शैक्षिक विकास 18

२.३.३ खानेपानी तथा सरसफाइ 20

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण 22

२.३.५ युवा, खेलकुद तथा कला 22

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था 23

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण 23

२.४.२ सडक, पुल तथा यातायात 24

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा 26

२.४.४ सूचना, सञ्चार तथा प्रविधि 27

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था 29

२.५.१ वन तथा जैविक विविधता 29

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन 29

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन 30

२.५.४ महामारी तथा विपद् व्यवस्थापन 32

२.६ सुशासन तथा संस्थागत व्यवस्था 34

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन 34

२.६.२ सङ्गठनात्मक विकास 35

२.६.३ स्रोत परिचालन 36

२.६.४ योजना व्यवस्थापन ३६

परिच्छेद ३सोच तथा विकासको अवधारणा : ३८

३पृष्ठभूमि १. ३८

३प्रमुख समस्या तथा चुनौती २. ४०

३प्रमुख सम्भावना तथा अवसर ३. ४२

३निर्देशक सिद्धान्त ४. ४४

३नगर समृद्धिका प्रमुख वाहकहरू ५. ४६

३कृषि तथा पशुपालन १.५. ४६

३पर्यटन २.५. ४६

३शिक्षा र स्वास्थ्य ३.५. ४७

३उद्योग ४.५. ४७

३ नगर ५.५.समृद्धिका सहयोगी क्षेत्रहरू ४८

३सोच ६., लक्ष्य तथा उद्देश्य ४८

३परिमाणात्मक लक्ष्य ७. ४९

३रणनीति तथा प्राथमिकता ८. ५०

३लगानी ९., स्रोत अनुमान र बाँडफाँट ५२

३नगर गौरवका आयोजनाहरू १०. ६१

परिच्छेद ४आर्थिक विकास क्षेत्र : ६३

४कृषि तथा पशुपंक्षी १. ६३

४.१.१ पृष्ठभूमि ६३

४तथा चुनौती समस्या २.१. ६४

४सम्भावना तथा अवसर ३.१. ६५

४लक्ष्य ४.१., उद्देश्य, रणनीति र कार्यनीति ६५

४कार्यक्रम तथा आयोजना ५.१. ६९

४अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.१. ७२

४२. सिँचाइ ७४

४पृष्ठभूमि १.२. ७४

४समस्य .२.२.ा तथा चुनौती ७४

४सम्भावना तथा अवसर ३.२. ७४

४.२.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ७५

४कार्यक्रम तथा आयोजना ५.२. ७७

४.२अपेक्षित उपलब्धि तथा नतिजा खाका ६. ७८

४ ३. पर्यटन, संस्कृति तथा सम्पदा ७९

४पृष्ठभूमि १.३. ७९

४समस्या तथा चुनौती २.३. ८०

४सम्भावना तथा अवसर ३.३. ८०

४लक्ष्य ४.३., उद्देश्य, रणनीति तथा कार्यनीति ४१
४कार्यक्रम तथा आयोजना ५.३. ..... ४४
४अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.३. ..... ४६
४४. उद्योग, व्यापार तथा व्यवसाय ४७
४पृष्ठभूमि १.४. ..... ४७
४समस्या तथा चुनौती २.४. ..... ४७
४सम्भावना तथा अवसर ३.४. ..... ४८
४लक्ष्य ४.४., उद्देश्य, रणनीति तथा कार्यनीति ४८
४कार्यक्रम तथा आयोजना ५.४. ..... ५१
४.४अपेक्षित उपलब्धि तथा नतिजा खाका ६. ..... ५३
४वैंक ५., वित्तीय संस्था तथा सहकारी बिकास ५४
४पृष्ठभूमि १.५. ..... ५४
४समस्या तथा चुनौती २.५. ..... ५४
४सम्भावना तथा अवसर ३.५. ..... ५५
४लक्ष्य ४.५., उद्देश्य, रणनीति तथा कार्यनीति ५५
४कार्यक्रम तथा आयोजना ५.५. ..... ५७
४अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.५. ..... ५८
४६. श्रम, रोजगारी र सामाजिक सुरक्षा ५९
४पृष्ठभूमि १.६. ..... ५९
४समस्या २.६. चुनौती ५९
४सम्भावना र अवसर ३.६. ..... ५९
४ ४.६. लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ६००
४कार्यक्रम तथा आयोजना ५.६. ..... ६०३
४अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.६. ..... ६०४

परिच्छेद ५:सामाजिक विकास १०५
५१. शिक्षा, विज्ञान तथा नव प्रवर्तन १०५
५पृष्ठभूमि १.१. ..... १०५
५समस्या तथा चुनौती २.१. ..... १०५
५सम्भावना तथा अवसर ३.१. ..... १०६
५लक्ष्य २.१., उद्देश्य, रणनीति तथा कार्यनीति १०६
५कार्यक्रम तथा आयोजना ५.१. ..... ११०
५अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.१. ..... ११२
५२. स्वास्थ्य तथा पोषण ११४
५पृष्ठभूमि १.२. ..... ११४
५.२.२ समस्या तथा चुनौती ११४
५.२.३ सम्भावना तथा अवसर ११५
५.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ११५

५कार्यक्रम तथा आयोजना ५.२..... 118
५अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.२..... 120
५३. खानेपानी तथा सरसफाइ..... 122
५पृष्ठभूमि १.३..... 122
५समस्या तथा चुनौती २.३..... 122
५सम्भावना तथा अवसरहरू ३.३..... 123
५लक्ष्य ४.३., उद्देश्य, रणनीति तथा कार्यनीति..... 123
५कार्यक्रम तथा आयोजना ५.३..... 125
५अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.३..... 127
५४. महिला, बालबालिका तथा लक्षित वर्ग..... 128
५पृष्ठभूमि १.४..... 128
५समस्या २.४. तथा चुनौती..... 128
५सम्भावना तथा अवसर ३.४..... 129
५.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति..... 129
५कार्यक्रम तथा आयोजना ५.३..... 132
५अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.३..... 135
५५. युवा तथा खेलकुद..... 136
५पृ १.५.ष्ठभूमि..... 136
५समस्या तथा चुनौती २.५..... 136
५.५.३ सम्भावना तथा अवसर..... 137
५लक्ष्य ४.५., उद्देश्य, रणनीति तथा कार्यनीति..... 137
५कार्यक्रम तथा आयोजना ५.५..... 140
५अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.५..... 141
५भाषा ६., साहित्य र संस्कृति..... 142
५पृष्ठभूमि १.६..... 142
५समस्या २.६. तथा चुनौती..... 143
५अवसर तथा सम्भावनाहरू ३.६..... 143
५लक्ष्य ४.५., उद्देश्य, रणनीति तथा कार्यनीतिहरू..... 143
५कार्यक्रम तथा आयोजना ५.५..... 146
५अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.५..... 147

परिच्छेद ६:पूर्वाधार विकास क्षेत्र..... 148
६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण..... 148
६समस्या तथा चुनौती २.१..... 148
६सम्भावना तथा अवसर ३.१..... 149
६लक्ष्य ४.१., उद्देश्य, रणनीति तथा कार्यनीति..... 150
६कार्यक्रम तथा आयोजना ५.१..... 152
६अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.१..... 153

६.२ सडक, पुल तथा यातायात 154
६पृष्ठभूमि १.२. 154
६समस्या तथा चुनौती २.२. 154
६सम्भावना तथा अवसर ३.२. 155
६लक्ष्य ४.२., उद्देश्य, रणनीति तथा कार्यनीति 155
६कार्यक्रम तथा आयोजना ५.२. 158
६अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.२. 159
६ ३. विद्युत तथा वैकल्पिक ऊर्जा 160
६पृष्ठभूमि १.३. 160
६समस्या तथा चुनौती २.३. 160
६.३.३ सम्भावना तथा अवसर 160
६लक्ष्य ४.३., उद्देश्य, रणनीति तथा कार्यनीति 161
६कार्यक्रम तथा आयोजना ५.३. 163
६अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.३. 164
६सूचना तथा सञ्चार प्रविधि ४. 165
६पृष्ठभूमि १.४. 165
६समस्या तथा चुनौती २.४. 165
६सम्भावना तथा अवसर ३.४. 166
६लक्ष्य ४.४., उद्देश्य, रणनीति तथा कार्यनीति 166
६कार्यक्रम तथा आयोजना ५.४. 169
६अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.४. 170

परिच्छेद ७ वन वातावरण तथा विपद् व्यवस्थापन : 171
७१. बन तथा जैविक विविधता 171
७१..१ पृष्ठभूमि 171
७१..४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति 173
७कार्यक्रम तथा आयोजना ५.१. 176
७अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.१. 177
७२. भू तथा जलाधार व्यवस्थापन 178
७पृष्ठभूमि १.२. 178
७समस्या २.२. तथा चुनौती 178
७सम्भावना तथा अवसर ३.२. 179
७लक्ष्य ४.२., उद्देश्य, रणनीति तथा कार्यनीति 179
७कार्यक्रम तथा आयोजना ५.२. 182
७अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.२. 183
७३. वातावरण तथा फोहोरमैला व्यवस्थापन 184
७पृष्ठभूमि १.३. 184
७समस्या तथा चुनौती २.३ 185

७सम्भावना तथा अवसर ३.३. 185
७लक्ष्य ४.३., उद्देश्य, रणनीति तथा कार्यनीति 186
७कार्यक्रम तथा आयोजना ५.३. 188
७अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.३. 189
७४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता 190
७पृष्ठभूमि १.४. 190
७समस्या २.४. तथा चुनौती 190
७सम्भावना तथा अवसर ३.४. 191
७लक्ष्य ४.४., उद्देश्य, रणनीति तथा कार्यनीति 191
७कार्यक्रम तथा आयोजना ५.४. 194
७अपेक्षित उपलब्धि तथा नतिजा खाका ६.४. 195

परिच्छेद ८संस्थागत तथा सुशासन विकास : **196**
८.१ पृष्ठभूमि 196
८.२ समस्या तथा चुनौती 197
८.३ सम्भावना तथा अवसर 198
८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना 198
८कार्यक्रम तथा आयोजना ५. 203
८अपेक्षित उपलब्धि तथा नतिजा खाका ६. 206

परिच्छेद ९कार्यान्वयन व्यवस्था : **209**
९पृष्ठभूमि १. 209
९ संस्थागत २.व्यवस्था तथा मानव संसाधन योजना 209
९विषयक्षेत्र अनुसार अनुमानित बजेट ३. 209
९स्रोत अनुमान तथा प्रक्षेपण ४. 211
९राजस्व परिचालनको अवस्था १.४. 212
९खर्च अवस्थाको विश्लेषण २.४. 212
९अपुग स्रोत व्यवस्थापन ३.४. 213
९स्रोत परिचालन रणनीति ५. 214
९आवधिक योजना कार्यान्वयन ६. 215
९योजना कार्यान्वयन १.६. 215
९कार्यान्वयन प्रक्रिया २.६. 217
९अनुगमन तथा मूल्याङ्कन योजना ७. 218
९अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १.७. 219
९अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी २.७. 219
९अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ३.७. 220

अनुसूचीहरू **223**

अनुसूची वडास्तरीय भूउपयोग स्रोत नक्शाहरू : १ —.....२२३
अनुसूची आवधिक योजना तर्जुमा अभिमुखीकरण कार्यशाला : २ — तथा छलफलका केही फोटाहरू.....२३०
अनुसूची आवधिक योजना तर्जुमा क्रमका कार्यशाला तथा छलफलका केही उपस्थितिहरू :३ —.....२४७

तालिका सूची

तालिका :१जनसङ्ख्याको वडागत वितरणको अवस्था ८
तालिका :२नगरपालिकाको उमेर समूह अनुसारको जनसङ्ख्या विवरण ९
तालिका :३पाँच वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था १९
तालिका :४प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति २६
तालिका :५खाना पकाउने इन्धनको प्रकार २६
तालिका :६सञ्चारका उपकरणको उपलब्धता २८
तालिका ७: नगरपालिकाको निर्देशक सिद्धान्तहरू ४४
तालिका :८अपेक्षित परिमाणात्मक उपलब्धि ४९
तालिका :९नगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ५०
तालिका नगरपालिकाको गत तीन आर्थिक वर्षको यथार्थ आय १० ..... ५२
तालिका :११नगरपालिकाको आय अनुमान (हजारमा .रू) ५७
तालिका :१२नगर गौरवका आयोजनाहरू ६१
तालिका १३कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू : ६६
तालिका १४कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना : ६९
तालिका १५कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका : ७२
तालिका १६सिँचाइका रणनीति तथा कार्यनीतिहरू : ७५
तालिका १७सिँचाइका कार्यक्रम तथा आयोजना : ७७
तालिका १८सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका : ७८
तालिका १९पर्यटनका रणनीति तथा कार्यनीतिहरू : ८१
तालिका २०पर्यटन :, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना ८४
तालिका २१पर्यटन :, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ८६
तालिका २२उद्योग :, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ८९
तालिका २३उद्योग :, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना ९१
तालिका २४उद्योग :, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ९३
तालिका २५वैंक :, वित्तीय संस्था तथा सहकारी बिकासका रणनीति र कार्यनीति ९५
तालिका २६वैंक :, वित्तीय संस्था तथा सहकारी बिकासका कार्यक्रम तथा आयोजना ९७
तालिका २७वैंक :, वित्तीय संस्था तथा सहकारी बिकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका ९८
तालिका २८श्रम :, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति १००
तालिका २९श्रम :, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना १०३
तालिका ३०श्रम :, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका १०४
तालिका ३१शिक्षाका रणनीति तथा कार्यनीतिहरू : १०७
तालिका ३२शिक्षा :, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना ११०
तालिका ३३शिक्षा :, विज्ञान तथा नव प्रवर्तनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ११२
तालिका ३४स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू : ११६
तालिका ३५स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना : ११८
तालिका ३६स्वास्थ्य तथा पोषणका अपेक्षित उ :पलब्धि तथा नतिजा खाका १२०

तालिका ३७खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू :..... १२३
तालिका ३८खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना :..... १२५
तालिका ३९खानेपानी तथा :सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १२७
तालिका महिला :४०, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू..... १३०
तालिका ४१महिला :, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना..... १३२
तालिका ४२महिला :, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १३५
तालिका ४३युवा तथा खेलकूदका रणनीति तथा कार्यनीतिहरू :..... १३७
तालिका ४४युवा तथा खेलकूदका कार्यक्रम तथा आयोजना :..... १४०
तालिका ४५युवा तथा खेलकूदका कार्यक्रम तथा आयोजना :..... १४१
तालिका ४६ :भाषा, साहित्य र संस्कृति का रणनीति तथा कार्यनीतिहरू..... १४४
तालिका ४६युवा तथा खेलकूदका कार :्यक्रम तथा आयोजना..... १४६
तालिका ४७भाषा :, साहित्य र संस्कृतिका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १४७
तालिका ४८आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू :..... १५०
तालिका ४९बस्ती :, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना..... १५२
तालिका ५०बस्ती :, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १५३
तालिका ५१यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू :..... १५५
तालिका ५२सडक :, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना..... १५८
तालिका ५३सडक :, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १५९
तालिका ५४ऊर्जाका रणनीति तथ :ा कार्यनीतिहरू..... १६१
तालिका ५५जलस्रोत :, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना..... १६३
तालिका ५६जलस्रोत :, विद्युत्तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १६४
तालिका ५७सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू :..... १६६
तालिका ५८सूचना :, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना..... १६९
तालिका ५९सूचना :, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १७०
तालिका ६०वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू :..... १७३
तालिका ६१वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना :..... १७६
तालिका ६२वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका :..... १७७
तालिका ६३वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू :..... १७९
तालिका ६४भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना :..... १८२
तालिका ६५भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका :..... १८३
तालिका ६६फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू :..... १८६
तालिका ६७वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना :..... १८८
तालिका ६८वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका :..... १८९
तालिका ६९विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू :..... १९१
तालिका ७०विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना :..... १९४
तालिका ७१विपद् जोखिम न्यूनीकरण :र व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १९५
तालिका ७२सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू :..... १९९
तालिका ७३संस्थागत विकासका तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजना :..... २०३

तालिका ७४संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका :..... २०६
तालिका ७५विषय क्षेत्र अनुसार अनुमानित बजेट :..... २१०
तालिका ७६राजस्व परिचालनको अवस्था :..... २१२
तालिका ७७(लाखमा .रकम रु) खर्च बाँडफाँटको प्रक्षेपण :..... २१३
तालिका ७८: अपुग स्रोत व्यवस्थापन..... २१३
तालिका ७९: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा..... २१७
तालिका ८०: अनुगमन तथा मूल्याङ्कन खाका..... २२०

चित्र सूची

चित्र १ :नगरपालिकाको वडा विभाजन 7
चित्र २ नगरपालिकाको आगामी १५ वर्षको प्रक्षेपित जनसङ्ख्या 10
चित्र ३ दशकको भू उपयोगको अवस्था ४नगरपालिकाको 11
चित्र ४ नगरपालिकाको भू उपयोग जिआइएस नक्शा 12
चित्र ५ नगरपालिकामा अवस्थित ऐतिहासिक क्षेत्रहरु 14
चित्र ६ नगरपालिकामा अवस्थित ढलनिकास 21
चित्र ७ नगरपालिकाको सडक सञ्जाल 25
चित्र ८ नगरपालिकाको जमिनको भिरालोपना 31
चित्र ९ :बिषय क्षेत्रगत बजेट 211

परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको लागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना कार्यान्वयनको अन्तिम चरणमा रहेको छ भने लुम्बिनी प्रदेश सरकारले प्रदेशको **"समृद्ध प्रदेश खुशी जनता"** को दीर्घकालीन सोचका सहित प्रथम पञ्चवर्षीय योजनामा लुम्बिनी प्रदेशको समग्र विकासकोलागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य सहित वि.सं. २१०० सम्मकालागि समृद्धि र सुखका मुख्य सूचकहरू समेत निर्धारण गरिएका छन् ।

योजनाहरू प्राथमिकीकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयवासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य पालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

यस अवस्थामा तानसेन नगरपालिकाले पनि संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाद्धारा प्रस्तुत प्रथम पञ्चवर्षीय आवधिक विकास योजना (२०८१/८२—२०८५/८६) तर्जुमा गरिएको छ । नगरपालिकाले तयार गरेको वस्तुस्थिति विवरणको आधारमा नगर विकासको विद्यमान सम्भावना, अवसर, समस्या र चुनौती विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरू र आवश्यक स्रोत प्रक्षेपण सहित राजनीतिक प्रक्रियाबाट स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको रणनीतिक खाका सहितको यस आवधिक योजना तर्जुमा गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक् तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा नगरपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको

एउटै नीति गत आधार हुने भएकोले पनि नगरपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको तुलनात्मक विश्लेषण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुने गरी तानसेन नगरपालिकाको समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि तथा पशुजन्य उत्पादन र विप्रेषण नै यस नगरपालिकाको समग्र अर्थतन्त्रको मुख्य आधार हुन् ।

स्थानीय योजना स्थानीय विकासको लागि मात्र नभइ राष्ट्रिय विकासको लक्ष्यहरू प्राप्त गर्न सहयोग पुऱ्याउने एउटा औजार पनि हो । यस नगर विकास योजना तयार गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादम्यता हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई समेत ध्यान दिइएको छ । नतिजामा आधारित यस आवधिक योजनाले आगामी ५ वर्ष पछिको नगरपालिकाको विकासको अवस्था निर्धारणको गर्नुको साथै सोकोलागि आवश्यक रणनीति तथा कार्यनीतिहरू, सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा परियोजनाहरू र त्यसका लागि आवश्यक पर्ने स्रोतहरूको समेत अनुमान गरिएको छ । नगरपालिकाको समग्र विकास तथा कानुनी परिपालना लागि नगरपालिकाले वार्षिक रूपमा बनाउनु पर्ने र कार्यान्वयन गर्नुपर्ने वार्षिक योजना तर्जुमा गर्न यो आवधिक योजना एउटा मार्गदर्शक दस्तावेज हुनेछ ।

यस योजना तानसेन नगरपालिकाको समग्र विकासको रणनीतिक योजना सहितको मार्ग चित्र (Strategic and Indicative Planning Framework) मात्र हो जसले नगरपालिकालाई मध्यकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकता क्षेत्र निर्धारण गरी स्रोत विनियोजन एवं स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने विश्वास गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, नगरपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवाला पक्षको सहभागिताको समेत सुनिश्चित गरिएको थियो ।

१.२ योजना तयारीको कानुनी आधार

नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय तथा प्रदेशको कानुन र नीति, स्थानीय तहको कानुन नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिको मार्ग चित्र निर्देशित गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद २०७४ को ६ दफा २४ को उपदफा १ अनुसार स्थानीय निकायले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यकालीन र वार्षिक योजना, विषय क्षेत्र गत योजना तर्जुमा गरी तयार गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय तहले आफ्नो योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको सोच,उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिने व्यवस्था गरिएको छ । तानसेन नगरपालिकाको यस आवधिक योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको छ ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- नेपाल सरकारको पन्ध्रौं योजना
- लुम्बिनी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७ देखि २०८०/०८१)
- दिगो विकासका लक्ष्य
- स्थानीय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू
- स्थानीय तहमा रहेका राजनैतिक दलका नीति,कार्यक्रम तथा प्रतिबद्धताहरू
- स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था
- नागरिकको चाहना र स्थानीय आवश्यकता
- संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमा हुने स्रोत प्रवाहको र अवस्था आन्तरिक आय
- नेपाल सरकारले गरेका अन्तरराष्ट्रिय सन्धि सम्झौता र प्रतिबद्धताहरू
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

१.३ आवधिक योजना तर्जुमाको उद्देश्य

नगरपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित ~~मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि~~ नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक योजना (२०८१/८२–२०८५/८६) तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू निम्नानुसार छन् ।

- नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- सहभागितामूलक पद्धतिबाट नगरको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं कार्यनीति सहितको प्रमुख कार्यक्रमहरूको खाका बनाई नगरपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज बनाउने
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने
- भविष्यमा क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा महत्त्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरू तर्जुमा गर्न मार्गनिर्देशित गर्ने

- प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्ने ।

१.४ आवधिक योजनातर्जुमा प्रक्रिया

तानसेन नगरपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिमका कार्यक्षेत्रका अधीनमा रही आवधिक योजना तर्जुमा सुरुआत भएको छ । योजनालाई बढी सहभागिता मूलक यथार्थ परक कार्यान्वयन योग्य र सर्वस्विकार्य गराउन योजना तर्जुमा गर्ने सम्बन्धमा देहाय बमोजिमका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

क) **प्रारम्भिक छलफलः** प्रस्ताव स्वीकृत भई कार्य सम्झौता भएपछि सर्वप्रथम नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बन्ने समिति तथा उपसमितिहरू निर्माण योजनाको कार्य तालिका लगायतका विषयमा प्रारम्भिक छलफल गरी ती विषयको टुङ्गो लगाइएको थियो ।

ख) **तयारी कार्यशाला गोष्ठी सञ्चालनः** आवधिक योजनाको महत्त्व, औचित्य, विधि, प्रकृया, नगरपालिकाले यसमा निर्वाह गर्नुपर्ने भूमिका आदिका बारेमा नगरपालिका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बनेका समिति तथा उपसमितिहरूसँगको छलफल, योजनाका विविध पक्षहरू, चरणहरू तथा कार्य जिम्मेवारीका लागि **मिति २०८० मंसिर २५** गते तयारी कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो ।

ग) **वडास्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालनः** वडाध्यक्ष, वडा सदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनीतिक **दलका** प्रतिनिधिहरू, विद्यालयका प्रमुख तथा प्रधानाध्यापकहरू, क्षेत्रगत बिज्ञ तथा बौद्धिक व्यक्तित्वहरू, उद्योगी तथा व्यवसायीहरू लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा १४ वटै वडाहरूमा **मिति २०८०/०९/२३ देखि २०८०/१०/१२ गते** सम्म विभिन्न मितिमा छुट्टाछुट्टै एकदिने योजना तर्जुमा गोष्ठी सञ्चालन गरी वडास्तरका योजनाहरूको छलफल, पहिचान र संकलन गरिएको थियो ।

घ) **दीर्घकालीन सोच तथा योजना तर्जुमा कार्यशालाः** नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि **मिति २०८०/१०/२७ र २८** मा नगरपालिका स्तरीय २ दिने कार्यशालाको आयोजना गरी दीर्घकालीन सोच निर्धारण तथा विषयगत उदेश्य रणनीति एवं प्राथमिकता र कार्यक्रम तथा बजेट लगायतका विषयमा सरोकारवालाहरूसँग वृहत् छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

ङ) **तथ्याङ्क प्रमाणीकरणः** नगरपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरिएको थियो र योजनामा संलग्न गरिएका मुख्य सूचकाङ्कहरू समेत निर्धारण गरिएको थियो ।

च) **समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचानः** नगरपालिकाको आवधिक योजना तर्जुमाको सिलसिलामा तानसेन नगरपालिकामा विकासकालागि विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न विभिन्न विषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै अध्ययन र विषयगत समितिहरूसँग विभिन्न मितिमा छलफल गरी विश्लेषण गरिएको छ ।

छ) **क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारणः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) का उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारण गरिएको छ । यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको छ ।

ज) **मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषणः** उपरोक्त चरणहरू पुरा गरिसकेपछि विज्ञ समूहले नगरपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार पारी आवश्यक सुधार तथा सुझावका लागि नगर कार्यपालिकाको कार्यालयमा प्रेषण गरिएको छ । नगरपालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

झ) **मस्यौदा प्रतिवेदन नगर सभामा पेश गर्नेः** विज्ञ समूहले तयार गरी पठाएको मस्यौदा प्रतिवेदन निर्देशक समितिमा छलफल गरी प्राप्त भएको प्रतिवेदनका आधारमा आफ्नो समेत राय सुझाव तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा प्रतिक्रिया नोट गरी सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइनेछ भने सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको सुझाव सहित आफ्नो सुझाव समेत तयार गरी अन्तिम छलफलका लागि नगर सभामा पेश गरिनेछ । नगर सभाबाट पारित सुधार गर्नुपर्ने कुराहरू तथा प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

ञ) **नगर सभाबाट आवधिक योजना पारित गर्नेः** आवधिक योजनाको अन्तिम प्रतिवेदन नगर सभामा पेश गरी नगर सभाबाट स्वीकृतीका लागि प्रक्रिया अघि बढाइनेछ ।

परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

२.१ नगरपालिकाको परिचय

तानसेन शहरको स्थापनाको सन्दर्भमा महादत्तसेनले गोर्खालीहरूको राज्य विस्तार अभियानलाई सघाए वापत अर्घा, खाँची र गुल्मी राज्यहरु प्राप्त गरे पछि, व्यवस्थित राज्य सञ्चालन गर्ने हेतुले हालको तानसेनको भू-भागलाई समेटि 'श्रीनगर शहर' बसाइ 'श्रीनगर' लाई नयाँ राजधानी बनाएका थिए । महादत्तसेनले श्रीनगर शहर बसाल्दा तानसेनको टुँडिखेल मुनि रहेको अमरगञ्ज स्थित बटुक भैरव मन्दिरको भित्र वि.सं. १८४४ मिति अंकित 'श्रीनगर शहर' बसाएको भनी उल्लेख गरिएको शिलालेख राखिएको छ ।

तानसेनको नामाकरणको सन्दर्भमा विभिन्न भनाईहरु रहेका छन। पाल्पा बाह्रमगराँतभित्र रहेकोले यहाँका विभिन्न ठाउँहरु लगायत विभिन्न सन्दर्भहरु मगरभाषासँग जोडिएको पाइन्छ। सल्लाका विभिन्न प्रजातिहरुको नाम पनि मगरभाषामा रहेका छन् । जस्तो छानसिड (एक प्रकारको सल्ला), ठानसिङ (सल्लाको प्रजाति) हरुको नाम मगरभाषामा रहेका छन् । साथै यस ठाउँमा प्रसस्त पाइने सल्लाको प्रजातिमध्ये 'टानसिड' पनि एक हो। 'टानसिड' सल्ला प्रजातिको काठको प्रयोग कपडा बुन्ने तान (कर्घा) बनाउने काठको रुपमा प्रयोग गर्ने गरिन्थ्यो। यहाँका रैथाने मगरहरुले पहिलेदेखि नै आफैले बुनेका कपडा लगाउने गर्दथे, जसलाई 'घरबुना' याने 'घरमा बुनेको कपडा' भनेर भन्ने गरिन्थ्यो। उसो त कर्घा, कर्घा बनाउने काठ र यस ठाउँमा बुनिने 'घरबुना कपडा' को सामिप्यता देखिन्छ । परापूर्वकालदेखि यस ठाउँमा घरबुना कपडा बुनिने र त्यसबाट तयार भएका लुगाहरु सेनकालीन पाल्पाराज्यवाट धपाइएका गुरुङ जातिलाई वेचवेखन हुने गर्थ्यों। उक्त 'टानसिड' प्रजातिको सल्लाका रुखहरु यस ठाउँमा प्रसस्त पाइने हुनाले यस ठाउँको नाउँ 'टानसिड' रहन गएको र तानसिंङ् हुँद 'तानसेन' नाम रहन गएको देखिन्छ। मगर भाषामा 'ण', 'त', 'थ', 'द', 'ध', 'ष', 'श', 'क्ष', 'त्र', 'ज्ञ' अक्षरको प्रयोग हुदैन 'ण' को ठाउँमा 'न', 'त' को ठाउँमा 'ट', 'थ' को ठाउँमा 'ठ', 'द' को ठाउँमा 'ड', 'ध' को ठाउमा 'ढ', 'ष' र 'श' को ठाउँमा 'स', 'क्ष' को ठाउँमा 'छे', 'त्र' को ठाउँमा 'टर', 'ज्ञ' को ठाउमा 'ग्या' प्रयोग हुने गरछ। मूर्द्धन्य व्यञ्जनको 'ट' बाट कसरि दन्तय व्यञ्जनको 'त' हुन गयो भन्ने विषयमा प्रश्न उठ्नु स्वाभाविक हो। तर पनि प्रश्न अनुत्तरित छैन् । मगरहरु दन्तय व्यञ्जन अर्थात 'त' वर्ग 'त', 'थ', 'द', 'ध' जस्ता अक्षरहरु प्रयोगमा अभाव छ। मगरहरुमा मूर्द्धन्य व्यञ्जन अर्थात 'ट' वर्ग 'ट', 'ठ', 'ड', 'ढ' आर्य ब्राह्मण र मगरहरु बीचमा कोरिएको भाषागत सीमारेखा हुन्। वैदिक साहित्यहरुमा समेत यी अक्षरहरुवाट आरम्भ हुने कुनै धातुका शब्द नपाइने, अक्खा लिपिका 'ट', 'ठ', 'ड', 'ढ' अक्षरहरुको ठाउँमा चौथौ शताब्दीताका 'त', 'थ', 'द', 'ध' आएको पाइन्छ। हुन त प्राकृतभाषाको एक भेद पैशाचीमा 'ट' को 'त' भएकै छ, 'ट' को 'त' प्राकृतले मानेको देखिन्छ। यसैले यस ठाउको नाम 'टानसिड' बाट 'तानसिड' हुंदै 'तानसेन' रहन गएको पुष्टि हुन्छ (सांस्कृतिक नगर तानसेन : The Living Museum)।

वि.सं.२००७ साल चैत्र ४ गतेका दिन सभापति देवीप्रसाद प्रधान, प्रधानपञ्च वैकुण्ठध्वज राजलवट, कोषादक्ष हरिहरप्रसाद प्रधान र सेक्रेटरी मा वृजमान कौ रहेको निर्वाचन प्रणाली अन्तर्गत नगर पञ्चायतको गठन भएको थियो। नगरपालिका ऐन २००९मा जारी भएपछि वि.सं.२०१४ साल जेष्ठ १७ गतेदेखि नेपाल राज्य

नगरपालिका ऐन २००९ लागु भएपछि वि.सं. २०१४ साल श्रावण १७ गते देखि २२ गतेसम्म भएको निर्वाचनमा दशवटा वडा कायम भएको थियो। यस तानसेन वि.सं.२०१७ साल वैशाक २७ गते पाल्पा तानसेन शहर घोषणा भएको थियो ।

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

जलवायु को हिसाबले तानसेन नगरपालिका अत्यन्त रमणीय स्थानको रूपमा परिचित छ । यसलाई नेपालको दार्जिलिङको रूपमा पनि लिने गरिन्छ । यहाँ गर्मीको समयमा अधिकतम ३५ डिग्री सेल्सियस सम्म तापक्रम रहने र जाडो समयमा न्यूनतम सून्य डिग्री सम्म तथा औसत २४ डिग्री सेल्सियस तापक्रम रहने हुँदा न त धेरै जाडो न त धेरै गर्मी हुने गर्दछ । यहाँ जाडो महिनामा बिहानै घाम लाग्ने र गर्मी समयमा पनि शीतलताको अनुभूति गर्न सकिन्छ ।



चित्र १: नगरपालिकाको वडा विभाजन

भौगोलिक अवस्था अनुसार समुद्र सतहबाट ४३५ मिटर देखि १५७५ मिटरसम्मको उचाइमा अवस्थित तानसेन नगरपालिकाको क्षेत्रफल १०९.८ वर्ग कि.मि रहेको छ । यसको भौगोलिक अवस्थिति २७.५०° उत्तर देखि २७.५३° उत्तरी अक्षांश र ८३.३१° पूर्वदेखि ८३.३५° पूर्वी देशान्तरमा रहेको छ । पूर्वमा बगनासकाली गा.पा., पश्चिममा रिब्दीकोट गा.पा, उत्तरमा स्याङ्जा जिल्ला र दक्षिणमा तिनाउ गा.पा. रहेका छन

। मुख्य वस्तिहरू नगरको दक्षिणी भागमा अवस्थित छन् । तानसेन नगरपालिका अत्यन्त पुरानो नगरपालिका हो । २००७ सालमा ११ वडा सहित स्थापित यस नगरपालिका वि.सं. २०४८ सालमा ४ वडा थप गरी यस नगरपालिकामा १५ वडा कायम गरिएको थियो । त्यसपछि संघीय संरचना अनुसार २०७३ फागुन २२ गते साबिकका तानसेन नगरपालिकामा, वराङ्वदीका (२—६), मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बौघापोखराथोक, बौघागुम्हा र अर्गली गाविसहरू समावेश गरी तानसेन नगरपालिकाको नयाँ संरचनामा १४ वडा कायम गरिएको छ ।

तानसेन नगरपालिका लुम्बिनी प्रदेश कै ऐतिहासिक र धार्मिक दृष्टिले प्रसिद्ध अत्यन्त रमणीय क्षेत्रको रूपमा रहेको पाल्पा जिल्लाको सदरमुकाम हो । यहाँ स्थित सुन्दर श्रीनगरडाँडा १३७२ मिटरको उचाइमा रहेको छ । तानसेन नगरपालिका क्षेत्रभित्र धेरै धारा र कुवा रहेका छन । होलङ्गदी खोला, गुरुजुधारा, तीनधारा र नारायणस्थान मुख्य धारा हुन् । यो बुटवल देखि ३९ कि.मी. र काठमाडौं देखि ३१० कि.मी को दुरीमा रहेको छ । तानसेनबाट १६ कि.मी उत्तर काली गण्डकी नदीको किनारमा खडग शमशेरद्वारा प्रिय रानी तेजकुमारी देवीको सम्झनामा निर्माण गरिएको रानीघाट दरवार, ९ कि.मि पश्चिममा पाल्पा कालभैरव मन्दिर र उक्त मन्दिरमा रहेको एशिया कै सबै भन्दा ठूलो पित्तलको त्रिशुल, १५ कि.मी पूर्वमा रम्भादेवी मन्दिर, ५ कि.मी दक्षिणमा रहेको साविक ता.न.पा ११ हाल ता.न.पा ७ को प्रभास ताल र ३० कि.मी दक्षिणमा रहेको कोलडांडाको सत्यवती ताल दर्शनीय स्थलहरू हुन । जसबाट आन्तरिक पर्यटनले समेत बढावा पाएको छ ।

२.१.२ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ बमोजिम नगरपालिकाको कूल जनसङ्ख्या ५०७९२ जना रहेको छ जसमध्ये महिला जनसङ्ख्या २७३७८ (५३.९%) र पुरुष जनसङ्ख्या २३४१४ (४६.१%) रहेको छ । त्यसैगरी नगरमा कूल घर परिवारहरू १४७८२ रहेको छ । तानसेन नगरपालिकाको जनघनत्व ४६३ मानिस प्रति वर्ग किलोमिटर छ भने लैङ्गिक अनुपात ८५.५२ पुरुष प्रति १०० महिला रहेको छ । नगरपालिकाको औसत घरधुरी आकार ३.४४ छ । नगरपालिकाका सबै वडामध्ये सबभन्दा बढी जनसङ्ख्या वडा नं. ७ (६२४०) मा रहेको छ भने, वडा नं. १३ (१७१५) मा सबैभन्दा कम जनसङ्ख्या छ । यस नगरपालिकाको कूल जनसङ्ख्याको २.४ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष २.६ प्रतिशत र महिला २.२ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था

वडा नम्बर	घरधूरी	जम्मा	पुरुष	महिला	औसत परिवार	लैङ्गिक अनुपात
1	1407	4888	2252	2636	3.47	85.43
2	1294	3999	1856	2143	3.09	86.61
3	1715	5579	2519	3060	3.25	82.32
4	1145	3699	1725	1974	3.23	87.39
5	1027	3663	1737	1926	3.57	90.19
6	1248	4495	2090	2405	3.60	86.90

7	1840	**6240**	2925	3315	3.39	88.24
8	791	**3011**	1406	1605	3.81	87.60
9	996	**3321**	1488	1833	3.33	81.18
10	774	**2813**	1293	1520	3.63	85.07
11	546	**1992**	930	1062	3.65	87.57
12	628	**2261**	1009	1252	3.60	80.59
13	510	**1715**	780	935	3.36	83.42
14	861	**3116**	1404	1712	3.62	82.01
जम्मा	14782	**50792**	23414	27378	3.44	85.52

स्रोतः राष्ट्रिय जनगणना, २०७८

नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको ६५.७१ प्रतिशत छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाकासाथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी नगरपालिका विकासमा ठूलो फड्को मार्न सकिने अवसर रहेको छ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । नगरपालिकाको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

तालिका २: नगरपालिकाको उमेर समूह अनुसारको जनसङ्ख्या विवरण

उमेर समूह	पुरुष	महिला	जम्मा	प्रतिशत
00-04	1795	1539	**3334**	6.56
05-09	2226	1864	**4090**	8.05
10-14	2169	1954	**4123**	8.12
15-19	2560	2519	**5079**	10.00
20-24	1916	2659	**4575**	9.01
25-29	1751	2663	**4414**	8.69
30-34	1698	2504	**4202**	8.27
35-39	1598	2247	**3845**	7.57
40-44	1509	1996	**3505**	6.90
45-49	1218	1531	**2749**	5.41
50-54	1303	1487	**2790**	5.49
55-59	1058	1161	**2219**	4.37
60-64	887	1030	**1917**	3.77

65-69	659	805	1464	2.88
70-74	446	610	1056	2.08
75-79	311	420	731	1.44
80-84	184	230	414	0.82
85-89	89	109	198	0.39
90-94	32	38	70	0.14
95+	5	12	17	0.03
जम्मा	23414	27378	50792	100.00

स्रोतः राष्ट्रिय जनगणना, २०७८

नगरपालिकाको आगामी वि.सं. २०९५ सम्मको जनसङ्ख्या प्रक्षेपण यसप्रकार छ ।



चित्र २ : नगरपालिकाको आगामी १५ वर्षको प्रक्षेपित जनसङ्ख्या

राष्ट्रिय जनगणना २०६८ (P0) को जनसंख्या ५०४०५, राष्ट्रिय जनगणना २०७८ (Pt) को जनसंख्या ५०७९२, जनगणना मिति २०११-६-२२ र २०२१-११-२५ को अवधि, समय (t) वर्ष= १०.४३५६१६४४ यस आधारमा जनसंख्या वृद्धिदर (r) =ln(Pt/P0)/t, r =०.०००७३२९२१ लिई Exponential Growth Rate विधि वाट प्रक्षेपण गरिएको छ ।

२.१.३ नगरपालिकाको भू-उपयोग स्थिति

तानसेन नगरपालिकाको भू-उपयोग स्थितिको तथ्याङ्कलाई आधार मान्ने हो भने यहाँको कूल १०९.८ वर्ग कि.मि. क्षेत्रफल मध्ये सबैभन्दा बढी कृषि योग्य जमिनले ४८.६४ प्रतिशत (५३.४ वर्ग कि.मि.) भाग

ओगटेको देखिन्छ भने वन/जङ्गल क्षेत्रले ४३.३ प्रतिशत (४७.५४ वर्ग कि.मि.) भाग ओगटेको छ । त्यसैगरी ५.०४ प्रतिशत भू-भाग झाडी तथा बुट्यान क्षेत्रले ओगटेको छ । नगरपालिकामा व्यापारिक क्षेत्र, धार्मिक तथा पुरातात्विक क्षेत्र र औद्योगिक क्षेत्रको जमिन पनि उल्लेख्य रहेको छ ।

नगरपालिकाको चार दशकको क्षेत्रगत भू उपयोगको आवस्थालाई तलको रेखाचित्रको माध्यमबाट देखाउन खोजिएको छ ।



	Waterbody	Forest	Riverbed	Built-up area	Cropland	Grassland	Shrubland
2020	100	7002	57	121	3539	24	132
2010	48	4688	0	57	5753	252	9
2000	0	9190	0	0	6710	2	395
1990	81	5542	0	2	5133	96	5542

चित्र ३ : नगरपालिकाको भू उपयोगको अवस्था

क्षेत्रफलका आधारमा सबै भन्दा ठूलो वडा नं. १० को क्षेत्रफल १५.६८ वर्ग कि.मि. छ भने दोस्रो ठूलो वडा नं. १२ को क्षेत्रफल १३.४६ वर्ग कि.मि. रहेको छ । त्यसै गरी क्रमशः वडा नं. १ को क्षेत्रफल ३.४७ वर्ग कि.मि., वडा नं. २ को क्षेत्रफल १.७९ वर्ग कि.मि., वडा नं. ३ को क्षेत्रफल १.१ वर्ग कि.मि., वडा नं. ५ को क्षेत्रफल ११.२८ वर्ग कि.मि., वडा नं. ६ को क्षेत्रफल ६.३९ वर्ग कि.मि., वडा नं. ७ को क्षेत्रफल ३.१४ वर्ग कि.मि., वडा नं. ८ को क्षेत्रफल ११.७१ वर्ग कि.मि., वडा नं. ९ को क्षेत्रफल ६.३७ वर्ग कि.मि., वडा नं. ११ को क्षेत्रफल १२.०७ वर्ग कि.मि., वडा नं. १३ को क्षेत्रफल १२.०८ वर्ग कि.मि., वडा नं. १४ को क्षेत्रफल १०.८३ वर्ग कि.मि. र सबै भन्दा सानो वडा नं. ४ को क्षेत्रफल ०.४२ वर्ग कि.मि. रहेको छ ।

राष्ट्रिय नीतिहरू तथा भू—उपयोग ऐन २०७६ बमोजिम तथा नगरको आन्तरिक आवश्यकतालाई मध्यनजर गर्दै भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि नगरपालिकाले भू—उपयोग योजना निर्माण गर्न आवश्यक छ ।



चित्र : नगरपालिकाको भू उपयोग जिआइएस नक्शा

२.२ आर्थिक विकास अवस्था

तानसेन एक ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्वको क्षेत्र भएकोले नगरपालिकाको अर्थतन्त्र मुख्यतः पर्यटन, होटेल, रेस्टुरेन्ट, होमस्टे, घरेलु उद्योग, व्यापार'व्यवसाय, नोकरी, कृषि, वन, पशुपालन, शिक्षा र स्वास्थ्य सेवा लगायतका क्षेत्रमा भएको देखिन्छ । उपयुक्त हावापानी, भू—बनोटका कारण अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा सम्लग्न रहेका छन् । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भई रहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै नगरपालिकामा रहेका ढाका, करुवा लगायत केही साना तथा पुरातन घरेलु उद्योग व्यवसायहरू आर्थिक क्रियाकलापका महत्वपूर्ण आधारका रूपमा रहेका छन् । वैदेशिक रोजगारी पनि नगर क्षेत्रको आयस्रोतको एकपक्ष रहेको देखिन्छ ।

नगर भरीमा स्वैच्छिक बाहेक नै ५.७ प्रतिशतको हाराहारीमा पूर्ण वा आंसिक बेरोजगारहरू छन्। पछिल्लो समय उद्यमी व्यवसायीहरूको पलायनले आउने दिनहरूमा गैह्र कृषि क्षेत्रका उद्यम व्यवसायहरू अपेक्षाकृत नबढ्ने हुन कि भन्ने भय पनि उत्तिकै छ । यीनै पृष्ठभूमिमा, रोजगारीको अवसरहरू सिर्जना गर्दै विपन्न परिवारहरूको आय स्तर उकासी समग्र नगरलाई नै आर्थिक रूपमा सबल बनाउन कृषि तथा पशुपालन क्षेत्रको व्यावसायीकरण एक भरपर्दो विकल्प हुन सक्छ । करिब ६४ प्रतिशत कृषक परिवार लाइ आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरि खान नपुग्ने अवस्था रहेको छ ।

२.२.१ कृषि तथा खाद्य सुरक्षा

लगभग ४८.६४ प्रतिशत कृषि योग्य जमिन रहेको तानसेन नगर व्यावसायिक कृषि तर्फ बिस्तारै अघि बढ्दैछ । पारिवारिक प्रयोजनका लागि धेरै थोरै सबै प्रकारका बालीहरू खेती गर्ने गरे पनि तुलनात्मक लाभ बढी भएका बालीहरू छनौट गरी व्यावसायिक उत्पादनलाई बढवा दिँदै गएको पाइन्छ । पाकेट क्षेत्र निर्धारण गरी अदुवा, तरकारी, सुन्तला, च्याउ लगायत अन्न बालीहरूमा मकै र धानको व्यावसायिक उत्पादन हुनु यसैको उदाहरण हो । तरकारी र सुन्तला त्यस मध्येका प्रमुख बालीहरू हुन्, जुन नगरका क्रमशः ११ र ४ वटा वार्डहरूमा व्यावसायिक रूपमा खेती गरिदैं आएका छन् । किसानहरू समूह तथा सहकारीहरूमा आबद्ध छन् । हाल नगर क्षेत्र भित्र लगभग ५४ वटा सहकारीहरू र १३० वटा समूहहरू क्रियाशिल छन् । पशुपालनको हकमा, लगभग ६२५ घरपरिवारले व्यावसायिक पशुपंछीपालन गर्ने गरेका छन् । खास गरेर बाखा, बंगुर, कुखुरा (ब्रोइलर तथा लेयर्स) गाई र भैंसी पालनमा संलग्न देखिन्छ ।

नगरपालिकाको कृषि शाखाबाट प्राप्त तथ्याङ्क अनुसार यहाँको कूल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा २३.९५ प्रतिशत रहेको छ भने प्रमुख खाद्यान्न बालीको उत्पादन (धान, मकै, गहुँ) ११४९३० मे. टन रहेको छ । त्यसैगरी दलहनको उत्पादन ९९० मे. टन, तेलहनको उत्पादन १५४ मे. टन, आलु बालीको उत्पादन १०२६९ मे. टन रहेको छ । यस अतिरिक्त वर्षमा करिब १६ लाख ५० हजार लिटर दुग्ध उत्पादन र बिक्री भइरहेको छ (पार्श्वचित्र तथा कृषि शाखा, २०८०)।

हाल नगर भित्र ५१ वटा पशुपालनमा संलग्न व्यवसायीका फर्महरू रहेका छन् यो बढ्दो क्रममा रहेको छ । यद्यपि, नगर भित्रको कृषि तथा पशुपालनले अनुकूल भौगोलिक अवस्थिति र बढ्दो स्थानीय तथा बाह्य खास गरेर नजिकको पोखरा तथा बुटवल लगायतको बजारले सिर्जना गरेको अवसरहरूलाई पर्याप्त उपयोग गर्न सकिएको छैन । समग्र कृषि र पशुपालन क्षेत्रको उत्पादनशीलता र व्यावसायिकता नबढाई यो सम्भवपनि हुँदैन।

सिँचाइको अभाव, बजार व्यवस्थापनमा समस्या, उन्नत कृषि आपूर्ति, प्रविधि तथा औजारहरूको सहज उपलब्धता नहुनु, लागत अनुरूपको प्रतिफल नहुनु, उन्नत प्रविधि सम्बन्धी ज्ञान कम हुनु, पूर्वाधारहरूको अभाव (जस्तै संकलन केन्द्र, कोल्ड स्टोर, सडक आदी), दक्ष प्राविधिक जनशक्तिको अभाव र कामदारहरू कम पाइनु केही प्रमुख तथा साझा समस्याहरू हुन् । पशुपालन तर्फ माथिका अतिरिक्त घाँस तथा चरण क्षेत्रको अभाव, उन्नत जातका पशुहरूको अभाव एवं महङ्गो हुनु तथा प्राविधिक सहयोग कम हुनु आदी केही प्रमुख समस्याहरू हुन्

। यिनै समस्याहरूको दिगो समाधान नै कृषि तथा पशुपालनलाई अझ बढी उत्पादनशील र व्यावसायिक बनाउने सहि उपाय हो ।

२.२.२ पर्यटन तथा संस्कृति

नगरपालिका ऐतिहासिक पाल्पा राज्य सहित विभिन्न ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण छ । पाल्पा दरबार, ऋषिकेश धाम, रानीमहल, विभिन्न ऐतिहाँसीक महत्व वोकेका मन्दिर, पाल्पा संग्रहालय, श्रीनगर डाँडा आदि यहाँका प्रमूख पर्यटन गन्तव्य हुन् । विशिष्ठ कला र संस्कृतिले तानसेनको स्थानीय पहिचान बोकेका छन्। शान्तिका दूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट ४५ किलोमिटरको दूरीमा रहेको यस नगर नेपालकै पर्यटकीय केन्द्र पोखरावाट १२४ किलोमिटरको दुरीमा छ । सितल र स्वच्छ हावापानी तथा मनोरम वातावरणका कारण तानसेन लुम्बिनी भ्रमण गर्ने पर्यटकका वैकल्पिक पर्यटन गन्तव्य समेत हो । यसैगरी राष्ट्रिय स्तरमा समेत पहिचान बनाएका ढाका र करुवा जस्ता स्थानीय उत्पादनले पर्यटनमा समेत टेवा प्रदान गर्न सक्छन् । यसरी साँस्कृतिक नगरको पहिचान सहितको पर्यटकीय नगरका रूपमा विकास गरी समुन्नत नगर वनाउन सकिने प्रबल सम्भावना रहेको छ ।



चित्र ५ : नगरपालिकामा अवस्थित ऐतिहासिक क्षेत्रहरू

यहाँका विभिन्न ऐतिहासिक तथा धार्मिकस्थलहरू, स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरू आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षण केन्द्रका रूपमा रहेका छन्। बुद्धधर्मको आस्थाको केन्द्र र भगवान बुद्धको जन्मस्थल लुम्बिनी नजिकै रहेको पर्यटकी सुन्दर नगर तानसेन आफैमा प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटकीय नगरका रूपमा विकसित भई आर्थिक विकासमा अघि बढिरहेको छ । पर्यटकहरूको सुविधाका लागि हाल नगर क्षेत्र भित्र स्तरीय १५ वटा होटलहरू र १३ वटा होमस्टेहरू सञ्चालनमा रहेकाछन् । अधिकांश होटलहरू बजार क्षेत्रमा रहेका छन् । होमस्टेहरू वडा नं ३, ९ र १३ मा रहेका छन् । नगर प्रोफाइल बमोजिम ०७५ सालमा ७ हजार भन्दा बढी बाह्य पर्यटकहरूले तानसेनको भ्रमण गरेको देखिन्छ भने आन्तरिक पर्यटकहरूको सङ्ख्या २७ हजार भन्दा बढी रहेको छ । यो सङ्ख्या होटल व्यवसायीहरूबाट होटलमा बास बसेको आधारमा संकलित हो ।

तानसेन नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । मगर जातिको बाहुल्य रहेको तानसेन नगरपालिका जनसाङ्ख्यिक समिश्रणको आधारमा वहुजातीय, वहुधार्मिक समावेशी नगर हो । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने समुदायहरूको पनि बसोबास रहेको छ । सबै जातजाति र सम्प्रदायका आ—आफ्नै खाले धर्म, संस्कृति, परम्परा र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्रि, हरितालिका, श्रीपञ्चमी, कृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैतेदशैं, साउने संक्रान्ति, माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी—हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन, कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा (सरायें नाच) स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असार १५ आदि चाडपर्वहरू रहेका छन् । त्यसैगरी नगरमा विभिन्न २१ थरीका मेला तथा जात्राहरू मनाइने गरिन्छ ।

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस नगरपालिकामा उद्योग व्यापार तथा व्यवसाय मुख्यतः पर्यटन तथा कृषिमा आधारित रहेको छ । कृषि योग्य जमिनको उपलब्धता, कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा कृषि तथा स्थानीय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ । ढाका, करुवा, तामा तथा काँसका भाँडा बनाउने उद्योगहरू प्रमुख रूपमा रहेका छन् । ह्याचरी, कफी, दूग्धजन्य तथा कृषिजन्य र बनपैदावरमा आधारित साना उद्योगहरू पनि सञ्चालनमा रहेका छन्। झिनिया रोटी बनाउने कुटी र उद्योग, जडीबुटीमा आधारित केही स—साना उद्योगहरूले पनि व्यवसायिक उत्पादन सुरुवात गरेका छन् । यस बाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनहरूको पनि क्रमशः व्यवसायिक उत्पादन हुँदै जान थालेको छ । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागि सकेका छैनन्। तथापी, स्थानीय केही मझौला, साना तथा घरेलु उद्योग भने सञ्चालित छन् । यसले नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराउँदै गएको छ । यीनै उद्योग व्यवसायहरू यस नगरपालिकाको स्थानीय आर्थिक विकासका मेरुदण्डको रूपमा रहेका छन् ।

यस नगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा सित्तलपाटी, मखनटोल, असनटोल, विशाल बजार, बसन्तपुर, टक्सारटोल, कैलाश नगर, भीमसेनटोल, नारायणस्थान, भुसालडाँडा, गैरागाउँ, वर्तुङ्ग, प्रभास, बाँसटारी, नयाँपाटी, दमकडा, मदनपोखरा, डुम्रे, गणसाल, चन्डीभञ्ज्याङ, बोखर, बौघागुम्बा, अर्गली बजार लगायतका प्रमुख बजारहरू रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी थोक तथा खुद्रा व्यापार हुने गरेको छ । हाल उद्योग व्यापार र व्यवसायीहरू बुटवल, भैरहवा तथा तराईका अन्य जिल्लाहरू क्रमशः पलायन हुँदै गएकाले तानसेनको व्यापार व्यवसाय घट्दै गएको देखिन्छ ।

तानसेन नगरपालिकाको वडा न २, ५, ६, र ७ मा तुलनात्मक रूपमा बढी व्यापार व्यवसाय हरू केन्द्रित छन् भने वडा नं १ मा साना व्यवसायहरू धेरै छन् | नगरपालिकामा दर्ता भएका उद्योगहरू वडा न २, ३, ४, ७, ८, ९ र १४ मा बढी केन्द्रित छन् | नगरपालिका क्षेत्र भित्र कृषि तथा पशुपालन जन्य उद्योग ७, घरेलु हस्तकला सम्वन्धि उद्योग २१, रोजगारी सिर्जना गर्ने उद्योग १२, स्थानीय सीप युक्त उद्योगीको सङ्ख्या १० र ठूला होलसेल व्यवसाय १३० रहेका छन् । नगरपालिकाको वडा न ७ मा चिस्यान केन्द्र सहितको एउटा शीत भण्डार र औधोगिक ग्राम निर्माणाधिन अवस्थामा रहेको छ ।

२.२.४ आम्दानी र रोजगारी

ढाका टोपी लगायत ढाकाका कपडा तथा ढलोटका भाँडाकुँडा र करुवा उत्पादनमा पाल्पा जिल्ला र विशेष गरी तानसेन नगरपालिकाले ख्याति कमाएको छ । परम्परागत प्रविधिमा आवश्यक सुधार गरी प्राप्त स्थानीय पहिचानमुलक उत्पादनको स्तर सुधार र व्यवसायिकरण मार्फत नगर समुन्नति हाँसील गर्नमा योगदान दिन सक्ने स्तरमा पुऱ्याउने आवश्यक छ । स्थानीय उत्पादन बृद्धि र सवै किसिमका स्थानीय उत्पादनमा तानसेनको पहिचान झल्कने गरी ब्राण्डीङ गरी पहिचानमुलक उत्पादनका आधारमा समृद्धि हासिल गर्न नगरपालिका प्रयासरत रहेको छ । तानसेन नगरपालिकाको १० वर्ष माथिको कूल जनसङ्ख्या मध्ये ६७ प्रतिशत आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या रहेकोमा ३२.१ प्रतिशत जनसङ्ख्या आर्थिक क्रियाकलापमा निष्क्रिय रहेको देखिन्छ ।
उपलब्ध तथ्याङ्क अनुसार नगरपालिकाको १०.९ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस नगरपालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । नगरपालिकामा काम गर्न योग्य १० वर्ष माथिको कूल जनसङ्ख्याको आर्थिक रूपले सक्रिय मध्ये पनि ९४.३ प्रतिशत रोजगारीमा आबद्ध रहेको र ५.७ प्रतिशत बेरोजगार रहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

नगर क्षेत्र भित्र वार्षिक रूपमा विप्रेषणबाट रु १ अर्ब १० करोड भित्रिने गरेको छ । विप्रेषण आम्दानी गर्ने परिवारको वार्षिक औसत आम्दानी रु २ लाख ९६ हजार छ । ब्यापार व्यवसायबाट वार्षिक औसत आम्दानी रु ३ लाख ८९ हजार, उद्योगबाट रु ४ लाख ९१ हजार, पशुधनबाट रु ८९ हजार, पशुपक्षी विक्रीबाट रु. ३१ हजार रहेको छ । कृषिमा संलग्न भई रोजगार घरपरिवार सङ्ख्या १,७६५ रहेको छ, जसको आम्दानी तुलनात्मक रूपमा न्यून अर्थात् वार्षिक औसत आम्दानी प्रति परिवार रु ४१ हजार मात्र देखिन्छ । दैनिक ज्यालाबाट गुजारा गर्ने परिवार सङ्ख्या भने यकिन भएको छैन । तथापि नगरपालिकाले

यस्ता वर्गका लागि न्यूनतम ज्याला दर निर्धारण गर्नुपर्ने देखिन्छ । हालको बेरोजगारीको सङ्ख्या घटाई वार्षिक रूपमा पर्यटन, कृषि, पशुपालन, व्यापार व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न नगरपालिकासँग स्पष्ट नीतिको आवश्यकता छ (नगर पार्श्वचित्र)।

२.२.५ वित्तीय संस्था

नगर क्षेत्रमा १६ वाणिज्य बैङ्क, ६ विकास बैङ्क, ६ लघुवित्त संस्थाहरू र ५५ वटा सहकारी संस्थाले नगरमा वितीय कारोबारमा सहजता थपेका छन् । नगरवासीहरूको बैङ्कमा पहुँच हेर्दा आर्थिक रूपमा सक्रिय जनसङ्ख्या (१५—६४ उमेर समूह) को करिब ७६.९२ प्रतिशतको बैङ्कमा खाता रहेको देखिन्छ ।

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा नै लगानी गरी स्थानीय आर्थिक विकासमा सहकारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सहकारी संस्थाहरूले नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ स्थापना भएका यी सहकारी संस्थाहरूले बचत तथा ऋण, कृषि, दुग्ध, कफी र बहूद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी गर्ने गरेका छन् ।

ऋण प्रवाह, धितो मूल्याङ्कन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडावासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् । नगरपालिकास्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

२.३ सामाजिक विकासको अवस्था

२.३.१ स्वास्थ्य तथा पोषण

नगर क्षेत्र धेरै समय अघिदेखि देशको पश्चिम भेगकै स्वास्थ्य केन्द्रको रूपमा रहेको छ । यस नगरपालिकामा हाल निजी क्षेत्रमा मेडिकल कलेज लगायत उच्च स्तरको अस्पताल पनि रहेको छ । ६ वटा हेल्थपोष्ट, ५ वटा बर्थिंग सेन्टर, ३ वटा शहरी स्वास्थ्य केन्द्र २ वटा सामुदायिक इकाइ रहेका छन् भने ८९ महिला स्वास्थ्य स्वयंसेविका र २६ खोप केन्द्र, १८ वटा गाउँ घर तथा शहरी क्लिनिकबाट स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । दुई ठुला सुविधा सम्पन्न निजी तथा सामुदायिक, ५०० शैयाको लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल र १६९ शैयाको युनाईटेड मिशन अस्पताल र २५ शैयाको पाल्पा अस्पताल यसै नगर छ । त्यस बाहेक विभिन्न वडाहरूमा अवस्थित निजी अस्पताल, स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, आँखा अस्पताल, आयुर्वेद अस्पताल, प्राकृतिक चिकित्सा, स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, पोलि क्लिनिक, घुम्ती शिविरहरू

मार्फत नगरवासीहरूलाई स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । नगरमा स्वास्थ्य विमा मार्फत ३.३७ प्रतिशत घरपरवार आवद्ध रहेका छन् ।

नगरमा कूल ५० जना मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता कार्यरत नगरपालिकामा संस्थागत सुत्केरी सेवाको दायरा ४६९ प्रतिशत पुगेको तथ्याङ्कले देखाउँछ । अन्य जिल्ला तथा पालिकाबाट समेत सेवा लिन आउने भएकोले यो सङ्ख्या वृद्धि हुन गएको देखिन्छ । गर्भावस्थाको परीक्षण दर ३२१ प्रतिशत रहेको यस नगरपालिकामा ५ वर्ष मुनिको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा), शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा), नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) शून्य रहेको तथा पूर्ण खोपको पहुँच तथा शत प्रतिशत बालबालिकालाई भिटामिन ए खुवाउने व्यवस्था मिलाइएको देखिन्छ ।

नगरसँगको सहकार्यमा स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्य गर्नका लागि अन्य सँग संस्थाहरू समेत कार्यरत रहेका छन्। ती संघ संस्थाहरूले विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्दै आएका छन्। नगरले स्वास्थ्य सेवा सुधार तथा सबै नगरवासी माझ स्वास्थ्य सेवाको पहुँच पुर्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । केन्द्रले दिएको स्थानीय अधिकार अनुरूप स्वास्थ्य सम्बन्धी ऐन "स्वास्थ्य तथा सरसफाइ सेवा ऐन" निर्माण भइसकेको भए पनि उक्त ऐन कार्यान्वयनका लागि केही निर्देशिका, कार्यविधिहरू निर्माण हुन भने बाँकी रहेको छ । स्वास्थ्य सम्बन्धी कार्यविधिहरू जस्तै सुत्केरी स्याहार खर्च वितरण कार्यविधि र विपन्न तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि भने निर्माण भइसकेको छ ।

नेपाल सरकारको नीति अनुरूप नगरको सबै वडाहरूमा स्वास्थ्य चौकी स्थापना हुन सकेको छैन । वडाहरूमा हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, सामाग्री, जनशक्तिको अभाव रहेको छ । अस्पतालहरूमा बिरामीको चाप अनुसार विशेषज्ञ डाक्टर, चिकित्सक तथा स्वास्थ्य कर्मीहरू नभएको तथा जाँचपरिक्षण प्रक्रियालाई अपेक्षित रूपमा छिटो गराउन सकिएको छैन । नगरपालिकामा पछिल्लो समय देखा परेका ५ प्रमुख रोगहरू Falls/injuries/Fractures, Gastritis, Hypertension, Backache, URIT रहेका छन् । साथै, दिर्घ रोगहरूमा रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुखे, मधुमेह, मुटु रोग सम्बन्धी रोगहरू रहेका छन्।

.३.२ शैक्षिक विकास

नेपालको दोस्रो प्रमुख शैक्षिक क्षेत्रको रूपमा रहेको र २००७ साल अघि नै विद्यालयहरूको उपस्थित रहेको यस नगरमा शिक्षाको विकासको साथै शिक्षित जमातको थलो रहेको यर्थाथताको धरातलमा यस क्षेत्र गुणस्तरीय शिक्षाको केन्द्र र शिक्षित नागरिक उत्पादन गर्ने थलोको रूपमा रहेको देखिन्छ । तानसेन नगरपालिकामा ५० वटा सामुदायिक विद्यालय र १९ वटा संस्थागत विद्यालय र एउटा ब्रम्हचार्य आश्रम (गुरुकुलमा) गरी जम्मा ७० वटा विद्यालय रहेका छ । ५० वटा सामुदायिक विद्यालय मध्ये १८ वटा माध्यामिक विद्यालय र ३२ वटा आधारभूत विद्यालय रहेका छन् भने संस्थागततर्फ १४ वटा माध्यामिक ५ वटा आधारभूत विद्यालय रहेका छन् । प्राविधिक विद्यालय ४ सामुदायिक विद्यालयमा सञ्चालन भईरहेका छन्। लुम्बिनी टेक्नीकल कलेज, पाल्पा टेक्नीकल इन्स्टिच्युट, सिद्धार्थ टेक्नीकल कलेज, तानसेन नर्सिङ

कलेज, मदनपोखरा पोलिटेक्निकल र पाल्पा इन्जिनियरिङ कलेज पनि यस नगरमा रहेका छन् । त्रिभूवन बहुमुखी क्याम्पस, तानसेन बहुमुखी क्याम्पस, माण्डव्य बहुमुखी क्याम्पस, अर्गेली बहुमुखी क्याम्पस र पाल्पा बहुमुखी क्याम्पस सञ्चालनमा रहेका छन् । ५० वटा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या को आधारमा कक्षा कोठा सङ्ख्या पर्याप्त रहेको छ तर कक्षागत आधारमा यसलाई मापन गरिएको छैन ।

तानसेन नगरपालिकामा ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ८९ प्रतिशत रहेकोमा पुरुषको साक्षरता ९४.६ प्रतिशत र महिलाको ८४.४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

तालिका ३: पाँच वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था

५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था	जम्मा	पुरुष	महिला
पढ्न र लेख्न सक्ने	89.05	94.6	84.4
पढ्न मात्र सक्ने	0.24	0.18	0.29
पढ्न र लेख्न दुबै नसक्ने	10.69	5.18	15.3

स्रोतः राष्ट्रिय जनगणना, २०७८

तानसेन नगर भित्रका ५२ वटा सामुदायिक विद्यालयमा प्रति कक्षा कोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् । कक्षा ८ को सिकाई उपलब्धि दर ६७.५ रहेको छ । नगरपालिका भित्र रहेका १८ वटा सामुदायिक विद्यालयमा व्यवस्थित विज्ञान प्रयोगशाला स्थापना भएको छ । ४७ वटा विद्यालयमा आइसिटि सेवा उपलब्ध भएको छ । २३ विद्यालयहरूले सेनीटरी प्याड र नर्स सेवा उपलब्ध गराइरहेका छन् । ४ वटा विद्यालय राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट लाभान्वित भएको छ ।

तानसेन नगरपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि ४९ विद्यालयले दिवा खाजा कार्यक्रम सुरुवात गरेको छ साथै भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति लिएको छ । अंग्रेजी भाषाको सुधार गर्नका लागि अंग्रेजी माध्यमबाट पठनपाठन सुरुवात गर्ने नीति लिएको छ । सबै बालबालिकाहरूको विद्यालयमा पहुँच र गुणस्तर सुधारका लागि प्रयास भएतापनि बालबालिकाको सिकाई उपलब्धि वृद्धि, शिक्षकको सीप र क्षमता कक्षा कोठामा पुऱ्याउने, पाठ्यक्रमका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, शिक्षकको नियमित उपस्थिति, कक्षा समय सम्म शिक्षकलाई कक्षा कोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतनका बढाउने, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास गरी पारदर्शी र जबाफदेही बनाइ विद्यालय सुशासनको प्रत्याभूति दिने कार्यका लागि केही प्रयास नभएका होइन तरपनि समस्याहरू पूर्ण रूपमा समाधान हुन सकेको छैन त्यसैले माथिका सम्पूर्ण समस्या/चुनौतीको सामना गर्नका लागि योजनाबद्ध प्रयासको आवश्यकता देखिन्छ।

नगर प्रोफाइल २०७५ अनुसार तानसेन नगरपालिकामा आधारभूत तहमा अध्ययन गर्ने उमेरका ३.०७ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । सामुदायिक विद्यालयको गुणस्तर संस्थागत

विद्यालयको तुलनामा कमजोर रहेको छ । नगरले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण हुन सकेको छैन त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यामिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रकृया पुरा गर्नु पर्ने देखिन्छ ।

२.३.३ खानेपानी तथा सरसफाइ

यस नगरपालिकामा खानेपानीको अवस्था हेर्ने हो भने तानसेन खानेपानी योजना भुल्के, सिस्ने, होलाङ्दी, तिनधारा र वर्तुङ्ग खानेपानी तथा सरसफाइ उपभोक्ता समिति जस्ता खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन् जसले नगरवासीलाई खानेपानी सुविधा उपलब्ध गराइरहेका छन् । नगरपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये (६२.२५ प्रतिशत) घर परिवारको पानीको स्रोत निजी रहेको तथ्याङ्कले देखाउँछ भने पाइप लाइनबाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी – निजी तथा सामुदायिक धारा समेत (८७.१३ प्रतिशत) छन् ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कले सवैजसो परिवारले शौचालय प्रयोग गरेको देखिन्छ जसमध्ये नगरपालिकामा रहेका कुल घरपरिवार (९२.०४ प्रतिशत) परिवारहरूले फ्लस सहितको सेप्टीट्याङ्क भएको चर्पीको प्रयोग गरेका छन् भने करिब ७.२६ प्रतिशत परिवारले कच्ची शौचालय प्रयोग गर्ने गरेका छन् । नगरका धेरैजसो व्यस्त क्षेत्रमा सार्वजनिक शौचालयको आवश्यकता महसुश भइरहेको, पर्यटकीय क्षेत्रहरूमा सार्वजनिक सरसफाइको गुणस्तर बृद्धि गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यो समस्या समाधानका लागि पनि नगरले कदम चाल्नुपर्ने अवस्था छ । मानवजन्य फोहोरको वैज्ञानिक विसर्जन वा व्यवस्थापन तथा भौगोलिक अवस्था तथा बस्तीको सघनताका आधारमा ढल व्यवस्थापन समेत सरसफाइ क्षेत्रमा नगरको प्राथमिकता रहेको छ ।

बजार क्षेत्रमा एकीकृत खानेपानी आयोजना पानी वितरण भएको छ । खानेपानीको सेवा शुल्क भुक्तानीका लागि समुदायस्तरबाट सञ्चालित २२ मध्य १३ वटा लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुन विद्युत् महसुलमा २५ प्रतिशत अनुदान नगरले उपलब्ध गराई उपभोक्तालाई आपूर्ति सहज गराउने प्रयत्न गरेको छ । नगरका कतिपय स्थानमा गुरुत्वाकर्षणमा आधारित पानीका स्रोतको कमी रहेकोले बस्ती भन्दा मुनीको पानी लिफ्ट गरेर तुलनात्मक रूपमा बढि लागतको खानेपानी सेवा उपभोग गर्नुपर्ने अवस्था छ ।

नगरमा तानसेन खानेपानी तथा सरसफाइ आयोजना र वर्तुङ खानेपानी आयोजना जस्ता ठूला र मध्मम स्तरका खानेपानी आयोजना र ग्रामीण भेगमा स साना आयोजनाबाट खानेपानी सेवा प्रवाह भइरहेको छ। शहरी भेगमा नगर स्तरको खानेपानी आयोजना सञ्चालन भइरहेको भएपनि ग्रामीण भेगमा नगर मापदण्ड सहितको व्यवस्थित र पहुँच योग्य खानेपानी सेवा एकीकृत रूपमा सञ्चालन गर्न बाँकी रहेको छ । एकीकृत खानेपानी सेवा सञ्चालन भएका स्थानमा नेपाल सरकारले निर्धारण गरेको शहरी मापदण्ड (प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० ली) अनुसार पानी उपलब्ध गराउनका लागि पानीको अपुर्ति बढाउनु पर्ने अवस्था छ ।



चित्र ६ : नगरपालिकामा अवस्थित ढलनिकास

नगरमा कुहिने र नकुहिने फोहोर बेग्लाबेग्लै रूपमा संकलन र व्यवस्थापनको अभ्यास रहेको छ । नगरपालिकामा कुल घरपरिवारहरू मध्ये (३३.९६ प्रतिशत) घरधुरीमा मात्र फोहरहरू घरमै संकलन गर्ने व्यवस्था रहेको छ भने गाउँघरमा फोहर संकलन गर्ने व्यवस्था नभएको अवस्था रहेको छ । घरधुरी स्तरमा फोहोर छुटाएर राख्का लागि बाल्टी उपलब्ध गराइएको छ । नगरलाई प्लास्टिक झोला मुक्त नगर बनाउने प्रयास पनि भएको छ । हाल सेतो प्लास्टिक वाहेक अन्यको प्रयोग नरहेको अवस्था छ । तथापि पूर्वाधार तयारी नहुँदा बजार क्षेत्रको फोहोर संकलन गरी अव्यवस्थित रूपमामा थुपार्ने अभ्यासलाई निरन्तरता दिइरहनु परेको छ भने कतिपय क्षेत्र सरसफाइ सेवाको पहुँच बाहिर छन् । नगरमा ठोस फोहोर व्यवस्थापनका लागि संकलन र अस्थायी व्यवस्थापनको कार्य नगरले गरिरहेको भएपनि ठोस फोहोर पुनचक्रण र प्रशोधन प्रणाली स्थापना र सञ्चालन गर्न बाँकी रहेको छ । त्यसका लागि उपयुक्त स्थान छनोट र पुर्वाधार विकास तथा सेवा नगरका सबै समुदायको पहुँच सुनिश्चितता गर्नु पनि नगरको प्राथमिकता रहने छ । ग्रामीण भेगमा घरधुरी स्तरको शौचालयको सेप्टीट्यांकको फोहोर व्यवस्थापन सुरक्षित रूपमा गर्ने प्रबन्ध गर्न पनि बाँकी रहेको छ ।

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नगरपालिका शिक्षा र कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्छ ।

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । नगरपालिकामा ०—१४ वर्ष उमेर समूहका करिब २२.७३ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५—२४ उमेर समूहका १९ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ४.८९ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तै करिब २.४ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

नगरपालिकामा सम्पत्ति माथिको स्वामित्व भएका महिला १४.१ प्रतिशत रहेका छन् । सामाजिक सुरक्षाबाट लाभान्वित जनसङ्ख्या १०.०२ रहेको छ । नगरमा क्रियाशिल अपाङ्गता क्लबको सङ्ख्या ५ रहेको छ ।

२.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न नगरपालिकास्तरका खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । यस नगरपालिकाको कूल जनसङ्ख्याको ४३.२८ प्रतिशत जनसङ्ख्या (१६–४० वर्ष उमेर समूह) युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब १०.९ प्रतिशत जनसङ्ख्या रोजगारीका लागि विदेशिएको देखिन्छ । युवा क्लब गठन गरी नगरपालिका स्तरीय सञ्जाल निर्माण भएको छ र हाल ४० वटा युवा क्लब तथा सञ्जालहरू सक्रिय रूपमा क्रियाशिल रहेका छन् । नगरमा २ वटा कवर्डहल, ३६ वटा खेल मैदान रहेका छन् भने सक्रिय व्यावसायिक खेलाडी मध्ये प्रदेश स्तरीय ४ र राष्ट्रिय स्तरको २ गरी कुल ६ जना खेलाडीहरू छन् ।

यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । नगरपालिका क्षेत्रमा मुख्य गरेर दशैं, तिहार, माघी, ल्होसार जस्ता पर्वहरू मनाउने गरिन्छ । विशेष गरी तामाङ, मगर, गुरुङ तथा लामा समुदायले आफ्ना परम्परागत पर्वहरू मनाउने तथा मेला लगाउने गर्छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्त्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभिन्न जात जातिहरूको छुट्टै संस्कृतिहरू हुँदा हुँदै पनि एक अर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

तानसेन नगरपालिका नेपालकै पुरानो नगरपालिका मध्ये एक हो । त्यसैले पुरानो नगर क्षेत्रमा आधारभूत हरी पुर्वाधारको व्यवस्थापन भएको छ । तथापि पछिल्लो समय नगरमा समाहित ग्रामिण क्षेत्रको भौतिक पुर्वाधार विकास शुरुवाती अवस्थामा नै छ । व्यवस्थित भू—उपयोग योजना सहित योजनाबद्ध रुमपा विकास गरिएको नगर नभएकाले मिश्रीत भू उपयोगको व्यवस्थापकीय समस्या तथा चुनौती नगरले सामना गरिरहेको छ । त्यसैले पुर्वाधार विकास भइसकेका क्षेलाई क्रमशः वैज्ञानिक भू उपयोगमा आधारित बनाउँदै लाने र नयाँ विकास हुने पुर्वाधारलाई सकरात्मक भू उपयोगमा आधारित वनाउने लक्ष्य राखिएको छ । यसका आधारमा शहरी मापदण्ड अनुकुल पर्याप्त र गुणस्तरीय भौतिक पुर्वाधार, सम्वन्धित सेवाको भरपर्दो व्यवस्थापन र पहुँच सुनिश्चित गरी तानसेनलाई सुव्यवस्थित पुर्वाधारयुक्त नगर बनाउने सपना देखिएको छ ।

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस नगरको समकालीन विकासको इतिहास हेर्दा वि.सं. २००७ साल चैत्रमा ११ वडा बनाइ स्थापना भएको र वि.सं. २०४८ सालमा ४ वडा थप गरी यस नगरपालिकामा १५ वडा कायम गरिएको थियो । त्यसपछि संघीय संरचना अनुसार २०७३/११/२२ मा साविकका तानसेन नगरपालिकामा, वराङ्वदीका (२—६), मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बौघापोखराथोक, बौघागुम्हा र अर्गली गा.वि.स.हरू समावेस गरी तानसेन नगरपालिकाको नयाँ संरचनामा १४ वडा कायम गरिएको थियो । हालको बसोबास र अन्य भू—उपयोगको अवस्था विश्लेषण गर्दा जनसङ्ख्या , व्यवसायिक तथा प्रसासनिक क्षेत्र, ऐतिहासिक क्षेत्र, मूल वस्ती क्षेत्र आदिको आधारमा वडा न. २, ३, ४, ६ र ७ यस नगरपालिकाको शहरी केन्द्र हो । ग्रामिण बसोबास, कृषि तथा पशुपालन, बन क्षेत्र, अन्य प्राकृतिक स्रोत, र केहि खानी/खनिज उत्खनन् जस्ता गतिबिधिले गर्दा बाँकी वडाहरू नगरको ग्रामिण वस्ती, कृषि तथा प्राकृतिक स्रोत केन्द्र हुन् ।

ऐतिहासिक र परम्परागात रूपमा, न्युनतम योजनाको आधारमा वस्ती एवं मानव गतिबिधि विकास र बिस्तार भएको (Organic Settlement) र पहाडी भिरालो भूभागमा पर्ने हुदा नगरपालिकाको शहरी केन्द्रको बिकाश पद्दति पनि परम्परागत छ जस्मा सघन र बाक्लो भवन तथा संरचना र साँघुरो सडक तथा गल्लि रहेको छ । नगरको ग्रामिण भेगको हकमा भने मुख्य भूभाग बनले ओगटेको छ, र त्यस पश्चात कृषि प्रयोजनमा धेरै भोग चलन भइ आएको छ जस्मा छरिएको ग्रामिण वस्तीहरू पनि रहेका छन्। यस कारण तानसेन नगरपालिकाको शहरी केन्द्र ऐतिहासिक÷पुरातात्विक दृस्टीकोणले महत्तवपुर्ण छ भने ग्रामिण केन्द्र बन तथा कृषि र वातावरणीय दृस्टीकोणले महत्तवपुर्ण छ ।

तानसेन नगरपालिकाले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि संघ तथा प्रदेश संग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाइ स्थानीय परिवेश सुहाउदो गरी परिमार्जन/संसोधन, तथा आवश्यक ऐन कानुन निर्माण गर्ने योजना तय गरेको छ । नगरपालिकाले उथान्सिल, आकर्शक, सुरक्षित तथा तालमेल मिलेको समुदाय, गाउँ तथा शहर सृजना गर्ने उद्देश्य लिएको हुनाले यो कार्यलाइ मुर्त रूप दिन विभिन्न कानुनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ । हालको सन्दर्भमा यस नगरपालिकामा भू—उपयोग, शहरी विकास, वस्ती

विकास, र भवन निर्माण सम्बन्धि गतिबिधि नियमन गर्ने कानुनी औजारहरू न्युन छन् । पहाडी नगरपालिका भएकोले, भौगोलिक जटिलतालाइ र त्यसले निम्ताउन सक्ने प्रकोप तथा जोखिमलाइ ध्यानमा राख्दै भवन निर्माण सम्बन्धि कानुन तथा मापदण्ड पनि स्थानीय परिवेश संग मिल्दो बनाउन आवश्यक छ ।

तानसेन नगरपालिका ऐतिहाँसीक महत्व वोकेको परम्परागत शहर र ग्रामिण परिवेसमा विकास भएका बस्ती समेटेर गठन तथा विस्तार भएको नगरपालिका भएकोले संस्थागत रूपमा योजनावद्ध शहरी विकासको सन्दर्भमा अनुभवको सिमितता रहेको नगर हो । सानो भूभागमा रहेको घना बस्तीलाई यसको ऐतिहाँसीक पक्षलाई जोगाउँदै यहाँका सवै सेवालाई व्यवस्थित सहरको मापदण्डमा पुऱ्याउने चुनौती सामना गर्दै अघि बढ्नुपर्ने अवस्थामा यो नगर रहेको छ । मिश्रीत भू उपयोगको अभ्यासमा विकास भएको यस नगर तत्काल विशिष्ठ सेवाकाका पुर्वाधार तोकिएको स्थानमा सार्न सक्ने अवस्था नरहेकोमा सोको अधिकतम व्यवस्थापन तथा नयाँ निर्माणका सन्दर्भमा सकेसम्म वैज्ञानिक भू उपयोगको अवस्थामा हुने गरी निर्माण गर्ने नीति नगरले लिनुपर्ने अवस्था छ ।

तानसेन नगरपालिका नेपालकै पुरानो नगरपालिका मध्ये एक हो । त्यसैले पुरानो नगर क्षेत्रमा आधारभूत शहरी पूर्वाधारको व्यवस्थापन भएको छ । तथापि पछिल्लो समय नगरमा समाहित ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकास शुरुवाती अवस्थामा नै छ । व्यवस्थित भू—उपयोग योजनासहित योजनाबद्ध रूपमा विकास गरिएको नगर नभएकोले मिश्रित भू—उपयोगको व्यवस्थापकीय समस्या तथा चुनौती नगरले सामना गरिरहेको छ । त्यसैले पूर्वाधार विकास भइसकेको क्षेत्रलाई क्रमशः वैज्ञानिक भू उपयोगमा आधारित बनाउँदै लाने र नयाँ विकास हुने पूर्वाधारलाई सकारात्मक भू—उपयोगमा आधारित बनाउनु पर्ने देखिन्छ । यसका आधारमा शहरी मापदण्ड अनुकूल पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार, सम्बन्धित सेवाको भरपर्दो व्यवस्थापन र पहुँच सुनिश्चित गरी तानसेनलाई सुव्यवस्थित पूर्वाधार युक्त नगर बनाउने दूरदृष्टि राखिएको छ ।

२.४.२ सडक, पुल तथा यातायात

नगरपालिकाको धेरै जसो क्षेत्र सुगम र जिल्लाको केन्द्र रहेको कारण सडक तथा यातायातको सुविधा राम्रो रहेको छ । ग्रामीण क्षेत्रमा कच्ची सडक रहेता पनि नियमित रूपमा यातायातको साधन चल्ने हुँदा आवत जावतमा सुगमता रहेको छ । नगरपालिकाका मुख्य सडक सञ्जालमा सिद्धार्थ राजमार्ग १५.८ कि.मि., बर्तुङ्ग—रिडी—तम्घास ३५ कि.मि., तानसेन रानीमहल १२.७ कि.मि., तानसेन वाइपास ६.३ कि.मि., बतासे—चण्डी भञ्ज्याङ्ग जोर्ते ११ कि.मि., कालीगण्डकी करिडोर १८ कि.मि., माडी चक्रपथ ५ कि.मि. प्रमुख रहेका छन् ।

नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भईरहेको छ । नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ । नगरपालिकाको सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ । नगरपालिकामा सडक सञ्जालको पहूँच राम्रो रहेको छ । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्चि सबै प्रकारका सडकहरू रहेका छन्। शहरी क्षेत्रमा सडकको अवस्था राम्रो रहेको छ भने ग्रामीण क्षेत्रमा कच्चि सडक रहेको छ । तानसेन नगरपालिकाका सबै वडाहरू सडक संजालसँग जोडिएका छन् । नगरपालिकाको पूर्वाधार शाखाको तथ्याङ्क अनुसार यस नगरपालिका अन्तर्गतका सडकहरू मध्ये पक्की सडक १४० कि.मी. (कालोपत्रे १११ कि.मी., ढलान २९ कि.मी.) र ग्राभेल ५३.५ कि.मी. र ५२३ कि.मी. कच्ची सडक रहेको छ । सडक पूर्वाधार विकास सँगै यसको गुणस्तरीय तथा दिगो व्यवस्थापन नगरपालिकाको प्रमुख आवश्यकता को रूपमा रहेको छ



चित्र ७ : नगरपालिकाको सडक सञ्जाल

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

नगरपालिकाको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९५.०७%) विद्युत नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ४.६४ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । यहाँका १४७८२ घर धुरी मध्ये ४३ घर धुरी विद्युतको पहुँच बाहिर रहेको देखिन्छ ।

तालिका ४: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति

वडा नं.	जम्मा	प्रकाशका लागि ऊर्जाको प्रयोग				
		विद्युत	सौर्य ऊर्जा	मट्टीतेल	जैविक ग्यास	अन्य
१	१४०७	११८८	२१२	३	०	४
२	१२९४	१२४६	४८	०	०	०
३	१७१५	१६९९	१५	१	०	०
४	११४५	११०१	४४	०	०	०
५	१०२७	९९६	३०	०	०	१
६	१२४८	११६७	८०	१	०	०
७	१८४०	१७६९	६८	२	१	०
८	७९१	६६५	१२५	०	०	१
९	९९६	९७५	२०	१	०	०
१०	७७४	७५०	२०	१	०	३
११	५४६	५३३	९	३	१	०
१२	६२८	६१३	१	२	१२	०
१३	५१०	४९९	११	०	०	०
१४	८६१	८५२	३	५	०	१
जम्मा	**१४७८२**	**१४०५३**	**६८६**	**१९**	**१४**	**१०**
प्रतिशत	**१००**	**९५.०७**	**४.६४**	**०.१३**	**०.०९**	**०.०७**

स्रोतः राष्ट्रिय जनगणना, २०७८

नगरपालिकाको कुल घरधुरी मध्ये करिब ५५६६ घरधुरी (३७.६५%) ले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने करिब ६१ प्रतिशत घर परिवारले एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.२७ प्रतिशतले विद्युतलाई खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका ५: खाना पकाउने इन्धनको प्रकार

वडा नं.	जम्मा	खाना पकाउने इन्धनको प्रकार						
		दाउरा	एलपि ग्याँस	विद्युत	गुइंठा	जैविक ग्याँस	मट्टीतेल	अन्य
१	**१४०७**	३११	१०८०	३	१	९	३	०
२	**१२९४**	१०८	११८३	१	०	१	०	१
३	**१७१५**	८३	१६२३	५	०	१	१	२

4	1145	126	1012	3	0	3	0	1
5	1027	521	489	2	1	10	3	1
6	1248	439	793	3	0	12	1	0
7	1840	443	1368	5	0	23	1	0
8	791	570	195	10	5	9	2	0
9	996	452	527	7	0	5	4	1
10	774	524	238	0	0	10	1	1
11	546	515	30	1	0	0	0	0
12	628	503	90	0	0	35	0	0
13	510	436	74	0	0	0	0	0
14	861	535	313	0	0	11	2	0
जम्मा	14782	5566	9015	40	7	129	18	7
प्रतिशत	100	37.65	60.99	0.27	0.05	0.87	0.12	0.05

स्रोतः राष्ट्रिय जनगणना, २०७८

नगरपालिकाका सबै स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको भएतापनि केही स्थानीयवासी राष्ट्रिय प्रसारणको विद्युत् उपभोग गर्नबाट वञ्चित हुन परेको छ । यस नगरपालिकामा एल.पी. ग्याँस खाना पकाउने मुख्य ऊर्जाको स्रोतका रूपमा विकास हुँदै गइरहेको भएता पनि ३७ प्रतिशत भन्दा बढी घर परिवारले दाउरालाई अझैपनि मुख्य इन्धनका रूपमा प्रयोग गरिरहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

नगर क्षेत्रका विभिन्न स्थानमा घर छेवैमा, सडकको सेटव्याक भित्र लगायत अव्यवस्थित रूपमा रहेका विद्युत् पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाइ र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ । कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुनसक्ने अवस्था महसुस गरिएको छ । नगरपालिकाको कोर बजार क्षेत्रमा विधुतिय तारहरू भूमिगत गर्नुपर्ने अत्यन्तै आवश्यक देखिन्छ ।

२.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्वर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

तालिका ६: सञ्चारका उपकरणको उपलब्धता

वडा नं.	जम्मा	कुनै सञ्चारका उपकरण नभएको	कम्तीमा एक सञ्चारका उपकरण भएको	सञ्चारका उपकरणको प्रकार						
				रेडियो	टेलिभिजन	ल्याण्डलाइन फोन	साधारण मोबाइल	स्मार्ट मोबाइल	कम्प्युटर	इन्टरनेट
१	१४०७	१३	१३९४	६४३	९०१	१३३	७७०	१२९६	६३३	११३२
२	१२९४	५	१२८९	६९७	४९९	१३२	६५१	१०३४	३४७	८७४
३	१७१५	१२	१७०३	६३८	८९५	२५९	८८२	१६२८	५५५	१४६०
४	११४५	३	११४२	६९६	६५२	२६६	६६३	१०८७	५०८	९८३
५	१०२७	१९	१००८	३८८	७०७	१५१	७७५	८७९	३३९	६६०
६	१२४८	८	१२४०	९०७	७७५	२५३	१०१२	११४५	४२७	८७१
७	१८४०	६	१८३४	९८६	८५६	१२८	८१३	१३०२	३९०	१०५३
८	७९१	१३	७७८	४४८	५४३	२०६	६६०	६७८	२३१	३६७
९	९९६	११	९८५	५६२	७३०	४६	८१२	८१६	१९६	६२६
१०	७७४	१९	७५५	३९३	४६६	४७	६३२	६६०	१०८	२९३
११	५४६	१३	५३३	२४८	३३७	८	४६०	३८५	११	१८४
१२	६२८	१४	६१४	३९९	४२५	२	५०४	४९३	५८	२९५
१३	५१०	२	५०८	३८८	३३५	५	४३१	४६०	३५	१२४
१४	८६१	२०	८४१	४५०	५८१	८	६८९	७०५	७८	३०९
जम्मा	१४७८२	१५८	१४६२४	७८४३	८७०२	१६४४	९७५४	१२५६८	३९१६	९२३१
प्रतिशत	१००	१.०७	९८.९३	५३.०६	०.५९	११.१२	६५.९९	८५.०२	२६.४९	६२.४५

स्रोतः राष्ट्रिय जनगणना, २०७८

तानसेन नगरपालिकामा करिब ९९ प्रतिशतभन्दा परिवारले कुनै न कुनै किसिमको संचार उपकरणहरू प्रयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, मोवाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ६२ प्रतिशत भन्दा बढी घरधुरीले इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यहाँ उपलब्ध भएको टेलीफोन सेवामा नेटवर्क नआउने समस्या भने विभिन्न क्षेत्रमा रहेको छ । नगरमा ५ ओटा रेडिया एफ.एम. तथा १८ वटा पत्रपत्रिका एवं केही अनलाइनले सूचनाको सेवा प्रवाह गरिरहेका छन्। अझ पनि करिब १ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ । सञ्चारको सेवाका लागि तार‌रहित प्रणाली प्रवर्द्धन गर्ने गरी सञ्चारको सेवा नगरपालिका भित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने एन्टेना, पोल, ता तथा अन्य उपकरण स्थापनामा सहजिकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई थप पहुँच योग्य र जनमैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

२.५.१ वन तथा जैविक विविधता

यस नगरपालिकामा उष्ण (Tropical) देखि समशीतोष्ण (Temperate Climate) क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिहरू रहेका छन् । नगरमा जम्मा १३४ वटा सामुदायिक वनहरू उपभोक्ताालाई हस्तान्तरण गरिएको छ । नगरमा वन क्षेत्रमा पाइने जडीबुटीहरूमा रिट्ठा, टिमुर, सतावरी, बोझो, कुरिलो, दालचिनी, पावन, तेजपात, गुँरास, चिउरी, हर्रो, बर्रो, राजवृक्ष, सजिवन, लहरेगुर्जो, चुत्रो अमला, रुदिलो, तितेपाती सर्पगन्धा, कालोमसुलि आदि जडीबुटीहरू सङ्कलन तथा बिक्री हुने प्रशस्त सम्भावना रहेको देखिन्छ । साथै कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधनसम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ ।

नगरमा वन उपभोक्ता समितिको निगरानीमा भएतापनि कालिज, वनकुखुरा, मृग जस्ता जीवजन्तुहरू चोरी शिकार हुने गर्दछ । जीवजन्तु चोरीशिकार तथा अवैध ओसारपसार पनि नगरको समस्या बन्दै गरेकोले सो अन्त्य गर्न तत्काल कारबाहीका लागि कानुनको व्यवस्था गनुपर्दछ । यसका साथै नगरमा जडीबुटीहरूको प्रचुर सम्भावना रहेको छ । विभिन्न प्रजातीका जडिबुटिहरू प्रशस्त रहेका छन्। तसर्थ यि वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सोको स्पष्ट नीति एवं कार्यविधि निर्माण आवश्यक छ । साथै जडीबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडीबुटीको संकलन, ओसार—पसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदैछ रोजगारमुखी बनाउनु आवश्यक छ ।

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस नगरपालिकामा नगर भएर बग्ने प्रशस्त खोला तथा नदीहरू जस्तै होलाङडी खोला, छाङदी खोला, तिनाउ नदी, बाहुन खोला, अँधेरी खोला, छरछरे खोला, रिडी खोला इत्यादि रहेका छन्। यहाँ विभिन्न पानीका मुहानहरू पनि अवस्थित रहेका छन्। नगरमा नदीजन्य पदार्थहरू जस्तै ढुंगा, गिट्टी, बालुवाको साथै फलाम खानी कोइला खानीको पनि सम्भावना रहेको छ । त्यसैले वातावरणीय र पर्यावरणीय प्रभाव मूल्याङ्कन गरेर उक्त क्षेत्रमा उत्खननसम्बन्धी काम हुन सक्ने देखिन्छ । विभिन्न प्राकृतिक श्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो बनाउन सकिने सम्भावना छ । नगरपालिकामा रहेका पार्क तथा उद्यानहरूले पनि यस नगरको शोभा बढाएको छ । ओम पार्क, ध्रुवघाट पार्क, अमर नारायण फुलबारी, बाघ खोर पार्क, प्रभास बगैंचा पार्क, हनुमान मन्दिर पार्क, इत्यादि नगरमा अवस्थित पार्कहरू हुन् ।

यसरी प्राकृतिक सम्पदा एवं जैविक विविधताले सुसज्जित भएतापनि संरक्षणको अभावमा यी बहुमूल्य सम्पदाहरू मासिने क्रम बढ्दो छ । पोखरीहरूको सदुपयोग नभएको, मुहानहरू सुक्दै गएको जस्ता समस्याहरू देखा पर्दै आएको छ । साथै वृक्षारोपणको अभावमा भूक्षय जस्ता प्रकोपले वनजंगलमा पनि क्षति भइरहेको छ । तसर्थ प्राकृतिक सम्पदाहरू प्रशस्त रहेतापनि यसको संरक्षणको अभावले गर्दा प्राकृतिक स्रोतहरू नाश हुँदै गइरहेको छ । तसर्थ प्राकृतिक स्रोतहरू जस्तै वनजंगल, जैविक विविधता तथा

जलाधारहरूको दिगो व्यवस्थापन मार्फत आय र रोजगारी वृद्धि गरी नगरको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्य एवं नीतिहरू विकास गरिने छ ।

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

नगर हरित सहर बनाउनका लागि नगरपालिकाले नीतिगत रूपमै सुरुवात गरेको छ । नगरपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभए तापनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा विधुतिय चुलो र बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरूको सुरुवात भएको छ । नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावत् छ । यो सङ्ख्या कुल घरपरिवारको करिब ३७.७ प्रतिशत छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ ।



चित्र ८: नगरपालिकाको जमिनको भिरालोपना

बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित सरसफाइ केन्द्र संचालन नहुँदा फोहर मैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन् । वातावरणको प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

ग्रामीण क्षेत्रमा फोहरको आयतन घटाउनका लागि फोहरहरू जलाउने प्रवृत्ति हाल पनि यथावत् नै रहेको छ । अस्पताल जन्य फोहरहरू पनि यत्रतत्र फालेको अवस्था रहेको छ । साथै समाधानको लागि फोहरहरू खोल्सा लगायत सार्वजनिक स्थलहरूमा समेत फाल्ने गरेकाले फोहर मैला नगरको लागि विकराल समस्याको रूपमा रहेको छ । फोहर मैला व्यवस्थापन सम्बन्धी नगरद्वारा समय समयमा निर्देशनहरू एवं सूचनाहरू प्रवाह भएतापनि फोहरहरूको उचित व्यवस्थापन प्रक्रिया नभएको अवस्था रहेको छ । फोहोरहरूका कारण प्रदूषण भई वातावरण लगायत जनस्वास्थ्यमा समेत प्रतिकूल असर पर्दछ । सहरीकरण बढेसँगै ध्वनि प्रदूषणको समस्या सिर्जना हुन्छ । विशेषतः ठूला राजमार्ग, उद्योग, कल कारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिन्छ । यस नगरपालिका क्षेत्रमा पुराना सवारी साधन, ट्याक्टरबाट निस्कने ध्वनि तथा प्रेशर हर्नका कारण ध्वनि प्रदूषण बढको पाइन्छ । नगरमा वायु प्रदूषण पनि बढ्दो रहेको छ । कल कारखाना, सडक, घरहरूबाट निस्कने धुवाँका कारण यस नगरमा वायु प्रदूषण पनि भइरहेको अवस्था रहेको छ । तसर्थ पूर्वाधार विकास र वातावरण बीचको असन्तुलन, एकीकृत र योजनाबद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशनको अभाव एवं वातावरण सम्बन्धी जन चेतनाको अभावका कारण नगरपालिकामा वातावरणीय प्रदूषण बढ्दै गइरहेको छ ।

तानसेन नगर प्लास्टिक झोला मुक्त नगर समेत घोषणा भएको छ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगहरूलाई खुल्ला रूपमा फोहर जलाउन प्रतिबन्ध लगाएको भएतापनि नगरमा औद्योगिक फोहरहरू जलाउने गरेका छन्। नगरमा प्लास्टिकको प्रयोग अत्याधिक मात्रामा भएको र सस्तो, सजिलो र बलियो हुने भएकोले यसको प्रयोग अझै बढ्दै गएको छ । नगरमा करिब ३,१६१ (२४.०९ प्रतिशत) घर परिवारहरूले आफ्नै घरको कम्पाउन्डभित्र बाल्ने गरेको छ । जसले गर्दा प्लास्टिकजन्य फोहरहरूबाट हुने नकारात्मक असरहरू जस्तै फालिएका प्लास्टिकहरू सेवन गरेर पशुहरूको मृत्यु हुने, प्लास्टिकले ढल नालीहरू, सिँचाइका कुलोहरू थुनिने साथै खोलानालाहरू फोहर हुने, नगरको शोभा घट्ने जस्ता प्रभावहरू हुनुका साथै प्लास्टिकहरू बाल्दा निस्कने हानिकारक ग्याँसहरूले मानवमा प्राणघातक रोगहरू लाग्न सक्ने भएका तसर्थ सो समस्याहरू हटाउन एवं प्लास्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन तथा शून्य फोहर अवधारणा मा गई भएका फोहोरलाई आधुनिक प्रविधि प्रयोग गरी श्रोतको रूपमा उपयोग गर्न नगरपालिकामा प्लास्टिक व्यवस्थापन सम्बन्धी कार्य योजनाहरूको आवश्यकता छ ।

पुराना सवारी साधन, कच्ची सडक, मोटर बाटाको धूलो, कल कारखाना जस्ता साधनको प्रयोगले धूलोहरू बढेको छ । साथै नगरमा अंशिकरूपमा वायु प्रदूषणको समस्या समेत देखिन्छ । तसर्थ वायु प्रदूषण नियन्त्रणका लागि नगरमा निर्देशिका सँगै अनुगमनको आवश्यकता रहेको छ ।

२.५.४ महामारी तथा विपद् व्यवस्थापन

नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न कार्यालयमा नगर प्रमुखको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ । तर नगरमा पूर्व सूचना कार्यदलका सदस्यहरू, प्राथमिक उपचार कार्यदलका र खोज तथा उद्धार कार्य दल गठन भएका छैनन्। यसका साथै विपद् व्यवस्थापन उपशाखामा हाल पनि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न नसकिएको अवस्था रहेको छ । नगरका प्रत्येक वडाहरू समेट्न सक्ने गरी प्रतिकार्य टोलीहरू एवं अन्य मानव संशोधनको अपर्याप्तता छ । यसका साथै नगरमा स्थानीयहरूमा विपद् व्यवस्थापन सम्बन्धि चेतनामा कमी छ । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपतकालिन योजना, आपत्कालिन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे वडा बासीहरूमा जानकारीको कमी रहेको छ ।

वि.सं. २०७२ सालको भूकम्पबाट आंशिक रूपमा प्रभावित पाल्पा जिल्लामा अवस्थित यस तानसेन नगरपालिका भूकम्प, पहिरो, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चट्याङ, असिना पानी, महामारी, जंगली आतकं जस्ता विपदहरूबाट जोखिममा रहेको छ । धनजनको क्षतिको हिसाबले ठूलो विपद्को सामना गर्नु नपरेको भएपनि बर्षेनी विभिन्न स्तरका पहिरो र भू—क्षयको प्रभाव भने नगरमा देखिने गरेको छ । वर्ड फ्लु, रेबिज, स्वाइन फ्लु तथा महामारीको जोखिम पनि समस्या नै बनिरहेको छ । नगरको भुसलडाँडा वस्ती, गोर्खेकोट, नारायण डाडाँ, खरीपानी वस्ती, कुन्शरे बस्ती, ओडारे बस्ती, बसपार्क आसपासका बस्ती, जैसि चौपारी बस्ती, तानसेन तल्लो पेट्रोलियम पम्पका बस्ती, जोर्ते क्षेत्र, आमडाडाको काउले क्षेत्र, पांडे खर्क, नामि कुवा, पिपल टोल, मौवा डाडा, लुहुङ सार आदि पहिरोको जोखिममा रहेका छन्। हाल युवाहरूमा लागू पदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । बाँदर एवं दुम्सीको समस्याले गर्दा कृषकहरूले सोचे अनुपातको उब्जनी गर्न नसकेको अवस्था रहेको छ । नगरमा कच्ची घरहरू जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय तारहरूले गर्दा पनि बस्तीहरूमा जोखिम बढिरहेको छ यसका साथै नगरमा सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ।

नगरले आपतकालिन सेवाका लागि महत्वपूर्ण मानिएको वारुण यन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन गरिएको छ । नगरमा स्थानीय संघ संस्था मार्फत एम्बुलेन्स सेवा प्रवाह भइरहेको भएपनि कतिपय स्थानमा बर्खाको समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ । नगरपालिकामा प्रकोप प्रतिरोधी भवन निर्माणका लागि भवन निर्माण संहिता कार्यान्वयनका लागि प्राविधिक सहितको भवन तथा नक्सा उपशाखा रहेको र भवन संहिताको कार्यान्वयनबाट विपद् जोखिम कम हुने गरी व्यक्तिगत तथा संस्थागत भवनको संरचनागत मजबुतीका मापदण्ड कायम गरिएको छ । आपतकालिन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान, सामुदायिक भवन र पार्कहरू रहेका छन्। जिल्ला प्रहरी कार्यालयमा खोज तथा उद्धार सामग्रीको पूर्व व्यवस्था रहेको छ भने आपतकालीन सेवा प्रदानका लागि नगरमा नगर प्रहरीको व्यवस्था भएको छ । साथै नगरमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न युवा परिषद्, नेपाल रेडक्रस सोसाइटी इत्यादि जस्ता संस्थाहरू पनि रहेका छन्। यस नगरपालिकामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा प्रहरी विटहरू रहेका छन्। यसबाट नगरवासीमा शान्ति

सुरक्षाको न्यूनतम प्रत्याभूति रहेको छ । नगरमा नगरपालिकामा नगर विपद् व्यवस्थापन कोष रहेको छ भने नगरपालिकाले वार्षिक कोषको लागि रकम विनियोजन पनि गर्ने गरेको छ ।

विपद् व्यवस्थापन सम्बन्धी कुनै पनि ऐन एवं नियमावली नबनेको साथै नगर विपद् व्यवस्थापन एवं जलवायु उत्थानशील योजना बनेको छैन । यसका साथै वडा स्तरमा विपद् व्यवस्थापन समितिले औपचारिक रूपमा गठन गरी क्रियाशिल गराउन बाँकी रहेको, सामुदायिक विपद् प्रतिकार्यका संरचना निर्माण गर्न बाँकी रहेको तथा नगर र वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना बनाई समुदाय स्तरबाट विपद् व्यवस्थापनको सवाललाई मूलप्रवाहीकरण गर्ने प्रक्रियालाई संस्थागत रूपमा अघि बढाउन बाँकी नै रहेको छ । नगरपालिकामा स्रोत सीमितता तथा तत्कालिन आवश्यकताको सम्बोधनका विषय तथा अन्य दैनिक जनजीवनसँग प्रत्यक्ष जोडिएका पूर्वाधार र सेवामा नै केन्द्रित हुनु पर्दा विपद् जोखिम न्यूनिकरणका पूर्वाधार तयारीलाई पर्याप्त प्राथमिकता दिन सकिएको छैन । विपद् व्यवस्थापन तथा आपतकालिन व्यवस्थापनका लागि नगरभित्र आपत्कालिन कार्य संचालन वा प्रकोप तथा विपद् सम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने एकाइ तयार गर्न सकिएको छैन । नगरपालिकाले संवैधानिक अधिकार बमोजिम नगर प्रहरी गठन गरी सांस्कृतिक जमघट, मेला तथा महोत्सव, बजार तथा सवारीको जथाभाबी पार्किङ नियन्त्रण आदि क्षेत्रमा नगरको सुरक्षाका लागि परिचालन गर्न सकेको छैन । यस सन्दर्भमा वस्तिहरू विकास भइरहेको यस नगरपालिकाले विपद् पुर्वतयारी तथा प्रतिकार्य एवं जलवायु अनुकूलनका विषयलाई अन्तर सम्बन्धित र विशिष्ट क्षेत्रका रूपमा लिएर विकासका गतिविधि अगाडी बढाउनु पर्ने आवश्यकता रहेको छ ।

नगरमा रहेका युनाइटेड मिसन अस्पताल, पाल्पा जिल्ला अस्पताल, स्वास्थ्य चौकी, समुदाय स्वास्थ्य इकाई, लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल मार्फत नियमित र आपतकालिन आकस्मिक स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । नगरमा सञ्चालित स्वास्थ्य केन्द्रहरू सबैमा आपतकलिन प्रतिकार्य योजनाहरू नबनेको जसले गर्दा विपद्को समयमा बढ्दो बिरामी चापलाई व्यवस्थित गरी स्वास्थ्य उपचार सबैमा र समयमानै पुऱ्याउन कठिन हुने अवस्था रहेको छ । यसका साथै चराबाट सर्ने वर्ड फ्लु, सुंगुर वा अन्य तवरबाट सर्ने स्वाइन फ्लु तथा अन्य महामारीबाट नगर सुरक्षित राख्नको निमित्त नगरमा केही प्रावधान नभएको अवस्था रहेको छ । तसर्थ नगरमा महामारी फैलन सक्ने सम्भावना बढि भएकोले नगरवासीलाई महामारी सम्बन्धी सचेतिकरण गर्न आवश्यकता रहेको देखिन्छ ।

नगरपालिकामा पर्याप्त रूपमा खेती योग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको संभावना प्रचुर मात्रामा रहेका छन् । तर जंगल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले बाँदर, चितुवा जस्ता जंगली जनावर आतंकको समस्या भोग्नु परेको छ । जंगली आतंकले नगरका प्रायजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र नगरको सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । तसर्थ जंगली आतंकले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जंगल एवं जंगली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको नितान्त आवश्यक छ ।

२.६ सुशासन तथा संस्थागत व्यवस्था

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

ऐतिहासिक नगरको रूपमा परिचित पाल्पा नगरपालिकाले पहिलो र दोस्रो जन निर्वाचित पदाधिकारीको करिब सात वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ । हालसम्म नगरपालिकाद्वारा स्वीकृत नीति तथा कानुनको सङ्ख्या ११२ पुगेको छ जसमध्ये ३८ ऐन, ७४ वटा नीति नियम, आचारसंहिता, निर्देशिका र कार्यविधि तथा मापदण्ड तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । नगरपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न नगर कार्यपालिकामा १५ वटा विभिन्न नीतिगत विषयगत समिति तथा संयन्त्रहरू रहेका छन् । नगर प्रमुखको संयोजकत्वमा ८ सदस्यीय तानसेन नगर कार्यपालिका सल्लाहकार समिति समेत रहेको छ ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धन को लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई—हाजिरीको व्यवस्था, विधुतिय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् ।

तानसेन नगरपालिकाले नगरको शासकीय अभ्यासलाई पारदर्शी र सहभागितामुलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि २०७४, तानसेन नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ तथा संघीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजार मार्फत नगरको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जबाफदेही र सहभागिता मूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागितामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचार युक्त शासन प्रणालीलाई संस्थागत गर्न नगर प्रयासरत छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी नगर र नागरिकका बीचको परस१म्पर विश्वास कायम हुने गरी नगरवासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता नगरले महशुस गरेको छ ।

सेवा प्रवाहको विधि र प्रकृयालाई छिटो र सहज बनाउन आधुनिक प्रकृयामा आधारित विद्युतिय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आम नागरिकमा सुशासन युक्त स्थानीय शासनको अनुभूति गराउने गरी तानसेनलाई सुशासनयुक्त नगरको पहिचान दिलाउने लक्ष्यका साथ नीतिहरू तय गरिएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवेयर सञ्चालनको तयारीमा रहेको छ । सुशासनका प्रवर्धनका लागि नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू नगरपालिकाको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ ।

सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, नगरपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा तानसेन नगरपालिकाको यस आवधिक योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

२.६.२ सङ्गठनात्मक विकास

नगर सभा तानसेन नगरपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जसप्रति नगर कार्यपालिका उत्तरदायी हुने गर्दछ । नगरसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी नगर कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा संघीय शासन प्रणाली, कानून निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यहरू गरिएको छ ।

नगरपालिका कार्यपालिकाको प्रमुखको रूपमा नगर प्रमुख र उपप्रमुखको रूपमा नगर उपप्रमुख (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपप्रमुखले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (दशौं तह) को रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितिय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगर सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगर सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य प्रशासन शाखा, पूर्वाधार शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, योजना बजेट तथा सूचना प्रविधि शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा लगायतका शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस संगठन संरचना तथा कर्मचारी दरबन्दी लागु गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायीक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् । नगर कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाई/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । नगर कार्यपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा ८५ जना स्थायी कर्मचारी र ११० जना करार र २ जना ज्यालादारी जम्मा १९७ जना कर्मचारीहरू कार्यरत रहेका छन् । तानसेन नगरपालिकाको नगर कार्यपालिकाको प्रशासकीय भवन तानसेन बजार क्षेत्रमा र १४ वटै वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालनमा रहेका छन् । तानसेन नगरपालिकाले संगठन व्यवस्थापन सर्वेक्षण गरी नगर कार्यपालिकाका लागि नयाँ दरबन्दी सिफारिस गरेपनि कार्यान्वयनमा आउन भने सकेको छैन । कर्मचारीले नगरपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

२.६.३ स्रोत परिचालन

श्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । नगरपालिकाले संघ सरकारबाट वार्षिक रु. ६० करोड ६० लाख तथा प्रदेश सरकारबाट वार्षिक रु. ४ करोड ४ लाख भन्दा बढी अनुदान रकम प्राप्त गरी लगानी गर्न सफल भएको छ । नगरपालिकाले कुल बजेट मध्ये ३२ प्रतिशत पुँजीमत र ६८ प्रतिशत चालूमा खर्च गरेको देखिन्छ ।

नगरपालिकामा नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ । नगरपालिकाले आ. व. ०७९/८० मा आन्तरिक आयबाट रु. ९ करोड ३९ लाख, संघ सरकार र प्रदेश सरकार गरी राजस्व बाँडफाँटबाट रु. ९ करोड ३६ लाख ९१ हजार स्रोत परिचालन गरेको छ । यस नगरपालिकाको कुल बजेटमा आन्तरिक स्रोतको योगदान ११.२६ प्रतिशतको हाराहारीमा रहेको छ ।

२.६.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस नगरपालिकाले पनि नेपालको पन्ध्रौं योजना तथा लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र नगरपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

राज्य पुनर्संरचना मार्फत तानसेन नगरपालिकाको स्थापना भएसँगै यस नगरपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा नगर सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनाबद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ ।

योजना व्यवस्थापनको क्षेत्रमा यस नगरपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्वपूर्ण उपलब्धि हासिल गरेको देखिन्छ । नगर वृहत योजना, नगर यातायात गुरुयोजना, राजस्व सुधार कार्ययोजना तर्जुमाका साथै महत्वपूर्ण आयोजनाको डि.पि.आर. तयार भई कार्यान्वयनमा रहेका छन् । सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगर सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेबसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । संघीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम

तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

परिच्छेद ३: सोच तथा विकासको अवधारणा

३.१ पृष्ठभूमि

विकास योजना भनेको कुनै खास समय भित्र खास उद्देश्य हासिल गर्नको लागि प्राप्त स्रोतहरूको व्यवस्थित व्यवस्थापन हो । योजनाबद्ध विकासको अवधारणा सबैभन्दा पहिले सन् १९२८ मा पूर्व सोभियत संघमा शुरु भएको थियो । सन् १९२० को दशकको महामन्दिसँगै योजनाबद्ध विकासको अवधारणा संसारभरि लोकप्रिय बन्दै गयो र संसारका थुप्रै देशहरू तीव्ररूपमा आर्थिक गतिविधिहरू सञ्चालन गर्न बाध्य बनेका थिए । उनीहरूले आफ्नो देशलाई वैदेशिक उत्पादनसँग प्रतिस्पर्धी बनाउन, घरेलु उत्पादनको संरक्षणमा जोड दिनको लागि योजनाबद्ध विकासलाई जोड दिए । सन् १९२८ मा सोभियत संघबाट शुरु भएको योजनाबद्ध विकासको अवधारणाको सुरुवात नेपालमा भने वि.सं. २०१३ मा भएको थियो । विभिन्न कारणले विभिन्न समयमा केही त्रिवर्षीय योजना पनि कार्यान्वयनमा आएका थिए । हाल नेपाल पन्ध्रौं पञ्च वर्षीय योजना कार्यान्वयनको अन्तिम वर्षमा छ ।

वर्तमान संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत हाल तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन् । स्थानीय सरकारले तयार गर्ने आवधिक योजनाले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग सिद्ध हुन्छ । यस्तो योजनाले ३ देखि ७ वर्षसम्मको मध्यमकालीन अवधिका लागि अपेक्षित परिवर्तन हासिल गर्न समग्र विकास प्रक्रियालाई दिशानिर्देश गर्दछ । यस योजनाले दीर्घकालीन सोच उन्मुख हुने गरी राष्ट्रिय आवधिक विकास योजना तथा प्रादेशिक आवधिक विकास योजनासँग सामन्जस्यता कायम गर्दै स्थानीय विकासको निकृष्ट गन्तव्य तय गर्दछ । आवधिक योजनाले परियोजना बैंक, मध्यमकालीन खर्च संरचना, विषय क्षेत्रगत रणनीतिक योजना तथा वार्षिक योजना तर्जुमाका लागि मुख्य मार्गदर्शन प्रदान हुन्छ । योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । नगरपालिकाको आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्ने छ । यो योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर नगरपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हुनेछ । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा नगरपालिका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण हुनेछ ।

योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक

समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नु पर्ने भनिएको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई नगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा तानसेन नगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ र सोहि सोचका साथ लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ ।

दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गरी निर्दिष्ट लक्ष्यहरू हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम हुन्छ । सार्वजनिक सेवाहरू जस्तै आधारभूत तथा माध्यामिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपूर्ति र सरसफाइ, कृषि, आधारभूत पूर्वाधारहरू र सामाजिक सुरक्षा जस्ता सेवाहरू स्थानीय तहमार्फत प्रदान गरिदैं आएको छ । त्यसैगरी संविधानले दिएको राजस्व सम्बन्धी अधिकार मार्फत हुने स्रोत परिचालनले दिगो विकास लक्ष्य हासिल गर्न लगानी वृद्धि गर्न सहयोग पुग्ने अवस्था छ । त्यसैगरी विकासको असमान अवस्थालाई दृष्टिगत गर्दा दिगो विकासका लक्ष्यहरूको प्राथमिकीकरण गर्न स्थानीय तहहरू सफल हुनेछन् । स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको सक्रिय सहभागिता सुनिश्चित भई प्रभावकारी सेवा बढी सुनिश्चित हुनसक्छ । साथै स्थानीय तह मार्फत कार्यक्रम कार्यान्वयन हुँदा विकासको प्रतिफलमा "कसैलाई पनि पछि पारिने छैन" भन्ने सिद्धान्तमा आधारित र विकासको परिणाम समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ ।यसर्थ, दिगो विकास लक्ष्यहरू निर्धारित समयमा हासिल गर्न स्थानीय तहका सरकारहरूको योजनाबद्ध रूपमा नतिजामा आधारित भएको आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य भएकोले नगरपालिकाको आवधिक योजना तर्जुमा गरिएको हो।

नेपालका पुराना शहरहरू अनियन्त्रित र अव्यवस्थित सहरीकरणका कारण यातायात, ढल, विभिन्न किसिमका प्रदूषणको साथै खुला स्थान तथा शहरी सौन्दर्यको अभाव खट्किन गएको छ । त्यस्ता शहरहरूलाई व्यवस्थित बनाउनु अहिले एउटा ठूलो चुनौती बनेको छ । यस नगरपालिकाले पनि बेलैमा विचार गरी त्यस्तो अवस्थाबाट गुज्रन नदिन बेलैमा योजनाबद्ध विकासको खाँचो पर्दछ । यही कुरालाई ध्यानमा राखी नगरका सम्पूर्ण सरोकारवालाहरूको सहभागिता तथा सल्लाह सुझाव अनुसार यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण क्षेत्र तथा सुशासन तथा संस्थागत विकासका साथ साथै नागरिकले प्राप्त

गर्ने सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी बनाउन समेत महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ नगरपालिकाले यस योजना निर्माण गरेको छ । यस योजनाको कार्यान्वयनबाट सहरीकरणलाई व्यवस्थित बनाउँदै लैजान र नगरको शहरी सौन्दर्य अभिवृद्धि गर्ने तथा सहि रूपमा दिशानिर्देश गर्दै सहरीकरणलाई दिगो, स्वस्थ, समयानुकूल बनाउन समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

३.२ प्रमुख समस्या तथा चुनौती

समस्याहरू

- दीर्घकालीन सोचका आधारमा योजनाबद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
- योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नू ।
- नगरपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्याशित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
- भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नुहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था रहेको छ ।
- विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नू तथा यसको प्रभाव न्यूनकरणमा ठोस कार्यक्रमहरू कार्यान्वयनमा समस्या ।
- नगरपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा नगरपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
- कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारको लागि वृहत्तिर क्षेत्रगत योजना तयार हुन सकेको छैन।
- विपद् र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।
- विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
- एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
- विकासका पूर्वाधारहरूको समान वितरण हुन नसकेको अवस्था छ ।
- उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणमा समस्या देखिएको छ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नै विकासको ठूलो समस्या देखिएको छ।
- सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या सङ्ख्या र शिक्षकको अनुपात नमिलेको कारणले शिक्षा क्षेत्रमा थप समस्या भएको छ ।

चुनौतीहरू

नगरपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

- तानसेन नगर राष्ट्रिय सम्पदा (Heritage) सूचीमा परेको सन्दर्भमा यसको पुरातन शैली, बाटा घाटा, बजार एवं प्राचीन, ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
- पर्यटकीय विकासको सम्भावना बोकेका ऐतिहासिक क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
- श्रीनगर डाँडाको हरियालीलाई विस्तार गर्न, चौडापाते वन क्षेत्रको विकास गरी पानीको संरक्षण र सुख्खा याममा आगलागी हुने जोखिमलाई न्यूनीकरण गर्नु ।
- खस्कदै गएको व्यापार, व्यवसाय र उद्योग धन्दा एवं रोजगारीका अवसरहरूलाई अभिवृद्धि गर्दै नगर क्षेत्रलाई एउटा जीवन्त नगरपालिकाको रूपमा विकास गर्नु ।
- उपलब्ध खेती योग्य कृषि जमिनमा कृषिको विविधीकरण तथा आधुनीकिकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
- नगरपालिकाका विभिन्न वडाहरूमा सुन्तला, कफी, अदुवा, आलु, च्याउ लगायतका तरकारी र फलफूल एवं सामुदायिक वनमा जडीबुटीहरूको व्यावसायिक खेती र दूध तथा दुधजन्य उत्पादनको बजार व्यवस्थापन गरी धेरै जसो कृषकहरूलाई यसतर्फ दीर्घकालीन रूपमा आकर्षित गराउनु ।
- नगरपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
- राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशोधन विकासका कारण अपेक्षित रूपमा आन्तरिक राजस्व सङ्कलन नहुनु।
- विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्टाउने परम्परालाई परिवर्तन गर्नु ।
- सबै नगरबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
- सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
- उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषि योग्य जमिनमा सर्वयाम सिँचाइको सुनिश्चितता गर्नु।
- घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी नगरपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत् राख्नु।
- नगरपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।

- वन जङ्गल नजिक रहेका वडाहरूमा जङ्गली जनावर विशेषगरी बाँदर, बँदेलको नियन्त्रण गरी बाली नाली जोगाउनु ।

३.३ प्रमुख सम्भावना तथा अवसर

ऐतिहासिक कला, सम्पदा र संस्कृतिको धनी साथै प्राकृतिक विविधताले भरिपूर्ण र बिशिष्ट भू—बनोट, वातानुकूलन जलवायु, लोभलाग्दा डाँडाकाडाँ, वन जंगल, नदीनाला, भीरपाखा, समतल फाँटहरू, खेत बारी जस्ता प्रकृतिका अनुपम उपहारले सु—सज्जित तानसेन नगरपालिकाले यहाँको संभावना र अवसरहरूको समुचित प्रयोग गरी जनताको जीवनस्तर अभिवृद्धि गर्न "समृद्ध सांस्कृतिक नगर" को दीर्घकालीन सोच अघि सारि यस नगरपालिकालाई हरियाली शहरको रूपमा विकास गर्ने परिकल्पना गरी सोही अनुरूप स्थानीय सरकारको रूपमा नगरपालिकाद्वारा विभिन्न कार्यहरू अघि बढिरहेको छ । आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर नगरपालिकालाई प्राप्त भएको छ । यस नगरपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

- प्राचीन तानसेन शहरलाइ पुनर्जीवित गरी सांस्कृतिक धार्मिक शहरको रूपमा विकास गर्न सकिने देखिन्छ।
- नगरपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस नगरपालिकालाई पहिचान दिने गरी बाली विकास तथा कृषि उत्पादन गर्न सक्ने नगरपालिकाका रूपमा विकास गर्न सकिनेछ।
- सिद्धार्थ राजमार्गले सुनौली (भारतीय सीमा क्षेत्रलाई पोखरा (पर्यटकीय नगर) सँग जोडेको छ । तानसेन नजिकै दोस्रो ठुलो पर्यटकीय शहर र ब्यापार केन्द्र बुटवल अवस्थित छ । यसले बीचमा अवस्थित तानसेन नगरको निमित्त ब्यापारको अवसर प्रदान गरेको छ । यी क्षेत्रहरूमा कृषिजन्य बस्तुको माग अत्यधिक छ । तानसेनमा जैविक कृषिजन्य बस्तुको उत्पादन बढाएर यि क्षेत्रमा निर्यात गर्ने सम्भावना पनि उत्तिकै छ । कृषि उत्पादन बृद्धि गरी रोजगारी र आयश्रोत सृजना गर्न सकिने प्रशस्तकै सम्भावनाहरू रहेकोछ ।
- यस नगरपालिकाको उत्तर तर्फ कालीगण्डकी करिडोर सडक बिस्तार र दक्षिणतर्फ सिद्धार्थ राजमार्ग सडक सञ्जालले विभिन्न अवसरहरूको सिर्जना गरेको छ । कालीगण्डकी करिडोर मुक्तिक्षेत्र मुक्तिनाथसँग जोडिएर उत्तर तर्फ चीनसँगको सिमाना कोरला नाकासम्म विस्तार हुने हुँदा धार्मिक पर्यटन एवं व्यापार व्यवसाय समेतको सम्भावना उजागर भएको छ ।
- नेपालको चार धाम मध्येको एक हृषिकेशधाम र रुरु रिडी क्षेत्र हिन्दूहरूको दोस्रो प्रमुख पीठको रूपमा रहेको र यसलाई मुक्तिनाथसम्म सिधा सम्पर्क कायम गर्ने सकिने सम्भावना रहेकाले रुरु क्षेत्रको विकास गरी धार्मिक पर्यटकको आगमनमा निकै बृद्धि गर्न सकिने देखिन्छ ।

- नगर क्षेत्रमा टिम्मुर, अदुवा, अम्रिसो, रेशमखेती प्रचुर मात्रामा उत्पादन गरी रोजगारी र आर्थिक गतिबिधि तीव्र पार्न सकिने सम्भावना छ । मदनपोखरा लगायत नगरका केही स्थानहरूमा कफी खेती सफलता पूर्वक सञ्चालन भइरहेकोले आर्गानिक कफी गाउँको रूपमा र नगरको सबै क्षेत्रमा बिस्तार गरी आय आर्जन बढाउन सकिन्छ ।
- नगरमा १३४ वटा विभिन्न सामुदायिक तथा निजी वन रहेका छन् । यसको वैज्ञानिक व्यवस्थापनको माध्यमबाट आयमूलक वन पैदावारमा परिणत गरी आर्थिक क्रियाकलाप वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- यस क्षेत्रको साक्षरता प्रतिशत नेपालकै औसत भन्दा धेरै माथि भएको सन्दर्भमा यस क्षेत्रबाट उत्पादित कुशल राष्ट्रसेवक, नीति निर्माता, शिक्षक, प्राध्यापक, ब्यवसायी लगायतको योगदान प्राप्त गरी यस क्षेत्रको विकासमा योगदान पु¥याउन सक्ने अवस्था प्रशस्तकै आधारहरू रहेका छन् ।
- सिद्धबाबा—झुम्सा क्षेत्रमा सुरुङ्गमार्गको निर्माण र पोखरा सम्मको ४ लेन सडक बिस्तार योजनाले बस्तु तथा सेबाको प्रबाहलाई सहज बनाउने र यसले व्यवसायमा नयाँ अवसर सिर्जना हुने देखिन्छ ।
- नगरपालिकाका सबै वडाहरूमा पक्की सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा सजिलै पुऱ्याउन सकिने अवस्था रहेको छ ।
- गौतम बुद्ध अन्तराष्ट्रिय बिमान स्थल निर्माण र सञ्चालनले नगरपालिकामा प्रशस्त लगानीको अवसर प्रदान गरेको छ ।
- सुन्तला र कफी लप्सी खेतीका साथै हिउँदे काँक्रो, गोलभेंडा काउली बन्दा फर्सी सिमी लगायत विभिन्न मौसमी तथा बेमौसमी तरकारीहरू, मासु तथा दुग्ध जन्य उत्पादनका लागि पशुपक्षी पालन तथा महका लागि मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस नगरपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको विविधीकरण एवं आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई उल्लेख्य मात्रमा आर्थिक लाभ हासिल गर्न सकिनेछ ।
- ढाका र करुवाको व्यावसायिक प्रवर्धन र ब्रान्डिङ गर्दै यस क्षेत्रमा रोजगारी र प्रशस्तै आर्थिक लाभ लिन सकिने अवस्था रहेको छ ।
- नगरपालिकामा रहेको सामुदायिक वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, व्यावसायिक सुन्तला तथा कफी खेती, फुल खेती एवं जडिबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
- प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट तानसेनबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
- प्रेमको प्रतीककोरूपमा रानीमहल क्षेत्रको व्यवस्थित प्रचार र होटेल, रिसोर्ट आदि संचालन गर्न निजी क्षेत्रलाई आकर्षण गर्ने, बौघागुम्हा होमस्टे र छेर्लुङ सेमतलाई यसमा जोडेर एकीकृत रूपमा विकास गर्न सकिने देखिन्छ ।

- सुन्दर श्रीनगरमा थप सौन्दर्य वृद्धि गर्न सेनकालीन, महादत्त सेनले निर्माण गरेको नमुना सेन दरबारको पुरातात्विक महत्वलाई ध्यानदिई निर्माण गर्न सकिन्छ ।
- प्रभास तालको जैविक विविधता र प्राकृतिक धान, सारस, पानीहाँस, वकुल्ला आदिको आश्रम स्थल संरक्षण हुने गरी प्रभास तालको विस्तार र विकास गरी जैबिक विविधता संरक्षण हुने गरी जिल्ला समन्वय समिति पाल्पाको नाममा रहेको तालालाई व्यवस्थित र शौन्दयीकरण गरी आर्कषक पार्कको रूपमा विकास गर्न सकिन्छ ।
- वडा नं. ९ मा अवस्थित भेडीकुन्ना बुढुवा ढाबलाई माण्डव्य सरोबरका रूपमा निर्माण गरी जैविक विविधता र प्राकृतिक धान रफीपोगन, हांस, मालचरा, सारस बकुल्ला आदिको संरक्षण हुने छ । साध साथ बुढिया ढावलाई सुन्दर तालका रूपमा विकास गर्न सके बुटवल पोखरा, गुल्मी, घोरपाटन जाने यात्रुहरू समेत आकर्षित भई यो क्षेत्र तानसेनकै सबैभन्दा आकर्षक नया गन्तव्य स्थल बन्नसक्ने देखिन्छ ।

३.४ निर्देशक सिद्धान्त

नगरपालिकाको उल्लिखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र सोह्रौं राष्ट्रिय योजनाको मर्मलाई समेत ध्यानमा राखेर निम्न विकासको निर्देशक सिद्धान्त तय गरिएको छ । र यसै सिद्धान्तहरूलाई पालन गरी तानसेन नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

तालिका ७: नगरपालिकाको निर्देशक सिद्धान्तहरू

१. कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार विकासमा उच्च प्राथमिकताः	व्यावसायिक कृषिको विकास, पर्यटन, जल विद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र एवं पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ ।
२. स्थानीय अर्थतन्त्रको विकास र विस्तारः	संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।
३. व्यवस्थित भू—उपयोग र योजनाबद्ध विकासः	राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग योजना तर्जुमा र — सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ।
४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः	भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आय मूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा

	संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायो इञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः	नगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ।
६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः	पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी गरिनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इञ्जिनियरिङ्ग जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ ।
७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन	सुशासन, विकास र समृद्धि देश विकासको अबको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूवसर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ ।
८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः	विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।
९. वन र वन पैदावारको यथोचित उपयोग	यस नगरपालिकामा प्रशस्त बनपैदावर र जटिवुटि रहेको हुनाले तिनिहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिने छ ।

३.५ नगर समृद्धिका प्रमुख वाहकहरू (Lead Sectors/Key Drivers of Prosperity)

तानसेन नगरको समृद्धिको लागि मुख्य चारवटा प्रमुख सम्बाहकहरू पहिचान गरिएका छन्:

३.५कृषि तथा पशुपालन १.

नगरपालिकाको भू—उपयोगको अवस्था हेर्ने हो भने ४८.६४ प्रतिशत भू—भाग खेतीयोग्य कृषि जमिन रहेको छ । तानसेन नगरपालिकामा मसला, कफी, मासु, दूध, फलफूलको उत्पादन उलेख्य मात्रमा हुने गरेको पाइन्छ । तरकारी वाली तथा अन्नपानीको पनि राम्रो उत्पादन हुन्छ । खेतियोग्य जमिनमा अर्गेली फाँट, माडी फाँट, मदन पोखरा, छेर्लुङ, वौघागुम्बा तथा दमकडा रहेका छन् । कृषि तथा पशुपालन क्षेत्र तानसेन नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा स्थापित छ ।कृषिमा आधारित प्रशोधन उद्योगहरूबाट पनि रोजगारी सिर्जना गर्न सकिन्छ । त्यसैले कृषि तथा पशुपालन तानसेन नगरपालिकाको समृद्धिको प्रमुख आधारको रूपमा रहेको छ ।

३.५पर्यटन २.

तानसेन नगरपालिका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरू (मूर्त तथा अमूर्त) को धनि छ, यहाँको मुख्य आकर्षक भनेकै पाल्पा दरबार, एसियाकै ठूलो ढोका मानिने मूलढोका, रणउजीरेश्वरी भगवती मन्दिर, नेपालको एक प्रसिद्ध धाम मानिने रूरू रिडी धाम (ऋषिकेश धाम), प्रेमको प्रतीक मानिने खड्ग शमशेरद्वारा निर्मित रानीमहल, भैरवस्थान, श्रीनगर डाँडा, अमर नारायण मन्दिर, भगवती मन्दिर, आनन्द विहार तथा अर्गेली दरबार आदि हुन् ।

यो सहर मौलिक नेवारी परम्परा र रैथाने मगर संस्कृति तथा आर्यन संस्कारको सङ्गमका रूपमा स्थापित छ । तानसेनका बासिन्दा हिन्दू धर्म अन्तर्गत शैवधर्म, शाक्तधर्म, वैष्णवधर्म र गाणपत्य जस्ता विभिन्न उपसम्प्रदायमा विश्वास र आस्था राख्छन् । सहरका चोक, खुला स्थल, साँघुरा गल्ली, मन्दिर, पाटी, पौवा, ढङ्गेधारा, चैत्य, विहार, पोखरी लगायतका स्थानमा यी सम्प्रदाय सम्बद्ध मूर्तिहरूको नित्य र नैमित्तिक रूपमा पूजाआजा हुने गरेको छ । तानसेन नगरी हिन्दु धर्मका अतिरिक्त बुद्धधर्मका दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण छ । यस सहरमा रहेका चैत्य, विहार, स्तूपले बौद्ध धर्म र कलाको सुन्दरता प्रतिनिधित्व गरेका छन् । आनन्द विहार, धर्मचक्र महाविहार र होलाङदीको विहार र टक्सार टोलमा अवस्थित महाचैत्य विहार महत्त्वपूर्ण बौद्ध सम्पदा हुन् । नेपालका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्वका नगर बस्तीहरूमध्ये तानसेनले विशिष्ट र महत्त्वपूर्ण स्थान ओगटेको हुनाले संयुक्त राष्ट्रसङ्घले सम्भावित विश्वसपदा सूचीमा सूचीकृत गरेको छ ।

विश्वका विकसित एवं सम्पन्न मुलुकहरूबाट विकासोन्मुख मुलुकतिर मौद्रिक प्रवाह ल्याउने धुवाँरहित पर्यटन उद्योग आज सांस्कृतिक एवं प्राकृतिक सम्पदा युक्त स्थानहरूको चर्चित एवं बहु आयामिक स्रोतको रूपमा स्थापित भएको छ । ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण तानसेन नगरपालिका पर्यटन उद्योगको निम्ति अत्यन्त उर्वरा भूमि हो । पर्यटन उद्योगको माध्यमबाट नै स्थानीय स्तरमा आर्थिक समृद्धि

हाँसिल गर्न सकिने प्रचुर सम्भावना छ, त्यसैले यहाँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक तथा प्राकृतिक सम्पदा नै तानसेन नगरपालिकाको समृद्धिको प्रमुख आधार हो ।

तानसेन नगरपालिकाको पहिचान भएका तथा सम्भाव्य प्रमुख पर्यटककी प्रकार एवं उपजहरू देहाय बमोजिम छन् :

१. ग्रामीण पर्यटन	२. पदयात्रा पर्यटन	३. धार्मिक पर्यटन
४. जलयात्रा पर्यटन	५. प्याराग्लाईडिङ्ग	६. रक क्लाईम्बिङ्ग
७. माउण्टेन वाईकिङ्ग	८. खेल तथा मनोरञ्जन पर्यटन	९. सांस्कृतिक पर्यटन
१०. कृषि पर्यटन	११. शैक्षिक पर्यटन	१२. व्यावसायिक पर्यटन/माइस
१३. वन तथा पर्या पर्यटन	१४. मानव निर्मित बाँध तथा तालहरू	१५. पार्क तथा क्याम्प साइटहरू
१६. गुफा भ्रमण	१७. ऐतिहासिक/पुरातात्विक सम्पदा	१८. स्थानीय खाना तथा पेय पदार्थहरू
१९. जात्रा, मेला महोत्सव	२०. प्राकृतिक सौन्दार्य, दृष्यावलोकन तथा चलचित्र पर्यटन आदि ।	

३.५शिक्षा र स्वा ३.स्थ्य

२००७ साल अघि नै विद्यालयहरूको उपस्थित रहेको यस नगरमा राम्रा शिक्षण संस्थाहरू सञ्चालनमा रहेका छन् । ठूला मेडिकल अस्पताल तथा क्लिनिकको पनि राम्रो विस्तार हुँदै गएको छ । विगतदेखि नै सरकारी तथा निजी क्षेत्रबाट पनि शिक्षा र स्वास्थ्यमा लगानी हुदै आएको छ । अनुकूल हावापानी राम्रो भूवनौट र यातायातको सहज पहुँच भएको हुँदा यहाँ उच्च शिक्षा प्रदान गर्ने राम्रा शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र स्थापनाको सम्भावना रहेको छ । तानसेनले आधुनिक कृषि र पर्यटन क्षेत्रको विकासका लागि दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक धारको (Technical Education) शैक्षिक संस्था स्थापना गरी दक्ष जनशक्तिको पलायनलाई कम गर्न सक्दछ ।

नगरपालिकामा शिक्षा र स्वास्थ्यमा गौरव गर्न लायक राम्रो पूर्वाधार रहेको हुनाले शैक्षिक हवको रूपमा विकास तथा स्वास्थ्यको विशिष्ट कृत सेवा प्रदान गरी नगर समृद्धिको आधार तयार गर्न सकिन्छ । त्यसैले शिक्षा र स्वास्थ्य क्षेत्रलाई तानसेन नगरपालिकाको समृद्धिको आधार मानिएको छ ।

३.५उद्योग ४.

राष्ट्रिय स्तरमा समेत पहिचान बनाएका ढाका र करुवा जस्ता स्थानीय उत्पादनको विकास र बजारीकरण प्रवर्धन तथा कृषिमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको विस्तार मार्फत उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि तथा पशुजन्य उद्योग, अचार बनाउने, मुढा बनाउने, गुडिया बनाउने, मैनबत्ती बनाउने जस्ता साना उद्योगहरूको विकास गरी थोरै पूँजी र सामान्य प्रविधिबाटै रोजगारीको विस्तार गरी आयात प्रतिस्थापन गर्न सकिन्छ ।

३.५ नगर समृद्धिका सहयोगी क्षेत्रहरू ५.

तानसेन नगर समृद्धिका मुख्य सहयोगी क्षेत्रहरू (Enablers of Prosperity) देहाय बमोजिम रहेकाछन्

)कजनसांख्यिक लाभ (

तानसेन नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको झन्डै ६५.७१ प्रतिशत छ । त्यसैगरी युवा जनशक्ति करिब ४३ प्रतिशत भन्दा बढी छ र पाल्पा तथा तानसेन जन्मभूमि भएर विभिन्न क्षेत्रमा सफलता हासिल गरेका प्रतिष्ठित व्यक्तिहरू प्रशस्त छन् उनीहरूको विषय विज्ञता अनुसार सूची तयार गरी ज्ञान, सीप र अनुभवलाई नगर विकासमा सदुपयोग गर्न सकिन्छ ।

)ख भौगोलिक विविधता (र आवद्धता

शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट ४५ किलोमिटरको दूरीमा रहेको यस नगर नेपालकै दोस्रो ठूलो पर्यटकको गन्तव्य पोखराबाट १२४ किलोमिटरको रहेको र सुन्दर पर्यटकको सहर पोखरालाई जोड्ने सिद्धार्थ राजमार्गले बीचबाट छिचोलेको राजमार्गमा अवस्थित छ । यो नगरपालिकाको उत्तरतर्फ कालीगण्डकी करिडोर र दक्षिणतर्फ सिद्धार्थ राजमार्ग रहेको छ । समुद्री सतहबाट ४३५ मिटर देखि १५७५ मिटरसम्मको उचाइमा अवस्थित तानसेन शून्य डि.से. देखि ३५ डि.से. सम्मको तापमान हुने यस भुखण्ड भौगोलिक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । धरातलीय स्वरूप र हावापानीको साथै ज्यादै सुन्दर भू परिदृश्यका रूपमा रहेको तानसेन सहरलाई "पहाडकी रानी" भनेर पनि चिनिन्छ ।

तानसेन नगरपालिका भौगोलिक र बसोबासको स्थितिले शहरी–अर्ध- शहरी र ग्रामीण परिवेश गरी विविधताले भरिएको छ। तिब्बत जाने प्राचीन व्यापारिक पैदल मार्ग तानसेन हुँदै गएको छ । पाल्पाको पुरानो विरासत, व्यापारिक सम्बन्धलाई सदुपयोग गर्न सकेमा नगर समृद्धिको बलियो आधार देखिन्छ ।

अतः यस आवधिक योजनामा तानसेन नगरपालिकाको सर्वाङ्गीण विकासको लागि प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पन्नता, सहअस्तित्व, पहिचान तथा जानसांख्यिक लाभ जस्ता विषयवस्तुलाई आत्मसात् गरी नगरको प्राथमिकताका क्षेत्र निम्नअनुसार निर्धारण गरिएको छ ।

1. *शिक्षा तथा स्वास्थ्य*
2. *पर्यटन*
3. *कृषि, वन तथा मत्स्यपालन*
4. *उत्पादनमूलक उद्योग*
5. *पूर्वाधार*

३.६ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र लुम्बिनी प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका निम्न बमोजिमका आ—आफ्ना दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादम्यता हुने गरी तानसेन नगरपालिकाको पञ्चवर्षीय आवधिक विकास योजना तयार गरिएको छ । नगर कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

दीर्घकालीन सोच

"समृद्ध सांस्कृतिक शहर"

लक्ष्य

"स्वस्थ, शिक्षित, उद्यमशील, व्यावसायिक, सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, व्यवस्थित, समावेशी र समृद्ध सांस्कृतिक नगरपालिका"

उद्देश्य

1. स्थानीय उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु,
2. नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्म सम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु,
3. आवास, बजार, भौतिक सुविधा तथा अन्तर—आबद्धता सहज, दिगो, व्यवस्थित र उत्थानशील बनाउनु,
4. नगर क्षेत्रको पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु र
5. नगरपालिकाको सेवा प्रवाह थप प्रभावकारी र सुशासन अभिवृद्धि गर्नु ।

३.७ परिमाणात्मक लक्ष्य

तालिका ८: अपेक्षित परिमाणात्मक उपलब्धि

नतिजा सूचक	इकाई	आधार वर्ष २०७९/८० सम्म			योजनाको अन्त्यको अवस्था २०८५/८६
		नेपाल	लुम्बिनी	तानसेन	तानसेन
समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य					
मानव विकास सूचकाङ्कs	सूचकाङ्क	०.६०१*	०.५६३	०.६०३	०.६९९
लैङ्गिक विकास सूचकाङ्क	सूचकाङ्क	०.९५२*	०.९०१	०.९०१	०.९६५
वहुआयामिक गरिबी	प्रतिशत	१७.४	१८.२०	१८	१०
निरपेक्षित गरिबी	प्रतिशत	२०.२७	२४.३५	१५	८

प्रतिव्यक्ति वार्षिक आय	अ. डलर	१४१०	११२६	१४००	२०००
औषत आयु (जन्म हुँदाको)	वर्ष	७१.३*	६९.५*	71	73
साक्षरता दर	प्रतिशत	76.2*	78.1	89	९५
बेरोजगारी दर	प्रतिशत	11.4	८.१*	5.7	4
विषयक्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य					
नियमित सिँचाइ भूमि	प्रतिशत	58**	५१	50	65
कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	24.7	30.1	31	16
कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान	प्रतिशत	14.1	15.4	9	24
कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान	प्रतिशत	61.2	54.5	60	60
कृषिमा आबद्ध जनसङ्ख्या	प्रतिशत	60.4*	57.3	41.3	37
माध्यामिक तहको (९-१२) खुद भर्ना दर	प्रतिशत	57.4**	53.5	५८	75
आधारभूत खानेपानीबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	86.8*	90.2	91.5	100
विद्युत् सेवामा पहुँच प्राप्त घर परिवार	प्रतिशत	92.2*	93.7	95.1	100
इन्टरनेट सेवामा पहुँच प्राप्त घरधुरी	प्रतिशत	65.9*	36	63.12	99
वन क्षेत्र ओगटेको भूमि	प्रतिशत	45.31**	45	43.3	43.3
सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही	प्रतिशत	-	82.5	85	95

*स्रोत : मानव विकास प्रतिवेदन, २०२२, लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना २०७९, *राष्ट्रिय जनगणना २०७८ **आर्थिक सर्भेक्षण २०७९/८०*

३.८ रणनीति तथा प्राथमिकता

तालिका ९: नगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू

रणनीतिहरू	प्राथमिकताहरू
उद्देश्य १: स्थानीय उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु ।	
१.१: प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने ।	1. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ । 2. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगार मूलक उद्योगको रूपमा विकास गरिनेछ। 3. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । 4. मुख्य कृषि उत्पादन क्षेत्रको मूल्य श्रृंखलाको विकास (Agriculture Value Chain Development) गरी प्रवर्द्धन, यान्त्रीकीकरण, र बजारीकरणमार्फत् उच्च तथा गुणस्तरीय उत्पादन दिने आधुनिक अर्गानिक कृषि प्रणालीको विकास सहित उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ । 5. राष्ट्रिय रूपमा स्थापित स्थानीय उत्पादनको प्रवर्धन गर्न जोड दिइनेछ ।
१.२: विकासका अवसरहरूमा	1. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूल

समतामूलक पहुँच सुनिश्चित गर्ने।	प्रवाहमा ल्याइनेछ । २. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ । ३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तर युक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागू गरिनेछ । ४. कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख सुधार गरिनेछ ।
उद्देश्य २: नगरवासी गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्मसम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु ।	
२.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने ।	१. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ विद्यालय भवन, स्वास्थ्य चौकी निर्माण, एम्बुलेन्स सेवा सञ्चालनमा प्रभावकारीता तथा बाल-विकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ । २. खुला दिशा मुक्त नगर कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनका लागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ । ३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई नगरपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागू गरिनेछ । ४. **विग स्कूल**को अवधारणा अनुसार विद्यार्थी सङ्ख्या न्यून भएका स्कूलहरूलाई मर्ज गरी संरचनागत सुधार गरिनेछ ।
उद्देश्य ३: आवास, बजार, भौतिक सुविधा तथा अन्तर–आबद्धता सहज, दिगो, व्यवस्थित र उत्थानशील बनाउनु ।	
३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने ।	१. भू उपयोग नीति कार्यान्वयनमा जोड दिइनेछ । २. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ । ३. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ। ४. सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न आवश्यक व्यवस्थापन गरिनेछ । ५. भौतिक पूर्वाधारहरू निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ। ६. सडक गुरुयोजना अनुसार "क" वर्गमा परेका सडकहरूको स्तरउन्नति तथा कालोपत्रे गरिनेछ । मुख्य-मुख्य सडकहरूलाई हरित सडक बनाइनेछ ।

	७. ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन र बजारीकरण गरी पर्यटन प्रवर्धन गर्ने । ८. सम्पदा वस्तिहरूको सीमाकन गरी वस्ती सम्पदा वस्ती संरक्षण गर्ने । ९. नयाँ एकीकृत वस्ति निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ
उद्देश्य ४: नगर क्षेत्रको पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु ।	
४.१: वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने ।	१. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ । २. पूर्ण सरसफाइ सहितको तानसेन नगर हरित शहरको अवधारणा अनुरूप हरियाली नगरपालिका बनाउने नीति अवलम्बन गरिनेछ । ३. एकीकृत फोहोर व्यवस्थापन प्रणाली लागू गरिनेछ । ४. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य ५: नगरपालिकाको सेवा प्रवाहको थप प्रभावकारी र सुशासन अभिवृद्धि गर्नु ।	
५.१: सुशासन सम्बन्धी नीति गत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने ।	१. सुशासन प्रवर्द्धन गर्न डिजीटल सेवा प्रवाह र प्रविधिमैत्री नगरपालिकाको रूपमा विकास गरिनेछ । २. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ। ३. गरिबी निवारणका लागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ । ४. नगरपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ । ५. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ। ६. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् । ७. समावेशी सामाजिक संरचनाका माध्यमबाट नगरपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ । ८. नगरपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी नगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ ।

३.९ लगानी, स्रोत अनुमान र बाँडफाँट

क. नगरपालिकाको गत तीन आर्थिक वर्षको यथार्थ आय विवरण

तालिका १० नगरपालिकाको गत तीन आर्थिक वर्षको यथार्थ आय

शीर्षक	आ ७८/२०७७ .व. को यथार्थ	आ ७९/२०७८ .व. को यथार्थ	आ ८०/२०७९ .व. को यथार्थ
आय	**856291250.1**	**926146912.7**	**834081979**
राजस्व	**168758172.6**	**188220215.7**	**187591475.1**
आन्तरिक श्रोत	**55296849**	**50596293.52**	**93900168.43**
११३१३ एकीकृत सम्पती कर	6186336.04	5480830.2	6041760.74
११३१४ भुमिकरमालपोत/	4190621.66	4605167.4	3590928.01
११३२१ वहाल कर	7830663.2	6659335.66	10045844.28
११३२२ वहाल विटौरी कर	74995.99	550575	297701.71
११४५१ सवारी साधन कर साना) (सवारी	12000	०	13000
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	2175629	2079040	9259176.5
११४७९ अन्य मनोरञ्जन कर	65	०	०
११६९१ अन्य कर	317265.92	०	1200000
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	2670266	5061258.4	4373012
१४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी	1182212	3255503.5	2830304.5
१४२१३ अन्य विक्रीबाट प्राप्त रकम	०	1062040	954005
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	6706994	2596676	6854299.46
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	5809337.58	०	०
१४२४१ पार्किङ्ग शुल्क	621000	111430	908032.5
१४२४२ नक्सापास दस्तुर	1748608.14	3440241.84	7675680.53
१४२४९ अन्य दस्तुर	1254204.99	4549298.75	1880453.8
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	2778665.48	2959173.78	156700
१४२६५ अन्य क्षेत्रको आय	11737984	०	०
१४६११ व्यवसाय कर	०	०	3344800.6
३२१२२ बैंक मौज्दात	०	०	34474468.8
राजस्व बाँडफाँडबाट प्राप्त रकम	**113461323.6**	**137623922.1**	**93691306.69**
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	०	०	12020565.6
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	59501815.52	83185810.48	70028250.48

शीर्षक	आ ७८/२०७७ .व. को यथार्थ	आ ७९/२०७८ .व. को यथार्थ	आ ८०/२०७९ .व. को यथार्थ
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क	०	53116803.69	०
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	०	०	11642490.61
१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	53959508.03	1321307.97	०
अन्य आय	**०**	**8185722.99**	**०**
१४५२९ अन्य राजस्व	०	8185722.99	०
अन्तर सरकारी वित्तीय हस्तान्तरण	**687485854.5**	**732179000**	**646490503.9**
संघीय सरकार	**621267854.5**	**680472000**	**606008652.9**
१३३११ समानिकरण अनुदान	154600000	167200000	162892500
१३३१२ शसर्त अनुदान चालु	459167854.5	412288666	385707218.9
१३३१३ शसर्त अनुदान पुँजीगत	०	66183334	28453310
१३३१५ विषेश अनुदान पुँजीगत	०	22400000	26455123
१३३१६ समपुरक अनुदान चालु	7500000	०	०
१३३१७ समपुरक अनुदान पुँजीगत	०	12400000	2500501
प्रदेश सरकार	**66218000**	**51707000**	**40481851**
१३३११ समानिकरण अनुदान	5644000	7963000	9950000
१३३१२ शसर्त अनुदान चालु	25850000	०	०
१३३१३ शसर्त अनुदान पुँजीगत	०	15544000	9199973
१३३१४ विषेश अनुदान चालु	4200000	4550000	6556425
13315 विशेष अनुदान पूँजीगत	०	3650000	०
१३३१६ समपुरक अनुदान चालु	30524000	०	14775453
१३३१७ समपुरक अनुदान पुँजीगत	०	20000000	०
बैदेशिक	०	०	०
जनसहभागिता	47223	5747697	०

स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी संवैधानिक प्रावधान, राष्ट्रिय आर्थिक नीति र सँग तथा प्रदेशसँगको आर्थिक अन्तरसम्बन्धलाई मुख्य आधारका रूपमा लिइ वित्तीय व्यवस्थापन सम्बन्धी विश्लेषण र प्रक्षेपण गरिएको छ। नगरपालिकाले पाँच वर्षको अवधिमा प्रतिव्यक्ति वार्षिक आय झन्डै दोब्बर पुर्याउन, कृषि क्षेत्रको वृद्धि दर बढाइ लुम्बिनी प्रदेशको कृषि क्षेत्र सरह वृद्धिदर हासिल गर्ने, र बेरोजगारी दर उल्लेख्यरूपमा

तल झार्ने महत्वाकांक्षी लक्ष्य पूरा गर्नेतर्फ लक्षित गरिएको छ। नगरपालिकाले उल्लिखित आकारको आर्थिक समृद्धि हासिल गर्न आवश्यक श्रोतका लागि सहकारी, निजी र गैरसरकारी क्षेत्रको एकीकृत र समन्वयात्मक भूमिकालाई समेत आधार मानेको छ। नगरपालिकाको आवधिक योजनाको वित्तीय प्रक्षेपण गर्दा आ. व २०७९/८० लाई आधार वर्ष मानी अन्य निम्न आधार लिइएको छ ।

- आ.ब. २०७६/७७ देखि २०७९।८० सम्मको यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.ब. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट,
- आ.व २०८०/८१ मा संघीय तथा प्रदेश सरकारबाट नगरपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरूको वित्तीय विवरण र आगामी वर्षहरूमा सञ्चालन हुन सक्ने प्रदेश सरकारबाट स्थानीय स्तरमा सञ्चालन हुने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरू,
- नगरपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण ।

आय प्रक्षेपण गर्दा स्थानीय सरकार संचालन ऐनमा व्यवस्थित स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरूलाई समेत प्रक्षेपणको आधार मानिएको छ। आर्थिक प्रक्षेपण गर्दा औसत आर्थिक वृद्धि राजस्व वृद्धिको सम्भावना तथा नगरपालिकाले गर्नसक्ने थप प्रयासका आधारमा हरेक आ. व. मा अनुमानित वृद्धि गरिएको छ ।

विगत छ आर्थिक वर्षहरूमा भएको आयमा एकरूपता नरहेको कारण शीर्षकगत आय रकमहरूको प्रक्षेपणमा मात्रै भरपर्ने अवस्था देखिँदैन। आन्तरिक आयतर्फ शीर्षक गत आम्दानी भएको देखिएको छैन ।संघीय तथा प्रदेश अनुदानहरू तर्फ कुनै अनुदान शीर्षकमा कुनै आ. व. मा अघिल्लो आ.व. को तुलनामा ह्वात्तै रकम वृद्धि भएको देखिन्छ भने सोही आ.व.को अर्को अनुदान शीर्षकमा अघिल्लो आ.व.को तुलनामा रकम न्यून देखिन्छ । नगरपालिकामा खर्च नभइ मौज्दातको रूपमा रहेको रकम पनि गत आ.व. मा **रु. ३ करोड ४४ लाख** रहेको छ ।

शीर्षकगत रूपमा असमान प्रकृतिको आय रकमले निश्चित मापदण्ड राखी वा अघिल्लो आर्थिक वर्षहरूमा भएको वृद्धिदरको औसत राखी आगामी आर्थिक वर्षहरूका तत् शीर्षकहरूमा हुन सक्ने आयलाई प्रक्षेपण गर्न सहज नभएको कारणले नगरपालिकाको विगत तीन आ. व. ७६/७७ देखि ०७९/८० को वृद्धि दरको सालाखाला आन्तरिक तर्फ २० प्रतिशत र बाह्य तर्फ १० प्रतिशत लाई आधार मानी सो पछिका आ.व. हरूको आय तलको प्रक्षेपण तालिकामा राखिएको छ ।

संघीय पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको राजस्व सुधारको लक्ष्य तथा सबै तहका सरकारहरूको वार्षिक बजेटको वृद्धि दरका आधारमा तल तालिकामा प्रस्तुत गरिए बमोजिम यस आवधिक योजना अवधिमा कूल **रु. ६ अर्ब ९० करोड ९५ लाख** आय प्रक्षेपण गरिएको छ। सो मध्ये नगरपालिकाको आन्तरिक श्रोतको वाट करिब **रु. ९३ करोड १३ लाख** रहेको छ । आन्तरिक श्रोतको अनुमानमा आल्या **रु. १५ करोड** हाराहारी छ भने राजस्व **रु. ७८ करोड** हाराहारी मात्र रहेको देखिन्छ ।

चालू खर्चलाई क्रमिक रूपमा कम गर्दै लैजाने नीति अनुरूप आवधिक योजना अवधिका लागि चालू खर्च ५० प्रतिशतमा रहने गरी सिमा निर्धारण गरिएको छ । कुल आय रकमबाट पुँजीगत खर्चका लागि आवधिक योजना अवधिका लागि **रु. ३ अर्ब ४५ करोड** उपलब्ध हुने देखिन्छ ।

नगरपालिकाले तयार गरेको यस प्रथम आवधिक योजनाको कार्यान्वयन नगरपालिकाको नेतृत्वदायी भूमिका तथा अन्य तहको सरकार, निजी क्षेत्र, विकास साझेदार संस्था, स्थानीय समुदाय लगायत नगर विकासका सरोकारवालाहरू सँगको समन्वय, सहकार्य एवं साझेदारीमा हुनेछ । आवधिक योजनाले निदृष्ट गरेको लक्ष्य हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन योजनामा नगरपालिकाको आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आय सहित स्थानीय विकासका सरोकारवालाबाट हुन सक्ने लगानीका स्रोतहरूको समेत प्रक्षेपण गरिएको छ । यस योजनाको अवधिमा आन्तरिक, बाह्य श्रोत, जनसहभागिता र अन्य स्रोतबाट जम्मा **रु. ६ अर्ब ९० करोड ९५ लाख** स्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ । योजना अवधिमा उपलब्ध हुनसक्ने स्रोतको प्रक्षेपित विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

ख. योजना अवधिमा नगरपालिकामा परिचालन हुने स्रोत अनुमान

तालिका ११: नगरपालिकाको आय अनुमान

शीर्षक	आ.व. २०७९/८० को यथार्थ	आ.व. २०८०/८१ को संशोधित अनुमान	आ.व. २०८१/८२ को प्रक्षेपण	आ.व. २०८२/८३ को प्रक्षेपण	आ.व. २०८३/८४ को प्रक्षेपण	आ.व. २०८४/८५ को प्रक्षेपण	आ.व. २०८५/८६ को प्रक्षेपण
आय	834081979	1029426367	1114201665	1233120632	1366031255	1514752652	1681369844
राजस्व	1875914.75.1	274169367	2834189665.1	3192559661.6	3607841187.8	4089880878.6	4650208921.8
आन्तरिक श्रोत	93900168.43	139242126	134999000	155997700	181196030	211433905	247719221.9
११११३१ सम्पत्ती कर	6041760.74	7500000	9000000	10800000	12960000	15552000	18662400
११३१४ भुमिकर/मालपोत	3590928.01	4000000	4800000	5760000	6912000	8294400	9953280
११३२१ वहाल कर	10045844.28	10000000	12000000	14400000	17280000	20736000	24883200
११३२२ वहाल विटौरी कर	297701.71	1500000	1800000	2160000	2592000	3110400	3732480
११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	15000	18000	21600	25920	31104	37324.8
११४५१ सवारी साधन कर (साना सवारी)	13000	०	०	०	०	०	०
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	9259176.5	10000000	12000000	14400000	17280000	20736000	24883200
११४७९ अन्य मनोरञ्जन कर	०	100000	120000	144000	172800	207360	248832
११६११ व्यवसायले भुक्तानी गर्ने	०	3500000	4200000	5040000	6048000	7257600	8709120
११६९१ अन्य कर	1200000	900000	1080000	1296000	1555200	1866240	2239488

शीर्षक	आ.व. २०७९/८० को यथार्थ	आ.व. २०८०/८१ को संशोधित अनुमान	आ.व. २०८१/८२ को प्रक्षेपण	आ.व. २०८२/८३ को प्रक्षेपण	आ.व. २०८३/८४ को प्रक्षेपण	आ.व. २०८४/८५ को प्रक्षेपण	आ.व. २०८५/८६ को प्रक्षेपण
१३४११ अन्य संस्थागत आन्तरिक अनुदान	०	12500000	15000000	18000000	21600000	25920000	31104000
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	4373012	2000000	2400000	2880000	3456000	4147200	4976640
१४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी	2830304.5	20000000	24000000	28800000	34560000	41472000	49766400
१४२१३ अन्य विक्रीबाट प्राप्त रकम	954005	1500000	1800000	2160000	2592000	3110400	3732480
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	6854299.46	०	०	०	०	०	०
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	०	7700000	9240000	11088000	13305600	15966720	19160064
१४२४१ पार्किङ्ग शुल्क	908032.5	700000	840000	1008000	1209600	1451520	1741824
१४२४२ नक्सापास दस्तुर	7675680.53	4000000	4800000	5760000	6912000	8294400	9953280
१४२४९ अन्य दस्तुर	1880453.8	1550000	1860000	2232000	2678400	3214080	3856896
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	156700	25000	30000	36000	43200	51840	62208
१४६११ व्यवसाय कर	3344800.6	०	०	०	०	०	०
३२१२२ बैंक मौज्दात	34474468.8	51742126	30000000	30000000	30000000	30000000	30000000
राजस्व बाँडफाँडबाट प्राप्त रकम	**93691306.69**	**134927241**	**148419965.1**	**163261961.6**	**179588157.8**	**197546973.6**	**217301670.9**
११३१५ घरजग्गा रजिष्टेशन	12020565.6	10000000	11000000	12100000	13310000	14641000	16105100

शीर्षक	आ.व. २०७९/८० को यथार्थ	आ.व. २०८०/८१ को संशोधित अनुमान	आ.व. २०८१/८२ को प्रक्षेपण	आ.व. २०८२/८३ को प्रक्षेपण	आ.व. २०८३/८४ को प्रक्षेपण	आ.व. २०८४/८५ को प्रक्षेपण	आ.व. २०८५/८६ को प्रक्षेपण
दस्तुर							
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	70028250.48	115625000	127187500	139906250	153896875	169286562.5	186215218.8
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	11642490.61	9302241	10232465.1	11255711.61	12381282.77	13619411.05	14981352.15
अन्य आय	**0**	**10000**	11000	12100	13310	14641	16105.1
१४५२९ अन्य राजस्व	0	10000	11000	12100	13310	14641	16105.1
अन्तर सरकारी वित्तीय हस्तान्तरण	**646490503.9**	**726257000**	**798882700**	**878770970**	**966648067**	**1063312874**	**1169644161**
संघीय सरकार	**606008652.9**	**684962000**	**753458200**	**828804020**	**911684422**	**1002852864**	**1103138151**
१३३११ समानिकरण अनुदान	162892500	152800000	168080000	184888000	203376800	223714480	246085928
१३३१२ शसर्त अनुदान चालु	385707218.9	402200000	442420000	486662000	535328200	588861020	647747122
१३३१३ शसर्त अनुदान पुँजीगत	28453310	96962000	106658200	117324020	129056422	141962064.2	156158270.6
१३३१४ विशेष अनुदान चालु	0	0	0	0	0	0	0
१३३१५ विषेश अनुदान पुँजीगत	26455123	22000000	24200000	26620000	29282000	32210200	35431220
१३३१७ समपुरक अनुदान पुँजीगत	2500501	11000000	12100000	13310000	14641000	16105100	17715610
प्रदेश सरकार	**40481851**	**41295000**	**45424500**	**49966950**	**54963645**	**60460009.5**	**66506010.45**
१३३११ समानिकरण अनुदान	9950000	11545000	12699500	13969450	15366395	16903034.5	18593337.95
१३३१२ शसर्त अनुदान चालु	0	4450000	4895000	5384500	5922950	6515245	7166769.5
१३३१३ शसर्त अनुदान पुँजीगत	9199973	8500000	9350000	10285000	11313500	12444850	13689335

शीर्षक	आ.व. २०७९/८० को यथार्थ	आ.व. २०८०/८१ को संशोधित अनुमान	आ.व. २०८१/८२ को प्रक्षेपण	आ.व. २०८२/८३ को प्रक्षेपण	आ.व. २०८३/८४ को प्रक्षेपण	आ.व. २०८४/८५ को प्रक्षेपण	आ.व. २०८५/८६ को प्रक्षेपण
१३३१४ विषेश अनुदान चालु	६५५६४२५	०	०	०	०	०	०
१३३१६ समपुरक अनुदान चालु	१४७७५४५३	०	०	०	०	०	०
१३३१७ समपुरक अनुदान पुँजीगत	०	१६८०००००	१८४८००००	२०३२८०००	२२३६०८००	२४५९६८८०	२७०५६५६८
बैदेशिक	०	२४००००००	२६४०००००	२९०४००००	३१९४४०००	३५१३८४००	३८६५२२४०
जनसहभागिता	०	५००००००	५५०००००	६०५००००	६६५५०००	७३२०५००	८०५२५५०

स्रोतः तानसेन नगरपालिकालेखा शाखा ,

३.१० नगर गौरवका आयोजनाहरू

तालिका १२: नगर गौरवका आयोजनाहरू

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित श्रात र वार्षिक लक्ष्य (रू.लाखमा)					
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौ आ.व	जम्मा
१	**सम्पदा संरक्षण योजना** (राणाकालिन तानसेन दरवार परिसर संरक्षण, निर्माण, मर्मत र विकास, रानीमहल पर्यटकीय गन्तव्यको विकास र स्तरोन्नती (खड्क शमशेर), अर्गली दरवार (जुद्ध शमशेरद्वारा निर्मित) परिसरको पहिचान र संरक्षण कार्य)	एकमुस्ट		२००	५००	५००	५००	५००	२२००
२	**धार्मिक सम्पदा संरक्षण आयोजना** (अमरनारायण मन्दिर र मन्दिर परिसर र ऐतिहासिक फुलवारीको विकास, श्री ७ रणउजेश्वरी भगवती मन्दिरलाई ऐतिहासिक संरचनामा निर्माण तथा संरक्षण, ऋषिकेश क्षेत्रको गुरुयोजना अनुसार कार्यक्रम पूर्वाधार, निर्माण र मर्मत कार्य)	एकमुस्ट		२००	४००	४००	५००	५००	२०००
३	पाल्पा दरबार परिसर, श्रीनगर, भैरवस्थान, ऋषिकेश रुरु क्षेत्र र रानीघाट (5 Points Tourism Circuit) विकास र बजार प्रवर्द्धन	एकमुस्ट		१५०	२००	३००	४००	४५०	१५००
४	श्रीनगरको डाँडालाई पर्यटकीय, रमणीय फुलवारीको रुपमा विकास गरि दोस्रो चरणमा Big Buddha कार्यक्रम अन्तर्गत गुरुयोजना निर्माण	सङ्ख्या	१	५०	३००	५००	५००	५००	१८५०
५	प्रभास तालको क्षेत्रफललाई वृद्धि गरि रमणीय पर्यटकीय तालको विकास	एकमुस्ट		१००	१००	१००	१००	१००	५००
६	सिटी हल निर्माण	सङ्ख्या	१	५०	२००	२००	१५०	५०	६५०
७	द्रुत मार्ग निर्माण (Fast Track)	किमी	१३	१००	७००	७००	७००	४००	२६००
८	माण्डव्य सरोवर (माली फाँट) निर्माण	एकमुस्ट		५०	५००	५००	५००	५००	२०५०
९	औधोगिक ग्राम निर्माण	एकमुस्ट		५०	५००	५००	६००	५००	२१५०
१०	कोल्ड स्टोरेज निर्माण	सङ्ख्या	१	५००	५००	५००	५००	५००	२५००
११	रुरु क्षेत्र विकास आयोजना	एकमुस्ट		४००	४००	४००	४००	३००	१९००
१२	वन देवी बसपार्क निर्माण	सङ्ख्या	१	५००	५००	५००	३००	५०	१८५०

नगर गौरवका योजनाको जम्मा बजेट			2350	4800	5100	5750	4350	21750

परिच्छेद ४: आर्थिक विकास क्षेत्र

४.१ कृषि तथा पशुपंक्षी

४.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरि देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । त्यसैगरी पन्ध्रौ राष्ट्रिय योजनाले दीर्घकालीन लक्ष्यका रूपमा उच्च र दिगो उत्पादन र उत्पादकत्व अभिवृद्धि र तिब्र, दिगो तथा रोजगार मूलक आर्थिक वृद्धिलाई राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ । त्यसैगरी राज्यले दिगो विकास लक्ष्यलाई एक मार्गदर्शनको रूपमा ग्रहण गरिएको छ । यस अनुसार कृषि क्षेत्रलाई औद्योगीकरणका माध्यमवाट रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि, गरिवी निवारण, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन, कृषि तथा पशुपक्षी बजार सूचना दिने, बजार तथा हाटबजारको पूर्वाधार निर्माण गर्ने, साना सिँचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषक क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशुआहार, पशुपंक्षी वीमा तथा कर्जा सहरीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन गर्ने र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रबर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र समावेश गरेको छ ।

नगरपालिकाको भू—उपयोगको अवस्था हेर्ने हो भने ४८.१ प्रतिशत भू—भाग खेतीयोग्य कृषि जमिन रहेको छ । नगरपालिकाको कुल कृषि योग्य भुमि मध्ये कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल ३९१८.८ हेक्टर र खेती योग्य जमिन २०५६.४ हेक्टर मात्रै रहेको छ (राष्ट्रिय कृषि गणना २०७८) । यस नगरमा कृषि/पशुपालनमा संलग्न जनसङ्ख्या ४१.३ प्रतिशत रहेको छ जसमध्ये महिला ४८.९ प्रतिशत र पुरुष ३२.९ प्रतिशत रहेको छ । पेशागत हिसाबमा तानसेन नगरपालिकाको काम गर्न योग्य १० वर्ष माथिको जनसङ्ख्याको ४६.७ प्रतिशतले दक्ष कृषकको पेशा अँगालेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

राष्ट्रिय कृषि गणना २०७८ का अनुसार धान–६७४१.१, गहूँ– ४५१.४, मकै– १०४८.४, कोदो– २३.१, जौ– २१.९ र फापर–३.४, हेक्टरमा खेती हुने गरेको छ । त्यसैगरी सुन्तला–३१ र कागती–१३.७ हेक्टरमा लागाइने गरेको छ ।

माडि फाँट, मदन पोखरा, अर्गली, छेर्लुङ, वौघागुम्बा लगायतका क्षेत्रहरू कृषि योग्य र अन्न तथा तरकारी खेतीका लागि प्रख्यात छन् । टनेल प्रविधिबाट गरिने बेमौसमी तरकारी खेतीको लागि प्रख्यात मदन पोखरा तरकारी आपूर्ति गर्ने केन्द्रको रूपमा रहेको छ । कृषि तथा पशुपालन क्षेत्र तानसेन नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा स्थापित छ । नगरपालिकाको वडा न १ र ५ देखि १४ मा कृषि तथा पशुपालनको विस्तार तुलनात्मक रूपमा बढी छ । नगरमा सुन्तला कागती लगायतका फलफूलका लागि (वडा नं. १, ५, ८, ११, १२, १३), तरकारी पाकेट क्षेत्रको रूपमा वडा नं

१, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४) र च्याउ तथा मौरी पाकेटको रूपमा वडा नं. ६, ७, ८, ९, १० रहेका छन् ।

नगरपालिका दुध र मासुमा आत्मानिर्भर देखिन्छ । किसानहरूलाई प्रोत्सहान स्वरूप प्रति लि. रु २ अनुदानको व्यवस्था गरिएको छ । दुध उत्पादन र विक्री वितरणमा वडा नं. १,५,६,७,८,९,१०,११,१२,१३,१४ को उल्लेख्य भुमिका देखिन्छन् । वडा नं ७ मा रहेका केहि पोखरीहरूमा माछा पालन गरि विक्री वितरण समेत हुने गरेको छ ।

नगरमा उत्पादित अन्नबाली, तरकारी तथा फलफूलहरू संकलन केन्द्रको रूपमा रहेका मदन पोखरा र मिलनसार लगायतका सहकारी मार्फत हुने गरेको छ । मिलनसार कृषि बजार संकलन केन्द्रले नगरमा उत्पादित कृषि उपजहरू संकलन ग्रेडीङ तथा प्याकेजिङ गरी निर्यात तथा विक्री वितरण गरिरहेको अवस्था छ ।

४.१.२ समस्या तथा चुनौती

यस नगरमा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको कमी, लगानीको कमी तथा आधुनिक उपकरण तथा गुणस्तरीय बीउ-विजन, मलखाद एवं औषधीहरूको कमी तथा विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भइरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ ।

कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइको पर्याप्त उपलब्धता जस्ता समस्या, व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि पर्यटन तथा पाकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर (विशेष गरी सुन्तला, अदुवा लागि) को सुविधा नहुनुबाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ।

आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमूखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ ।

स्थानीय स्तरमा पशु बिमा गर्ने निकायको अभावले क्षति, विक्री वितरण गर्न यातायात तथा ढुवानीको समस्या तथा श्रम एवं लागत बढी पर्ने, उन्नत जातको गाई भैँसी, बाख्रापालन पर्याप्त हुन नसक्नू, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका

छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी - भ्याक्सिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रूपमा रहेको छ ।

४.१.३ सम्भावना तथा अवसर

तानसेन नगरपालिका कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत खाद्यान्नमा आत्म निर्भर बन्दै तरकारी , उत्पादनबाट प्रशस्त मुनाफा आर्जन गर्न सक्ने प्रचूर सम्भावना बोकेको पालिका फलफूल तथा पशुजन्य हो । खाद्यान्नबाली तथा फलफूल खेतीको लागि उपयुक्त हावापानी रहेको छ । मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचूर सम्भावना रहेको छ । उच्च मूल्य जाने बेमौसमी तरकारीको बीउ लगायत बालीको पकेट क्षेत्रको बिस्तार र प्रवर्द्धन गर्न सकेको खण्डमा कृषिको व्यावसायिकता एवं दिगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचूर सम्भावना रहेको छ । माडि फाँट, अर्गली, छेलुङ जस्ता कृषि योग्य भूमिको उपलब्धता हुनु, कृषि बजार पूर्वाधार संकलन केन्द्र (मदन पोखराश, मिलनसार) को स्थापना, वडा नं. १, ५, ११, १२, १३ मा सुन्तला र कागती र वडा न १४ मा आँप तथा लिची, वडा न १, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४ लाई अदुवा आलु लगायतका तरकारी पकेट क्षेत्र र वडा नं. ६, ७, ८, ९, १० लाई च्याउ तथा मौरी पाकेट क्षेत्रका रूपमा विकास गर्नुका साथै मासु तथा दुधजन्य वस्तुको उत्पादनमा वृद्धि गर्न सकिन्छ ।

कृषि उत्पादन बढाउन र साना तथा घरेलु उद्योगहरूको प्रचुर संम्भावना लाई मध्य नजर गर्दै कृषि तथा घरेलु उद्योगमा ध्यान पुर्‍याउन जरुरी देखिन्छ । अमृसो, सुन्तला, कागती, अकबरे, अदवा, कफी, तरकारी, दूध र मासुको व्यावसायिक उत्पादन र निर्यातको सम्भावना प्रचुर मात्रामा रहेका छन् । नगरपालिकामा मौरीबङ्गुर तथा बाख्रापालनको प्रशस्त सम्भावना छ । खासगरी नगर क्षेत्र ,भैंसी-गाई ,का ग्रामीण वडाहरूमा प्रशस्त मात्रामा चरनको सुविधा भएको हुनाले पशुपंक्षी पालन व्यावसायिक रूपमा गर्न सकेमा पशुपालकहरूलाई मनग्य आम्दानी हुने देखिन्छ । खसी भैंसीको/बाख्रा तथा गाई/व्यावसायिक रूपमा पालन गरेमा मासु तथा दूधजन्य पदार्थहरू बुटवल तथा पोखरा लगायतका बजारहरू समेतको मागलाई पूरा गर्न सकिने राम्रो अवसर रहेको छ ।

४.१.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

<u>लक्ष्य</u>

कृषिमा यान्त्रीकरण, आधुनिकीकरण एवं व्यावसायीकरणबाट उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको बजार प्रवर्द्धन गर्नु ।
२. कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउँदै खाद्यमा आत्मनिर्भर बनाउनु ।

३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४. पशुपंक्षीपालनमा व्यावसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु ।

रणनीति र कार्यनीति

तालिका ३कृषि तथा पशुपालनका रणनीति तथा : कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उदेश्य १: कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको वजार प्रबर्द्धन गर्नु ।	
१.१ कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनिकीकरण गर्ने ।	१. स्थानीय बीउविजन—, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ । २. कृषक, कृषि व्यवसाय तथा फार्महरूको क्षमता अभिबृद्धि गरिने छ । कृषियन्त्र, प्रविधि, एवं मेशिन उपकरणहरूको प्रयोग सम्बन्धी प्राविधिक एवं सैद्धान्तिक ज्ञान तथा सीप प्रदान गरिने छ । ३. कृषि प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्दै कृषकहरूलाई प्राविधिक सहयोग सल्लाह नियमित रूपमा उपलब्ध गराइने छ । ४. कृषकलाई वर्गीकरण गर्दै कृषक परिचयपत्र वितरण गरिने छ र सोही अनुसार सुविधा एवं अनुदानहरूको व्यवस्था मिलाइने छ । उत्कृष्ट कृषकलाई वार्षिक रूपमा सम्मानित एवं पुरस्कृत गरिने छ । ५. कृषक तथा कृषि फर्महरूको क्षमता अभिवृद्धिका लागि वैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्दै सहुलियत दरमा कृषि ऋणको व्यवस्था मिलाइने छ । ६. मोवाइल एप्स मार्फत कृषि सूचना, जलवायु परिवर्तन, कृषिवजार, कृषक पाठशाला सञ्चालन गरी किसानहरूको क्षमता अभिवृद्धि गरिने छ ।
उदेश्य २: कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउँदै खाद्यमा आत्मनिर्भर बनाउनु ।	
२.१ कृषि उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्दै खाद्यान्नमा आत्मनिर्भर हुन आधार निर्माण गर्ने ।	१. भूमि बैकलाई प्रभावकारी बनाउँदै कृषि करार तथा सामूहिक खेतीलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ । कृषि अनुदान तथा सहयोगको व्यवस्था मिलाउँदै महिला, दलित, अतिगरिव एवं विपन्न समुदायलाई करार खेतीका लागि प्रोत्साहित गरिने छ । २. खाली जग्गामा कृषि उपजहरूको व्यावसायिक खेतीका लागि प्रोत्साहित गरिने छ । ३. मुख्य खाद्यान्नको वृहत् उत्पादनका लागि एक निश्चित क्षेत्रको व्यवस्था गरी सिँचाइ लगायत सवैप्रकारका सुविधा उपलब्ध गराउँदै व्यावसायिक रूपमा खाद्यान्न उत्पादन गरिने छ । यसका लागि वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई प्रोत्साहित गरिने छ । ४. समर्थन मूल्यको व्यवस्था गर्दै कृषि प्रविधिहरूको सदुपयोगबाट वृहत् खाद्यान्न उत्पादनका लागि सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ । ५. खाद्य पदार्थको आयातमा न्यूनीकरण ल्याइने छ ।
2.१ :तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र	1. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ । 2. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधि

आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने ।	विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ । ३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ । ४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ । ५. मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ । ६. तानसेन बजार र ग्रामीण बडाहरुको सम्बन्ध कसिलो बनाउन ग्रामीण बडाहरुमा उत्पादित सामानहरुको बजारीकरणको अवसरकालागि हप्तामा कम्तीमा २ दिन बजारमा र हरेक बडामा १ दिन हाट बजार सुरु गर्ने । ७. खाद्यान्न उत्पादन न्यून भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषि जन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।
उद्देश्य ३ :जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।	
३ :1.जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।	१. रासायनिक मल, विषादीको प्रयोग घटाउँदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ । २. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ । ३. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ । ४. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । वन्यजन्तुबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका लागि उपयुक्त समाधानका उपाय खोजिनेछ ।
उदेश्य ४: पशुपंक्षीपालनमा व्यावसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु ।	
४.१ पशुपालनलाई मर्यादित र सम्मानजनक पेशाको रूपमा स्थापित गर्ने।	१. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ । २. हरेक वर्ष उत्कृष्ट कृषक सम्मान कार्यक्रम आयोजना गर्दै पुरस्कृत गरिने छ । ३. व्यावसायिक पशुपंक्षीपालनमा अनुदानलाई प्रभावकारी बनाइने छ । ४. पशुपक्षी विमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आवश्यकताका आधारमा बिमामा अनुदानको व्यवस्था मिलाइने छ।
४.२ उन्नत जातका पशुपंक्षीको पालनवाट उत्पादन वृद्धि गर्दै बजार प्रबर्द्धन गर्ने ।	१. कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्दै उन्नत तथा उच्च प्रतिफल दिने पशुपक्षीहरू व्यवसायिकरूपमा उत्पादन गर्न प्रोत्साहित गर्दै विक्री वितरणका लागि बजारको सुनिश्चित गरिने छ । २. पशु सुत्केरी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आवश्यक सहयोगको व्यवस्था गरिने छ । ३. भेटनेरी सेवा उपचार केन्द्र तथा पशु प्रयोगशालालाई प्रभावकारी बनाउँदै आवश्यक जनशक्तिको व्यवस्था मिलाइने छ । पशु स्वास्थ्य एवं पशुखोप घुम्ति सेवाहरू सञ्चालन गरिने छ । ४. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन

	गरिनेछ। ५. मासु पसल सुधार कार्यक्रम मार्फत नगरमा स्वच्छ मासुको सुनिश्चितता गरिनेछ।

४.१.५ कार्यक्रम तथा आयोजना

तालिका ५कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना :

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा)						दिविल संकेत	लैंगिक संकेत	जलवायु संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौ आ.व	जम्मा			
१	**पाकेट क्षेत्र विकास विस्तार**											
	कफी खेति प्रबर्द्धन कार्यक्रम	हेक्टर		१५	१५	१५	१५	१५	७५	१	१	१
	अदुवा तथा अन्य मसलाजन्य खेती	सङ्ख्या		२५	२५	२५	२५	२५	१२५	१	१	१
	आलु पकेट क्षेत्र विकास	सङ्ख्या		३०	२८	२५	२५	२५	१३३	१	१	१
	सुन्तला /कागती	एकमुस्ट		५०	५०	३५	३५	३५	२०५	१	१	१
२	**तरकारी खेती प्रर्वद्धन**											
	व्यवसायिक तरकारी खेती	हेक्टर		२५	३०	५०	५०	५०	२०५	२	२	२
	शहरी कौशी खेती प्रर्वद्धन (तानसेन बजार क्षेत्रका लागि)	सङ्ख्या		३	५	७	१०	१०	३५	२	१	२
	वेमौसमी तरकारी खेती	हेक्टर		१२	१५	२०	२०	२०	८७	२	१	२
	च्याउ खेती	हेक्टर		१०	१२	१५	२०	२०	७७	१	२	२
३	**व्यवसायिक पशुपंक्षी पालन**											
	पशुपंक्षी वीमा कार्यक्रम	सङ्ख्या		५	७	१०	१२	१२	४६	१	३	३
	उन्नत गाई /भैसी पकेट कार्यक्रम	सङ्ख्या		३५	१०	२०	२०	२०	१०५	१२	२	३
	पशु आहार व्यवस्था	सङ्ख्या		२५	२०	२०	२०	२०	१०५	१२	२	३
	पशुमा कृत्रिम गर्भाधान तथा नश्लसुधार कार्यक्रम	सङ्ख्या		२५	२०	२५	३०	३०	१३०	१२	३	३
	पशुपंक्षी स्वास्थ्य उपचार, रोग नियन्त्रण, खोप कार्यक्रम	सङ्ख्या		२०	२०	२०	२०	२०	१००	१	२	३
४	**मत्स्यपालन**											
	सार्वजनिक खुल्ला क्षेत्र तथा पोखरी मस्त्यपालन (जग्गा	एकमुस्ट		२०	२५	२५	२५	२५	१२०	२	२	२

	करार विधि)											
	तिनाउ खोला करिडोर मत्स्यपालन (प्रस्तावित छलफल का लागि) खोला करिडोर हरू को व्यवसायिक प्रयोग बढाउने	एकमुस्ट		20	18	20	20	20	98	२	२	१
५	**कृषि पूर्वाधार निर्माण**											
	कृषि उपज सङ्कलन तथा विक्री केन्द्र	सङ्ख्या		१०	१२	१५	१७	२०	७४	१०	१	३
	कृषि हाटबजार सञ्चालन	सङ्ख्या		१०	५	५	५	५	३०	४	१	३
	कृषि एम्बुलेन्स	सङ्ख्या		२०	५	५	५	५	४०	४	१	२
६	**कृषि बजार प्रवर्द्धन कार्यक्रम**											
	कृषि उत्पादन ढुवानी तथा बजार व्यवस्थापन सहयोग कार्यक्रम	सङ्ख्या		४५	५०	७०	७०	१००	३३५	१	३	२
	उत्पादनका आधारमा अनुदान विशेष सहयोग	एकमुष्ठ		३५	५०	६०	७०	७०	२८५	१०	२	३
	कृषि मेला, प्रदर्शनी	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	४	१	३
	हाटबजार प्रवर्धन तथा सञ्चालन	सङ्ख्या		१०	४	५	५	५	३३	४	१	३
७	**उत्पादन तथा उत्पादकत्व अभिवृद्धि**											
	कृषि यन्त्र खरिदमा सहयोग	सङ्ख्या		३०	४०	५०	५०	५०	२२०	१	२	२
	कृषि अनुसन्धान, बिउँ, विजन तथा नर्सरी प्रवर्द्धन	सङ्ख्या		२०	३०	५०	७०	१००	२७०	२	१	१
	जैविक मल उत्पादन सहयोग	रु		३०	५०	६०	१००	५०	२९०	१२	१	१
	कृषि किरा नियन्त्रण, औषधी	रु		५	७	१०	१०	१०	४२	२	२	२
८	**क्षमता विकास कार्यक्रम**	सङ्ख्या										
	प्राविधिकहरूको क्षमता विकास	सङ्ख्या		५	५	५	५	५	२५	१०	३	३
	कृषकको क्षमता विकास	सङ्ख्या		८	५	१०	१२	१५	५०	१०	१	३
	कमाउँदै रमाउँदै सिक्दै युवा कार्यक्रम	सङ्ख्या		३५	४०	५०	७०	१००	२९५	१२	३	३
	कृषि व्यवसायीहरूको लागि अवलोकन भ्रमण कार्यक्रम	सङ्ख्या		३	३	३	३	३	१५	४	२	३
	कृषक वर्गिकरण तथा परिचय पत्र वितरण, डाटावेस तयारी	सङ्ख्या		१८	२	५	२	२	२९	१०	१	३

	कृषक सम्मान कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	४	१	३
९	**पशुपन्छी**											
	दक्ष जनशक्ति विकास कार्यक्रम,	सङ्ख्या		५	५	५	५	५	२५	१०	३	२
	पशु स्वास्थ्य तथा खोप व्यवस्थापन कार्यक्रम	सङ्ख्या		४	६	८	१०	१२	४०	१	२	३
	पशुपंक्षिपालन सम्वन्धी स्थलगत तालिम	सङ्ख्या		५	५	५	५	५	२५	१०	२	३
	पशु विमा कार्यक्रम	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	१	२	३
	पशु व्यवसायिहरूको लागि अवलोकन भ्रमण	सङ्ख्या		२	२	२	२	२	१०	१०	२	२
	बाँदर व्यवस्थापन कार्यक्रम	सङ्ख्या		५	५	५	५	५	२५	२	१	३
	उन्नत नश्ल (पशुपंछि) विकास कार्यक्रम	सङ्ख्या		१०	१५	२०	२५	३०	१००	१२	३	२
	व्यावसायिक घाँस विस्तार कार्यक्रम	सङ्ख्या		५	१०	१०	१०	१०	४५	८	१	१
	पशुसेवा सालवसाली कार्यक्रम	सङ्ख्या		४०	५०	५०	५०	५०	२४०	८	२	३
	कृषि तथा पशुपंछीपालन जम्मा बजेट			७०२	७३२	८६२	९७५	१०२८	४२९९			

४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ,५कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका :

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्टयाँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कृषि विकास										
परम्परागत कृषि/पशुपालनमा संलग्न जनसङ्ख्या	प्रतिशत	४१.३	41	40	39	38	37		केतवि	
व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता	सङ्ख्या	११००	1200	1300	1400	1500	1600	1600	कृषि शाखा	
अगुवा वा व्यवसायिक कृषक	सङ्ख्या	१९०	210	250	275	300	350	350		
सक्रिय व्यवसायिक कृषक समूह	सङ्ख्या	१३०	130	132	135	135	140	140		
आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसङ्ख्याको	प्रतिशत	६५	65	60	55	50	45	45		
विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक	सङ्ख्या	१५५०	1600	1650	1700	1750	1800	1800		
स्थानीय व्यवसायिक कृषि फार्म	सङ्ख्या	१३०	130	132	135	135	140	140		
कम्पोष्ट र जैविक मल उत्पादन	मे.टन	५००	700	900	1100	1300	1500	1500		
व्यवसायिक कृषि नर्सरी	सङ्ख्या	५	५	५	५	५	५	५		
कृषि उपज संकलन केन्द्र, बजार प्रवर्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र	सङ्ख्या	१३	13	13	15	15	17	17		
उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक	सङ्ख्या	१८०	220	300	380	450	600	600		
किसान क्रेडिट कार्डवाट लाभान्वित कृषकहरू	सङ्ख्या	०	50	100	150	200	250	250		
कृषि वीमा सेवावाट लाभान्वित कृषक	सङ्ख्या	६०००	6100	6200	6300	6400	6500	6500		
कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा	सङ्ख्या	१०	20	30	50	70	100	100		

अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषक									
संचालनमा रहेको कृषि वजार, हाटवजार तथा कृषि थोक वजार	सङ्ख्या	5	7	10	12	14	15	15	
चिस्यान केन्द्र	सङ्ख्या	२	२	३	३	४	५	५	
धान उत्पादन	मे.टन	४२४६०	४४०००	४६०००	४८०००	५००००	५२०००	५२०००	नगर पार्श्व चित्र
मकै उत्पादन	मे.टन	५५८४०	56000	58000	60000	62000	65000	65000	
गहुँ उत्पादन	मेटन	१६६३०	१८०००	२००००	२२०००	२४०००	२६०००	२६०००	
दलहन	मे.टन	९९०	1000	1100	1200	1300	1500	1500	
तेलहन	मे.टन	१५४	200	300	400	500	600	600	
आलु	मे.टन	१०२६९	12000	14000	16000	18000	20000	20000	
फलफुल उत्पादन सुन्तला कागती	मे.टन	१०९२८	१२०००	१५०००	११८०००	२००००	२२०००	२२०००	
फलफुल उत्पादन आप लिची	मे.टन	२५४२	२७००	३०००	३२००	३५००	३७००	३७००	
अदुवा, बेसार लगायत मसलाजन्य उत्पादन	मे.टन	१८९३१	19000	20000	21000	22000	223000	223000	
च्याउ	मे.टन	८००	900	1000	1100	1200	1500	1500	
पशुपंक्षी विकास									
व्यवसायिक पशुपंक्षीपालनमा संलग्न घरपरिवार	सङ्ख्या	625	630	635	640	650	660	70	राष्ट्रिय कृषि गणना २०७८
व्यवसायिक पशुपंक्षीजन्य फर्म	सङ्ख्या	५१	55	57	60	65	70	70	पशु सेवा शाखा
सक्रिय पशुपंक्षीजन्य समूह	सङ्ख्या	१३०	130	132	135	135	140	140	
नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र	सङ्ख्या	६	६	६	६	६	६	६	
पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक	सङ्ख्या	५१००	५२००	5300	5400	5500	5600	5600	
क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता	सङ्ख्या	२१	21	21	21	21	21	21	
सुचारु कृत्रिम गर्भाधान केन्द्र	सङ्ख्या	६	६	६	६	६	६	६	
दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र	सङ्ख्या	७	7	7	7	7	7	7	
दुध तथा दुधजन्य उत्पादन	मे.टन	16.5	17	18	20	22	25	25	नगर पार्श्व चित्र

४.२ सिँचाइ

४.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सा—साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनुगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई कृषिको उत्पादन र उत्पादकत्व वढाउन सिँचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिँचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिंचित क्षेत्र विस्तार गर्दै सिँचाइ पूर्वाधार निर्माण तथा सिँचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने भएको छ ।

तानसेन नगरपालिकाको कुल खेती योग्य जमिन २०५६.४ हेक्टर मध्ये करिब ७२८ हेक्टर जमिनमा मात्रै सिँचित छ)राष्ट्रिय कृषि गणना २०७८ (। नगरपालिकामा माभटोल न.प्र. सिचाई योजना, गैरी सिस्ने सिंचाई योजना, चुरिचौरासी सिँचाई योजना, बाँभा ठूलो कुलो सिचाई योजना, छेर्लुङ्ग सिचाई योजना, अर्गली सिँचाई योजना लगायतका साना तथा मझौला सिचाइ आयोजना मार्फत सिँचाइ हुने गरेको छ । त्यसैगरी, नगरमा कालिगण्डकी, तिनाउ खोला, कुरुङ खोला तानसेन खोला, अर्गली कुलो लगायतका दर्जन बढी विभिन्न स्थानीय खोला, खोल्सा तथा कुलोहरूबाट सिँचाइको प्रबन्ध मिलाइएको छ भने यस बाहेक पनि परम्परागत निजी कुलोहरू मार्फत पनि सिँचाइ सुविधा विस्तार गरिएको छ । नगरपालिकाले कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्न सिँचाई पूर्वाधारको विकास गर्नु आवश्यक छ ।

४.२.२. समस्या तथा चुनौती

कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिँचाइ, प्लास्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, सिँचाई पूर्वाधारको विकासका लागि पर्याप्त मात्रामा वित्तीय स्रोतको व्यवस्था गर्न नसकिनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना-साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका नहरहरूको संरक्षण हुन नसक्नु, सिँचाइ नहरहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नू आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

४.२.३ सम्भावना तथा अवसर

सिँचाइका लागि पर्याप्त स्रोतहरूको उपलब्ध भएकोले ठूला आयोजना मार्फत स्थानीय खोलाबाट सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । खेती योग्य क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गरी थप उत्पादन वृद्धि भई आम्दानी स्रोतहरू बढाउन सकिने सम्भावना स्पष्ट देखिन्छ

। सर्वयाम सिँचाइको उपलब्धतासँगै उत्पादकत्व वृद्धि भई नगरको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ ।

आकाशे पानी सङ्कलन र प्लास्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिँचाइ निर्माणका क्षेत्रमा सङ्घ संस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ नगरपालिकाको अधिकार क्षेत्रमा पर्नु, नगरपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु तानसेनका सिँचाइ विकासका अवसरहरू हुन् ।

४.२.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

लक्ष्य

नगरमा सिँचाइ प्रणालीको विकास गरी जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

उद्देश्य

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ तथा वैकल्पिक सिँचाइ स्रोतको पहिचान गरी उपयोग गर्नु ।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।

रणनीति र कार्यनीति

तालिका १८सिँचाइका रणनीति तथा कार्यनीतिहरू :

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गरी उपयोग गर्नु ।	
१.१: परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने।	१. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ। २. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ। ३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ । ४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ । ५. संरचना निर्माणको लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ । ६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ।
१.२: आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने।	१. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ । २. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भाव्यता अध्ययन गरिनेछ। ३. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ । ४. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ। ५. सिँचाइ संरचना निर्माणको निमित्त निजी वा अन्य क्षेत्रसँग साझेदारीको सम्भाव्यता खोजिनेछ । ६. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ। ७. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।

	८. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ । ९. सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ।
उद्देश्य २: कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।	
२.१: खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने ।	१. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ। २. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरूको प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ । ३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ । ४. सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलाशय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ । ५. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ। ६. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ। ७. सिँचाइको व्यवस्थापनको लागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ।
२.२: दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने ।	१. सिँचाइ उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ । २. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ । ३. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ। ४. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदे बाली, फलफूल तथा खाद्य वस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।
२.३: जल उत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।	१. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ। २. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ। ३. खोला खोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ। ४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ । ५. नदी किनारका जोखिम युक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ ।

४.२.५ कार्यक्रम तथा आयोजना

तालिका १७कार्यक्रम तथा आयोजना सिँचाइका :

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**सिँचाइ प्रणाली**											
	सिचाइ कुलो मर्मत संभार कार्यक्रम	पटक		५०	५०	६०	७०	७०	३००	२	१	३
	एकिकृत साना, मझौला तथा वृहत सिंचाई कार्यक्रम	सङ्ख्या		९०	१००	१००	१००	१००	४९०	२	१	३
	सिंचाई सम्बन्धी सालवसाली योजनाहरू	पटक		४०	६०	५०	५०	५०	२५०	२	१	३
	सिचाइका लागि बिधुत महसुल सहयता	पटक		२०	२०	२०	२०	२०	१००	१	२	
२	**पानी मुहान तथा जलाधारको संरक्षण**											
	पानी स्रोत तथा मुहान संरक्षण	सङ्ख्या		१०	२०	२०	२०	२०	९०	१	१	१
	पोखरी सिमसार संरक्षण /	सङ्ख्या		२०	२०	२०	२०	२०	१००	४	२	१
३	**आधुनिक सिँचाइ प्रविधि निर्माण**											
	प्लाष्टिक पोखरी निर्माण	सङ्ख्या		३०	३०	३०	३०	३०	१५०	४	२	३
४	**सतहमुनी पानी भरण**											
	वर्षाको पानीलाई जमिनको सतह मुनी / कृतिम पोखरीमा भरण गर्ने (स्रोत रिचार्ज प्रणाली स्थापना)	सङ्ख्या		३०	४०	५०	५०	५०	२२०	४	२	२
	सिचाँइको जम्मा बजेट			२९०	३४०	३५०	३६०	३६०	१७००			

४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १८सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका :

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य आर्थिक वर्ष र) (कुल					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
खेती योग्य जमिन	प्रतिशत	४८.६४	४८	४८	४८	४८	४८	४८	सम्वन्धित शाखा	
खेतियोग्य जमिन मध्ये सिंचित जमिन	हे .	७२८	९००	११००	1300	1500	1700	1700		
बाह्रै महिना सिँचाइ हुने जमिन	प्रतिशत	50	52	55	60	62	65	65		
सुचारु सिँचाइ आयोजना	सङ्ख्या	10	12	14	16	18	20	20		
कुलो तथा नहर स्तरीकरण (किमि)	कि.मि.	-	2	4	6	8	10	10		
संरक्षित मुहान	सङ्ख्या	20	25	30	35	40	45	45		
प्लास्टिक पोखरीरिचार्ज पोखरी/	सङ्ख्या	15	20	25	30	35	40	40		

४.३ पर्यटन, संस्कृति तथा सम्पदा

४.३.१ पृष्ठभूमि

पर्यटकीय क्षेत्रको विकासका लागि ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवं प्राकृतिक श्रोतहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल हुनेगरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनता प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ । त्यसैगरी पन्ध्रौ राष्ट्रिय योजनाले पर्यटनलाई विशेष महत्व दिदै गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा ग्रहण गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्वन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने सांस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ । तानसेन नगरपालिका मौलिक संस्कृति तथा ऐतिहासिक सम्पदाको धरोहर हो | तसर्थ द्रुतगतिमा आर्थिक लाभ प्राप्त गर्ने सन्दर्भमा पर्यटनले महत्वपुर्ण भूमिका खेल्ने देखिन्छ |

पाल्पा जिल्लाको केन्द्रमा रहेको तानसेन नगरपालिका ऐतिहासिक पाल्पा राज्यसहित विभिन्न ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण छ । पाल्पा दरबार संग्राहलय, नेपालकै चार धाम मध्ये एक धाम ऋषिकेश धाम, रानी महल, विभिन्न ऐतिहासिक महत्व बोकेका मन्दिर, पाल्पा संग्रहालय, श्रीनगर डाँडा, सांस्कृतिक डबली, बतासे डाँडा, , भगवती मन्दिर, अमरनारायण मन्दिर, रूरूधाम, रानीमहल, सित्तलपाटी गोलघर, तानसेन मूल ढोका आदि यहाँका प्रमुख पर्यटन गन्तव्य हुन् । विशिष्ठ कला र संस्कृतिले तानसेनको स्थानीय पहिचान बोकेका छन् । शान्तिका दूत गौतम बुद्धको जन्मस्थल लुम्विनीबाट ४५ किलोमिटरको दूरीमा रहेको यस नगर नेपालकै पर्यटकीय केन्द्र पोखराबाट १२४ किलोमिटरको दुरीमा छ । शितल र स्वच्छ हावापानी तथा मनोरम वातावरणका कारण तानसेन लुम्बिनी भ्रमण गर्ने पर्यटकका वैकल्पिक पर्यटन गन्तव्य समेत हो । यसैगरी राष्ट्रियस्तरमा समेत पहिचान वनाएका ढाका र करुवा जस्ता स्थानीय उत्पादनले पर्यटनमा समेत टेवा प्रदान गरेको छ । सांस्कृतिक नगरको पहिचानसहितको पर्यटकीय नगरका रूपमा विकास गरी तानसेन नगरपालिकालाई समुन्नत नगर बनाउन नगरका मौलिकताको संरक्षण, धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण, विकास तथा प्रवर्द्धनमा विभिन्न कार्यहरू भइरहेको छ ।

काठमाण्डौं र ललितपुर पछि नेपालको तेस्रो पूरानो नगरपालिका तानसेनमा पौराणिक, धार्मिक र सांस्कृतिक महत्वका प्रशस्त सम्पदा अवस्थित छन् । सन् १९९८ ई.सं. देखि नै यी तथ्य अन्तर्राष्ट्रिय पर्यटन पुस्तक पुस्तिका साथै संसार प्रसिद्ध Lonely Planet, Rough Guides मा उल्लेख हुनुका साथै प्रकाशमा आइरहेका छन् । यो क्षेत्र ब्रिटिश साम्राज्यलाई पराजित गरेको स्थान र प्रमुख प्रशासकीय केन्द्रको रूपमा ब्याख्या भएको छ । त्यस दौरान बिजयको प्रतीकको रूपमा बनाइएको २०० वर्ष पूरानो भगवती मन्दिर अहिले पनि अवस्थित छ । तानसेन नगरमा अवस्थित अमरनारायण मन्दिर पूरानो काष्ठकलाको नमूनाको रूपमा देख्न सकिन्छ । नेपाल लगायत अन्य मूलुकबाट पनि यहाँको काष्ठकला अवलोकन गर्न कलाबिदहरूको आगमन हुने गर्दछ ।

४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, ग्रामीण वडाहरूसम्मको सर्व याम सडक सुविधा उपलब्ध नहुनु, नगरपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशीलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नू, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जात जाती तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु पर्यटकको बसाइ लम्ब्याउने अतिरिक्त पर्यटकीय क्षेत्र तथा क्रियाकलापहरू घुम्नका साथै बास र खर्च गराई वृद्धि गर्नु, पर्यटकीय उपजको विविधीकरण गर्नु, यस क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जात जाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सांस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आबद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

४.३.३ सम्भावना तथा अवसर

नगरपालिकामा अवस्थित प्रमुख पर्यटकीय स्थलहरू पाल्पा दरबार, श्रीनगर सांस्कृतिक डबली सित्तलपाटी गोलघर, तानसेन मूलढोका, , भगवती मन्दिर, अमर नारायण मन्दिर, श्रीनगर डाँडा, रूरू क्षेत्र, रानीमहल, बतासे डाँडा, अर्गेली दरवार आदीको थप प्रचार प्रसार तथा पर्यटक मैत्री वातावरणको प्रवर्द्धन गर्न सके तानसेनको आर्थिक विकास र रोजगारी सृजनामा थप योगदान हुन सक्ने देखिन्छ ।पर्यटन उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवा युवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल, फूल आदी नगरमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनुहोमस्टे सञ्चालनका लागि स्थानीय समुदाय , इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि तानसेनका पर्यटन विकास अवसर हुन्।

बुद्धको जन्मस्थल लुम्बिनीको निकटता एवं स्वर्गीय भिक्षु अमृतानन्द जस्ता बौद्ध धर्मका प्रवद्र्धकहरूको जन्मथलो रहेको तानसेन नगर बुद्ध धर्म र संस्कृतिको बासस्थान समेत रहेको परिप्रेक्षमा यो सम्बन्धलाई अझ परिस्कृत बनाउन गुरुयोजना मुताविकको श्रीनगरडाँडामा चारैतिरबाट देखिने गरी बुद्धको ठूलो मूर्ति स्थापना गर्न सकिए एक आकर्षक धार्मिक पर्यटकीय स्थलको रूपमा विकास हुने अवसर देखिन्छ ।प्रभास क्षेत्रमा अवस्थित कमल पोखरी, सूर्यकुण्ड, बंशगोपाल मन्दिर, महादेवस्थान आदिको विकास गर्न गुरु योजना तैयार गरी एक आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने देखिन्छ । गुफाचौरमा निर्माणाधिन गणेशधाम शीघ्र सम्पन्न उपलब्ध ३५०० रोपनी जग्गामा लालीगुराँसको बिरुवा रोपण गरी त्यस क्षेत्रलाई आकर्षक वनस्पति उद्यानको रूपमा विकास गर्न सकिन्छ। माडीफाँटमा रहेको माण्डव्य ऋषिको कुटी एवं ढाव क्षेत्रमा जग्गाधनीहरूसँगको सहभागितामा एक आकर्षक जलाशय एवं जल खेलकुदलाई प्रवर्धन गर्नुका साथै एक आकर्षक पिकनिक स्थलको रूपमा विकास गर्न कार्यक्रम तयार गर्ने ।

४.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक समृद्धि गरी दिगो विकासका लक्ष्य हासिल गर्ने ।

उद्देश्य

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार प्रसार गर्नु ।-
२. पर्यटकीय पूर्वाधारहरूको निर्माण र विकास गर्नु ।
३. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।
४. पर्यटकीय स्रोत साधनको व्यवस्थापन गर्नु ।
५. ऐतिहासिक, पूरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।

रणनीति तथा कार्यनीति

तालिका १५पर्यटनका रणनीति : तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ :पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार प्रसार-गर्नु ।	
1.१ :हाल सञ्चालनमा रहेका होटेल र चिया पसलहरूको सेवाको स्तरोन्नति गर्ने ।	1. स्थानीय होटेल, लज र चिया पसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ । 2. भइरहेका व्यवसायहरूको स्तरोन्नतीका लागि सहुलियत दरको पूँजी पहिचान गरी उपलब्ध गराइनेछ ।
1.२ :पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने ।	1. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइ प्रतिवेदन प्रकाशन गरिनेछ । 2. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी पर्यटकीय गन्तव्य तथा स्थलहरूबारे व्यापक प्रचार प्रसार गरिनेछ । 3. पाल्पा भगवतीको रथयात्राका अवसरमा मुलुकका मुख्य व्यक्तित्वहरु राष्टपति, प्रधान सेनापति, मुख्य मन्त्री, छिमेकका पालिका प्रमुखहरुको सहभागितालाइ नपाले प्राथमिकतामा राख्ने । 4. जिल्लाका ब्याचलर्स/मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानका लागि यी पर्यटकीय स्थानको फिल्ड भिजिट गर्न प्रोत्साहित गरिनेछ । 5. पर्यटकीय गन्तव्य/स्थान विशेषका बारेमा विभिन्न भ्रमण आयोजना गर्ने र साहित्यिक लेख रचना लगायत पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ। 6. वेबसाइटइन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको ,ट्वीटर ,फेसबुक ,युट्युव , प्रयोग गरीपर्यटकीय स्थलको प्रचार प्रसार गरिनेछ। 7. अन्तरपालिका समन्वय एवं सहकार्यमा पर्यटकीय सञ्जाल तथा कोरिडर विकास गरिनेछ । 8. ता.न.पा. १० को गुफाचौर (प्राकृतिक, आध्यात्मिक र ग्रामीण पर्यटन), तानपा ९ को माण्डव्य क्षेत्र, आध्यात्मिक क्षेत्र), तानपा १२ को कुइरे भिर (शाहसिक पर्यटन) लगायतलाइ पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार पारि लागू गरिनेछ ।

उद्देश्य २ :पर्यटकीय पूर्वाधारहरूको निर्माण र विकास गर्नु ।	
:2.1पर्यटन क्षेत्रको विकासका लागि आवश्यक यातायातका पूर्वाधारहरूको विकास गर्ने ।	१. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन आवश्यकता अनुसारका पक्की सडक, पदमार्ग, पूल आदि निर्माण गरिनेछ । २. स्थानीय संस्कृति एवं वातावरणीय पक्षलाई ख्याल राख्दै पर्यटकीय गन्तव्य स्थानसम्म पुग्न सडक तथा पैदल मार्गहरू निर्माण गरिने छ । गन्तव्य स्थानको दिशा तथा दूरी बारे जानकारी गराउने उद्देश्यले मार्गहरूमा सूचना बोर्ड राखिने छ । ३. रानी महल जाने बाटो डबल लेन बनाइ भारतीय पर्यटक मुक्तिनाथ जाने व्यवस्था मिलाउने ।
:2.2पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने ।	१. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ । २. विषेश पर्यटकीय पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । ३. महत्वपूर्ण सम्पदाहरू मर्मत सम्भार तथा जीर्णोद्धार, प्रवलीकरण गर्दै नियमित सरसफाइका लागि स्थानीयहरूसँग सहकार्य गरिने छ । ४. गन्तव्य स्थलहरूमा आधारभूत भौतिक पूर्वाधारहरू पानी, विजुली, सञ्चार सेवा, स्वास्थ्य सेवा, गाइड, मुद्रासटही काउण्टरहरूको प्रवन्ध मिलाइने छ । ५. नगरका प्राय सवै वडाहरुमा विशेष प्राकृतिक र सांस्कृतिक अवस्थाहरु रहेका क्षेत्र भएका कारण प्रकृति र ग्रामीण पर्यटनकालागि होम स्टेहरु, शाहसिक पर्यटनकालागि पुर्वाधारहरुमा लगानी बढाउने ।
उद्देश्य ३ :पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।	
:3.1नगर भित्रका युवालाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने।	१. पर्यटन व्यवसायप्रति युवाको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न प्रोत्सहान गरिनेछ र छात्रवृत्ति तथा आर्थिक सहयोग गरिनेछ । २. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवालाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide लगायतका छोटो अवधिका तालिम तथा आर्थिक सहयोग गरिनेछ।
उद्देश्य ४ :पर्यटकीय स्रोत साधनको व्यवस्थापन गर्नु ।	
:4.1 बाह्य स्रोत साधनको खोजी गर्ने ।	१. नगरभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ । २. नगरमा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । ३. पर्यटन प्रवर्द्धनका लागि पर्यटन संघ, होटेल एवं ट्राभल्स एजेन्सीहरूसँग सहकार्य गरिने छ ।
:4.2 आन्तरिक स्रोत साधनको परिचालन गर्ने ।	१. नगरको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ । २. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गर्दै

	सहजिकरण गरिनेछ। ३. व्यवसायबाट प्राप्त लाभका आधारमा राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गरिनेछ । ४. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरी व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गरिनेछ । ५. स्थानीय आदिवासीहरूको संस्कृतिमा आधारित होमस्टेहरू सञ्चालन गर्न महिला, विपन्न एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराउँदै रोजगारी तथा आय अर्जनका अवसरहरू सिर्जना गरिने छ। ६. पर्यटन क्षेत्रलाई लक्षित गर्दै स्थानीय सीप तथा प्रविधिमा आधारित उत्पादन तथा हस्तकलाका सामाग्रीहरूमा उद्यमशीलता विकास गरी रोजगारीका अवसरहरू सिर्जना गरिने छ ।
उद्देश्य ५ :ऐतिहासिक, पूरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।	
५.१ :जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पूरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने ।	१. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्न निर्देशिका बनाई यसका लागि प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिनेछ । २. तानसेन दरवार क्षेत्रलाइ दरवार परिसरको रुपमा (दरवार, भगवति मन्दीर, तिन सांचा, मूल ढोका, शिलखान समेटिएको) कायम राख्न गूरु योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । ३. सम्पदा शाखाको गठन गरी जनशक्ति व्यवस्थापन र तानसेन नगर पर्यटन विकास बोर्ड गठन गरिनेछ । ४. तानसेन नपाका रानीमहल, रिडी, अमरनारायण मन्दिर र पर्भास क्षेत्रलाइ विशेष सांस्कृतिक क्षेत्र घोषणा गरिनेछ । ५. टक्सारलाइ खुला संग्राहलयको रुपमा विकास गर्न कदम चाल्ने । ६. यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ । ७. संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
५.२ :भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने।	१. नगरका सबै पूरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्य दृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ । २. विभिन्न जात जातीसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ । ३. अर्गली दरबार नगर मातहत ल्याउने । ४. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ । ५. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। ६. सांस्कृतिक डबलीलाइ नपा भित्र र पाल्पाकै विशेष संस्कृतिहरु(नेवार, मगर, ब्राह्मण क्षेत्री, कुमाले, बोटे, गन्धर्व लगायतको प्रदर्शन कक्षको रुपमा विकास गरी सञ्चालन गरिनेछ। ७. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।

४.३.५ कार्यक्रम तथा आयोजना

तालिका २०पर्यटन :, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
	पर्यटन, संस्कृति तथा सम्पदा											
१	पर्यटकीय नयाँ क्षेत्र पहिचान (पर्यटकीय करिडोर विकास) सम्भाव्यता अध्ययन	सङ्ख्या		१०					१०	४	३	३
२	साहसिक पर्यटन क्षेत्र विस्तार	सङ्ख्या		२५	३०	३०	३०	३०	१४५	४	३	३
३	होम स्टे प्रवर्धन विस्तार कार्यक्रम	सङ्ख्या		१०	१२	१२	१२	१२	५८	४	२	२
४	अन्तरपालिका पर्यटकीय सञ्जाल विकास	सङ्ख्या		२	२	२	२	२	१०	४	३	३
५	पर्यटकीय सम्पदा संरक्षण तथा सम्वद्र्धन	सङ्ख्या		३०	३५	४०	४०	४०	१८५	४	३	२
६	मठ मन्दिर तथा सम्पदाहरूको प्रवलीकरण, स्तरोन्नति	सङ्ख्या		३०	५०	८०	८०	१००	३४०	४	३	२
७	पर्यटकीय स्थल सुधार तथा पूर्वाधार निर्माण (वडा नं. १, ३ र ५ को श्रीनगर क्षेत्रको विकास, वडा नं. १० को गुफाचौर क्षेत्र, वडा नं. को १२ कुहिरेभिर आदि लगायत)	सङ्ख्या		८०	९०	१००	१००	१००	४७०	४	२	२
८	पर्यटकीय नक्सा निर्माण तथा डिजिटल होर्डिङ्ग वोड डिस्प्ले तानसेन प्रवेश)विन्दु, गौडेपुल, वर्तुङ्ग लगायतका क्षेत्र(	सङ्ख्या		२५	२५	२५	२५	२५	१२५	४	२	३
९	पर्यटकीय पैदलमार्ग निर्माण तथा स्तरोन्नति	सङ्ख्या		४०	४०	४०	४०	४०	२००	४	२	२
१०	तानसेन कोशेलीघर सञ्चालन तथा प्रवर्द्धन	सङ्ख्या		५	१०	१५	१०	१०	५०	४	१	३
११	संक्षिप्त वृत्तचित्र निर्माण तथा प्रशारण	सङ्ख्या		५	१०	१	१	१	१८	४		
१२	पर्यटनमा आधारित उद्योग व्यवसायको क्षमता विकास	सङ्ख्या		४०	५०	५०	५०	५०	२४०	४	२	३

१३	हस्तकला उद्योग प्रर्वद्धन तथा वेरोजगार युवामा व्यवसायिक सीप विकास तालिम	सङ्ख्या		३०	५०	५०	५०	५०	२३०	९	१	२
१४	धार्मिक तथा सांस्कृतिक महत्वको स्थान प्रवर्धन	सङ्ख्या		१०	२०	२०	२०	२०	९०	९		२
१५	साँस्कृतिक सङ्ग्रहालय	सङ्ख्या		१०	५०	५०	५०	५०	२१०	११	२	२
१६	मौलिक संस्कृति नाच),भेषभुषा, खान मेला प्रर्दशन तथा प्रर्वद्धन (कार्यक्रम	सङ्ख्या		५	१०	१५	५	५	४०	११	१	३
१७	ऐतिहासिक महत्वको सम्पदा सरक्षण	सङ्ख्या		२२	३०	३५	४०	५०	१७७	११	२	२
१८	सौन्दर्यपरक पर्यटकीय उत्पादन	सङ्ख्या		४	६	८	१०	१२	४०	८	२	२
१९	फिल्म भिलेज १०वडा न), १३, र १४ का (रूपमा विकास गर्ने	सङ्ख्या		२०	३०	३०	१०	१०	१००	११	२	३
२०	Highway Refreshment Center निर्माण	सङ्ख्या	३	३०	३०	५०	१००	१००	३१०	८	३	३
पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा बजेट				४३३	५८०	६५३	६७५	७०७	३०४८			

४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २पर्यटन :, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
पर्यटन विकास										
व्यवस्थित, सुविधा युक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य	सङ्ख्या	८	९	१०	११	१२	१२		सम्बन्धित शाखा	
व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ	सङ्ख्या	१३	१३	१३	१३	१३	१४	१४		
स्तरीय होटल	सङ्ख्या	१५	१५	१५	१६	१७	१८	१८		
स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा	संस्था	१७	२०	२३	२४	२७	३०	३०		
कृषि पर्यटन संचालन स्थान	सङ्ख्या	६	७	७	८	९	९	९		
धार्मिक पर्यटन संचालन स्थान	सङ्ख्या	६	६	६	६	६	६	६		
व्यवस्थित वनभोज तथा पार्क	सङ्ख्या	४	५	५	५	६	७	७		
तालिम प्राप्त कुक तथा वेटर	सङ्ख्या	७०	७०	८०	९०	१००	१००	१००		
सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको सङ्ख्या हजारमा	सङ्ख्या	१२०	१३०	१४०	१५०	२००	३००	३००		
सालभरि भ्रमण गर्ने वाह्य पर्यटकको	सङ्ख्या	१२००	१३००	१४००	१६००	२०००	२५००	२५००		
भ्रमण गर्ने पर्यटकहरूको औसत वसाई	दिन	१	१	२	२	३	४	४		
पर्यटकहरूको औषतमा दैनिक खर्च	रु.	२०००	२०००	२२००	२५००	३०००	३५००	३५००		
पर्यटन व्यवसायबाट कूल रोजगारीता प्रदान	सङ्ख्या	१५०	२००	२५०	३००	३५०	४००	४००		

४.४ उद्योग, व्यापार तथा व्यवसाय

४.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले अर्थ, उद्योग र वाणिज्य लाई राज्यको निर्देशक सिद्धान्तको रूपमा अंगिकार गरेको छ । यस अनुसार साधन श्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास, विस्तार एवं उपलव्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने एवं सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति ग्रहण भएको छ । त्यसैगरी पन्ध्रौ राष्ट्रिय योजनामा दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई अंगिकार गरिएको छ भने उद्यमशील कार्य संस्कृति विकासलाई रुपान्तरणका प्रमुख सम्वाहकका रूपमा र उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका थप अवसरहरूको सिर्जना, स्थानीय श्रम र सीमा आधारित उद्योगको प्रबर्द्धन र विकासका साथै निर्यात प्रबर्द्धन र आयात व्यवस्थापन गर्ने गरी उद्योग क्षेत्रको समग्र विकास गर्ने परिकल्पना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय वजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहरीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

ढाका टोपी लगायत ढाकाका कपडा तथा करुवा उत्पादनमा पाल्पा जिल्ला र विशेषगरी तानसेन नगरपालिकाले ख्याति कमाएको छ । नगरपालिकामा उत्पादन हुने पाल्पाली ढाकाको प्रवर्धन र व्यवसायिक विक्री वितरणको लागि कोशेली घरको समेत व्यवस्था रहेको छ । स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा तरकारीको किनबेच लगायतका कारोबार हुने गरेको छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मूलतः स्थानीय बजार ,बुटबल र पोखरा लगायतका क्षेत्रका बजारहरू नै हुन् । स्थानीय उत्पादनहरू सुन्तला ,अदुवामासु तथा खाद्यान्न ,दुग्धजन्य वस्तुहरू ,र ताजा तरकारी लगायतका समानहरू यहाँबाट निर्यात हुने गरेको छ । तानसेन नगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा सित्तलपाटी, मखनटोल, असनटोल, विशाल बजार, बसन्तपुर, टक्सारटोल, कैलाश नगर, भीमसेनटोल, नारायणस्थान, भुसालडाँडा, गैरागाउँ, वर्तुङ्ग, प्रभास, बाँसटारी, नयाँपाटी, दमकडा, मदनपोखरा, डुम्रे, गणसाल, चन्डी भञ्ज्याङ, बोखर, बौघागुम्बा, अर्गली बजार लगायतका प्रमुख बजारहरू रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सेवा तथा विस्तु विक्री गर्ने जनसङ्ख्या ७.३ प्रतिशत र करिब १४.७ प्रतिशत जनसङ्ख्या आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसार थोक व्यापार व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकामा १३० वटा ठुला होलसेल व्यवसाय, १२ वटा रोजगारी उपलब्ध गराउने उद्योगहरू रहेका छन् भने स्थानीय सीप युक्त उद्योगीको सङ्ख्या १० रहेको छ ।

४.४.२ समस्या तथा चुनौती

यस नगर क्षेत्रभित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु जस्ता

प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायमा निजी तथा सहकारी क्षेत्रले लगानी वृद्धि नगर्नू, व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रूपमा रहेको छ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले पर निर्भरतामा वृद्धि हुँदै गइराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पूँजीको पलायन नै हो । वित्तीय स्रोतको सङ्कुचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने नस्ल तथा जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छी पालन क्षेत्रमा सङ्क्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ ।

४.४.३ सम्भावना तथा अवसर

वर्तमान अवस्थामा स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित थप उद्योग विकासको प्रचूर सम्भावना रहेको छ । परम्परागत प्रविधिमा आवश्यक सुधार गरी स्थानीय उत्पादनको स्तर सुधार र व्यवसायीकरण ,स्थानीय उत्पादनमा तानसेनको पहिचान झल्कने गरी ब्राण्डिङ गरी पहिचानमूलक उत्पादन गर्न सकिने सम्भावना पनि उत्तिकै रहेको छ । त्यसैगरी आयातलाई निर्यातले प्रतिस्थापन गर्न , नगरपालिकाभित्र वस्तुहरूको उत्पादन र विविधीकरण गर्न सकिने सम्भावना रहेको देखिन्छ भने घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणको लागि नगरपालिकाको सहजीकरण र समन्वयकारी भूमिका खेल्नु पर्ने हुन्छ ।

ढाका, करुवा तथा आल्मुनियम उद्योग हाल संचालनमा रहनु, साना तथा मझौलाका उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँ सराइ कम भई सो स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत स्वागत गर्न सकिनु र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन्।

४.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

आयात गर्नु पर्ने वस्तुमा आत्मनिर्भर हुँदै निर्यातको अवस्था सिर्जना गरी उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रलाई सबल बनाउने ।

उद्देश्य

१. नगरपालिकाको वस्तु तथा सेवा आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका २२उद्योग :, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: नगरपालिकाको वस्तु तथा सेवा आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।	
१.१: अत्यावश्यक सामग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने।	१. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ । २. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ । ३. नगरको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ।
१.२ औद्योगिक पूर्वाधार एवं नीतिगत संरचनाहरू निर्माण गरी उद्योग सञ्चालनमा सहजता ल्याउने ।	१. सम्भाव्यता अध्ययनका आधारमा नगरपालिका क्षेत्रभित्र औद्योगिक ग्राम निर्माण गरी निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै सञ्चालनमा ल्याइने छ र प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक सबै प्रकारका भौतिक पूर्वाधारहरू निर्माण गरी औद्योगिक ग्राम सञ्चालन निर्देशिका निर्माण गरिने छ । २. उद्योग व्यवसाय सञ्चालनका लागि आधारभूत भौतिक पूर्वाधारको व्यवस्था एवं सुरक्षाको प्रबन्ध मिलाइने छ । ३. निजी तथा सहकारी क्षेत्रसँग सहकार्यमा कृषि वन तथा जडीबुटीको व्यवसाय खेतीका लागि प्रोत्साहित गर्दै बजार प्रवर्द्धनका लागि आवश्यकता अनुसारका पूर्वाधारहरू (सङ्कलन तथा विक्री केन्द्र, प्रशोधन, भण्डारण, चिस्यान, शीत भण्डार) निर्माण गरिदै लगिने छ । ४. सबै प्रकारका शहरी पूर्वाधारहरूको निर्माण गरी व्यापारिक केन्द्रको रूपमा विकास गरिने छ । ५. उद्योग व्यवसाय एवं आपूर्तिका लागि सरोकारवालहरूसंग अन्तरक्रिया एवं छलफल गरी स्थानीय नीति, ऐन, नियम तथा कानुनहरू निर्माण गर्दै व्यवसाय सञ्चालन गर्न सहज पूर्ण नीति गत व्यवस्था तथा वातावरण तर्जुमा गरिने छ।
उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।	
२.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने।	1. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ । 2. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। 3. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशिल गरिनेछ । 4. उद्योगी, व्यवसायी एवम् लगानी कर्तालाई उद्योग दर्तदिखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । 5. कृषि, पशुपंक्षीपालन, गैर–काष्ठ बन पैदावार, जडीबुटी, तरकारी, फलफूल तथा पर्यटन क्षेत्रमा व्यावसायिक विकास तथा उद्यमशीलता विकास गरी व्यवसाय सञ्चालनका लागि महिला, अतिगरिव तथा विपन्न वर्ग एवं दलितहरूलाई प्रोत्साहित गरिने छ ।
उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।	

३.१: स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुकोरूपमा बजारीकरण गर्ने।	१. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ। २. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ । ३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ। ४. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरी मुख्य वजार क्षेत्रहरूमा हप्तामा एकपटक हाटबजार सञ्चालन गरिने छ र वर्षमा एक पटक वृहत रूपमा व्यापार मेला तथा प्रदर्शनी आयोजना गरिने छ । ५. आवश्यक अध्ययनको आधारमा निर्यात जन्य उत्पादनहरूको बजार प्रवर्द्धन तथा बजार संरक्षणका लागि बौद्धिक सम्पत्ति अन्तर्गत व्यापार चिन्ह, सामूहिक चिन्ह, भौगोलिक सङ्केत एवं कफीराइट लिन निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । यसका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।
उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।	
४.१: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।	१. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ । २. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आबद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । ३. वस्तु तथा सेवाको बन्द व्यापारलाई गुणात्मक रूपमा वृद्धि गर्न आधार र उपाय खोजिनेछ । ४. तुलनात्मक लाभ तथा प्रतिस्पर्धातर्फका क्षमता एवं निर्यातजन्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरी सोका आधारमा उद्योगहरूको विस्तार एवं प्रवर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिने छ र आवश्यक सहयोग एवं अनुदानको व्यवस्था मिलाइने छ । ५. बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई निर्यातजन्य उद्योगका लागि चाहिने कच्चा पदार्थको व्यावसायिक खेती तर्फ आकर्षित गर्न प्रोत्साहित गरिने छ । ६. परम्परागत सीप तथा प्रविधिमा आधारित हस्तकला उद्योगहरूको विकास, विस्तार एवं ठूलो परिमाणमा उत्पादन गर्दै निकासी प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ । ७. हस्तकलाका सामाग्रीहरूको बजार प्रवर्द्धनका लागि नगरपालिकाको प्रमुख बजार क्षेत्रमा विक्रीकक्ष, प्रदर्शनी कक्ष, कोशेलीघर स्थापना गरिने छ । ८. बाँस लगायतका प्राकृतिक रेशाजन्य उत्पादनमा विविधीकरण ल्याउँदै निकासी प्रवर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिने छ ।

४.४.५ कार्यक्रम तथा आयोजना

तालिका ३३उद्योग :, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	नगर प्रमुख उद्यमशिलता कार्यक्रम युवा)हरूको लागि तालिम र प्रविधी सहयोग(	सङ्ख्या		२०	३०	४०	३०	२०	१४०	७	१	३
२	घरेलु, साना उद्योगको संरक्षण तथा प्रर्वद्धन	सङ्ख्या		२०	५०	५०	५०	५०	२२०	७	१	३
३	घरेलु, साना उद्योगहरूको क्षमता अभिवृद्धि	सङ्ख्या		१०	२०	२०	२०	२०	९०	७	२	३
४	वेरोजगार युवाहरूको सीप तथा उद्यमशीलता विकास	सङ्ख्या		२०	२५	२५	२५	२५	१२०	८	२	३
५	स्टार्टअप कर्जा सहजीकरण	सङ्ख्या		३	१५	१५	१५	१५	६३	१७	१	३
६	रुग्णउद्योग प्रर्वद्धन कार्यक्रम	सङ्ख्या		२०	२५	१०	१०	१०	७५	१७	२	३
७	लक्षित वर्ग उद्यमशीलता विकास कार्यक्रम	सङ्ख्या		५	१०	१२	१५	१७	५९	७	१	३
८	औद्योगिक ग्राम पूर्वाधार विकास कार्यक्रम	सङ्ख्या		२०	५०	१००	१५०	१५०	४७०	७	३	३
९	कृषि वन उद्यमशीलता विकास कार्यक्रम	सङ्ख्या		२०	३०				५०	७	३	२
१०	कृषि उपज तथा जडीवुटी सङ्कलन, प्रशोधन, गोदाम, शीत भण्डार निर्माण तथा व्यवस्थापन संचालन	सङ्ख्या		२०	५०	५०	५०	५०	२२०	७	१	२
११	घरेलु तथा साना कृषि तथा पशुपालन उद्योग विस्तार	सङ्ख्या		५	१५	१५	१५	१५	६५	७	१	२
१२	घरेलु, साना उद्योग वजार प्रवर्धन	सङ्ख्या		२०	३०	३०	३०	३०	१४०	७	१	२
१३	व्यापार मेला तथा प्रर्दशनी	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	७	१	३
१४	उत्कृष्ट उद्यमी पुरस्कृत तथा सम्मान कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	७	२	३

15	निर्यातजन्य उद्योगको प्रवर्धन तथा क्षमता विकास कार्यक्रम	सङ्ख्या		10	15	15	15	15	70	१७	३	२
16	निर्यातजन्य वस्तुहरूको गुणस्तर सुधार, लेवलिङ, प्याकेजिङ तथा सामुहिक एवं व्यापार चिन्ह दर्ता सहयोग	सङ्ख्या		10	15	15	15	15	70	१७	३	३
17	सिपमुलक तालिम तथा व्यवसायमा कर्जा कार्यक्रम	सङ्ख्या		20	30	30	30	30	140	10	१	३
18	पहिचान युक्त उत्पादन ब्रान्डिङ कार्यक्रम करुवा), ढाका, अदुवा,, कृषि जन्य उत्पादन(	सङ्ख्या		10	20	20	20	20	90	१७	२	३
उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिको जम्मा बजेट				245	442	459	502	494	2142			

४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २५उद्योग :, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्टयाँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कृषि तथा पशुपालन जन्य उद्योग	सङ्ख्या	७	७	७	८	९	१२	१२	सम्वन्धित शाखा	
घरेलु हस्तकला सम्वन्धि उद्योग	सङ्ख्या	२१	२२	२३	३०	४०	५०	५०		
रोजगारी सिर्जना गर्ने उद्योग	सङ्ख्या	१२	१२	१२	१२	१२	१२	१२		
स्थानीय सीप युक्त उद्योगीको सङ्ख्या	सङ्ख्या	१०	१५	२०	२५	३०	३५	३५		
वनस्पती जन्य उद्योग	सङ्ख्या	०	०	०	२	२	३	३		
ठुला होलसेल व्यवसाय	सङ्ख्या	१३०	१३०	१३०	१३१	१३४	१४०	१४०		
औधोगिक ग्राम	सङ्ख्या	१	१	१	१	१	१	१		

४.५ वैंक, वित्तीय संस्था तथा सहकारी बिकास

४.५.१ पृष्ठभूमि

वित्तीय संस्थाहरूबाट हुने पूँजी परिचालनबाट उद्योग व्यापार व्यवसायहरूको विकास विस्तार एवं प्रवर्द्धन हुने गर्दछ । अन्तत, उपभोग्य वस्तुहरूको उपलब्धता, रोजगारी सिर्जना, आय आर्जन भई देशको आर्थिक एवं सामाजिक विकास तथा रूपान्तरणमा यस क्षेत्रको भूमिका पनि उल्लेखनीय हुने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सहकारी संस्था व्यवस्थापन अन्तर्गत संस्थाहरूको परिचालन, व्यवस्थापन, कार्यान्वयन, नियमन, अनुमति, खारेजी, विघटन गर्ने जस्ता कार्यहरू पनि स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

तानसेन बासी मध्ये आर्थिक रूपमा सक्रिय ७६.९ प्रतिशत जनसङ्ख्याको (१५—६४ वर्ष उमेर समुह) वैंक खाता रहेको छ । नगरपालिकामा १६ वाणिज्य बैंक, ६ विकास बैंक, १६ लघुवित्त वितीय संस्था तथा ५४ वटा सहकारी संस्थाहरू रहेका छन् । सबै बैंक तथा वितीय संस्थाहरू बजार केन्द्रित मात्रै छन् । केही माइक्रो फाइनान्स तथा सहकारी संस्थाहरू नगरपालिकाको ग्रामीण वडाहरूमा समेत उपलब्ध छन् र ती संस्थाहरूको लगानी प्रायः जसो कृषि क्षेत्रमा केन्द्रित छ । यी बैङ्क एवं सहकारी संस्थाहरूबाट ऋण एवं बचत दुवै प्रकारका सुविधाहरू प्रदान हुँदै आएको छ । नगर क्षेत्रमा ९ वटा बिमा प्रदायक संस्थाले सेवा प्रवाह गरिरहेका छन् ।

४.५.२ समस्या तथा चुनौती

सहकारी संस्थाहरूले खासगरी बचत तथा ऋण परिचालनमा मात्र जोड दिएको देखिन्छ । स्थानीय उत्पादन कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न आवश्यक लगानी गर्न सकेका छैनन् । पछाडी परेका समुदायहरूमा सहकारी साक्षरता र उद्यमशीलताको कमी देखिन्छ । ऋण तथा बचत सहकारीको बाहुल्यता भएकोले सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास हुन सकेको छैन । त्यसैगरी, कतिपय सहकारीमा गैर सदस्यसँग कारोबार, बचत र ऋणको ब्याज दरमा विभेद र असमानता, बिना धितो लगानी, कर्जा जोखिम कोषको उचित व्यवस्था नभएकोले विश्वसनीयतामा केही कमी आएकोछ । आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, कर्मचारीहरूको नियुक्ति तथा सेवा सुविधामा प्रक्रिया पुरा नगरिएको, शेयर सदस्यहरूको उदासीनता, सीमित सञ्चालकहरूको एकल निर्णय, अनुदान मुखी कार्य शैली, संस्थामा राख्नुपर्ने खाता अभिलेख तथा लेखापालनमा ऐन नियमको पालना नभएको, बैंक तथा वित्तीय र नगरपालिका विच सहकार्यको अभाव जस्ता समस्याहरू देखिएका छन् । सहकारी संस्थालाई वित्तीय कारोबार मात्र गर्ने संस्थाको रूपमा विकसित भएका देखिन्छन् ।

सहकारी साक्षरता कार्यक्रमलाई गरीब समुदाय सम्म विस्तार गर्नु, सेवा क्षेत्र अन्तर्गत विशेष गरेर शिक्षा, स्वास्थ्य तथा संचार क्षेत्रमा सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स—साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारी बीच सहकार्य वृद्धि गर्नु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिको उपयोग गर्नु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजारश्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋण बीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु जस्ता कार्यहरू भने चुनौतीको रूपमा रहेका छन् ।

४.५.३ सम्भावना तथा अवसर

नगरक्षेत्र भित्र रहेको सहकारी संस्थाको बचतलाई कृषि, पशुपालन, दुग्ध डेरी सञ्चालन, जडीबुटी खेती तथा प्रशोधन, पर्यटन क्षेत्रका विकास जस्ता रोजगारी वद्धि गर्न सकिने क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहेकोछ । नगरपालिकाले सहकारी नियमन ऐनद्वारा सहकारी संस्थाको व्यवस्थापनलाई चुस्त दुरूस्त तथा सशक्त बनाउन सकिने अवस्था रहेको छ ।

वित्तीय संस्था तथा सहकारी लाई वित्तीय परिचालनमा सहजीकरण गर्न सकिने, नगरपालिका क्षेत्र भित्रका व्यापारिक तथा औधोगिक प्रतिष्ठान वित्तीय क्षमता अभिवृद्धि गर्न सकिने, निजी क्षेत्रलाई पूँजी निर्माणको आधारका रूपमा विकास गर्न सकिने देखिन्छ ।

४.५.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

सहकारिताको माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्थानीय अर्थतन्त्रको विकास गर्ने ।

उद्देश्य

१. वित्तीय तथा वैकिङ सेवाको विस्तार र विकासबाट पहुँच अभिवृद्धि गर्नु ।
२. सहकारी क्षेत्रलाई सबल एवं व्यावसायिक बनाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

रणनीति र कार्यनीति

तालिका २५वैंक :, वित्तीय संस्था तथा सहकारी बिकासका रणनीति र कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
उदेश्य १ वित्तीय तथा वैकिङ सेवाको विस्तार विकासवाट पहुँच अभिवृद्धि गर्नु ।	
१.१ वैकिङ सेवामा सबै नागरिकहरूको पहुँच पुऱ्याउने ।	१. वैंकिङ सेवालाई विस्तार एवं वैकिङ सेवा सम्बन्धी साक्षरता कार्यक्रम सञ्चालन गरी महिला लगायतका सबै नागरिकहरूको वैंक खाता खोल्न प्रोत्साहित गरिने छ । २. महिला, दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानका लागि आवश्यकताका आधारमा सहुलियत पूर्ण कर्जाका लागि बैकहरूसँग सहकार्य गरिने छ । ३. स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवर्द्धन हुने उद्योग व्यवसायहरूमा लगानी गर्न वैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गर्दै सामूहिक जमानीमा कर्जा व्यवस्थामा सहजीकरण गरिने छ । ४. प्राथमिकता प्राप्त क्षेत्रहरूमा सहुलियत पूर्ण ऋण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न वैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गरिने छ । ५. वित्तीय संस्थाको कर्जा प्रक्रियालाई सहज र सुलभ बनाउँदै धितो मूल्याङ्कन एवं व्याजदरलाई व्यवहारिक बनाउन सहजीकरण गरिने छ।
१.२ व्यावसायिक एवं उत्पादनमूलक क्षेत्रमा ऋण	१. कृषि पूर्वाधारहरू अन्तर्गत कृषि उपज सङ्कलन तथा विक्री केन्द्र, हाटबजार, प्रशोधन, भण्डारण, चिस्यान केन्द्र, कृषि एम्बुलेन्स जस्ता क्षेत्रमा लगानी गर्न

प्रवाहमा अभिवृद्धि ल्याउने ।	वैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहित गर्दै सहकार्य गरिने छ । २. बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेती एवं प्रशोधन केन्द्र सञ्चालनलाई प्रोत्साहित गर्दै सहुलियत दरमा वैंक ऋणका लागि सहजीकरण गरिने छ । ३. तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमता भएको उत्पादनहरूको औद्योगिकीकरणका लागि वैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गर्दै लगानीको व्यवस्था मिलाइने छ ।
उदेश्य २ सहकारी क्षेत्रलाई सबल एवं व्यवसायिक बनाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।	
२.१ सहकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने	१. सहकारी संस्थाका सदस्यहरूको व्यावसायिक सीप, क्षमतामा अभिवृद्धि ल्याउदैं उद्यमशीलता विकास गरिने छ । २. सहकारी सिद्धान्त, व्यवस्थापन तथा लेखा व्यवस्थापन, कर्जा लगानी तथा सङ्कलन जस्ता क्षेत्रहरूमा तालिम, प्रशिक्षणहरू सञ्चालन गरिने छ। ३. आर्थिक कारोबारलाई पारदर्शिताका लागि सहकारी संस्थाको क्षमता विकास, नियमित रूपमा लेखा परीक्षण एवं सूचना तथा तथ्याङ्कहरू वेवसाइट मार्फत प्रकाशन एवं सेवाहरूलाई अनलाइन गर्न सहरीकरण गरिने छ । ४. एक वस्ति एक सहकारी अवधारणालाई अवलम्बन गर्दै सहकारी संस्थाको सेवालाई सुदृढ र प्रभावकारी बनाइने छ ।
२.२ सहकारी संस्थाको पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी वृद्धिमा सहजिकरण गर्ने ।	१. कृषि, पशुपालनको व्यावसायिक खेती प्रवर्द्धनमा सहकारी क्षेत्रको पूँजी लगानी गर्न सहजीकरण गरिने छ । २. नगदेबाली, फलफुल, तरकारी लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरूमा लगानी परिचालन गर्न प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आय आर्जनका अवसरहरू सिर्जना गरिने छ । ३. कृषि उपजहरूलाई वजारीकरण एवं आपूर्तिका क्षेत्रमा सहकारीको पूँजी लगानी गर्न प्रोत्साहित गरिने छ । ४. सहकारी संस्थासँग समन्वय, सहकार्य गरी सम्भाव्यता अध्ययनका आधारमा श्रम, सीप, पूँजी, प्रविधिमा आधारित उत्पादनको बजारको सुनिश्चित गरिने छ । ५. उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा पूँजी परिचालन गरी रोजगारी सिर्जना एवं आय वृद्धि हुने क्षेत्रमा सहकारी संस्थाहरूसँग सहकार्य गरिने छ ।

४.५.५ कार्यक्रम तथा आयोजना

तालिका २०वैंक :, वित्तीय संस्था तथा सहकारी बिकासका कार्यक्रम तथा आयोजना

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**वैकिङ सेवामा पहुँच अभिवृद्धि कार्यक्रम**											
	वैकिङ साक्षरता कार्यक्रम	सङ्ख्या		३	१	१	१	१	७	४	१	३
	विपन्न वर्गको वित्तीय सेवामा पहुँच अभिवृद्धि	सङ्ख्या		३	३	३	३	३	१५	१	१	३
२	**उत्पादनमूलक क्षेत्रमा ऋण प्रवाह तथा अनुदानसहयोग**											
	नगदेवाली तथा वेमौसमी खेती प्रर्वद्धनमा सहयोग	सङ्ख्या		५	५	५	५	५	२५	१	१	३
	व्यवसायिक खेतीमा लगानी सहयोग	सङ्ख्या		५	१०	१०	१०	१०	४५	८	२	३
३	**सहकारी क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रम**											
	सहकारी संस्थाको क्षमता विकास तथा सुदृढीकरण	सङ्ख्या		२	२	२	२	२	१०	१६	३	३
	सहकारी सदस्यहरूमा उद्यमशीलता विकास	सङ्ख्या		२	२	२	२	२	१०	१६	२	३
	सहकारी संस्थाको अनुगमन नियमन कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	१६	३	३
	सहकारी क्षमता विकास कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	१६	३	३
	उत्कृष्ट सहकारीलाई पुरस्कार कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	१६	३	३
४	**सहकारी संस्थाको पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानीका लागिसहजीकरण**											
	व्यवसायिक सुपथ मुल्य पसल, भवन, सपिङ मार्ट सञ्चालन	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	१२	२	३
	बैंक तथा वितिय संस्थाको जम्मा			३६	३९	३९	३९	३९	१९२			

४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २७वैंक :, वित्तीय संस्था तथा सहकारी बिकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको वैंक खाता	प्रतिशत	७६.९२	७८	८०	८५	८७	९०		केतवि	
बाणिज्य वैंक	सङ्ख्या	१६	३३	३३	३३	३३	३३	३३	सम्वन्धित शाखा	
विकास बैंक	सङ्ख्या	६	१६	१६	१६	१६	१६	१६		
लघुवित्त	सङ्ख्या	१६	६	६	६	६	६	६		
विमा संस्था	सङ्ख्या	९	९	९	९	९	९	९		
सहकारी संस्था	सङ्ख्या	५४	५४	५०	५०	५०	५०	५०		

४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा

४.६.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १५ औ राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रूपान्तरणका प्रमुख सम्वाहकको रूपमा लिएको छ । नेपाल सरकारले स्वदेशमा रोजगारीता सिर्जना र वैदेशिक रोजगारीता दुवै पक्षलाई प्राथमिकतामा राखेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो बनाउन सीप विकास, गन्तव्य मुलुकका बारेमा आधारभूत जानकारी, वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, पूँजी उपयोगका लागि विविध कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगारी तथा बेरोजगारी श्रमशक्तिका बारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ ।

नगरपालिकाको १० वर्ष माथिको कूल जनसङ्ख्या मध्ये ६प्रतिशत आर्थिक क्रियाकलापमा सक्रिय 7 जनसङ्ख्या रहेकोमा ३२.१ प्रतिशत जनसङ्ख्या आर्थिक क्रियाकलापमा निष्क्रिय रहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार नगरपालिकाको १०.९ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त (२०७८ ,राष्ट्रिय जनगणना) रोजगारीको अवसर प्राप्त नहुँदा यस नगरपालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । तानसेन नगरपालिकामा काम गर्न योग्य १० वर्ष माथिको कूल जनसङ्ख्याको आर्थिक रूपले सक्रिय मध्ये पनि ९४.३ प्रतिशत रोजगारीमा आबद्ध रहेको र ५.७ प्रतिशत बेरोजगार रहेको देखिन्छ ।

४.६.२ समस्या चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । यसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाई सराइ र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

४.६.३ सम्भावना र अवसर

आर्थिक रूपले जानसाख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ, यसको परिचालन मार्फत तानसेन नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा

आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नका साथै उत्पादन एवं रोजगारीको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

४.६.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

सीपयुक्त, व्यावसायिक जनशक्तिको विकासबाट रोजगारीताको सिर्जना भएको हुने ।

उद्देश्य

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।
२. वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु ।
३. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

रणनीति र कार्यनीति

तालिका २८श्रम :, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।	
१.१ युवाहरूमा व्यवसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने ।	१. बेरोजगार युवालाई प्राविधिक, सीपमूलक तथा व्यवसायिक तालिम प्रदान गरिने छ । २. कृषि, पशुपंक्षीपालन, माछापालन एवं वहुमूल्य जडीवुटीका क्षेत्रमा वेरोजगार युवाहरूलाई प्राविधिक ज्ञान तथा व्यवसायिक खेती सम्वन्धी क्षमता विकास तालिम तथा प्रशिक्षणहरू सञ्चालन गरिने छ । ३. प्राविधिक शिक्षालयसंग सहकार्य गर्दै वेरोजगार युवाहरू व्यवहारिक, प्राविधिक ज्ञान तथा सीप हासिल गर्न प्रोत्साहित गरिने छ । ४. वजारको मागका आधारमा छोटो अवधिका व्यावसायिक सीप विकास तालिमहरू सञ्चालन गरिने छ ।
१.२ निजी क्षेत्रसंग सहकार्य गरी रोजगारी सिर्जना गर्ने ।	१. नगरपालिकामा रोजगारी सूचना केन्द्र स्थापना गरी बेरोजगार तथा अर्धवेरोजगार श्रमशक्ति एवं रोजगारदाताको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिने छ । २. निजी क्षेत्रको मागका आधारमा श्रमशक्ति आपूर्ति हुने व्यवस्था मिलाइने छ । यसका लागि व्यावसायिक क्षमता तथा सीप विकास, पुर्नताजगी तालिमहरू सञ्चालन गरी प्रतिस्पर्धी बनाइने छ ।

	३. निजी क्षेत्रसंग सहकार्य गर्दै ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्न प्रोत्साहित गर्दै आवश्यक सुविधाहरू प्रदान गरिने छ । ४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ । ५. वैंक, वित्तीय संस्थासंग सहकार्य गर्दै स्व—रोजगारीताका लागि स्टार्टअप लोन तथा वैंक कर्जाका लागि सहजीकरण गरिने छ ।
उद्देश्य २ वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु ।	
२.१ वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।	१. वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित गर्न सहायता कक्ष सञ्चालनमा ल्याइने छ । २. गन्तव्य मुलुकका बारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय जस्ता विषयहरूमा अभिमुखीकरण एवं प्रशिक्षण गरिने छ । ३. मान्यता प्राप्त संस्थाहरूबाट होटेल सञ्चालन, भौतिक संरचना निर्माण लगायतका मुख्यमुख्य विषयहरूमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सहयोग गरिने छ। ४. गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरूमा पीडित पक्षलाई कानुनी सहायता उपलब्ध गराई अनावश्यक तनावबाट मुक्त गराइने छ ।
२.२ विप्रेषणलाई पूँजी उत्पादन क्षेत्रमा लगानी गर्ने ।	१. सम्बन्धित परिवारहरूलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने छ । २. सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्रहरू (तरकारी उत्पादन लगायत नगदे बालीहरू) मा लगानी गर्न वा सो क्षेत्रमा व्यवसायिकता बिकास गर्न उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गरिने छ । ३. वैदेशिक रोजगारीवाट प्राप्त ज्ञान, सीप, अनुभव एवं पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ ।
उद्देश्य ३ सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।	
३ :१.लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने ।	१. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ। २. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ । ३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । ४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । लक्षित वर्गप्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन

	गरिनेछ।
३:२. सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने ।	१. सामाजिक विकृतिजातीय छुवाछूत तथा भेदभाव नियन्त्रण ,कुरीति , लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । २. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ । ३. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । ४. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको डाटावेस तयार पारिनेछ। ५. नगर रोजगार सूचना केन्द्र स्थापना गरी स्थानीय रोजगारदातालाई प्रोत्साहन गरिनेछ ।

४.६.५ कार्यक्रम तथा आयोजना

तालिका ३१श्रम :, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	वित्तिय तालिम, कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा युवा उद्यमशिलता विकास कार्यक्रम	जना		५	५	५	५	५	२५	८	२	३
२	नगर रोजगार कार्यक्रम सञ्चालन शिप), उद्यम, तथा आयमुलक(सालवसालि-	जना		५	५	५	५	५	२५	८	१	३
३	बैदेशिक रोजगार सम्बन्धी पूर्व निर्णय प्रक्रिया तालिम कार्यक्रम	एकमुष्ठ		२					२	८	२	३
४	बैदेशिक रोजगारबाट फर्केकाहरूको लागी उद्यम सहायता प्याकेज कार्यक्रम	एकमुष्ठ		५	१०	१२	१५	१५	५७	८	२	३
५	रोजगार सूचना केन्द्र स्वदेश तथा वैदेशिक रोजगार) व्यवस्थापन तथा संचालन (सम्बन्धी	सङ्ख्या		१	१	१	१	१	५	८	२	३
६	सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिबृद्धि	एकमुष्ठ		१	१	१	१	१	५	१०	१	३
	श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा बजेट			१९	२२	२४	२७	२७	११९			

४.६.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३०श्रम :, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
वैदेशिक रोजगारीमा जानेको सङ्ख्या	प्रतिशत	१०.९	१०.९	१०.९	१०.९	१०.९	१०.९	१०.९	केतवि	
सीपमूलक तालिम सहित वैदेशिक रोजगारीमा जानेको सङ्ख्या	प्रतिशत	३०	३०	४०	५०	६०	७०	७०	सम्वन्धित शाखा	
सुरक्षित वैदेशिक रोजगारका लागि संचालित सूचना प्रवाह केन्द्रवाट लाभान्वित	प्रतिशत	५०	५०	६०	६५	७०	८०			
विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने जनसङ्ख्या वैदेशिक रोजगारीमा जाने कूल)सङ्ख्याको(	प्रतिशत	२०	२०	२५	३०	३५	४०	४०		
वित्तीय साक्षरता कार्यक्रमवाट लाभान्वित जनसङ्ख्या वैदेशिक रोगजारी मा जाने कूल)सङ्ख्याको(	प्रतिशत	३०	३०	४०	५०	६०	७०	७०		
वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्ने	प्रतिशत	१०	१२	१५	१७	२०	२५	२५		
विप्रेषणवाट वार्षिक रूपमा प्राप्त रकम	करोड	२००	२१०	२२०	२३०	२४०	२५०	२५०		
विप्रेषण प्राप्त गर्ने घरधुरी	सङ्ख्या	४२५४	४२७०	४२९०	४३२०	४३४०	४३७०	४३	केतवि	
बेरोजगारी	प्रतिशत	५.७	५.६	५.४	५	४.३	४	४	केतवि	

परिच्छेद ५: सामाजिक विकास

५.१ शिक्षा, विज्ञान तथा नव प्रवर्तन

५.१.१ पृष्ठभूमि

शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक बनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने लक्ष्य नेपाल सरकारले लिएको छ । नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशूल्क एवं अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । त्यसैगरी पन्ध्रौ राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने शिक्षाको माध्यमबाट व्यक्तिको सर्वाङ्गिण विकास गर्ने र गुणस्तरीय शिक्षा प्रणालीलाई सामाजिक एवं आर्थिक रूपान्तरणको रूपमा परिकल्पना गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

तानसेन नगरपालिकामा ५० वटा सामुदायिक विद्यालय र १९ वटा संस्थागत विद्यालय र एउटा ब्रम्हचार्य आश्रम (गुरुकुलम) गरी जम्मा ७० वटा विद्यालय रहेका छन् । ५० वटा सामुदायिक विद्यालय मध्ये १८ वटा माध्यमिक विद्यालय र ३२ वटा आधारभूत विद्यालय रहेका छन् भने संस्थागततर्फ १४ वटा माध्यमिक ५ वटा आधारभूत विद्यालय रहेका छन् । आ.व. ०७९/८० मा सामुदायिक र संस्थागत गरी कुल १३७४८ विद्यार्थी अध्ययनरत रहेका थिए । लुम्बिनी टेक्निकल कलेज, पाल्पा टेक्निकल इन्स्टिच्यूट, सिद्धार्थ टेक्निकल कलेज, तानसेन नर्सिङ कलेज, मदनपोखरा पोलिटेक्निकल र पाल्पा इञ्जिनियरिङ कलेज पनि यस नगरमा रहेका छन् । ४ वटा सामुदायिक विद्यालयमा प्राविधिक धारमा पठनपाठन सञ्चालन भइरहेका छन् । यस नगरमा त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन बहुमुखी क्याम्पस, माण्डव्य बहुमुखी क्याम्पस, अर्गली बहुमुखी क्याम्पस र पाल्पा बहुमुखी क्याम्पस सञ्चालनमा रहेका छन ।

तानसेन नगरपालिकामा ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ४९ प्रतिशत रहेकोमा पुरुषको साक्षरता ९४.६ प्रतिशत र महिलाको ८४.४ प्रतिशत रहेको छ) राष्ट्रिय जनगणना(२०७८ ,।

५.१.२ समस्या तथा चुनौती

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरू हुन सकेका छैनन् । भौगोलिक विकटता, गरिबी र स्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाइमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मूल्याङ्कनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रक्रिया प्रभावकारी हुन सकेको छैन

। सिकाई उपलब्धि विश्लेषण र कार्यान्वयनमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि नगरपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायम रहेको छ । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जीर्ण र विपद्को जोखिममा रहेका छन् । सानो उमेरमा विवाह गर्ने र उमेर बढ्दै गएपछि बजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । पूर्वाधारतर्फ बालमैत्री तथा अपाङ्गमैत्री भवन, खेल मैदान, घेरावार र शौचालयको कमी रहेको छ । सामाजिक परिवेशमा शैक्षिक वातावरणको कमी जस्ता समस्या विद्यमान रहेको छ ।

विषयगत दरबन्दीको अभावशिक्षक विद्यार्थीको अनुपात ,कुशल नेतृत्वको अभाव ,को आधारमा दरबन्दीको समान वितरण नहुनु ,विद्यालयमा उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गर्न सक्ने क्षमताको कमी , ,गत नहुनुशिक्षकहरूको कार्य कुशलताको आधारमा मूल्याङ्कन सहित पुरस्कार र दण्ड गर्ने परिपाटी संस्था अभिभावक, विद्यालय, व्यवस्थापन समिति, प्रर शिक्षक .अ.हरूमा सामुहिक प्रतिबद्धताको कमी हुनु तानसेनको शिक्षा विकासमा विद्यमान चुनौतीहरू हुन् ।

५.१.३ सम्भावना तथा अवसर

दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने अवस्था रहनुमाध्यमिक तहसम्मको शिक्षा , शिक्षासँगै रैथाने ज्ञान ,स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, सीप र प्रविधि उपयोग तथा विकासको प्रचूर सम्भावना रहेको छ । तानसेनलाई पूर्ववत् रूपमा प्राविधिक धारको शैक्षिक केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ ।

प्राविधिक तथा व्यावसायिक सीप प्रतिको युवाको आकर्षण रहनुअभिभावकहरूमा थप जागरूकता विकास , सम्बाहकका रूपमा रहेका पर्यटन समृद्धिका मुख्य ,उन सकिनुगरी शिक्षामा सबैको पहुँच पुऱ्या, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन् ।

५.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

नगरपालिकामा विज्ञान र नव प्रवर्तनको प्रवर्द्धनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने।

उद्देश्य

1. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
2. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
3. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
4. शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
5. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ३शिक्षाका रणनीति तथा कार्यनीतिहरू :

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ :शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।	
१ :१.विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने ।	१. नगरपालिकाको शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ । २. नगरपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी नगरपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ । ३. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ । ४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ। ५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा) पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि (तयार गरी कार्यान्वयन गरिनेछ । ६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ । ७. विद्यालयको उपलब्धिस्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । ८. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको निरन्तर विकास र पठनपाठनमा जोड दिइनेछ ।
१:२. गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने ।	१. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ । २. बालविका-स केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा बहुवर्ग/शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ । ३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ। ४. प्राविधिक तथा व्यावसायिक) सफ्ट स्किल समेत (सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ।
उद्देश्य २ :सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।	
२ :१.सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने।	१. ग्रामीण वडाका बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रूपान्तरण गर्न आवश्यक पहल गरिनेछ । २. स्कुलका बालबालिकाहरूको सहजताका लागि आवश्यकता अनुसार स्कुलबसको व्यवस्था गरिनेछ। ३. नगरपालिका/वडा शिक्षा समिति गठन र क्रियाशिल गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ । ४. नियमित रूपमा विद्यालयमा छोरा छोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ।

	५. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोसाक शैक्षिक ,सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ । ६. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।
२ :२.दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने ।	१. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्न लागि सिफारिस गरिनेछ । २. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई साङ्केतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ । ३. अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ । ४. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ । ५. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । ६. ब्रेल लिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा उचित व्यवस्थापन गरिनेछ। ७. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ ।
२ :३.अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने ।	१. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ । २. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ । ३. एक विद्यालय एक पुस्तकालय तथा एक वडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानीको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पूरा गर्न सहयोग गरिनेछ। ४. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमुना कक्षाको प्रसारण सामाजिक सञ्जाल तथा स्थानीय टेलिभिजन र एफएम मार्फत गर्ने व्यवस्था गरिनेछ ।
उद्देश्य ३ :प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु ।	
३ :१.आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने ।	१. आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ । २. विद्यालय शिक्षामा निर्वाह मुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ ।
३ :२.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने।	१. नगरपालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९—१२ को प्राविधिक धार सञ्चालनमा थप गरिनेछ । २. सबै विद्यालयमा कम्प्युटरको ल्याबको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ।

	३. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको थप व्यवस्था गरिनेछ । ४. माध्यमिक तह) कक्षा ११—१२ (अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।
उद्देश्य ४ :शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।	
४ :१.उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने ।	१. नगरपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि नगरमा संचालनमा रहेको प्राविधिक विषयको क्याम्पसहरूसंग आवश्यक समन्वय गरिनेछ । २. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न नगरपालिका भित्र सञ्चालित प्राविधिक धारका विद्यालयहरूको स्तरवृद्धि गरिनेछ ।
४ :२.विद्यालयको पूर्वाधार निर्माण गर्ने ।	१. बालविका-स केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ। २. नयाँ निर्माण हुने विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ । ३. प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ । ४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ । ५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको व्यवस्था गरिनेछ।
उद्देश्य ५ :संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाइनेछ ।	
५ :१.संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामूलक बनाउने ।	१. प्रत्येक कक्षामा १० प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ । २. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ ।
५ :२.सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।	१. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ । २. अङ्ग्रेजी र नेपाली दुवै माध्यम ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ। ३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ । ४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ । ५. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविका-स केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ । ६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिँदै लगिनेछ । ७. आवासीय सुविधासहितको **विग स्कुल**को स्पष्ट अवधारणा निर्माण गरी कार्यान्वयनमा लगिनेछ ।

५.१.५ कार्यक्रम तथा आयोजना

तालिका ३२शिक्षा :, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**विद्यालय पूर्वाधार निर्माण कार्यक्रम (सामुदायिक र संस्थागत)**											
	अपांग मैत्री तथा वाल मैत्री विद्यालय भवन निर्माण	एकमुष्ठ		१५	२०	२०	२०	२५	१००	४	१	३
	महिला मैत्री र वाल मैत्री शौचालय निर्माण (पुरुष र महिलाको फरक शौचालय निर्माण(	सङ्ख्या		१०	२०	२०	२०	२०	९०	४	१	३
	विद्यालयको कम्पाउण्ड निर्माण तथा घेरावार कार्यक्रम	सङ्ख्या		५	५	५	५	५	२५	४	२	३
	विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम	एकमुष्ठ		३०	४०	५०	५०	५०	२२०	४	२	३
	मन्टेश्वरी कक्षा संचालन सहयोग	सङ्ख्या		५	५	५	५	५	२५	४	२	३
	विद्यालयगत र नगरपालिकागत रूपमा उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कार, (आधारभुत र मा(वि.	सङ्ख्या		५	५	५	५	५	२५	४	२	३
	विद्यालयमा सिकाई सामाग्री व्यवस्थापन	सङ्ख्या		२०	३०	३०	४०	५०	१७०	४	२	३
	नमुना विद्यालय व्यवस्थापन	सङ्ख्या		३०	३०	३०	३०	३०	१५०	४	२	३
	विद्यालयमा अतिरिक्त कृयाकलाप संचालन	सङ्ख्या		२०	२०	२०	२०	२०	१००	४	२	३
	विषेश छात्रवृति सञ्चालन, प्रोत्साहन अनुदान कार्यक्रम	सङ्ख्या		१५	१८	२०	२५	२५	१०३	४	१	३
	शिक्षकको क्षमता विकास तालिम	सङ्ख्या		२०	२०	२०	२०	२०	१००	४	२	३
२	**शैक्षिक संरचना विकास कार्यक्रम**											
	विग स्कुलको स्पष्ट अवधारणा सहितको नगर शिक्षा गुरुयोजना निर्माण	एकमुष्ठ		१५	०	०	०	०	१०	४	२	३

	पुस्तकालय व्यवस्थापन (सबै माविमा)	सङ्ख्या		१०	१५	२०	२०	२०	८५	४	२	३
	प्रयोगशाला व्यवस्थापन र सामाग्रि खरिद कार्यक्रम (सबै माविमा)	सङ्ख्या		३०	५०	५०	५०	५०	२३०	४	२	३
	प्रारम्भिक बाल विकास केन्द्रको शैक्षिक सामाग्रि व्यवस्थापन (नियमित)	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	४	२	३
	शिक्षक दरवन्दी व्यवस्थापन	एकमुष्ठ		४०	४०	४०	४०	४०	२००	४	२	३
	विद्यालय खेल मैदान व्यवस्था	वटा	१४	२५	२०	३०	४०	४५	१६०	४	२	२
	आधारभूत विद्यालयमा गणित अंग्रेजी विज्ञान शिक्षकका लागि १ हप्ते विशेष तालिम व्यवस्था	जना	५२	५	५	५	५	५	२५	४	२	३
३	**मातृभाषा शिक्षा कार्यक्रम**											
	स्थानीय पाठ्यक्रम व्यवस्थापन (प्राथमिक तह)	पटक		५	५	५	५	५	२५	४	२	३
४	**विद्यालय सूचना प्रविधि विस्तार कार्यक्रम**											
	ईन्टरनेट क्षमता विस्तार (सबै विद्यालय)	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	४	२	३
	कम्प्ययुटर, मल्टिमिडिया, व्याकअप व्यवस्थापन सबै) (विद्यालयमा			२०	४०	४०	५०	५०	२००	४	२	३
५	**उच्च शिक्षा विस्तार कार्यक्रम**											
	क्याम्पसको लागि पूर्वाधार विकास र व्यवस्थापन	एकमुष्ठ		५	५	५	५	५	२५	४	२	२
	प्राविधिक धारको विद्यालयको लागि भौतिक पूर्वाधार विकास र व्यवस्थापन	पटक		३०	३०	३०	३०	३०	१५०	४	२	२
	सिकाई तथा खेल सामाग्री व्यवस्थापन	सङ्ख्या		१०	१२	१२	१२	१२	५८	४	२	३
	विद्यालयहरूमा खानेपानी पुर्वाधार विकास र व्यवस्थापन	सङ्ख्या		२०	२०	२०	२०	२०	१००	४	१	२
६	**सालवसाली कार्यक्रम**											
	तालिम, अनुगमन मर्मत लगायत नियमित कार्यक्रम, नगर शिक्षा समितिको कार्यक्रम	पटक		६	६	६	६	६	३०	४	२	३
७	**तानसेन विज्ञ सम्मेलन तथा थिंक ट्यांक विकास**	पटक		०	५	०	५	०	१०	४	२	३

शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा			416	486	508	548	563	2521			

५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३३शिक्षा :, विज्ञान तथा नव प्रवर्तनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य आर्थिक वर्ष र) (कुल					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
५ वर्ष माथिको साक्षरता दर		८९	९०	९२	९५	९७	९९	९९	केतवि	
१५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर		77*							नगर वृहत योजना २०७७	
१६ देखि ४० वर्षको युवाहरूको साक्षरता दर		92*	९५	१००	१००	१००	१००	१००		
विद्यालय वाहिर रहेका ५वर्ष उमेर समूहका १५—बालबालिका	प्रतिशत	०	०	०	०	०	०	०		
आधारभूत तह सम्मको उत्तिर्ण दर	सङ्ख्या									
माध्यामकि तह को खूद भर्नादर (१२—९)	प्रतिशत	५८	60	65	70	73	75	65	अनुमानित	
कक्षा ८ सिकाई उपलब्धी दर	प्रतिशत	67.5	68	68.5	70	71	72	72		
बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय	प्रतिशत		50	50	50	50	50	50		
वालमैत्री आधारभूत पूर्वाधार र सुविधा भवन), चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर (उपलब्ध विद्यालय	सङ्ख्या		50	50	50	50	50	50		
आइसिटि सेवा उपलव्ध भएको विद्यालय	सङ्ख्या	47	50	50	50	50	50	50		
व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय	सङ्ख्या	18	18	18	18	18	18	18		
वालक्लव गठन भएका विद्यालय	सङ्ख्या		50	50	50	50	50	50		
छात्रवृत्ती पाउने विद्यार्थी सङ्ख्या	सङ्ख्या	2769	2769	2769	2769	2769	2769	2769		
शिक्षक विद्यार्थी अनुपात	सङ्ख्या	1:16 1:14.26	1:16	1:16	1:16	1:16	1:16	1:16 | 1:14.26		

आधारभूत र मा)ध्यामिक(			1:14.26	1:14.26	1:14.26	1:14.26	1:14.26			
दिवा खाजा प्रदान गर्ने विद्यालयहरू	सङ्ख्या	49	50	50	50	50	50	50		
सेनीटरी प्याड र नर्स सेवा उपलव्ध भएको विद्यालय	सङ्ख्या	23	25	30	32	35	40	40		
विपद, महामारी लगायत विविध कारण वाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमवाट अध्यापन गर्ने विद्यालय	सङ्ख्या	48	50	50	50	50	50	50		
उच्च शिक्षा अध्यापन गर्ने शिक्षण संस्था (क्याम्पस)	सङ्ख्या	८	८	८	८	८	८	८		
सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय	सङ्ख्या	4	4	4	5	5	5	5		
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय	सङ्ख्या	4	4	6	8	10	12	12		
जनसङ्ख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण भएका विद्यालय	सङ्ख्या	3	०	3	3	०	०	6		

५.२ स्वास्थ्य तथा पोषण

५.२.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक सेवा एवं स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकको रूपमा ग्रहण गरिएको छ भने स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ वनाई नागरिकको पहुँच स्थापित गर्ने नीति नेपाल सरकार लिएको छ । त्यसैगरी १५ औ राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने औषत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवं उपभोग सुनिश्चित गर्ने, स्वस्थ, सवल, उत्पादनशील, एवं सुखी र स्वास्थ नागरिक वनाउने परिकल्पना समेत भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा वालवालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा शहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्वन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ ।

तानसेन नगरपालिकामा स्वास्थ्य पूर्वाधारको सहज पहुँच रहेको छ । नगर स्तरीय स्वास्थ्य सेवा ऐन र फार्मेसी ऐनको निर्माण तथा नगर स्तरीय RRT को गठन भएको छ । नगरपालिकाका विभिन्न वडामा ६ वटा हेल्थपोष्ट)वडा नं ९, १०, ११, १२, १३, १४(, ५ वटा वर्थिंग सेन्टर, ३ वटा शहरी स्वास्थ्य केन्द्र)वडा नं ५, ६, ७(, २ वटा सामुदायिक इकाइ) वडा नं ८, १३(रहेका छन् । त्यसैगरी ८९ जना महिला स्वयंसेविका, २६ खोप केन्द्र, १८ वटा गाउँ घर क्लिनिकबाट स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । नगरको आधारभूत स्वास्थ्य सेवाका लागि ५० जना स्वास्थ्य कर्मी कर्मचारी रहेका छन् । त्यसैगरी नगर भित्र १५९ शैयाको मिशन अस्पताल, २५ शैयाको पाल्पा अस्पताल र ३०० शैयाको मेडिकल कलेज रहेको छ । नगरमा २ वटा पोषण केन्द्र, ५ वटा सुरक्षित गर्भपतन सेवा उपलब्ध गर्ने संस्था, एउटा आँखा अस्पताल र एउटा परिवार नियोजन संघ मार्फत सेवा उपलब्ध भइरहेका छन् ।स्वास्थ्य बिमा मार्फत १७१० घर परिवार आबद्ध भएका छन् ।

तानसेन नगरपालिकाको स्वास्थ्य शाखाको तथ्याङ्क अनुसार यहाँको अपेक्षित आयु 7 (जन्म हुँदाको)१ वर्ष रहेको र ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार ८५ प्रतिशत रहेको देखिन्छ । सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका स्वास्थ्य सेवा प्रदायक भवन सङ्ख्या ११ रहेकोमा आधुनिक उपकरण सहितका स्वास्थ्य भवन सङ्ख्या एक मात्र रहेको देखिन्छ । कूल 5० जना मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता कार्यरत तानसेन नगरपालिकामा संस्थागत सुत्केरी सेवाको दायरा ४६९ प्रतिशत पुगेको तथ्याङ्कले देखाउँछ । गर्भावस्थाको परीक्षण दर ३२१ प्रतिशत रहेको यस नगरपालिकामा ५ वर्ष मुनिको वाल मृत्युदर ,(प्रति हजार जीवित जन्ममा)शिशु मृत्युदर ,(प्रति हजार जीवित जन्ममा)नवजात शिशु मृत्युदर शून्य रहेको तथा पूर्ण खोपको पहुँच शतप्रतिशत र सबै (प्रति हजार जीवित जन्ममा) बालबालिकालाई भिटामिन ए खुवाउने व्यवस्था मिलाइएको देखिन्छ ।

५.२.२ समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुद पनि भौगोलिक रूपमा ग्रामीण वडाका स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । परम्परागत अन्धविश्वासका कारण बिरामी पर्दा अझै पनि धामी

झाँक्रीकोमा जाने परम्परा कायमै छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सर-े तथा भिडियो एक्सर-े लगायतको ल्याब सुविधामा कमी रहेको छ । भएका स्वास्थ्य पूर्वाधारहरू मापदण्ड अनुसार निर्माण हुन सकेको छैनन् भने स्वास्थ्य संस्थाहरूमा घेराबारको कमी रहेको छ । खोप क्लिनिक तथा ग्रामीण स्वास्थ्य क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरू बढाउन पर्ने देखिन्छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको अत्याधिक सेवनको कारण स्वास्थ्यमा समेत समस्या आउने गरेको छ । शारीरिक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा सम्बन्धी चेतना र अभ्यासमा कमी रहेको छ । यस क्षेत्रमा स्वास्थ्य बिमाको सुरुवात भएको भएपनि पूर्ण अभ्यास रहेको छैन।

स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेकोपर्याप्त उपकरण ,हरू उपलब्ध हुन नसकेको , स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेकोसामान्य उपचार बाहेक जटिल , स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको देखिन्छभने संस्थागत सुत्केरी शून्यमा झार्न सकिएको छैन । साथै, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू पनि चुनौतीको रूपमा रहेका छन् ।

५.२.३ सम्भावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएकोप्रदेश तथा , स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना मुलुकमा दक्ष स्वास्थ्यक ,नागरिकको चेतना तथा चासो बढ्दै गएको स्वास्थ्य क्षेत्रमा ,भएकोर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेकोस्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै , सबै वडाहरू सडक सञ्जाल सुविधामा ,गएकोजोडिँदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता स्वास्थ्य तथा पोषण विकासका सबल पक्षहरू हुन् ।

नगर भित्र दुई ठूला स्वास्थ्य संस्था लुम्बिनी मेडिकल कलेज र मिशन अस्पताल रहनु पनि आफैमा ठूलो अवसरको रूपमा लिन सकिन्छ ।

५.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

स्वास्थ्य पूर्वाधारहरू पर्याप्त मात्रामा निर्माण गरी नगरपालिकाको स्वास्थ्य सेवा प्रवाहको क्षमतामा अभिवृद्धि गर्ने ।

उद्देश्य

१. नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु।
२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयूक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

३. स्वास्थ्य सेवा सुधारका लागि थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।
४. तानसेनलाई पोषणयूक्त नगरपालिका बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ३४ स्वास्थ्य तथा पोषणका : रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ :नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।	
१ :१.गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने।	१. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ । २. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागू गरिनेछ। ३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । ४. स्वास्थ्यको सहज पहुँचका लागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ। ५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ । ६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ ।
१ :२.नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति उपलब्ध गराइ सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने ।	१. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्था गरिनेछ । २. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
उद्देश्य २ :स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।	
२ :१.पोषणयुक्त खानेकुरा बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने।	१. गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ। २. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । ३. अभियानलाई निरन्तरता दिइनेछ। "सुनौला हजार दिन" ४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ ।
२ :२.मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।	१. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ । २. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य :३ स्वास्थ्य सेवा सुधारका लागि थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।	

३ :१.स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।	१. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्ग—संस्थाहरू बीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ। २. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।
३:२. नगरपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने ।	१. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार गरिनेछ । २. स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ । ३. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ ।
उद्देश्य ४ :तानसेनलाई पोषणयुक्त नगरपालिका बनाउनु ।	
४ :१.तानसेन नगरवासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने ।	1. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयूक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ । 2. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । 3. नगरपालिकाभित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक कौशी करेसाबारीको/टनेल/व्यवस्था गरिनेछ । 4. पोषण सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। 5. गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ ।

५.२.५ कार्यक्रम तथा आयोजना

तालिका ३५ स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना :

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**स्वास्थ्य तथा पुर्वाधार विकास कार्यक्रम**											
	स्वास्थ्य चौकी स्थापना १वडा नं),२, ३, ४(	सङ्ख्या		४०	११०	११०	१००	०	४००	३	१	३
	सवै वडाहरूमा स्वास्थ्य संस्थाका भवन मर्मत संभार तथा निर्माण	एकमुष्ठ		५०	७०	७०	४०	५०	३२०	३	२	३
	नगरस्तरीय योग तथा व्यायाम पार्क निर्माण	एकमुष्ठ		०	२०	२०	०	०	४०	३	२	३
	औषधी भण्डारण तथा वितरण प्रणाली व्यवस्थापन कार्यक्रम	एकमुष्ठ		२०	२५	५०	२०	२०	१३५	३	२	३
	ब्लड बैङ्क स्थापना	एकमुष्ठ			२५					३	१	३
२	**स्वास्थ्य सेवा विस्तार कार्यक्रम**											
	ल्याव सेवा विस्तार तथा स्तरोन्नती	एकमुष्ठ	२	२५	४०	५	५	५	४०	३	२	३
	वार्षिक योग शिविर सञ्चालन	पटक		१	१	१	१	१	५	३	१	३
	किशोर किशोरी परामर्श सेवा कार्यक्रम हरेक) (स्वास्थ्य चौकीमा नियमित	नियमित		२	२	२	२	२	१०	३	१	३
३	**स्वास्थ्य सेवा सुधार कार्यक्रम**											३
	स्वास्थ्य प्रोफाइल निर्माण	एकमुष्ठ		४	०	०	०	०	४	३	१	३
	स्वास्थ्य प्रदायक संस्थामा आवश्यक उपकरण व्यवस्थापन	एकमुष्ठ		२५	३०	३०	२०	२०	१२५	३	२	३
	स्वास्थ्यकर्मी र महिला स्वयंसेविका क्षमता विकास कार्यक्रम	पटक		४	४	४	४	४	२०	३	१	३
	नसर्ने रोग सम्वन्धि सचेतना परिक्षण अौषधि	एकमुष्ठ		५	५	५	१०	१०	३५	३	१	३

	समेत											
	खोप तथा गाउँघर क्लिनिक सुधार कार्यक्रम	एकमुष्ठ		20	20	20	20	20	100	३	२	३
४	**स्वास्थ्य तथा पोषण घर दैलो कार्यक्रम**								०			
	ल्यावसहितको स्वास्थ्य परिक्षण तथा पोषण परामर्श सेवा सञ्चालन	पटक		5	7	8	10	12	42	३	२	३
	स्वास्थ्य सचेतना अभियान पोषणयुक्त खानेकुराको प्रयोग), महामारी रोग नियन्त्रण लगायत(	पटक		२	5	5	5	5	22	३	२	३
	औषधी खरिद	पटक		40	40	40	40	40	200	३	३	३
	उपकरण तथा सर्जिकल सामाग्रि खरिद कार्यक्रम)ILR Freez, Olampus)	पटक	४।२	20	20	20	20	20	100	३	२	३
	दुर्व्यवसनी नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम	पटक		२	२	२	२	२	10	३	२	३
	आयुर्वेद सेवा प्रवर्द्धन कार्यक्रम	पटक		२	२	२	२	२	10	३	२	३
	नर्सिङ् तथा सामाजिक सुरक्षा सेवा योजना	पटक		5	5	5	5	5	25	३	१	३
	स्वास्थ्य विमा सहायता कार्यविधि कार्यन्वयन) (मजदुर ज्यालादारी	एकमुष्ठ		10	10	10	10	10	50	३	१	३
	स्वास्थ्य सेवा सुधार सालवसाली कार्यक्रम	एकमुष्ठ		20	20	20	20	20	100	३	२	३
	स्वास्थ तथा पोषणको जम्मा बजेट			342	463	439	376	248	1858			

५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३०स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका :

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसङ्ख्या	प्रतिशत	९५	९६	९७	९८	९९	९९	९९	स्वास्थ्य शाखा	
नजिकको स्वास्थ्य संस्थामास्वास्थ्य चौकी) /प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताललाग्ने औषत समय पुग्न (	घण्टा	१	:४५	:३०	:२५	:२०	:२०	:२०		
२५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरू	सङ्ख्या	३५०३/४८१	४५०	४००	३००	२००	१००	१००		
कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरूको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरू	सङ्ख्या	१३०	१३०	१२०	११०	१००	९०	९०		
स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला (३५३०)	प्रतिशत	४६९	१००	१००	१००	१००	१००	१००		
मातृमृत्यूदर	प्रतिशत	०	०	०	०	०	०	०		
४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला (२४१९)	प्रतिशत	३२१	१००	१००	१००	१००	१००	१००		
प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरू	सङ्ख्या	५	५	६	७	८	९	९		
झाडापखालाको संक्रमण दर (प्रति हजारमा)	सङ्ख्या	७६	७५	६०	५०	३०	२०	२०		
स्वाप्रश्वासको संक्रमण दर प्रति हजारमा	सङ्ख्या	१८९	१५०	१४०	१३०	१२०	१००	१००		
स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी	सङ्ख्या	५७	५७	५७	५७	५७	५७	५७		
भिटामिन ए प्राप्त गर्ने बालबालिका)२३४२)	प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००		
परिवार नियोजनका साधनको प्रयोग दर	प्रतिशत	६१.३	६२	६३	६४	६५	६५	६५		
स्वास्थ्य वीमा गर्ने नागरिक	सङ्ख्या	३,३७	५.००	१०	१५	२२	३५	३५		
घुम्ती स्वास्थ्य शिविर पटक	वार्षिक	१	२	२	२	२	२	२		
आधारभूत स्वास्थ्य सेवाहरू उपलव्ध भएका वडाहरू	सङ्ख्या	१४	१४	१४	१४	१४	१४	१४		
आधारभुत सुविधा खानेपानी), शौचालय, वर्थिङ्ग वार्ड र परामर्श	सङ्ख्या	५	११	११	११	११	११	११		

केन्द्र आदिउपलब्ध भएका स्वास्थ्य संस्था (										
क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका	सङ्ख्या	४१	४१	४१	५०	५०	५२	५२		
योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा आयुर्वेदिक), होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्चीउपचार पद्धति (संचालन गर्ने संस्था	सङ्ख्या	२	२	२	२	२	२	२		
गाउँघर शहरी स्वास्थ्य क्लिनिक	सङ्ख्या	२७	२७	२७	२७	२७	२७	२७		

५.३ खानेपानी तथा सरसफाइ

५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरूको मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्त्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

तानसेन नगरक्षेत्र वरपर प्रयाप्त मात्रामा खानेपानीका मुलहरू रहेका छन् । तानसेनको उतरी सीमानाबाट काली गण्डकी नदी बगेको छ । श्रीनगर प्रवास, बाँसटारी, दमकडा लगायतका ठाउँहरूमा प्रचुर मात्रामा भूमिगत पानीको स्रोतहरू रहेको छ । भुल्के, तीनधारा, काली गण्डकी, सिस्ने लगायतका ठाउँहरूबाट विद्युत प्रयोग गरी लिफ्टिङ्ग अयोजनाहरू संचालन भइरहेको छ भने विभिन्न ग्रामिण वडाहरूमा लिफ्टिङ्ग मार्फत खानेपानीका साना योजनाहरू संचालन भइ पानी वितरण भएका छन् । तानसेन नगरपालिका क्षेत्र भित्र समुदायस्तरबाट सञ्चालन हुने लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने बिद्युत महसुललाई सरल, व्यवस्थित, सेवामा एकरूपता र थप प्रभावकारी बनाउन नगर कार्यपालिकाबाट कार्यविधि तयार गरी लागू गरिएको छ। नगरपालिकाको ८७.१३ प्रतिशत घर धुरीको खानेपानीको मुख्य स्रोत पाइपबाट वितरित पानी रहेको छ भने करिब ६२.२५ प्रतिशत घर धुरीको पानीको स्रोत कम्पाउन्ड भित्रैको पाइपधारा छ । (२०७८ ,राष्ट्रिय जनगणना)

नगरमा कुहिने र नकुहिने फोहोर बेग्लाबेग्लै रूपमा संकलन र व्यवस्थापनको अभ्यास रहेको छ । नगरलाई प्लाष्टिक झोलामुक्त नगर बनाउने प्रयास पनि भएको छ । पूर्वाधार तयारी नहुँदा बजार क्षेत्रको फोहोर संकलन गरी अव्यवस्थित रूपमा थुपार्ने अभ्यासलाई निरन्तरता दिइरहनु परेको छ भने कतिपय क्षेत्र सरसफाई सेवाको पहुँच बाहिर छन् । तानसेन बजारमा ढल निकासको उचित प्रबन्ध हुन नसक्दा नगरपालिकालाई फोहरमैला तथा ढल व्यवस्थापनमा थप समस्या हुने अवस्था छ । ग्रामीण वडाहरूको फोहोर मैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए संकलन गरी व्यवस्थापन गरिने गरेको छ । करिब ५२ प्रतिशत परिवारले फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने गरेका छन् । तानसेन नगरपालिकामा ९९ प्रतिशत घरधूरीले शौचालय प्रयोग गर्ने गरेका छन् भने ७५ घरधूरीले अझै पनि शौचालय प्रयोग नगर्ने गरेको तथ्याङ्कले देखाउँछ । नगर क्षेत्र भित्र विभिन्न २८ स्थानमा सार्वजनिक शौचालय सञ्चालनमा रहेका छन् राष्ट्रिय जनगणना), २०७८। (

५.३.२ समस्या तथा चुनौती

सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत प्रयास भएता पनि खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइजन्य परम्परागत व्यवहारका कारण आशा गरिएजस्तो सुधार हुन सकेको छैन । ग्रामीण वडाका सबै घर धुरीहरूमा अझै पनि स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन । बढ्दो जनसङ्ख्या वृद्धिसँगै खानेपानीको मागलाई

आपूर्ति गर्न सकिएको छैन भने खानेपानीको स्रोतको गुणस्तरीयता कायम राख्न र भूमिगत पानीको स्रोतको प्रयोगले खानेपानीको दिगो व्यवस्थापन गर्न तानसेनका लागि चुनौतीको रूपमा रहेको देखिन्छ ।

सरसफाइ सम्बन्धी आनीबानी कमजोर रहेको यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने प्रचलन रहेको छैन । मुख्य बजारहरूमा प्लास्टिकजन्य तथा सिसाजन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा उपलब्ध रहेको छैन । सार्वजनिक शौचालयमा साबुन, नियमित पानी आदिको नियमित व्यवस्थापन भएको देखिँदैन । पहिरोको कारण खानेपानीका मूल तथा पाइपहरूमा क्षति हुने गरेको छ । खानेपानीका मुहानहरू वस्ति भन्दा टाढा रहेको कारण मर्मत सम्भार गर्न समस्या रहेको देखिन्छ । खानेपानीका पाइपहरू पहाड र अग्ला डाँडा हुँदै आएका कारण वर्षातमा पहिरोको कारण क्षतविक्षत् समेत हुने गरेको छ ।

५.३.३ सम्भावना तथा अवसरहरू

आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू स्थानीय खोल्सा र) मूलहरूको उपलब्धता रहनु (, भूमिगत प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु तथा खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस नगरपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

५.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

नगरपालिका भरी सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

उद्देश्य

१. आधारभूत खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउनु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यवस्थापन गर्नु ।

रणनीति र कार्यनीति

तालिका ३७ खानेपानी तथा : सरसफाइका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य :1 आधारभूत खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउनु ।	
1.१ :पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने ।	१. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ । २. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ। ३. "एकघर एक धारा" कार्यक्रम निरन्तर लागू गरिनेछ । ४. आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि वडास्तरमा विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भाव्यता अध्ययन गरिनेछ ।

	५. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ ।
उद्देश्य :2 गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।	
२ :1.आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने ।	१. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ । २. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ । ३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ । ४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ । ५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ ।
उद्देश्य ३ :प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यवस्थापन गर्नु ।	
३ :१.प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने ।	१. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ। २. घरबाट निस्किने फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ । ३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक घरपरिवारलाई प्रेरित गरिनेछ । ४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ। ५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ । ६. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५.३.५ कार्यक्रम तथा आयोजना

तालिका ३४खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना :

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**एक घर एक धारा कार्यक्रम**											
	वितरण प्रणालीलाइ व्यवस्थित गर्न वडागतरूपमा भण्डारण टंकी र वितरण प्रणाली निर्माण	एकमुष्ठ		५०	१००	१००	१००	१००	४५०	६	२	३
	माग अनुसारको आपूर्ति बढाउन खानेपानीको मुल कुवा परम्परागत धारा सरक्षण तथा ट्यांकी निर्माण	एकमुष्ठ		५०	१००	१००	१००	१००	४५०	६	१	३
	विर्षादको पानी संकलनका लागि श्रीनगर वन क्षेत्रमा पानी पोखरीको निर्माण	एकमुष्ठ		२०					२०	६	२	२
	लिफ्टङ्ग खानेपानी आयोजना निर्माणमा विधुतको विकल्पकोरूपमा सौर्य उर्जामा जोड	एकमुष्ठ		२५	५०	५०			१२५	६	१	३
	वडागत रूपमा पानी आपुर्ति भण्डारको निर्माण (लाख लिटर पानी अट्ने भण्डारको निर्माण ५०)	सङ्ख्या		५०	१००	१००	१००	१००	४५०	६	१	२
	खानेपानीका वैकल्पिक स्रोतहरूको उपभोग सम्भाव्यता अध्ययन	एकमुष्ठ				२०			२०	६	१	३
	विज्ञहरूको संलग्नतामा संरचनात्मक वितरण प्रकृयामा सुधार ल्याउन DPR निर्माण	एकमुष्ठ		५					५	६	१	३
	खानेपानी व्यवस्थापन तथा अनुगमन	सङ्ख्या		५	५	५	५	५	२५	६	२	३
२	**सरसफाई जनचेतना कार्यक्रम**											
	सरसफाई सप्ताह सञ्चालन	पटक		२	२	२	२	२	१०	६	१	३

	युवा क्लव, आमासमुह तथा वालक्लव सरसफाइ प्रशिक्षण कार्यक्रम	पटक		२	२	२	२	२	१०	६	१	३
३	**एक घर एक शौचालय कार्यक्रम, सरसफाई अभियान**											
	शौचालय निर्माण सहयोग कार्यक्रम अति गरिव) (परिवारको लागि पक्कि शौचालय निर्माण	घरधुरी		१०	१०	१०	०	०	३०	६	१	३
	शौचालय सरसफाई र उचित प्रयोग सम्बन्धी जनचेतना कार्यक्रम	पटक		२	२	२	२	२	१०	६	१	३
	सार्वजनिक शौचालय निर्माण	सङ्ख्या		५०	५०	५०	५०	५०	२५०	६	१	२
४	**सालवसाली कार्यक्रम**											
	खानेपानी मर्मत संभार तथा सरसफाइ सम्बन्धी नियमित कार्यक्रम	एकमुष्ठ		२०	२०	२०	२०	२०	१००	६	१	३
	खानेपानी तथा सरसफाईको जम्मा बजेट			२९१	४४१	४६१	३८१	३८१	१९५५			

५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३१ खानेपानी तथा :सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी	प्रतिशत	62.25	65	70	75	80	90	90	केतवि	
पाइपालाइनवाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत)	सङ्ख्या	87.13	90	98	100	100	100	100		
उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी	प्रतिशत	87.13	90	98	100	100	100	100		
स्वच्छ शौचालय भएका घरधुरी (प्यान भएको)	प्रतिशत	92.04	100	100	100	100	100	100		
खाल्डे शौचालय भएको घरधुरी	प्रतिशत	7.26	5	3	1	0	0	0		
शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी	सङ्ख्या	75	0	0	0	0	0	0		
सार्वजनिक शौचालयहरू	सङ्ख्या	28	30	35	40	45	50	50		
फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार	प्रतिशत	52	55	70	90	100	100	100		

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

५.४.१ पृष्ठभूमि

नेपालको संविधानले समानता (कानुनी आधारमा समान), सामाजिक न्याय (समानुपातिक सहभागिताका आधारमा), सामाजिक सुरक्षा (कानुनद्वारा सुरक्षा), ज्येष्ठ नागरिकको संरक्षण, दलितछुवाछूत तथा भेदभाव विरुद्ध (जातिय आधारमा), महिला, वालवालिका, दलित (समानुपातिक समावेशी सिद्धान्तका आधारमा) को हकलाई मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । पन्ध्रौ राष्ट्रिय योजनामा परिस्कृत तथा मर्यादित जीवनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यको रूपमा अंगिकार गरेको छ भने गरिवी निवारण गर्ने र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । त्यसैगरी लैङ्गिक समता, महिला सशक्तीकरण, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने, वालमैत्री समाजको निर्माण गर्ने, सवैप्रकारका विभेद, गरिवी र असमानताको अन्त्य गर्ने, आर्थिक, सामाजिक तथा लैङ्गिक विभेद गर्ने, जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति तथा समुदायको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने, अवसरहरूमा पहुँच र सहभागिता प्रर्वद्धन गर्ने, नागरिकको गुणस्तरीय एवं मर्यादित जीवन सुनिश्चित गर्ने परिकल्पना पन्ध्रौ राष्ट्रिय योजनामा गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवाखाजा, आश्रय केन्द्र सञ्चालन एवं पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरू संघ एवं प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

नगरपालिका क्षेत्रभित्र बाल विवाह मुक्त, महिला हिंसा मुक्त र शत प्रतिशत महिला साक्षर नगर निर्माणको लागि आवश्यक पहल नियमित रूपमा हुने गरेको छ । महिला मैत्री नगरपालिकाका निर्माणका लागि वडास्तरमा आमा समूहहरू गठन भएका छन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेट्ने प्रयास भइरहेको छ । लक्षित वर्गका लागि आंशिक रूपमा भएपनि आयमूलक कार्यक्रम सञ्चालनमा रहेका छन् । नगरपालिका स्तरमा बाल, महिला, आदिवासी, जनजाति तथा अपाङ्ग सञ्जाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरूपमा गठन हुने गरेका छन् ।

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । नगरपालिकामा ०—१४ वर्ष उमेर समूहका करिब २२.७ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५—24 उमेर समुहका १९ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब 4.९ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तैगरी, करिब 2.४ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ)राष्ट्रिय जनगणना। (२०७८ ,

५.४.२ समस्या तथा चुनौती

लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न

वर्गको सामाजिक तथा आर्थिक अवस्थामा अपेक्षाकृत सुधारहरू हुन सकेको छैन । महिला र पुरुष बीचको समान ज्यालाको सुनिश्चितताको अभाव रहेको छ । वाल विवाह, लैङ्गिक हिंसा, दलित तथा विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकारवालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । बस्ती स्तरमा छुवाछूत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन ।

सबै लक्षित वर्गको संजालहरू गठन भएतापनि क्रियाशिल हुन सकेको छैन । लक्षित वर्गको आर्थिक तथा वैयक्तिक क्षमता अभिवृद्धिको दिगो समाधानका लागि ठोस कार्यक्रमको अभाव रहेको छ ।

५.४.३ सम्भावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके तानसेनले समतामूलकसमृद्ध , नगरपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिक मैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशिल भई सङ्गठित हुनु आदि अवसरका रूपमा रहेका छन् ।

५.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मान पूर्ण जीवन यापन गर्न सक्ने अवस्था प्रत्याभूति गर्ने ।

उद्देश्य

1. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।
2. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।
3. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु।
4. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।
5. दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलप्रवाहीकरण गर्नु।

रणनीति तथा कार्यनीति

तालिका ५०महिला :, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: महिलाको हकअधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।-	
१:१. नगरपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने ।	१. नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता कायम गर्न प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ । २. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ।
१ :२.लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने ।	१. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ । २. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै नगरपालिकामा राहत कोषको सञ्चालन गरिनेछ।
उद्देश्य २ :बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।	
:2.1विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने ।	१. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। २. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ । ३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । ४. बाल विवाह न्यूनीकरणका लागि उचित कदम चालिनेछ ।
2.२ :बालबालिकाको सहभागिता वृद्धि गर्ने ।	१. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ । २. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ । ३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ ।
२:३. बाल मैत्री वातावरणको विकास गर्ने ।	१. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ । २. बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री नगरपालिका घोषणा गरिनेछ ।
उद्देश्य ३ :ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।	
3.१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।	१. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ । २. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ ।
३:२. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने ।	१. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ ।
:3.3 ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि	१. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।

गर्ने ।	२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ ।
उद्देश्य ४अपाङ्गता भएका व्यक्तिका लाग :ि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत जीवन यापनमा सहजता तथा आत्म सम्मान प्रदान गर्नु ।	
:4.1अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने ।	१. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्ग मैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ । २. शिक्षण सिकाइ पद्धति अपाङ्ग मैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ । ३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ ।
:4.2 अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने ।	१. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । २. अपाङ्गता भएका व्यक्तिको सहभागिता वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
उद्देश्य ५ :दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलप्रवाहीकरण गर्नु ।	
५ :१.दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चितता गर्ने ।	१. नगरपालिकामा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सिमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ । २. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ । ३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामूलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ ।

५.४.५ कार्यक्रम तथा आयोजना

तालिका ,महिला :, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**लक्षित वर्ग आत्मनिर्भर कार्यक्रम**											
	उपमेयरसंग दिदीबहिनी कार्यक्रम	एकमुष्ठ		२०	२०	२०	२०	२०	१००	५	१	३
	स्वरोजगार तालिम सञ्चालन वाखापालन), बंगुर पालन कुखुरा पालन, तरकारी खेती, फलफुल खेती, हस्तकला, पर्यटन व्यवसाय तालिम(	सङ्ख्या		५	५	५	५	५	२५	५	१	३
	एकल महिला स्वरोजगार कार्यक्रम	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	५	१	३
	महिलाको सामाजिक र राजनितिक सहभागिता सुनिश्चितका लागि शसक्तिकरणका कार्यक्रम	एकमुष्ठ		५	५	५	५	५	२५	५	१	३
	प्ररम्परागत सीप हस्तान्तरण कार्यक्रम फलाम छाला कपडा सारङ्गी तथा अन्य बाजा	एकमुष्ठ		५	५	५	५	५	२५	५	१	३
	वडा नं १३ का बोटे बस्तीका लागि विशेष कार्यक्रम	एकमुष्ठ		५	५	५	५	५	२५	५	१	३
२	**लक्षित वर्ग क्षमता विकास**								०			
	लैसासस सम्वन्धि अभिमुखिकरण तथा परिक्षण	पटक		३	३	३	३	३	१५	५	१	३
	महिला तथा वालबालिका शाखाको क्षमता अभिवृद्धि	सङ्ख्या		२	२	२	२	२	१०	५	१	३
	लक्षित वर्ग स्वास्थ्य पोषण कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	५	१	३

	छोरी शिक्षा कार्यक्रम	जना	१५	५	५	५	५	५	२५	५	१	२३
	दलित लक्षित कार्यक्रम नेतृत्व तथा क्षमता विकास कार्यक्रम	सङ्ख्या		३	३	३	३	३	१५	५	१	२३
	स्थानीय सामाजिक संघसंस्थासंग परामर्श तथा समन्वय गरी आवश्यक कार्यक्रम	सङ्ख्या		२	२	२	२	२	१०	५	१	२३
	दलित स्वास्थ विमा सहयोग कार्यक्रम	सङ्ख्या		५	५	५	५	५	२५	५	१	२३
	लक्षित वर्ग सञ्जाल पालिका तथा वडा तहमा गठन तथा परिचालन महिला), अपांग, जेष्ठ नागरीक, वाल सञ्जाल (	सङ्ख्या		२	२	२	२	२	१०	५	१	२३
	सचेतनामुलक तालिम सञ्चालन	पटक		२	२	२	२	२	१०	५	१	२३
	सञ्जाल क्षमता विकास कार्यक्रम	पटक		१	१	१	१	१	५	५	१	२३
३	**जेष्ठनागरिक**											
	जेष्ठ नागरिक न्यानो सितल घर निर्माण	सङ्ख्या		३०	३०	३०	५०	५०	१९०	५	१	२३
	जेष्ठ नागरिक सम्मान	सङ्ख्या		३	३	३	३	३	१५	५	१	२३
४	**बालबालिका**										१	
	एक वडा एक बाल उद्यान निर्माण	सङ्ख्या	१४	२०	४०	४०	५०	५०	२००	५	१	२३
	वालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा घोषणा कार्यक्रम	सङ्ख्या		५	५	५	५	५	२५	५	१	२३
५	**सामाजिक विकृति निरूपण कार्यक्रम**								०			
	बाल अधिकार तथा महिला अधिकार सम्बन्धमा संजालहरूलाई तालिम	पटक		३	३	३	३	३	१५	५	१	२३
	महिला हिंसा, छुवाछुत,बाल विवाह र बालश्रम विरुद्ध वडास्तरमा अन्तरकृया तथा सडक नाटक	पटक		२	२	२	२	२	१०	५	१	२३

	र होर्डिङ्ग बोर्ड स्थापना											
	महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध एक हप्ते अभियान सञ्चालन	पटक		१	१	१	१	१	५	५	१	३
	घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान	एकमुष्ठ		१	१	१	१	१	५	५	१	३
	अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम, (अपांङ्गमैत्री भवन, शाैचालय तथा स्वास्थ तथा खेलकुद कार्यक्रम(			५	५	५	५	५	२५	५	१	३
६	**असहाय तथा हिंसा पिडित उद्दार कोष स्थापना**											
	नगरस्तरीय असहाय तथा हिंसा पिडित उद्दार कोष स्थापना	पटक		२	२	२	२	२	१०	५	१	३
	हिंसामा परेका महिला तथा बालबालिकालाइ सुरक्षित आवास गृहको व्यवस्था	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	५	१	३
७	**सेवा आयोग परिक्षा तयारी सहयोग**											
	लोक सेवा आयोग तथा सुरक्षा निकाय परीक्षा तयारी सञ्चालन	पटक		३	३	३	३	३	१५	५	१	३
	शिक्षक सेवा आयोग परिक्षा तयारी सञ्चालन	पटक		२	२	२	२	२	१०	५	१	३
	दलित युवा तथा महिलाको लागि आयआर्जन कार्यक्रम	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	५	१	३
८	**सालवसाली कार्यक्रम**	पटक		१०	१०	१०	१०	१०	५०	५	१	३
	महिला, बालबालिका तथा लक्षित वर्गको जम्मा बजेट			१८४	२०४	२०४	२३४	२३४	१०६०			

५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५२महिला :, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्टयाँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
महिला साक्षरता दर	प्रतिशत	८४.४	८५	८६	८७	८९	९०	९०	सम्वन्धित शाखा	
सम्पत्ति माथिको स्वामित्व भएका महिला	प्रतिशत	१४.१	१४.५	१५	१६	१७	१८	१८		
अन्तरपाटी महिला संजाल	सङ्ख्या	१	१	१	१	१	१	१		
महिला सहकारी संस्था	सङ्ख्या	१	१	१	१	१	१	१		
वहुविवाह दर	प्रतिशत	०.०१	०	०	०	०	०	०		
हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनस्थापना केन्द्र	सङ्ख्या	१	१	१	१	१	१	१		
बाल विवाह कूल जन)सङ्ख्याको(	प्रतिशत	१	०.५	०	०	०	०	०		
वडास्तरीय बालसंजाल, समूह, क्लव गठन	सङ्ख्या	१	१४	१४	१४	१४	१४	१४		
क्रियाशील अपाङ्गत क्लव	सङ्ख्या	५	५	५	५	५	५	५		
सामाजिक सुरक्षावाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	१००२.	१०.०२	१०.०२	१०.०२	१०.०२	१०.०२	१०.०२		
लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना कूल वार्षिक) (घटनाको	प्रतिशत	०.०१	०.०१	०	०	०	०	०		

५.५ युवा तथा खेलकुद

५.५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार युवाहरूको व्यक्तित्व विकास गर्ने र राज्यका सर्वाङ्गीण विकासमा युवाहरूलाई उपयुक्त अवसरहरू प्रदान गर्ने नीति अवलम्बन गरेको छ । राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने, राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरूमा विशेष अवसर प्रदान गर्ने नीति पनि राज्यले ग्रहण गरेको छ । त्यसैगरी खेलकुद मार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने, खेलकुद र खेलाडीमा योजनाबद्ध लगानी गर्ने, खेलकुदलाई राष्ट्रिय एकता रूपमा सदृढ गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने नीति पनि राज्यवाट अवलम्बन भएको छ भने स्थानीय स्तरका खेलकुदका पूर्वाधार निर्माण गर्ने, सञ्चालन, विकास एवं प्रर्वद्धन गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

यस नगरपालिकाको कूल जनसङ्ख्याको ४३.२८ प्रतिशत युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब 1.5 प्रतिशत रोजगारीका लागि विदेशिएको देखिन्छ । युवा क्लब गठन गरी नगरपालिकास्तरीय सञ्जाल निर्माण भएको छ र हाल वटा 25 युवा क्लब तथा सञ्जालहरू सक्रियरूपमा क्रियाशील रहेका छन् । तानसेन नगरपालिकामा वडास्तरमा ८ वटा खेल मैदान रहेका छन् भने प्रदेश स्तरीय ४ र राष्ट्रिय स्तरको २ जना व्यावसायिक खेलाडीहरू रहेका र उनीहरूले विभिन्न मेडल तथा पुरस्कार प्राप्त गरेका छन् । नगरमा नगरस्तरीय मेयर कप खेलकुदका प्रतियोगिताहरू आयोजना हुने गरेको छ । युवाहरूको कुल बेरोजगारीता करिब 5.७ प्रतिशत रहेको छ । करिब १४.७ प्रतिशत युवाहरूको उद्योग, व्यापार व्यवसायमा आवद्धता रहेको छ ।

५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु ,बजारको माग र आपूर्तिका आधारमा रोजगारी सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु ,युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नु, खेलकूद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, नगरपालिकामा भएका खेलकूद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकूद क्लबहरू वैधानिक रूपमा सञ्चालन गर्न नसक्नु ,भवन र पूर्वाधार नहुनु क्लबहरूको आफ्नै ,खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, खेलकूद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकूदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु ,खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकूदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावना जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार आधारशिला -निर्माण गर्नु तथा समुदायदेखि नै खेलकूदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकूद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

५.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले सक्रिय करिब दुई तिहाइ-जनसङ्ख्यालाई नगरपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी नगरपालिका विकासमा ठूलो फड्को मार्ने सम्भावना देखिन्छ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकूद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकूदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रूपमा रहेका छन्।

५.५.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

सीप विकास, स्वरोजगारी र खेलकूदको माध्यमबाट युवाहरूमा सिर्जनशीलता र उद्यमशीलता विकास गर्नु।

उद्देश्य

1. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
2. खेलकूद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

रणनीति तथा कार्यनीति

तालिका ५३युवा तथा खेलकूदका रणनीति तथा कार्यनीतिहरू :

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।	
1.१ :विकासमा युवा सहभागिता बढाउने ।	१. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

	२. नगरपालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमनमूल्याङ्कनमा युवा - सहभागिता वृद्धि गरिनेछ ।
:1.2युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने ।	१. रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ। २. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहनअनुदान र , सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।
:1.3युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने ।	१. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ। २. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ। ३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ ।
:1.4 युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने ।	१. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिने युवाहरूलाई प्रोत्साहित गरिनेछ । २. विकास वा खेलकूद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ । ३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवार बनाइनेछ । ४. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ । ५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ। ६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वडामा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्र स्थापना गरिनेछ।
उद्देश्य २ :खेलकूद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।	
2.१ :खेलकूदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने।	१. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ। २. सार्वजनिक निजी साझेदारीमा खेलकूद पूर्वाधार स्तरोन्नती र सुदृढ गरिनेछ। ३. प्रत्येक वाडमा कभर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिने छ।
:2.2 खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकूद विकास गर्ने ।	१. खेलकूद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहयोग र सहकार्य गरिनेछ । २. खेलकूद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी ,विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ।
:2.3योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकूद विकास	१. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ । २. प्रत्येक वाडमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।

गर्ने।	३. मनोरञ्जनात्मक तथा संस्कृति जन्य खेललाई प्रोत्साहन गरिनेछ । ४. लोपोन्मुख रैथाने)Indigenous (खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।
:2.4प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने ।	१. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ । २. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान , विकाससम्मान तथा प्रोत्साहन , गरिनेछ । ३. विद्यालय तथा नगरपालिका तहमा खेलकूद पूर्वाधारको विकास गरी खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ । ४. खेलकूदमा युवाहरूको सहभागिता वृद्धिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५.५.५ कार्यक्रम तथा आयोजना

तालिका ५५ युवा तथा :खेलकूदका कार्यक्रम तथा आयोजना

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**युवा स्वरोजगार कार्यक्रम**											
	मेयरसंग यूवा युवा लक्षित उद्यमशिलता तालिम ड्राइभिङ्ग), मोवाइल मर्मत, काष्ठजन्य सामाग्री, तामा, ढाका, जडिवुटि प्रशोधन लगायतका(	एकमुस्ट		३०	५०	५०	५०	८०	२५०	८	२	३
२	**खेलकुदपूर्वाधार विकास कार्यक्रम तथा सामुदायिक भवन भौतिक पुर्वाधार विकास कार्यक्रम**											
	एक वडा एक खेल मैदान, तार वार र भौतिक पूर्वाधार व्यवस्थापन	सङ्ख्या		५०	१००	१००	१००	१००	४५०	८	२	२
	वहुउद्धेशिय कवर्ड हल निर्माण	पटक		५०	५०	५०	५०	१००	३००	८	२	२
३	**खेलकुद तथा खेलाडी प्रोत्साहन कार्यक्रम**											
	तालिम प्राप्त खेल शिक्षक व्यवस्थापन १५ दिने खेल प्रशिक्षण	जना	१८	१०	१०	१०	१०	१०	५०	३	२	३
	राष्ट्रपति रनिङशिल्ड खेलकुदमा भाग लिने विद्यालयहरूलाइ बजेट व्यवस्थापन	सङ्ख्या		४	४	४	४	४	४०	३	२	३
	युवा क्लब क्षमता विकास तथा सजाल विस्तार	सङ्ख्या		५	५	५	५	५	२५	१६	२	३
	वार्षिक रूपमा पालिकास्तरीय खेल आयोजना र खेलाडी सम्मान तथा पुरस्कार	पटक		५	५	५	५	५	२५	८	१	३
	क्रिकेट, फुटवल र भलिवल प्रशिक्षण कार्यक्रम	पटक		५	५	५	५	५	२५	३	१	३
४	**सालबसाली कार्यक्रम**											
	युवा तथा खेलकुद विकास सम्बन्धी नियमित कार्यक्रम	पटक		१०	१०	१०	१०	१०	५०	३	२	३

	लागु औषध तथा प्रजनन स्वास्थ्य सम्वन्धी वडा स्तरमा तालिम व्यवस्थापन			5	5	5	5	5	25	३	१	३
	युवा तथा खेलकुदको जम्मा			178	238	248	248	328	1240			

५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका 45 युवा तथा खेलकूदका कार्यक्रम :तथा आयोजना

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य आर्थिक वर्ष र) (कुल					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
युवाहरूको कूल वेरोजगारीता	प्रतिशत	5.7	5.6	5.4	5	4.3	4	4	सम्वन्धित शाखा	
आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा	सङ्ख्या	३५	40	60	100	300	500	500		
आयमूलक व्यवसायिक सीप विकास तालिमवाट रोजगार तथा स्वरोजगार युवा	सङ्ख्या	७३	100	200	300	400	500	500		
उद्योग, व्यापार व्यवसायमा युवाहरूको आवद्धता	प्रतिशत	14.7	15	16	17	18	20	20		
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवाहरू	सङ्ख्या	४०	50	60	70	75	80	80		
स्थानीय तहको संरचनामा युवाहरूको संलग्नता	प्रतिशत	१४	15	20	25	30	30	30		
युवा क्लव, संजाल तथा संस्था	सङ्ख्या	४०	40	40	40	40	40	40		
योग प्रशिक्षण केन्द्र	सङ्ख्या		१	१	१	१	१	१		
कवर्डहल	सङ्ख्या	२	२	२	३	३	३	३		
खेलकुद मैदान	सङ्ख्या	३६	36	37	40	42	44	44		
पालिका स्तरीय खेलकुद प्रतियोगिता	सङ्ख्या	१	1	1	1	1	1	1		
प्रदेश तथा राष्टिय स्तरको खेलाडी	सङ्ख्या	६	६	७	९	१०	१२	१२		

५.६ भाषा, साहित्य र संस्कृति

५.६.१ पृष्ठभूमि

तानसेन नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभीन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

मगर जातिको बाहुल्य रहेको तानसेन नगरपालिका जनसाङ्ख्यिक समिश्रणको आधारमा बहुजातीय, बहुधार्मिक समावेशी नगरमा बोलिने मातृभाषाहरू मध्ये ७८.३ प्रतिशतले नेपाली, १५.५ प्रतिशतले मगर, ३.९ प्रतिशतले नेपाल भाषा नेवारी बोल्ने गर्दछन् । यस नगरपालिकामा मुख्य जाति समूहको रूपमा मगर, ब्राम्हण पहाड, क्षेत्री, विश्वकर्मा, नेवा नेवार, मिजार, परियार, कुमाल, ठकुरी, मुसलमान आदि रहेका छन् ।

काठमाण्डौं र ललितपुर पछि नेपालको तेस्रो पूरानो नगरपालिका तानसेनमा पौराणिक, धार्मिक र सांस्कृतिक महत्वका प्रशस्त सम्पदा अवस्थित छन् । यी तथ्य अन्तर्राष्ट्रिय पर्यटन पुस्तक पुस्तिका साथै संसार प्रसिद्ध Lonely Planet, Rough Guides मा उल्लेख गरेको पाइन्छ । यी तथ्य १९९८ ई.सं. देखि नै प्रकाशमा आइरहेका छन् । यो क्षेत्र ब्रिटिश साम्राज्यलाई पराजित गरेको स्थान र प्रमुख प्रशासकीय केन्द्रको रूपमा ब्याख्या भएको छ । त्यस दौरान बिजयको प्रतीकको रूपमा बनाइएको २०० वर्ष पूरानो भगवती मन्दिर अहिले पनि अवस्थित छ । जसलाई यस क्षेत्रका जनताले अत्यन्त श्रद्धाका साथ पूजा अर्चना गर्दछन ।

तानसेन नगरमा अवस्थित अमरनारायण मन्दिर पूरानो काष्ठकलाको नमूनाको रूपमा देख्न सकिन्छ । नेपाल लगायत अन्य मूलुकबाट पनि यहाँको काष्ठकला अवलोकन गर्न कलाबिदहरूको आगमन हुने गर्दछ । यस मन्दिरलाई विष्णु धामसँग पनि जोडिएको छ । रिब्दीकोटमा रहेको र तानसेनको निकट सिमानामा अवस्थित पाल्पा भैरब मन्दिर निकै प्रसिद्ध छ । यस मन्दिरमा खासगरी पाल्पा लगाएत छिमेकी जिल्ला गुल्मी, स्याङ्जा, रूपन्देहीका भक्तजनहरूको भीड लाग्ने गर्दछ ।

तानसेनको ऋषिकेशव मन्दिरले विशिष्ट बिशेषता बोकेको छ । यो मन्दिरमा रहेको ऋषिकेशवको मूर्ति सिङ्गो एउटा शालिग्रामबाट बनेको छ जुन संसार भरिमा एकमात्र रहेको छ । ऋषिकेशवको मन्दिर अवस्थित ठाउँ पवित्र 'रुरु क्षेत्र' हो । कालीगण्डकी र रिडी खोलाको संगमस्थल रुरु क्षेत्रको सांस्कृतिक र धार्मिक महिमा ठूलो छ । यहाँ हरेक बर्ष माघे सक्रान्तिको दिन ३ दिनसम्म भव्य मेला लाग्ने गर्दछ र भारतबाट समेत तीर्थालुहरू आउने गर्दछन् । यसका अतिरिक्त तानसेन वरिपरि १०० भन्दा बढी मठ मन्दिरहरू अवस्थित छन् ।

तानसेन नगरको पूर्व घोरबन्दा क्षेत्र कुमाल वस्ति रहिआएको र यो जातिले माटाका विभिन्न भाँडाकुँडा बनाउने समेत गरेको सन्दर्भमा यस गाउँलाई कुमाल संस्कृति को जीवन्त गाउँको रूपमा विकास गर्न सकिने देखिन्छ । साथै तानसेन टक्सारटोललाई नेवारी संस्कृतिको संरक्षण र सम्बद्र्धन गर्न एक जिउँदो थलोको रूपमा विकास गरे नगरको सांस्कृतिक पक्षको विकासमा टेवा पुग्ने छ । गुफाचौरमा निर्माण भैरहेको गणेश धाम प्रभास क्षेत्रमा अवस्थित कमल पोखरी, सूर्यकुण्ड, बंशगोपाल मन्दिर, महादेवस्थान लगायतका क्षेत्रहरूले पनि तानसेनको सास्कृतिक पक्षको महत्व निकै रहेको देखिन्छ ।

बुद्धको जन्मस्थल लुम्बिनीको निकटता एवं स्वर्गीय भिक्षु अमृतानन्द जस्ता बौद्ध धर्मका प्रवद्धकहरूको जन्मथलो रहेको तानसेन नगर बुद्ध धर्म र संस्कृतिको बासस्थान समेत रहेको परिप्रेक्षमा यो सम्बन्धलाई अझ परिस्कृत बनाउन श्रीनगर डाँडामा चारैतिरबाट देखिने गरी बुद्धको ठूलो मूर्ति स्थापना गरी यस सम्बन्धमा तयार गरिएको गुरुयोजना मुताबिकका कार्यक्रमहरू क्रमशः कार्यान्वयन गरी एक आकर्षक धार्मिक पर्यटकीय स्थलको रूपमा विकास हुने देखिन्छ ।

५.६.२ समस्या तथा चुनौती

प्राचीन तथा मौलिक कला र जातीय संस्कृतिको जगेर्ना हुन नसकेका कारण बाह्य संस्कृतिको प्रभाव र अतिक्रमणले परम्परागत चाडपर्वहरूले आफ्नो मौलिकता क्रमशः गुमाउदै गएको अवस्था छ । ऐतिहासिक मठ मन्दिरहरूको संरक्षण नहुनु, कलाकर्मीहरूको उचित सम्मान तथा संरक्षणमा कमी र ऐतिहासिक सम्पदा तथा पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू र धार्मिक मठ मन्दिरहरूको उचित संरक्षण र सम्वर्धन हुन नसक्नु पनि समस्याको रूपमा देखिन्छ ।विभिन्न जातजातिहरूको मातृभाषा लोप हुने खतरा देखिन्छ ।

लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्धन गरी विभिन्न भाषा, कला, संस्कृति र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु पर्ने देखिन्छ । अन्तरपुस्ता ज्ञान हस्तान्तरण कायम राख्नु, सांस्कृतिक सम्पदाहरूको अनुसन्धानमा विस्तार गर्नु, साँस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धानको साथै संरक्षणको कार्य गर्नु पनि उत्तिकै चुनौतीपूर्ण देखिएका छन् । नगरक्षेत्र भित्रका प्राचिन पुरातात्विक तथा सांस्कृतिक सम्पदाको प्रचारप्रसार, खोजी तथा अभिलेखिकरण गर्नु जस्ता विषयहरूमा स्थानीयहरूको कम चासो देखिन्छ ।

५.६.३ अवसर तथा सम्भावनाहरू

विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गरी पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्द्धन र पुननिर्माणको माध्यमबाट धार्मिक पर्यटन प्रवर्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुर्याउन सकिन्छ । संस्कृति संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोडेर नगरको धार्मिक पर्यटन तथा आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याउन सकिन्छ ।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय सरकारको कार्य दायरामा आउने , जातीय संस्कृतिको संरक्षणमा समुदायकोसक्रियता बढ्नेसांस्कृतिक एवम् धार्मिक विविधताका बीच , सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् ।

५.६.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू

लक्ष्य

स्थानीय कला भाषा साहित्यका साथै धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने।

उद्देश्य

१. भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण र विकास गर्नु ।
२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्वका सम्पदाहरूको संरक्षण, सम्वद्र्धन गर्नु ।

रणनीति र कार्यनीति

तालिका ४६ :भाषा, साहित्य र संस्कृति का रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण र विकास गर्नु ।	
१.१ स्थानीय कला, भाषा एवम संस्कृतिको संरक्षण र विकास गर्ने ।	१. भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गरिनेछ। २. भाषा, कला, साहित्य र संस्कृति क्षेत्रका प्रतिष्ठानहरूको स्थापना गरी क्रियाशील बनाइनेछ । ३. मगर, नेवार, कुमाल लगायत अन्य जातजातिहरूको भाषा, साहित्य, कला र संस्कृतिको विकास एवं सम्वद्र्धन गरिने छ । ४. प्रमुख जनजातिहरूको भाषा, लिपि र संस्कृतिको खोज, अनुसन्धान र प्रकाशनका साथै समय समयमा जात्रा, महोत्सव आदिको आयोजना गरिनेछ । ५. नगरक्षेत्रको सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, संरक्षण, सम्वद्र्धन गरिनेछ । ६. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासका लागि प्रचार प्रसार, उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको उचित सम्मान र उनीहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । ७. तानसेन नगर क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक सम्पदाहरू जस्तै ऋषिकेश मन्दिर, रणउजिरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर, रानीमहल, भैरवस्थान मन्दिर आदिको संरक्षण र विकासका लागि आवश्यक पहल गरिनेछ ।
उद्देश्य २ विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।	
५.१ :सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने ।	१. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ । २. भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट भौतिक संरचनाहरूको नामकरण गरिनेछ।
५.२ :भाषा, कला र साहित्य, बहु संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने ।	१. सबै जात जातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि बहु सांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ । २. भाषा, साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्वर्द्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन तथा सञ्चालन गरिनेछ । ३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ । ४. प्रतिष्ठानद्वारा गायन, सङ्गीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैर

	व्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ । विभिन्न धार्मिक सम्पदा एवम् तीर्थ स्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ ।
५.३ :भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने ।	1. विभिन्न जात जाती र भाषा भाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ । भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ।
५.४ :बहु सांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन मापदण्ड बनाई कार्यान्वयन गर्ने।	1. बहु सास्कृतिक संग्रहालय स्थापना र संचालनमा एकरूपता ल्याउन मापदण्ड बनाइनेछ । 2. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहु सांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ । 3. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ। संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ।
५.५ :पूरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संबर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने।	१. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ। २. लोपोन्मुख एवं अन्य सबै प्रकारका कला, भाषा र संस्कृतिहरू झल्कने गरी उपयुक्त स्थानमा एकीकृत सङ्ग्रहालय निर्माण गरिने छ । सङ्ग्रहालयको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायसंग सहकार्य गरिने छ । ३. स्थानीय भेषभुषा, रितिरिवाज, परम्परा, जात्रापर्व, पञ्चेवाजा आदिको संरक्षण गरिने छ । ४. लोकभाषा, कला, संस्कृतिहरूको संरक्षण गर्दै पुस्तान्तरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ । ५. स्थानीय समुदायसंग सहकार्य गरी हरेक वर्ष साँस्कृतिक मेला तथा प्रदर्शनी आयोजना गरिने छ । ६. सम्पदाहरू सबैको अभिलेखीकरण गरी पाश्र्वचित्र तयार पारिने छ । ७. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ८. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने सङ्ग संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ।

५.६.५ कार्यक्रम तथा आयोजना

तालिका ५७युवा तथा खेलकूदका कार्यक्रम तथा आयोजना :

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	लोपोन्मुख अवस्थामा रहेका कलात्मक घर कष्ठकलाले सजिएको कुडुले घरहरूको संरक्षण	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	११	२	३
२	भाषा र संस्कृतिको संरक्षण तथा दोस्रो पुस्तालाइ हस्तान्तरण	सङ्ख्या		५	५	५	५	५	२५	११	२	३
३	स्थानीय कला, संस्कृतिको प्रर्दशन तथा प्रचार प्रसार	सङ्ख्या		५	५	५	५	५	२५	११	२	३
४	यूनेस्कोमा सूचिकृतका लागि संघ प्रदेश लगायतसंग आवश्यक पहल तथा समन्वय	सङ्ख्या		२	३				५	११	२	३
५	भाषा बाजा रितिरिवाजको कक्षा सचालन	सङ्ख्या		२	२	२	२	२	१०	११	२	३
६	स्थानीय कला, संस्कृति झल्किने संग्राहलय निर्माण	सङ्ख्या			१००	१५०			२५०	११	२	३
७	अर्चले शिवालय, बटुक भैरव, कोकलदेवी, माण्डव्य ऋषि, बालकन्या, वंश गोपाल र प्रर्भास सूयकुण्ड, मणी मुकुन्देश्वर, महादेव मन्दिर लगायतका सम्पदाहरूको संरक्षण	सङ्ख्या		२०	२०	२०	२०	२०	१००	११	२	३
भाषा, कला, सहित्य तथा सस्कृतिको जम्मा				४४	१४५	१९२	४२	४२	४६५			

५.६.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४४ :भाषा, साहित्य र संस्कृतिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कला, भाषा, साहित्य र संस्कृति										
कला, भाषा, संस्कृति र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा	सङ्ख्या	५	५	५	५	५	५	५	सम्वन्धित शाखा	
संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार	सङ्ख्या	५	५	५	५	५	५	५		
स्थानीय लोपन्मुख भाषाहरू	सङ्ख्या	२	२	२	२	२	२	२		
वोलीचालीका स्थानीय भाषाहरू	सङ्ख्या	५	५	५	५	५	५	५		
स्थानीय भाषा, कला, संस्कृति झल्किने कला केन्द्र		४	४	४	४	४	४	४		
स्थानीय भाषा, कला, संस्कृति झल्किने म्युजियम	सङ्ख्या	२	२	२	२	२	२	२		
स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रूपमा अवलम्बन गर्ने व्यक्ति	सङ्ख्या	१३	१५	१७	२०	२२	२५	२५		
स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धान	सङ्ख्या	१०	१०	१२	१३	१४	१५	१५		
स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन	सङ्ख्या	१	१	१	१	१	१	१		

परिच्छेद ६: पूर्वाधार विकास क्षेत्र

६.१ आवास, भवन, वस्ति तथा सार्वजनिक निर्माण

६.१.१ पृष्ठभूमि

संविधानत, आवासलाई मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने, योजनावद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अंगिकार गरेको छ भने पन्ध्रौ राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तरदेशीय अन्तर आवद्धता वृद्धि गर्ने र दिगो शहरी तथा वस्ती विकास गर्नेलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अंगिकार गरेको छ । राष्ट्रिय योजनामा आधुनिक, दिगो, व्यवस्थित शहर, आवास र वस्ती विकासलाई रुपान्तरणका प्रमुख सम्वाहकको रूपमा ग्रहण गरिएको छ भने वढ्दो शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशिल, एवं साँस्कृतिक तथा पुरातात्विक महत्व कायम हुने गरी सुरम्य शहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशिलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन शहर, नयाँ शहर र शहरी कोरिडरको व्यवस्थित ढङ्गवाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित वसोवास व्यवस्थापन गर्ने, व्यवस्थित वस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, संघ र प्रदेशको मापदण्डको अधिनमा रही एकीकृत वस्ती विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नगरपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड लागू गरेता पनि कार्यान्वयन गर्न सकेको देखिँदैन । हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी गरिनु पर्दछ । नगरपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणको लागि आवश्यक स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेको छ । आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था तथा बसोबासको लागि उपयुक्त हावापानी रहेको छ । व्यवस्थित बस्ती विकासको लागि नगरपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । नगरपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूको लागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने देखिन्छ । यस नगरपालिका सांस्कृतिक तथा ऐतिहासिक नगरका रूपमा परिचित नगरपालिका भएकोले निजि तथा सार्वजनिक आवासमा तानसेनको मौलिकता झल्काउने दायित्व पनि रहेको छ ।

तानसेन नगरपालिकामा ६८.०६ प्रतिशत मानिस आफ्नै घरमा बसोबास गरिरहेका छन् भने २९.८७ प्रतिशत मानिस भाडाको घरमा बस्ने गरेकोमा १.५ प्रतिशत संस्थागत संरचनामा बस्ने गरेको देखिन्छ । नगरका कुल घरहरू मध्ये करिब ६५.७७ प्रतिशत घरहरू आवसीय प्रयोजनका लागि र ३.७२ प्रतिशत घरहरू व्यापारीक प्रयोजनका लागि प्रयोग भएको देखिन्छ । नगरका करिब २८.७ प्रतिशत घरहरू भुकम्प प्रतिरोधी निर्माण भएका छन् (२०७८ ,राष्ट्रिय जनगणना)।

६.१.२ समस्या तथा चुनौती

नगरपालिका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालन नहुनु जस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा व्यवस्थित ढल, विश्राम स्थल एवं बस प्रतिक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा कार्यालयको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको व्यवस्थापन प्रयाप्त मात्रामा निर्माण हुन नसकेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति नगरपालिकामा क्रियाशिल नहुनाले पनि निजी आवासहरू सुरक्षित नहुन सक्ने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको वर्षायामको भलपानी र पहिरो पनि बसोबासका हिसाबले समस्याको रूपमा रहेको देखिन्छ ।

भिरालो जमिन, खोलानाला किनारमा वस्तिहरू रहेका, छरिएर रहेको वस्ति, स्थानीय कला संस्कृति झल्किने घरहरूमा बसोबास गर्ने परिवारहरू बसाई सराई गर्ने प्रवृति बढ्दै गएको छ, विना नक्सा र विना प्राविधिक स्टिमेटका आधारमा समेत घरहरू बनेका, पूराना घरहरू भएका कारण भूकम्पको जोखिम रहेको, वस्तिहरू नदी कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण मापदण्डअनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रूपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकता अनुसार हुन नसकेको, वस्तिहरू बीचको दूरी टाढा रहेको यस नगरपालिकाको विकासका लागि निकै चुनौती पूर्ण देखिन्छ ।

६.१.३ सम्भावना तथा अवसर

भवन मापदण्ड तथा आचार संहिता तयारी तथा अद्यावधि रहेको, सार्वजनिक निजी साझेदारी (सानिसा) कानूनहरू विद्यमान रहनु, संघ, प्रदेश संग विभिन्न कार्यक्रममा साझेदारी गरिएको, परियोजना बैंकको थालनी, जग्गा विकास तथा ल्याडपुलिङका लागि उपयुक्त क्षेत्रको खोजी गरी नयाँ तानसेन विकास गर्न सकिने सम्भावना पनि उत्तिकै रहेको छ । नगरपालिका क्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसरहरू छ। केही प्रमुख सम्पदास्थलहरूको गुरुयोजना तथा डिपीआर तयार (ऋषिकेश, रानीमहल, श्रीनगर बिग बुद्ध) हुनु, विभिन्न विकास साझेदारसँग सहकार्य (विश्व बैंक, एशियाली विकास बैंक, युके एड, इयु, सिटीनेट, सिद्धार्थ करिडोर: १५ पालिका) रहनु, नगरपालिकामा छुट्टै नक्शा शाखाको व्यवस्था, इवीपीएस प्रणाली लागु, विपद् प्रभावितहरूका लागि २५ घरधुरीलाई आवास निर्माणाधिन रहनु जस्ता कार्यले यस क्षेत्रको विकासमा थुप्रै सम्भावनाहरू जोडेको छ ।

पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त सहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी सहर बसाल्ने सम्भावना रहेको छ । नगरपालिकाले एकीकृत जग्गा विकास परियोजना ल्याडपुलिङ मार्फत

बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित वस्ति विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ ।

६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

सुरक्षित, व्यवस्थित आवास तथा वस्ती विकास विस्तार गर्दै साँस्कृतिक शहर निर्माण गर्ने ।

उद्देश्य

१. सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु ।
२. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो शहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।

रणनीति र कार्यनीति

तालिका ४७ आवास तथा बस्ती : विकासका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु ।	
१.१ सुरक्षित, व्यवस्थित एवं वातावरणमैत्री आवास तथा वस्ती बिकास गर्ने ।	१. भू उपयोगका आधारमा निजी क्षेत्रसंगको सहकार्य गर्दै एकीकृत आवास तथा वस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ । यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नीति तथा कानुनहरू निर्माण गरिने छ । २. आवास तथा वस्ती विकासको प्रवर्द्धनका लागि आवश्यक सबै प्रकारका शहरी पूर्वाधार सहित सुरक्षाको प्रवन्ध मिलाइने छ । ३. प्राकृतिक प्रकोप, संवेदनशील एवं असुरक्षित क्षेत्रमा वसोवास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित वस्ती विकास गरिनेछ । ४. वस्तीहरूमा ल्याण्ड पुलिङ कार्यक्रम सञ्चालन गरी व्यवस्थित रूपमा वस्ती विकास गरिने छ । (सम्भावित वडा ७,९,१४) ५. ग्रामीण वस्तीहरूमा सबैप्रकारका आधारभूत भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउदै संभाव्यताका आधारमा एकीकृत वस्ती विकास गरिने छ । ६. टक्सार, भिमसेन टोल, असन टोल र शितलपाटी क्षेत्रलाइ मध्यनजर राख्दै भवन निर्माण कार्यविधि तयारपारी लागु गरिनेछ। ७. सम्पूर्ण वडाहरूमा सामुदायिक पूस्तकालयको स्थापना र संचालन गरिनेछ (डिजीटल समेत) । हाल संचालनमा रहेका धवल पुस्तकालय वडा नं. २ र चण्डी सामुदायिक पुस्तकालय वडा नं. १ लाई विशष सहयोगको व्यवस्था मिलाइनेछ । ८. आरोग्य केन्द्र, योग शिवीर, जेष्ठ नागरिक हेरचाह केन्द्र, नीलसागर मानव सेवा आश्रम, वाल आश्रम, वाल मनोरन्जन केन्द्र जस्ता सार्वजनिक पूर्वाधारको निर्माणमा ध्यान दिइनेछ ।

१.२ जोखिम क्षेत्रमा वसोवास गर्ने तथा अतिविपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्ने ।	1. शारिरीक रूपमा पूर्ण अपाङ्गता भएका व्यक्ति, एकल, वेसहारा, असहाय ज्येष्ठ नागरिक आश्रय भवन तथा केन्द्रको व्यवस्था मिलाइने छ । 2. अतिविपन्न, सीमान्तकृत वर्ग तथा हिंसापीडित एकल महिलाहरूका लागि सुरक्षित आवासको व्यवस्था मिलाइने छ । 3. खुल्ला तथा सार्वजनिक स्थलहरूमा अनाधिकृत रूपमा वसोवास गर्ने सुकुम्वासीहरूका लागि सहुलियत दरमा सुरक्षित आवासको प्रवन्ध मिलाइने छ । 4. न्यून आय भएका, दैनिक ज्याला तथा मजदुरीवाट जीवन गुजारा गर्ने श्रमशक्तिहरूका लागि सामुदायिक भवनहरू निर्माण गर्दै सुरक्षित वसोवासको व्यवस्था मिलाइने छ । 5. शहर, वजार क्षेत्रमा अनाधिकृत रूपमा वसोवास गर्ने घरपरिवारको पहिचान तथा यथास्थिति सङ्कलन गर्दै आवास कार्यक्रममा आवद्ध गरिने छ ।
उद्देश्य २ वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो शहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।	
२.१ प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरू निर्माण गर्दै विपद् उत्थानशील वनाउने ।	1. सार्वजनिक एवं निजी भवनहरूलाई अनिवार्य रूपमा प्रकोप प्रतिरोधात्मक वनाइने छ । 2. राष्ट्रिय भवन संहितालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ । 3. नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचवुझ एवं निर्माण अनुमति जस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिने छ । 4. ईटा, माटोवाट वनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवं संरचनाहरूको प्रवलीकरण गर्न स्थानीयहरूलाई प्रोत्साहित गरिने छ। 5. सार्वजनिक भौतिक संरचनाहरू बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइने छ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइने छ ।
२.२ शहरीकरणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने ।	1. निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै शहरी पूर्वाधारहरू निर्माण एवं सञ्चालन गरिने छ । 2. नगरपालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइने छ । सभाहल निर्माण गर्दा वहुउद्देश्यीय लाभको सिद्धान्तलाई अंगिकार गरिने छ । 3. निजी तथा सहकारी क्षेत्रसंगको सहकार्यमा मुख्य मुख्य वजार क्षेत्रहरूमा वहुउद्देश्यीय व्यापारिक भवनहरू निर्माण गरी सञ्चालनमा ल्याइने छ । 4. सम्भाव्यता अध्ययनका आधारमा नगरपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा व्यवस्थित वसपार्कको निर्माण गरी सार्वजनिक–निजी साझेदारीको अवधारणामा सञ्चालन गरिने छ । 5. सार्वजनिक जग्गालाई संरक्षित एवं अतिक्रमण हुनवाट जोगाउदै लिज अवधारणामा खुल्ला क्षेत्रहरूमा खेलकुद मैदान, मनोरञ्जन पार्क, उद्यानहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

६.१.५ कार्यक्रम तथा आयोजना

तालिका ५०बस्ती :, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**व्यवस्थित नयाँ शहर निर्माणको लागि पूर्व सम्भाव्यता अध्ययन**			२०	२०	०	०	०	४०	११	२	३
	ल्याण्ड पुलिङ्ग कार्यक्रम	सङ्ख्या		५०	२०	४०	४०	४५	१९५	११	२	२
	खुल्ला क्षेत्र संरक्षण, पार्क निर्माण	सङ्ख्या		५०	१०	२०	३०	४०	१५०	११	२	२
	भू उपयोग योजना तर्जुमा	सङ्ख्या		३०	०	०	०	०	३०	११	२	२
	ढल व्यवस्थापन	एकमुष्ठ		५७	५०	८०	९०	९०	३६७	९	१	१
२	**अति गरिव, सुकुम्वासीका लागि आवास व्यवस्था**											
	सार्वजनिक भवन निर्माण भूमिहीन), सुकुम्वासी,अव्यवस्थित वसोवास गर्नेहरूका लागि(	सङ्ख्या		५०	३०	४०	४०	४५	२०५	९	२	२
३	**प्रकोप प्रतिरोधात्मक भवन, संरचना निर्माण**											
	भवन निर्माण संहिता कार्यान्वयन			१०	५	५	५	५	३०	११	२	३
	भवन प्रवलीकरण कार्यक्रम	एकमुष्ठ		२०	२०	३०	३५	४०	१४५	११	२	३
	भवन भूकम्प प्रतिरोधात्मक निरीक्षण	एकमुष्ठ		३०	२०	२०	२०	२०	११०	११	२	३
	भवन शाखा डिजिटाइजेशन तथा नक्सापास अनलाइन	एकमुष्ठ		३०	२	२	२	२	३८	११	३	३
४	**निजी तथा सहकारी क्षेत्रको लगानी प्रर्वद्धन**											
	वहुउद्देश्यीय व्यवसायिक भवन निर्माण साझेदारी	एकमुष्ठ		५०	४०	५०	५०	५०	२४०	९	२	२
	संयुक्त आवास भवन निर्माण साझेदारी	एकमुष्ठ		५०	५०	५०	५०	५५	२५५	९	२	२
	बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको जम्मा			४४७	२६७	३३७	३६२	३९२	१८०५			

६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५: बस्ती :, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
आफ्नै स्वामित्वमा घर भएको परिवार सङ्ख्या	प्रतिशत	६८.१	६९	७०	७१	७२	७५	७५	सम्बन्धित शाखा	
पक्की घर	प्रतिशत	५०.९	५१	५२	५४	५६	५८	५८		
भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरू	प्रतिशत	२८७.	२९	३०	३२	३४	३६	३६		
आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार	सङ्ख्या	५	७	९	११	१३	१४	१४		
सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र	सङ्ख्या									
व्यवस्थित वसपार्क तथा वस स्टेशन	सङ्ख्या	१	१	२	२	३	३	३		
सुविधा सम्पन्न खानेपानी), शौचालय, विजुली, संचार (सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल	सङ्ख्या	४२	४४	४६	४८	५०	५२	५४		

६.२ सडक, पुल तथा यातायात

६.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकुल वनाउने नीति राज्यले अवलम्वन गरेको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिर्ने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अंगिकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक सामाजिक रुपान्तरणका लागि वलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाइ र रज्जुमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय वनाउने परिकल्पना पन्ध्रौ राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरूको मर्मत सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

सडक सञ्जालमा सिद्धार्थ राजमार्ग १५.८ कि.मि., बर्तुङ्ग—रिडी—तम्घास ३५ कि.मि., तानसेन रानीमहल १२.७ कि.मि., तानसेन वाइपास ६.३ कि.मि., बतासे—चण्डी भञ्ज्याङ्ग जोर्ते ११ कि.मि., कालीगण्डकी करिडोर १८ कि.मि., माडी चक्रपथ ५ कि.मि.प्रमुख रहेका छन् । तानसेन नगरपालिकाका सवै वडाहरू सडक संजालसँग जोडिएका छन् । नगरपालिकाको पूर्वाधार शाखाको तथ्याङ्क अनुसार यस नगरपालिका अन्तर्गतका सडकहरू मध्ये पक्की सडक १४० कि.मी. (कालोपत्रे १११ कि.मी., ढलान २९ कि.मी.) र ग्राभेल ५३.५ कि.मी. र ५२३ कि.मी. कच्ची सडक रहेको छ । सडक पूर्वाधार विकास सँगै यसको गुणस्तरीय तथा दिगो व्यवस्थापन नगरपालिकाको प्रमुख आवश्यकता को रूपमा रहेको छ ।

सडक विस्तार जथाभावी तरिकाले गरिँदा धेरै स्थानहरूमा खेतीयोग्य जमिनको विनाश हुनका साथै पहिरोको प्रकोप बढ्ने तथा वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ । ग्रामीण वडाहरूमा कतिपय ठाउँमा भने वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमित रूपमा यातायात सुचारु गर्न कठिनाइ हुने गरेको छ ।

६.२.२ समस्या तथा चुनौती

तानसेन नगरपालिकाका वडा नं. २, ३ र ४ बाहेकका नगरबासीलाई पक्की सडक सञ्जालमा जोडन नसक्नु, मापदण्ड विना सडक योजना पहिचान तथा छनौट हुनु, निर्माण व्यवसायीहरूबाट आयोजनामा न्यूनतम कबोल हुँदा तोकिएको गुणस्तर र समयमा काम हुन नसक्नु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडकप्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत कम हुनु, सडक लम्बाइ वृद्धिका कारण मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु, व्यवस्थित बसपार्क नहुनु यस क्षेत्रका समस्याहरू हुन् । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था

राम्रो हुन नसकेको कारण वर्षायाममा यातायात आवागमनमा समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

वर्षा याममा भलपानीको व्यवस्थापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु चुनौती छ । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्त्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

६.२.३ सम्भावना तथा अवसर

नगरपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राखु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु यस क्षेत्रको सम्भावनाका रूपमा लिन सकिन्छ । त्यसैगरी, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुँदै जानु, सहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

आन्तरिक सडक सञ्जालको पूर्ण रूपमा विकास हुँदा नगरपालिकालाई शिक्षा, पर्यटन र कृषि उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ति तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तर उन्नति गर्न सके कृषि उत्पादन बजारीकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुने सक्ने देखिन्छ ।

६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

दिगो सडक तथा यातायात पूर्वाधार निर्माण तथा विकास मार्फत सडक यातायातमा नागरिकको सहज पहुँच स्थापना गर्नु ।

उद्देश्य

1. सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासवाट अन्तर आवद्धता वढाउनु ।
2. यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ५२ यातायात तथा पूर्वाधारका रणनीति तथा : कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासवाट	

अन्तर आवद्धता वढाउनु ।	
१.१ सडक, पुलहरूको गुणस्तर सुधार, मर्मत सम्भार एवं स्तरोन्नति गर्ने ।	१. श्रीनगर, रानी महल लगायतका प्रमुख पर्यटकीय क्षेत्रमा जाने सडकलाई बिशेस प्राथमिकताका साथ सांस्कृतिक सडकका रूपमा विकास गरिने छ। २. स्थानीय यातायात कानून तर्जुमा गरिने छ । ३. सडक मापदण्डलाई प्रभावकरी रूपमा कार्यान्वयन गरिने छ । ४. नगर यातायात गुरुयोजनाको पूर्ण कार्यान्वयन गरिने छ । ५. सवारी पार्किङ्ग कार्यविधि तथा आचार संहिता तयारी गरिने छ ६. सडक अभिलेख अद्यावधिक गरिने छ । ७. उपयुक्त सडकमा मात्र अटोरिक्सा संचालनको अनुमति प्रदान गरिने छ। ८. आवश्यक स्थानहरूमा यात्रु प्रतिक्षालयको व्यवस्था गरिने छ । ९. पक्की सडकमा सडक लेन निर्धारण, सवारी संकेत तथा चिन्ह, जेब्रा क्रसिंग को व्यवस्था गरिने छ १०. सडक निर्माणमा वायो इन्जिनियरिंग प्रणालीलाई प्राथमिकता दिईने छ । ११. पूर्वाधार विकास समिति र सम्वन्धित शाखालाई पूर्ण जनशक्ति सहित प्रविधिमैत्री बनाइने छ १२. सडक खण्डहरू नियमित रूपमा मर्मत सम्भार तथा स्तरोन्नति गरी गुणस्तर कायम राखिने छ । १३. आवश्यकता एवं भू—वनौटका आधारमा सडक सर्भे तथा डिजाइनका आधारमा ढलान, पुल, कल्भर्ट निर्माण गर्दै वर्षे भलपानी पनि व्यवस्थित हुनेगरी सडक नालालाई व्यवस्थित गरी सडकलाई गुणस्तरीय वनाइने छ । १४. सडक किनारा दायाँवायाँ आवश्यकताका आधारमा वायोइन्जिनियरिङ तथा वृक्षारोपण गरी सडकलाई हरियाली एवं वातावरणमैत्री वनाइने छ । १५. मुख्यमुख्य एवं वजार क्षेत्रका सडकहरूमा यात्रुप्रतिक्षालय, सडक फर्निचर, ट्राफिक चिन्ह, युटिलिटी कोरिडरहरू निर्माण गरी सडकलाई व्यवस्थित गरिने छ । १६. सडक मापदण्ड कार्यविधिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सडकको क्षेत्राधिकार निर्धारण गरी सडकलाई वर्गीकरण, नामाङ्कन, रेखाङ्कन, नक्साङ्कन एवं चौडा विस्तार गरिने छ ।
१.२ सडक सञ्जाल बिकास विस्तार गर्दै अन्तरपालिका आवद्धता बढाउने	१. यातायात व्यवस्थापनमा नगर भित्रका सबै वडाहरूमा पहुचको लागि फाष्ट ट्याक निर्माण गरिने छ । २. सवै वस्ती, पर्यटकीय क्षेत्र एवं वडा केन्द्रहरू सम्म सडक सञ्जाल विस्तार गरिने छ । ३. अन्तरपालिका जोड्ने सडकहरू विस्तार, स्तरोन्नति एवं नयाँ निर्माण गरी सडक सञ्जाल विकास गरिने छ । ४. जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसंग जोडिने गरी सडक विस्तार गर्दै वाह्य क्षेत्रसंगको अन्तरआवद्धता

	वढाइने छ । ५. सडक सञ्जाललाई सुदृढ एवं प्रभावकारी वनाउन यातायात गुरुयोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ । ६. स्थानीय सडकहरूको संरक्षण एवं सो माथि अपनत्व सिर्जना गर्न टोल विकास संस्थालाई जिम्मेवार वनाउइने छ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइने छ ।
उद्देश्य २ यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।	
२.१ सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै सहज र सर्वसुलभ वनाउने ।	१. नगरपालिकाभित्रका प्रमुख वस्ती तथा वजार क्षेत्रहरूलाई समेटिने गरी नगर सिटीवस सञ्चालनमा ल्याइने छ । यसका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ । २. सवै वस्ती क्षेत्रसम्म सार्वजनिक यातायात सेवालाई विस्तार गरी यातायात सेवामा पहुँच अभिवृद्धि एवं सर्वसुलभ वनाइने छ । स्थानीय यातायात रुटको व्यवस्था मिलाउदै वसपार्कवाट विभिन्न गन्तव्यमा सञ्चालन हुने गरी सार्वजनिक यातायातलाई व्यवस्थित गरिने छ । सम्भाव्यता अध्ययनका आधारमा व्यवस्थित वसपार्क निर्माण गरिने छ र जथाभावि सवारी साधनहरू पार्किङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ । ३. ट्राफिक प्रहरीसंग सहकार्य गर्दै सवारी दुर्घटनामा न्यूनीकरण ल्याइने छ र सवारी साधनवाट हुँदै आएको प्रदुषणलाई नियन्त्रण गरिने छ । ४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको सहजता एवं सुरक्षालाई समेत ध्यान दिदै सार्वजनिक यातायातलाई सहज एवं वालमैत्री, अपाङ्गतमैत्री वनाइने छ ।
२.२ यातायात व्यवस्थापनमा लगानी वृद्धि गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने ।	1. वढी वातावरण प्रदुषण गर्ने, पुराना, थोत्रा तथा २० वर्ष आयु नाघेका सवारी साधनहरूलाई विस्थापित गर्दै निश्चित क्षेत्रहरूमा प्रवेश निषेध गरिने छ । 2. विद्युतीय, वातावरणमैत्री सवारी साधन तथा अर्वान भ्याइकलहरूको उपयोगका लागि निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ । 3. विद्युतीय गाडी संचालनकालागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ । 4. सानिसाको माध्यमबाट श्रीनगर क्षेत्रमा मोनोरेल संचालन गरिने छ ।

६.२.५ कार्यक्रम तथा आयोजना

तालिका ६३सडक :,पुल तथा यातायातका कार्यक्रम तथा आयोजना

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**सडक गुणस्तर सुधार**											
	नयाँ ट्रयाक निर्माण	कि.मि.	१०	३०	१०	१०	१२	१२	७४	९	३	३
	नियमित मर्मत सम्भार तथा स्तरोन्नति	कि.मि.		५०	५०	६०	६०	७५	२९५	९	३	२
	हरित सडक योजना	कि.मि.	१०	३०	५०	५०	४५	४०	२१५	९	३	१
	सडक फर्निचर व्यवस्था	एकमुष्ठ		१२	५	५	५	५	३२	९	३	३
	सडक वर्गीकरण, रेखाङ्कन तथा नामाकरण	एकमुष्ठ		७	५	५	५	५	२७	९	३	३
	सडक तथा संरचना निर्माणको गुणस्तर परीक्षण	एकमुष्ठ		१०	५	५	५	५	३०	९	३	३
२	**सडक सञ्जाल विकास**											
	यातायात गुरुयोजनामा समावेश भएका "क" वर्गका सडक कालोपत्रे	कि.मि.	५०	५५०	९४०	१०२०	१२००	१३५०	५०६०	९	३	३
३	**सार्वजनिक यातायात सर्वसुलभ**											
	सिटीवस सञ्चालन मूख्यमूख्य पर्यटकीय - गन्तब्यहरू लाई जोडेर	एकमुष्ठ		१०	५	५	५	५	३०	९	३	३
	सवारी दुर्घटना न्यूनीकरण	पटक		१०	५	५	५	५	३०	९	२	३
	वहुउदेश्यीय तानसेन वसपार्क एवं पार्किङ क्षेत्र निर्माण तथा संचालन (TDF को सहयोगमा(	सङ्ख्या		५०	५०	५०	५०	५०	२५०	९		३
४	**निजी क्षेत्रको लगानी अभिवृद्धि**											
	विद्युतीय सवारी प्रर्वद्धन तानसेनका - बुटवल)	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	९	३	३

	(लागि											
	सडक, पुल तथा यातायातको जम्मा बजेट			769	1135	1225	1402	1562	6093			

६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५४ सडक :, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
पक्की सडकको लम्बाई .कि १११कालोपत्रे)मी., ढलान २९ कि.मी(.	किमि	140	154	168	182	196	210	210	पूर्वाधार विकास शाखा	
ग्राभेल सडकको लम्बाई	किमि	53.5	63	73	83	93	103	103		
कच्ची सडक लम्बाई	किमि	523	513	503	493	483	473	403		
कच्ची काठट्रस/	सङ्ख्या	४	4	4	4	4	4	4		
सहायक नदीमा झोलुङ्गे पुल	सङ्ख्या	१२	१२	१३	१४	१५	१६	१६		
पक्की पुल	सङ्ख्या	१५	१६	१७	१८	१९	२०	२०		
सार्वजनिक यातायात सुचारु सडक रुट	सङ्ख्या	१८	१८	१८	२०	२०	२०	२०		
स्थानीय स्तरमा संचालित ४ पाङ्गे सार्वजनिक यातायात	सङ्ख्या	36	40	48	55	65	72	72		
पालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक	सङ्ख्या	14	14	14	14	14	14	14		
३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार	प्रतिशत	72	75	80	85	90	90	90		
सडक नाली भएको सडक लम्बाई	किमि	5.1	7	9	11	13	15	15		
नियमित मर्मत संभार भएको सडकको लम्बाई	किमि	10	10	10	10	10	10	50		
वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण	किमि	१	2	3	4	5	6	6		
डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्बाई	किमि	140	154	168	182	196	210	210		

६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

६.३.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधान, २०७२ मा राखिएको छ । जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रर्वद्धनलाई पन्ध्रौ राष्ट्रिय योजना अनुसार रुपान्तरणका प्रमुख सम्वाहकका रूपमा, र स्वच्छ एवं नवीकरणीय ऊर्जालाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रको रूपमा ग्रहण गरिएको छ । स्वच्छ ऊर्जा खपतमा वृद्धि गरी वातावरण र जलवायुमा पर्ने नकरात्मक असर कम गर्ने, स्वच्छ ऊर्जा उपभोगमा समुन्नत हुने परिकल्पना पनि पन्ध्रौ योजनामा गरिएको छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्वन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रर्वद्धन गर्ने, साना जलविद्युत आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्वन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नगरपालिकाको घरधूरीहरूमा उज्यालोको प्रमुख स्रोत)९५.०६(% विद्युत नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ४.६प्रतिशत 4 घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । नगरपालिकाका सबै स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको भएतापनि केही स्थानीयवासी राष्ट्रिय प्रसारणको विद्युत उपभोग गर्नबाट वञ्चित हुनु परेको छ । यस नगरपालिकामा एल.पी. ग्यास)६०.०६(% खाना पकाउने मुख्य ऊर्जाको स्रोतका रूपमा विकास हुँदै गइरहेको छ, यद्यपि करिब ३७.६५घर परिवारले दाउरालाई मुख्य इन्धनका रूपमा प्रयोग गरिरहेका छन् % भने तानसेनका १२९ घरपरिवारले बायो ग्याँस प्रयोग गरिरहेका छन् ।

६.३.२ समस्या तथा चुनौती

सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । सार्वजनिक स्थल एवं सडक क्षेत्रमा बत्तिहरू नहुँदा रातमा असुरक्षा बढ्दो छ । स्वच्छ ऊर्जाको रूपमा गोबर ग्याँस, धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । विद्युतीय चुल्होहरूलाई प्रर्वद्धन गर्न सकिएको छैन । ग्रामीण वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ ।

वस्ति विकास, सहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक विकटता रहेका र ग्रामीण स्तरमा छरिएको बस्तीहरूमा विद्युतीकरण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

६.३.३ सम्भावना तथा अवसर

केन्द्रीय विद्युत लाइन प्रशारण सेवावाट सबै घरघर वस्तीहरूमा विद्युतीय सेवा उपलब्ध, विद्युतमा आधारित सबै प्रकारका उद्योग व्यवसायहरू सञ्चालनमा ल्याउन सकिने, धार्मिक, ऐतिहासिक एवं सार्वजनिक स्थल एवं सडकहरूमा सौर्यऊर्जालाई उपयोगमा ल्याउन सकिने, विद्युत एवं वैकल्पिक ऊर्जामा आधारित

यातायात सेवाहरू सञ्चालन गर्न सकिने, विधुतीय उर्जा लाई रोजगारी प्रबर्द्धन प्रयोग गर्न सकिने, कृषि तथा पशुपालन क्षेत्रमा उर्जा खपत को मात्रा बढाउन सकिने सम्भावना देखिन्छ ।

नगरपालिका क्षेत्रमा ठूला आयोजना मार्फत जल विद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको भएतापनि सम्भाव्यता अध्ययनहरू हुन सकेको छैन । यद्यपि लघु जल विद्युत तथा नविकरणीय ऊर्जाका रूपमा सौर्य ऊर्जामा लगानी गरी विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँच वृद्धि गर्ने।

उद्देश्य

1. दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।
2. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

रणनीति र कार्यनीति

तालिका ५५ऊर्जाका रणनीति तथा कार्यनीतिहरू :

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु।	
१.१: ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपयोगको आधार तयार गर्ने ।	1. सङ्घीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ । 2. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । 3. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्सफरमरहरू प्रतिस्थापन गरिनेछ । 4. विद्युत लाइनलाई भूमिगत तथा युटिलिटि कोरिडरहरू निर्माण गरी सुरक्षित वितरणको व्यवस्था मिलाइने छ । 5. घरायसी प्रयोजनका लागि अधिकतम ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मानप्रोत्साहनको व्यवस्था गरिनेछ ।/
१.२: उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डेटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने।	1. नगरपालिकामा ऊर्जाको स्रोत पहिचान, कूल सम्भाव्य जल विद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ । 2. उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डेटाबेस तयार गरिनेछ ।
उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।	

२.१: ऊर्जाको प्रयोगलाई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने ।	१. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नका लागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। २. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिक स्थल, सडक, पर्यटकीय स्थल, आदिमा आधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ । ३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋणअनुदानको व्यवस्था / गरिनेछ। ४. कृषि तथा सहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ । ५. जल विद्युत तथा वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइनेछ। ६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ ।
२.२ :विद्युत व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको लगानीमा थप वृद्धि ल्याउने ।	1. वढी विद्युत खपत हुने प्रकृतिका उद्योग व्यवसायहरू चिस्यान केन्द्र, कोल्ड स्टोरेज, शीतभण्डारण, प्रशोधन केन्द्र जस्ता उद्योगहरू सञ्चालनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ । 2. विद्युतीय सवारी साधनहरूको प्रयोगमा जोडि दिदै चार्जिङ सेन्टरहरू स्थापना गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिने छ । 3. साना इलेक्ट्रिक सवारी साधनहरू सञ्चालनमा सहकारी क्षेत्रलाई विशेष सहुलियतको व्यवस्था मिलाइने छ । 4. पोडवे (माइक्रोरेल), तथा ट्रलिवस जस्ता विद्युतीय सवारी साधनहरूमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

६.३.५ कार्यक्रम तथा आयोजना

तालिका ५०जलस्रोत :, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**विद्युत आपूर्ति व्यवस्थापन**											
	विद्युत ट्रान्सफरमर, काठको पोल तथा पावरपोल मर्मत सम्भार एवं विस्थापित सहजीकरण	एकमुष्ठ		५	५	५	५	५	२५	७	३	३
	विद्युतलाइन भूमिगत सहजीकरण	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	७	३	३
२	**विद्युत खपतमा अभिवृद्धि**											
	विधुत खपत प्रर्वद्धन	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	७	२	१
	विद्युतीय चार्जिङ स्टेशन प्रर्वद्धन	सङ्ख्या		२०	२५	३०	३०	३०	१३५	७	३	१
३	**नवीकरणीय ऊर्जा अभिवृद्धि**											
	सौर्य सडक वत्ती थप तथा मर्मत सम्भार	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	७	१	१
	सौर्यऊर्जा विस्तार तथा प्रर्वद्धन	एकमुष्ठ		१०	१२	१२	१२	१२	५८	७	१	१
	विद्यालय एवं सार्वजनिक भवन सौर्य ऊर्जा प्रर्वद्धन	एकमुष्ठ		१०	१२	१२	१२	१२	५८	७	२	१
	जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको जम्मा बजेट			७५	८४	८९	८९	८९	४२६			

६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५७जलस्रोत :,विद्युत्तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्टयाँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार	प्रतिशत	95.06	98	100	100	100	100	100	केतवि	
खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार	प्रतिशत	0.01	0.5	1	1.5	3	6	6		
सोलार उर्जा प्रयोग गर्ने घरपरिवार	प्रतिशत	4.64	5	5.5	6	6.5	7	4.6		
बायोग्यास प्रयोग गर्ने घरपरिवार (गोवरग्यास)	सङ्ख्या	129	134	140	145	150	155	155		
सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती	सङ्ख्या	300	320	350	380	420	500	500	सम्वन्धित शाखा	

६.४ सूचना तथा सञ्चार प्रविधि

६.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रर्वद्धन गर्ने नीति राज्यले अंगिकार गरेको छ । पन्ध्रौ योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत सञ्जालीकरणलाई रुपान्तरणको प्रमुख सम्वाहकको रूपमा ग्रहण गरेको छ । सतप्रतिसत जनसङ्ख्या आधुनिक सञ्चारको पहुँच भित्र आवद्ध हुने, सरकारी तथा निजी कारोवारहरूमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पुऱ्याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चाम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रर्वद्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना पन्ध्रौ योजनामा गरिएको छ । त्यसैगरी एफ.एम रेडियो (१०० वाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आवद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रर्वद्धन गर्ने र संघ प्रदेशको कानुनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इण्टरनेट सेवा, टेलिसेण्टर, केवुल तथा तारविहीन टेलिभिजन प्रणरणको अनुमिति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नगरपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेतापनि इन्टरनेटको सेवा पहुँच भने ६३.१२ प्रतिशत मात्रै छ । अझै पनि 1.०६ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको तथ्याङ्क देखिन्छ जसको मुख्य कारण जटिल गरिबी हुन सक्दछ । तानसेन नगरपालिकाका ग्रामीण क्षेत्रमा मोबाइल नेटवर्कको कमजोर कभरेज छ र)ाष्ट्रिय जनगणना, २०७८ । (नेपाल टेलिकमको नेटवर्क नगरपालिकाको सबै जसो वडामा सामान्य रहेको छ । नेपाल टेलिकम बाहेक एन सेलले पनि दूरसञ्चारका सेवाहरू प्रदान गरिरहेको छ । नगरपालिकाबासीलाई सूचना प्रवाह गर्न स्थानीय सामुदायिक रेडियो मदनपोखरा, सामुदायिक रेडियो मुक्तिनाथ, श्रीनगर, युनिक र कुटुम्ब गरी ५ वटा एफ.एम. स्टेशनहरूले सञ्चार सुविधा पुऱ्याएका छन् भने दैनिक, साप्ताहिक र मासिक गरी जम्मा १८ ओटा पत्रपत्रिकाहरू नियमित रूपमा प्रकाशित भई रहेका छन् । तानसेन नगरपालिकाको मौलिक प्रकाशन हाम्रो तानसेन त्रैमासिक बुलेटिन प्रकाशन भइरहेको छ । यद्यपिटेलिभिजन ,, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा सञ्चार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

६.४.२ समस्या तथा चुनौती

भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा

ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुग्ने गरेको छ । हालसम्म अप्टिकल फाइवर सेवा उपलब्ध हुन सकेको छैन ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगरपालिका क्षेत्रको ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

६.४.३ सम्भावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप नगरलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीको क्षमता विकास गरी नगरलाई मिडिया मैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।

विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउनुका साथै नगरपालिकाका सूचनाहरू सजिलै नागरिक समक्ष पुऱ्याउन सकिने देखिन्छ ।

६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

सूचना ,सञ्चार तथा प्रविधिको विकासमा सबै नागरिकको पहूँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

उद्देश्य

1. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
2. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्व सुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध गराउनु ।

रणनीति र कार्यनीति

तालिका ६८ सूचना तथा सञ्चार :प्रविधिका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।	
१:१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी	१. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।

नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने ।	२. सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ। ३. केवल प्रणालीमा आधारित सञ्चार प्रविधिलाई तारारहित प्रविधिमा रूपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ ।
१ :२.सूचना बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने ।	१. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधियुक्त पर्यटकीय योजना बनाइनेछ। २. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ । ३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा प्राप्त गर्ने अवसरको सुनिश्चितता गरिनेछ। ४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ । ५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ।
१:३. समग्र प्रविधिका विकासका लागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने ।	१. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ। २. सञ्चार तथा सूचना प्रविधिको विकासका लागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ । ३. डिजिटल डिभाइड कम गर्नको लागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । ४. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ । ५. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ ।
उद्देश्य २: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध गराउनु ।	
२ :१.सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने ।	१. नगरपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबर विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । २. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबर जस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ । ३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ । ४. सार्वजनिक आम सञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ ।

	५. नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधिमैत्री बनाई सबैका लागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ ।
२:२. सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने ।	१. सञ्चार क्षेत्रका लागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ। २. नगरपालिकाका सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ। ३. नगरपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । ४. डिजिटल प्रविधि मार्फत आर्थिक कारोबार हुने क्षेत्रहरूका लागि आवश्यक पर्ने पूर्वाधार एवं उपकरण निर्माणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

६.४.५ कार्यक्रम तथा आयोजना

तालिका ६७ सूचना :, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	**सञ्चार पूर्वाधार निर्माण**											
	मोबाइल टावर क्षमता तथा अप्टिकल फाइबर विस्तार कार्यक्रम	एकमुष्ठ		५	५	५	५	५	२०	९	३	३
	सार्वजनिक कार्यालय एवं स्थानमा सिसि टिभी व्यवस्था	एकमुष्ठ		५	५	५	५	५	२५	९	३	३
२	**आइसिटि सेवा विस्तार तथा पहुँच विस्तार**											
	आइसिटि हव प्रर्वद्धन	एकमुष्ठ		१५	१५	१५	१५	१५	७५	९	३	३
	निःशुल्क वाइफाइ व्यवस्था	सङ्ख्या		५	३	४	४	४	२०	९	२	३
	सार्वजनिक डिजिटल सूचना वोर्ड	सङ्ख्या		५	१	१	१	१	९	९	२	३
	विद्यालय एवं सार्वजनिक कार्यालय आइसिटि प्रर्वद्धन	एकमुष्ठ		१०	१५	१५	१५	१५	७०	९	१	३
३	**सार्वजनिक सेवा अनलाइन**											
	मोवाइल एप्स निर्माण	सङ्ख्या		१५	१	१	१	१	१९	९	३	३
	विद्युतीय सुशासन प्रर्वद्धन	एकमुष्ठ		२०	१०	१०	१०	१०	६०	९	३	३
४	**सूचना तथा सञ्चार प्रविधिमा निजी क्षेत्र लगानी वृद्धि**											
	अनलाइन मिडिया प्रर्वद्धन	एकमुष्ठ		२	२	२	२	२	१०	९	३	३
	आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय, तथा कलेज सञ्चालन सहयोग कार्यक्रम	एकमुष्ठ		२०	१०				३०	९	२	३
	सूचना, सञ्चार तथा प्रविधिको जम्मा			१०१	६६	५७	५७	५७	३३८			

६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७०सूचना :, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
संचारका कुनै एक साधन उपलब्ध घरधुरी	प्रतिशत	९८.९३	१००	१००	१००	१००	१००	१००	केतवि	
मोबाइल फोन प्रयोगकर्ता	प्रतिशत	८५.०२	१००	१००	१००	१००	१००	१००		
ल्याण्डलाइन टेलिफोन वितरण	सङ्ख्या	१६४४	आवश्यकता अनुसार							
इन्टरनेट प्रयोग कर्ता	प्रतिशत	६२.४	७०	८०	९०	९५	९९	९९		
स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था	सङ्ख्या	६	६	६	६	६	६	६		
स्थानीय पत्रपत्रिका प्रकाशन	सङ्ख्या	१८	१८	१८	१८	१८	१८	१८		
स्थानीय स्तरमा संचालित एफएम रेडियो	सङ्ख्या	५	५	५	५	५	५	५		
सार्वजनिक स्थाल तथा कार्यालयहरूमा जडित सिक्यामेरा.सि.	सङ्ख्या	५०	५०	५५	६०	६५	७०	७०		

परिच्छेद ७ : वन वातावरण तथा विपद् व्यवस्थापन

७.१ बन तथा जैविक विविधता

७.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरण प्रभाव निर्मूल वा न्यून गर्ने, उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यले ग्रहण गरेको छ । जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रूपमा विकास गर्ने, संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्ने, कृषि वनको अत्याधिक प्रयोगवाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीवुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना पन्ध्रौ योजनामा गरिएको छ । त्यसैगरी संघ तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग गर्ने, वन उपभोक्ता समुहको व्यवस्थापन गर्ने, वन प्रवर्द्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरूमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन गर्ने, नदी किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीबुटी तथा गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, वजार व्यवस्थापन गर्ने, वन वीऊ वगैचा स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने, नर्सरी स्थापना गर्ने, विरुवा उत्पादन, वितरण, रोपण तथा प्रवर्द्धन गर्ने, वन्यजन्तु एवं चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यवसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आय आर्जन गर्ने, आखेटोपहारको व्यवस्थापन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने एवं मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवर्द्धन गर्ने जस्ता कार्यहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

तानसेन नगरपालिका हरित नगरको रूपमा परिचित छ । नगरपालिकाको कूल क्षेत्रफलको ४३.३ प्रतिशत जग्गा वनले ओगटेको छ भने पाल्पा जिल्लाको कुल वन क्षेत्रफलको करिब ३.८१ प्रतिशत (५२०० हेक्टर) वन तानसेन नगरपालिका क्षेत्र भित्र रहेको छ । नगरपालिकामा विभिन्न वडामा गरी १३४ वटा सामुदायिक वन रहेका छन् भने ७ वटा निजी वन समेत रहेका छन् । नगरपालिका क्षेत्रभित्र रहेका तेल्घा क्षेत्र, बगनास क्षेत्र, रिडी क्षेत्र र कालीगण्डकी क्षेत्र जैविक विविधताका हिसाबले निकै महत्त्वपूर्ण स्थलहरू हुन्।

समुद्र सतहबाट ४३५–१५७५ मिटर उचाइमा अवस्थित यस नगरपालिकामा उष्णहावापानीदेखि समशीतोष्ण हावापानी पाइन्छ । भौगोलिक हिसाबले भिन्न खालको समथर र पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो समशीतोष्ण वन क्षेत्र, ऐतिहासिक सांस्कृतिक क्षेत्रनदी नाला तथा छरिएर रहेका पानीका , सिमसार क्षेत्रका कारण यस नगरपालिका जैविक विविधताका दृष्टिकोणले मूल तथा ताल तलैया एवम् निकै धनी रहेको देखिन्छ। यस क्षेत्रमा उत्तिस, श्रीखण्ड, चिलाउने, सल्ला प्रजाती, सिमल, टुनी, खयर,

ओखर, सतिसाल, रातो सिरिस, भिमल, गिठा, लालि गुराँस, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो आदि वनस्पतिहरू र विभिन्न प्रकारका जनावर तथा चराचुरुंगीहरू पाइन्छन् । जैविक विविधताका हिसाबले निकै धनी क्षेत्र रहेको यहाँका वन साल, सल्ला प्रजातिका रुखहरूले ढाकेका छन् भने सुन्ताला, आँप, केरा र कागती लगायतका फलफूलका लागि निकै प्रख्यात छ ।

७.१.२ समस्या तथा चुनौती

वनले ढाकेको समग्र क्षेत्रफल बढी भए पनि गुणस्तरीय वनको क्षेत्र र काठ भएको वन क्षेत्र कम रहेको छ । वन तथा वनस्पतिजन्य सम्भावनाको पहिचान नगर्नाले वनमा आधारित उद्यम व्यवसाय विकास हुन सकेको छैन । श्रोतको उपलब्धता हुँदाहुँदै नगरपालिकाले वन क्षेत्रबाट राजस्व प्राप्त गर्न सकिरहेको छैन । नगरपालिकामा १३४ वटा सामुदायिक वन उपभोक्ता समूहहरू गठन भएता पनि वन व्यवस्थापनमा सक्रियताको कमीले गर्दा नर्सरी तथा बिरुवा उत्पादनको काम तथा वन विस्तारको कार्य हुन सकिरहेको छैन । सामुदायिक वन उपभोक्ता समितिको वन व्यवस्थापनमा सक्रियता कमजोर हुनाको साथै आर्थिक पारदर्शिताको अभाव रहेको छ । नगर क्षेत्रमा वार्षिक रूपमा प्राकृतिक रूपमा खेर जाने वन तथा वनस्पतिजन्य उत्पादनको हिस्सा ठूलो रहेको छ भने यसको सहि सदुपयोग गरी आर्थिक उपार्जन गर्न सकिएको छैन । वन डढेलो एक प्रमुख प्रकोपका रूपमा रहेता पनि नियन्त्रणका लागि योजना, साधन, बजेट व्यवस्थापनको प्रभावकारी प्रयास हुन सकेको छैन । नगर क्षेत्रमा रहेको वनमा विद्यमान जैविक विविधताको सर्वेक्षण तथा अभिलेखीकरण नहुँदा लोपोन्मुख तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा संरक्षित रहेका यहाँ पाइने जीवजन्तु हराउने सम्भावना रहेको छ । वन आसपासका क्षेत्रका अतिक्रमण नियन्त्रणको प्रयास प्रभावकारी भएको छैन ।

जमिनमा व्यक्तिगत स्वामित्वको प्रभुत्व रहेसम्म वैज्ञानिक भू उपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठिन देखिएको छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, बन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी बाँदर र दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षति हुने गरेको छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । खोलानालामा फोहर मैला फालिने प्रचलनले जल प्रदूषण बढ्दो समस्याको रूपमा रहेको छ ।

७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भू उपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जङ्गलको निकै हदसम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउँदै

जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठजन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आयआर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमूखी बनाउन सामुदायिक बन, कबुलियत बन र निजी वनसँग सहकार्य गरी बन कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्न सकिने प्रचूर सम्भावना रहेको छ । वन क्षेत्रमा उत्तिस, श्रीखण्ड, चिलाउने, सल्ला प्रजाती, सिमल, टुनी, खयर, ओखर, सतिसाल, रातो सिरिस लगायतका वनस्पतिहरू पुनरुत्पादन दर राम्रो रहेको छ । वन क्षेत्रमा साल लगायतका मूल्यवान् प्रजातिका वनस्पतिको जङ्गल रहेको छ । भिमल, गिठा, लालि गुराँस, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो आदि जस्ता गैर काष्ठ वन पैदावारजडीबुटी पर्याप्त मात्रामा उपलब्ध हुने हुनाले व्यावसायिक स्तरमा उत्पादन गर्न सकिने सम्भावना / रहेको छ। यिनको बिक्री वितरणका लागि बजारको पनि राम्रो उपलब्धता रहेको छ ।

७.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट नगरबासीको जीवनस्तरमा सुधार गर्ने।

उद्देश्य

1. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।
2. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

रणनीति र कार्यनीति

तालिका ६ वन तथा भूसंरक्षणका : रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।	
१ :१.वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने ।	1. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ। 2. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । 3. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ। 4. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ । 5. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई

	प्रेरित गरिनेछ। ६. वनजन्य व्यवसायप्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ।
१ :२.समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने ।	१. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ। २. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ । ३. खाली भूभागमा वृक्षारोपण गरिनेछ । ४. वन नर्सरी स्थापना गरिनेछ । ५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ । ६. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ । ७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
उद्देश्य २: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन तथा जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।	
२:१. जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने ।	१. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ । २. वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरू रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ। ३. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ। ४. छाडा चरी चरन, बन फँडानी गरी वस्ति विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बन्देज लगाई दण्ड जरिबानाको व्यवस्था गरिनेछ।
२ :२.बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने ।	१. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ । २. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । ३. नगरपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ । ४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको श्रोतको रूपमा विकास गर्ने	१. वनमा आधारित उपभोक्ता समूहसंगको सहकार्यमा गैरकाष्ठ बन पैदावर सङ्कलन, प्रशोधन केन्द्रहरू सञ्चालन गरिने छ । २. गैरकाष्ठ बन पैदावर तथा स्थानीय जडीवुटीहरूको व्यवसायिक खेती तथा उद्यमशीलता बिकास गर्दै उत्पादित सामानहरूको मूल्य श्रृङ्खला अभिवृद्धि गर्दै वजारको विस्तार एवं प्रवर्द्धन गरिने छ । ३. स्थानीय जडीवुटीहरूको वौद्धिक सम्पत्ति संरक्षण तथा व्यापार चिन्हहरू दर्ता

	गरी निकासी वजार प्रवर्द्धन गरिने छ । ४. सम्भाव्यताका आधारमा कृषि—वनको व्यवसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गरिने छ ।

७.१.५ कार्यक्रम तथा आयोजना

तालिका ६२वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना :

क्र.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
	वन तथा जैविक विविधता											
१	सामुदायिक वन व्यवस्थापन	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	१३	३	१
२	वन, वातावरण र हरियाली प्रवर्द्धन सचेतनामुलक कार्यक्रम	पटक		२	२	२	२	२	१०	१३	३	२
३	स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कानुन निर्माण	पटक		२	२	२	२	२	१०	१३	२	२
४	वहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन कार्यक्रम	वटा		१०	१०	१०	१०	१५	५५	१३	२	१
५	सामुदायिक वनमा उत्पादनमुखी फलफूल तथा जडिवुटीको वृक्षारोपण	एकमुष्ठ		२०	२०	२०	२०	२५	१०५	१३	२	१
६	वन्यजन्तको आक्रमण तथा अतिक्रमण नियन्त्रण कार्यक्रम	एकमुष्ठ		५	५	५	५	५	२५	१३	२	१
	वन तथा जैविक विविधताको जम्मा बजेट			४९	४९	४९	४९	५९	२५५			

७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७३ वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा :नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्टयाँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
वनले ओगटेको क्षेत्र	प्रतिशत	४३.३	४३.३	४३.३	४३.३	४३.३	४३.३	४३.३	वन वातावरण तथा विपद् व्यवस्थापन शाखा	
सामुदायिक वन तथा उपभोक्ता समूह	सङ्ख्या	१३४	१३४	१३४	१३४	१३४	१३४	१३४		
निजी वन	हेक्टर	७	७	७	७	७	७	७		
सरकारद्धारा व्यवस्थित वन क्षेत्र धार्मिक वन) (समेत	हेक्टर	२३५३४६.	२३५३४६.	२३५३४६.	२३५३४६.	२३५३४६.	२३५३४६.	२३५३४६.		
गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्र	हेक्टर	४	४	४.५	५	५.५	६	६		
झाडी तथा चरन क्षेत्र	प्रतिशत	५.०४	५.०४	५.०४	५.०४	५.०४	५.०४	५.०४		
वन तथा जडीवुटीमा आधारित उद्योग, व्यवसाय	सङ्ख्या	३	३	५	७	१०	१२	१२		

७.२ भू तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलश्रोतको वहुपउयोगी विकास गर्ने नीति अंगिकार गरेको छ । नदी किनारहरूमा वाढी पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनवाट जलश्रोतको उपलव्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना पन्धौ योजनाले गरेको छ । त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरूको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, सीमसार, नदी किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ ।

तानसेन नगरपालिकाको भु उपयोगको अवस्था हेर्दा ०.५२ प्रतिशत जमिन बालुवा ढुङ्गा, ०.६६ प्रतिशत खोला तथा नदी नाला क्षेत्र रहेको देखिन्छ भने ५.०४% प्रतिशत जमिन झाडी तथा बुट्यान क्षेत्रले आगटेको छ । आवासीय प्रयोजनका लागि करिब ३.३९ व.कि.मी.९) .९३%जमिन ओगटेको छ (०पूरातात्विक क्षेत्रले भने धार्मिक तथा.०१ व.कि.मी.) ०.०२%क्षेत्र ओगटेको छ । कूल (४जङ्गलले /क्षेत्रफल मध्ये वन३.३ प्रतिशत क्षेत्र ओगटेको छ । नगरपालिकामा सबैभन्दा बढी क्षेत्र ४८.६४ प्रतिशत कृषियोग्य जमिनले ओगटेको छ ।

नगरमा कालीगण्डकी नदी, तिनाउ खोला, कुरुङ खोला तानसेन खोला, रिडी खोला, बराङ्गदी खोला लगायतका ४४ वटा खोला नै यहाँका प्रमुख जलाधारका स्रोतहरू हुन । त्यसैगरी ,भुल्के, सिस्ने, होलाङ्दी, तिनधार तथा नाग पोखरी ,कमल पोखरी, सेती पोखरी, शिव पोखरी, मुल पोखरी, दह पोखरी लगायतका मसिना खोला खोल्सा तथा पानीका मूलयहाँको जलाधार सम्पन्न छ । पोखरीहरूले , नगरपालिकामा धेरै जसो पानीको स्रोत जङ्गलबाट आउँछ ।काली गण्डकी नदी, स्थानीय खोला खोल्सा तथा पोखरी र मूलहरू नै यहाँको प्रमुख जलस्रोतको आधार हो । यीनै जलस्रोत भण्डारले यस नगर क्षेत्रमा खानेपानीको मागलाई समेत पूरा गरिरहेको अवस्था छ।

७.२.२ समस्या तथा चुनौती

विगतदेखि पोखरीहरू निर्माण तथा उपयोगको अभ्यास रहेको भएता पनि हाल संरक्षणको अभावमा नासिई सकेका छन् । जलाधार क्षेत्र संरक्षणका लागि अध्ययन अनुसन्धानमा आधारित रही कुनै काम हुन सकेको छैन । विभिन्न स्थानमा सडक निर्माण पश्चात् पहिरोको जोखिम उच्च हुँदै गएको छ । साना निर्माण कार्यमा वातावरणीय परीक्षण हुने गरेको छैन । वन प्रशस्त मात्रामा भएता पनि वनमा भएमा बनपैदावरको गुणस्तर कम रहेको छ । ग्रामीण सडक निर्माण पश्चात् विभिन्न स्थानमा पहिरोको जोखिम बढेको छ । रासायनिक मलको बढ्दो प्रयोगले माटोको गुणस्तर निरन्तर खस्कँदै जाँदा जमिनको उत्पादन र उत्पादकत्वमा निरन्तर ह्रास आइरहेको छ ।

नगरपालिकाको बृहत्तर भूउपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन हुन नसक्दा — संरक्षण—भू, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापन लगायतका विभिन्न महत्त्वपूर्ण क्षेत्रमा दिगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ । अनिश्चित समयमा पानी पर्ने ,

अतिवृष्टि, अनावृष्टि जस्ता जलवायुजन्य अनिश्चितता निरन्तर बढ्दै गएको छ । मानव वस्तिको विकास र बसाई सराईको चापका साथै प्राकृतिक नदीखोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने खोलाले ध-ार परिवर्तन गर्नु पनि थप संरक्षण चुनौती बनेको छ ।

७.२.३ सम्भावना तथा अवसर

नगरपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र नगरपालिकाको बस्ती विकास तथा नगरवासीहरूको आर्थिकस्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी नमुना नगरपालिका बनाउने ठूलो सम्भावना रहेको छ ।

वर्षातको पानी सङ्कलनवाट सुख्खा हुँदै गएको भूमिगत सतहलाई पुर्नभरण, काली गण्डकी नदीमा ड्याम बनाएर मत्स्यपालन व्यवसाय सञ्चालन तथा कृषियोग्य भूमिमा नियमित रूपमा सिँचाइ उपलव्धता वृद्दि गरि कृषि उपजहरूको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउनुका साथै कृषि—वनको व्यवसायिक खेती सञ्चालन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । नगरपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

७.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

दिगो व्यवस्थापनबाट भूसंरक्षण तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने ।

उद्देश्य

१. बाढी पहिरोवाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु ।
२. जलस्रोत क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन गर्दै जलस्रोतबाट आय आर्जनको श्रोत बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ६४वन तथा भूसंरक्षणका : रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १ बाढी पहिरोवाट हुने क्षतिमा न्यूनीकरण ल्याउदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु	
१.१: बाढी पहिरो तथा भू—क्षय नियन्त्रण तथा रोकथाम गर्ने ।	१. भू—क्षय, बाढी पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिने छ । २. भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरूमा बाँस, अम्रिसो रोपण गर्दै वायोइन्जिनियरिङ प्रविधिवाट भू—क्षयलाई नियन्त्रण गरिने छ । ३. जथाभावी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गर्ने, वनविनास गर्ने जस्ता कार्यहरूलाई पूर्णत निरुत्साहित एवं निषेध गरिने छ। ४. अतिसंवेदनशील क्षेत्रका वस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिवाट सुरक्षित राखिने छ ।

	५. संवेदनीशल क्षेत्र तथा भू—क्षय प्रभावित क्षेत्र नजिकका वस्तीहरूमा आपतकालीन अवस्था वारे जानकारीका लागि पूर्वसूचना दिने मेशिन उपकरणहरू जडान गरी सम्भावित क्षतिलाई न्यूनीकरण गरिने छ ।
१.२: भू—संरक्षण एवं सम्वर्द्धन गर्ने ।	१. भू—उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । २. ठाडो एवं भिरालो भूभागमा आइइइ, इआइए जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका वारेमा विस्तृत अध्ययन पश्चात मात्रै भौतिक संरचनाहरू निर्माण गरी त्यस्ता भूभागहरूको संरक्षण गरिने छ । ३. वर्षातको भलपानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्थापन एवं गरासुधार जस्ता कार्यवाट भूमिको दिगो संरक्षण गरिने छ । ४. भिरालो भूमिमा अव्यवस्थित वस्तीहरू तथा जग्गा प्लटिङ गरी वस्ती विस्तार गरिने अभ्यासलाई निरुत्साहित गरिने छ । ५. जमिनको भित्री सतह सुख्खा हुन गई पानीको मुहान सुक्ने र जमिन समेत भासिने हुँदा स्वीकृतीविना र अव्यवस्थित एवं जथाभावी निर्माण हुने डिपवोरिङ गर्ने अभ्यास माथि नियन्त्रण गरिने छ ।
उद्देश्य २ जलस्रोत क्षेत्रहरूको संरक्षण, सम्वर्द्धन गर्दै जलश्रोतवाट आय आर्जनको श्रोत वनाउनु ।	
२.१: जलस्रोतको दिगो संरक्षण, सम्वर्द्धन गर्ने ।	१. नगरपालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, नियमन एवं संरक्षण गरिने छ । यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरू निर्माण गरिने छ । २. पानीमुहान, पानीपोखरी, सीमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारवार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवं रिचार्जपोखरीहरू निर्माण गरी संरक्षण एवं सम्वर्द्धन गरिने छ । ३. पानीमुहान, पोखरी, तालतलैया, खोलामा पानीको मात्रा यथेष्ट र स्थिर राख्न अध्ययनका आधारमा जलाशयहरू निर्माण गरिने छ र वर्षातको पानी सञ्चय गरी पानी भरण गर्ने भूमिगत सतह पानी पुर्नभरण गर्ने व्यवस्था मिलाइने छ। ४. नदी तथा खोला किनारामा तटवन्ध निर्माण गरिने छ । ठूला प्रकृतिका वर—पिपल लगायतका रुखहरू वृक्षारोपण गरी नदी खोला किनारमा हुने भूक्षयलाई न्यूनीकरण गरिने छ । ५. स्थानीय समुदायसंग सहकार्य गर्दै उद्योग कलकारखाना एवं शहरवजारवाट निस्कासित दुषितपानी, ढल निकास, फोहोरमैला फाली जलस्रोतहरू प्रदुषण गर्ने अभ्यासलाई नियन्त्रण गरी जलस्रोतहरूको संरक्षण एवं सम्वर्द्धन गरिने छ ।
२.२: जलश्रोतहरूलाई वहुउपयोगी वनाउदै आयश्रोतको रूपमा विकास गर्ने ।	१. नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा व्यवसायिक रूपमा कृषि—वन खेती गर्न स्थानीयहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइने छ । २. सम्भाव्यताका आधारमा नगरपालिकाका विभिन्न क्षेत्रहरूमा पानीपोखरी, पानीट्याङ्की निर्माण गरी कृषिभूमिमा नियमित सिँचाइको व्यवस्था मिलाइने छ । ३. निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै नगरपालिका क्षेत्रभित्रका

	जलाधारमा झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरू निर्माण गरी आन्तरिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ । ४. निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गर्दै वर्षाको पानी भण्डारण, नदी खोलावाट सा—साना जलाशय निर्माण गरी सङ्कलित पानीलाई प्रशोधनको व्यवस्था मिलाई खानेपानी आयोजनाहरू सञ्चालन गरिने छ । ५. मत्स्यपालनलाई व्यवसायिक सञ्चालन गर्न प्रोत्साहित गरिने छ । यसका लागि खुल्ला क्षेत्र एवं पानी आपूर्तिको व्यवस्था मिलाइने छ ।

७.२.५ कार्यक्रम तथा आयोजना

तालिका ६५ भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा :आयोजना

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	भुसंरक्षण सम्बन्धी सचेतना कार्यक्रम	पटक		५	५	५	५	५	२५	१३	२	१
२	पानीको मुहान संरक्षण कार्यक्रम	एकमुस्ट		२०	३०	३०	३०	३५	१४५	१३	१	१
३	जोखिमयुक्त सार्वजनिक जग्गाको तारजाली र संरक्षण कार्यक्रम	एकमुस्ट		२०	३०	३०	३०	३५	१४५	१३	२	१
४	पहिरोको रोकथाम कार्यक्रम बृक्षारोपण), वायोईन्जिनियरिङ्ग, ग्याबियन वाल(	वटा		३०	३२	४०	४०	४५	१८७	१३	३	१
५	सिंचाई कुलोको वांध तथा तटबन्ध निर्माण, कुलोको सरसफाइ र पानीको निकासको व्यवस्था	वटा		२०	२०	२०	२०	२०	१००	१३	२	१
६	जलाधार क्षेत्र संरक्षण तथा विकास	एकमुस्ट		२०	२०	३०	२०	२०	११०	१३	२	१
	भूसंरक्षण तथा जलाधार व्यवस्थापनको जम्मा बजेट			११५	१३७	१५५	१४५	१६०	६८७			

७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ..तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका भूसंरक्षण :

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
संरक्षित पानी मुहान क्षेत्र	सङ्ख्या	३०	30	30	32	33	34	34	वन वातावरण तथा विपद् व्यवस्थापन शाखा	
नदीखोला नियन्त्रण लम्बाई/	किमि	१.५	2	2.5	3	3.5	4	4		
स्पर तथा बाँध, चेकड्यामहरूको लम्वाई	मि	१००	100	105	108	110	112	112		
पहिरो जोखिम वस्ती	सङ्ख्या	३	3	2	1	0	0	0		
संरक्षित भूक्षय र बाढी — संवेदनशील क्षेत्र	सङ्ख्या	५	5	5	5	5	7	7		
संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र	सङ्ख्या	४	4	4	4	4	5	5		
जलउत्पन्न प्रकोपवाट प्रभावित घरपरिवार	सङ्ख्या	३२	30	25	20	15	10	10		
वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई	किमि	१	2	3	4	5	6	6		

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधरणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना वढाई औद्योगिक एवं भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदुषण गर्नेले दायित्व व्यहोनु पर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने नीति राज्यवाट अंगिकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नगरपालिका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रूपमा वा हरियाली क्षेत्रको रहेको, बजार क्षेत्र बाहेक अन्य वस्तिहरूमा ध्वनि, वायु तथा जल प्रदूषण नगन्य रहनु वातावरणका हिसाबले उत्तम देखिन्छ । नगरपालिकाको वातावरणलाई स्वस्थ र स्वच्छ राख्न विभिन्न स्थानहरूमा हरित क्षेत्र तथा पार्कहरू रहेका छन् । त्यसैगरी नगरपालिकामा रहेका विभिन्न पर्यटकीय खुल्ला स्थल लगायतका सार्वजनिक स्थल, पाटी पौवा तथा चौताराहरूले पनि नगरपालिकाको वातावरणलाई स्वच्छ तथा हराभरा राखेको छ ।

जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भूउपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका — कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारिरहेको छ । यस क्षेत्रको खानेपानी, सिँचाई, र विभिन्न उचाइमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेको छ । तीव्र सहरीकरणबाट वन र उर्वर भूमि माथि बढ्दै गएको चाप र जलवायु परिवर्तनबाट सिर्जित भएका र भविष्यमा हुन सक्ने दुष्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय नगरपालिकाको सामु एक प्रश्नको रूपमा देखिएको छ ।

नगरपालिकाले ३२ रोपनी जग्गामा ल्याडफिल्ड साइट निर्माण गरी केही समय फोहर मैला संकलन र व्यवस्थापन गरेता पनि पछिल्ला वर्षहरूमा संचालनमा आउन नसकेको र हाल अव्यवस्थित रूपमा वन देवी क्षेत्रमा फोहरमैला विसर्जन गर्ने र पुर्ने गरिएको छ । छाडा चापाया व्यवस्थापनका लागि भने नगरपालिकाका वडा नं. १४ कुसनीमा रहेका रुरु गौ सेवा आश्रमसँग सहकार्य गरिएको छ ।

नगरपालिकाले जोर बार कुहिने र बिजोर बार नकुहिने फोहर संकलन गर्ने अभ्यास भरेको छ । नगरपालिकामा करिब दैनिक ३ हजार केजी कुहिने, ९ हजार केजी नकुहिने र ३ गाडी सिसाजन्य फोहर संकलन हुने गरेको छ । नगरको फोहर मैला सरसफाइका लागि २ वटा टिप्पर एउटा ट्याक्टर एउटा कम्प्याक्टर रहेको छ । फोहर मैला संकलनका लागि १७ जना सरसफाइ कर्मीहरू परिचालन हुने गरेको छ । ७२ प्रतिशत घरधुरीले फोहर मैलाको वर्गीकरण गरी विसर्जन गर्ने गरेका छन् ।

७.३.२ समस्या तथा चुनौती

नगरपालिकाका मुख्य बजार लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसाजन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । ग्रामीण वडाका सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृत्ति देखिन्छ । यसरी फालिएको फोहर बर्षातका समयमा पानीले बगाएर कालीगण्डकी नदी तथा स्थानीय खोला खोल्सा तथा नदीका तल्लो भागसम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गरिरहेको छ । फोहर मैला व्यवस्थापनका लागि विसर्जन केन्द्रको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लास्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि वैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाइमा समस्या देखिएको छ । स्रोतमा फोहरको उचित वर्गीकरण कुहिने फोहर), नकुहिने फोहर, धातु सिसाजन्य र अस्पतालजन्य फोहर (गरेता पनि पुन प्रशोधन र उपयोग गर्न नसक्नु र यसको कडाइका साथ कार्यान्वयनका लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नु पनि फोहर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । सार्वजनिक शौचालयहरू पर्याप्त मात्रमा छैनन् । पूर्ण सरसफाइमा अझै पनि कमी कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विसर्जन लगायतका समस्याहरू यथावत् छन् ।

७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने , रूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयह समिति परिचालन गरी वातावरण संरक्षण/वातावरण सरसफाइ समूह ,सचेतना वृद्धि गर्ने तथा स्वच्छताका कायम गर्नेसामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण ,, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी नगरलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेको छ ।

ठूलो लगानीमा निर्मित फोहर मैला विसर्जन केन्द्र व्यवस्थित रूपमा पुन स्यानिटरी पार्कको रूपमा सुचारु गर्न सकिने, फोहोर मैलालाई श्रोतमै व्यवस्थापन गरी फोहर न्यूनीकरण गर्न सकिने, जैविक फोहोरबाट घरघर वा व्यवसायिक रूपमा जैविक मल उत्पादन गर्न सकिने, फोहोरमैलाको प्रभावकारी व्यवस्थापनबाट रोजगारी सिर्जना एवं आय आर्जन गर्न सकिने अवसर समेत रहेको छ ।

७.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

वातावरण संरक्षण गर्दै गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

उद्देश्य

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. वातावरणको सम्वर्द्धन र सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।

रणनीति तथा कार्यनीति

तालिका ७फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू :

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।	
१ :१.समुदायका घना बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने ।	१. फोहोरमैलाको प्रभावकारी व्यवस्थापनका लागि पुनःप्रयोग, पुनःप्रशोधन, न्यूनीकरण र प्लाष्टिकजन्यको निषेध विधि अवलम्वन गर्दै फोहोर उत्पादनलाई श्रोतमै न्यूनीकरण गरिने छ । २. फोहर मैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ। ३. वडाका बस्ती र फोहर मैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ । ४. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहर मैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । ५. फोहोरहरूको सुरक्षित विसर्जनका लागि सरसफाइ केन्द्रको व्यवस्था गर्दै सो क्षेत्रलाई स्यानिटरी पार्कको रूपमा विकास गरिने छ । ६. अस्पतालजन्य फोहरहरूलाइ उपचारात्मक विधि अवलम्बन गरी विसर्जन गरिनेछ ।
१:२. नगरपालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने ।	१. कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई 3R) Reduce, Reuse, Recycle (को अवधारणालाई व्यावहारिक कार्यान्वयनमा ल्याइनेछ । २. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ। ३. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा विसर्जन गर्न मापदण्ड बनाई लागू गरिनेछ। ४. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ । ५. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ ।
उद्देश्य २ :वातावरणको सम्वर्द्धन सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।	
२:१. सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि	१. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ । २. बस्ती टोल ,सरसफाइको लागि उपभोक्ताहरू बाटै समिति गठन गरी

गर्ने ।	सरसफाइ गरिनेछ । ३. फोहर मैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहर मैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । ४. विद्युतीय वैकल्पिक एवं हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहित गर्दै वातावरण सन्तुलन कायम राख्न जोड दिइने छ ।
२:२. सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।	१. जनस्तरमा वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि स्थानीय सामुदायिक संघ संस्था तथा टोल सुधार संस्थाहरूसंग सहकार्य गरिने छ । २. वातावरण सरसफाइ समूह/समिति परिचालन, नियमित सरसफाई जस्ता कार्यहरू सञ्चालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिने छ । ३. घरआँगन, विद्यालय, कार्यालय, सडक किनारा लगायतका खुल्ला तथा सार्वजनिक क्षेत्रमा सदावहार हरियो हुने तथा फलफूलका वोटविरुवाहरू रोपण गरी हरियाली क्षेत्र विस्तार गरिने छ । ४. सार्वजनिक स्थल एवं बजारक्षेत्रहरूमा सुविधायुक्त सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालनमा ल्याउन स्थानीय सामुदायिक संस्थाहरूसँग सहकार्य गरिने छ ।

७.३.५ कार्यक्रम तथा आयोजना

तालिका ८८वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना :

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	ऐन नियम तथा कार्यविधिको निर्माण	सङ्ख्या		५	५	५	५	५	२५	६	२	१
२	सरसफाइ केन्द्र व्यवस्थापन (सेनेटरी पार्क)	पटक		३०	४०	५०	८०	१००	३००	६	२	१
३	प्लाष्टिक मुक्त तानसेन निर्माण तथा वैकल्पिक 3R अभियान प्लाष्टिक निषेध), फोहोर मैला वर्गीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित वडा तथा टोल सरसफाई प्रतिस्पर्धा गराउने र पुरस्कृत गर्ने(	पटक		५	५	५	५	५	२५	६	२	१
४	वडा तथा टोल स्तरमा Eco child club गठन गरी वातावरण संरक्षणका कार्यक्रम संचालन	सङ्ख्या		२	२	२	२	२	१०	६	२	१
५	एक वडा एक ग्रिन पार्क निर्माण तथा संचालन	सङ्ख्या		२५	२८	३५	६०	६५	२१३	६	२	१
६	मुख्य वजारवस्ति क्षेत्र/हरूको व्यवस्थित फोहर संकलन र व्यवस्थापन प्रणाली सुधार	एकमुस्ट		२०	२०	२०	२०	२०	१००	६	२	१
	वातावरण तथा फोहोरमैला व्यवस्थापनको जम्मा बजेट			८७	१००	११७	१७२	१९७	६७३			

७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका :

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र	सङ्ख्या	७	7	7	9	9	9	9	वन वातावरण तथा विपद् व्यवस्थापन शाखा/ केतवि	
फोहरमैलाको वर्गीकरण गरी विसर्जन गर्ने घरपरिवार	प्रतिशत	७२	90	100	100	100	100	100		
कम्पोष्टपिट प्रयोग गर्ने —विन र गार्वेज— परिवार	सङ्ख्या	२०	40	60	100	200	500	500		
निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण	मेटन.	2000	2000	2000	1800	1800	1700	1700		
नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी	प्रतिशत	75	80	85	90	95	100	100		
प्रशोधन गरिएको फोहोरमैला अनुपात	प्रतिशत	१०	15	20	25	30	35	35		
व्यवस्थित ढल निकास भएको वजार क्षेत्र	सङ्ख्या	१	1	1	2	3	4	4		
शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी	सङ्ख्या	१०००	1200	1500	1800	2000	2200	2200		
परम्परागत उर्जा प्रयोग गर्ने (दाउरा) घरधुरी	प्रतिशत	37.7	13	12	11	10	8	8		
घरभित्रको धुवाँवाट मुक्त घरधुरी	प्रतिशत	६०१६.	62	64	67	70	75	75		

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नीति अंगिकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूवाट जलवायु परिवर्तन सम्वन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना पन्छौ राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात र विपद्को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्वन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम वस्तीहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ।

विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भूउपयोग पद्धति अवलम्बन गर्ने — उपयोग—यन भएको छैन । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भूनीति कार्यान्वपरिवर्तन गर्ने प्रवृत्ति रोक्न सकिएको छैन । नगरपालिका स्तरमा वैज्ञानिक भूउपयोग प्रणाली स्थापना तथा विपद् — न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

नगरपालिकामा केही घरहरू विभिन्न प्रकोपको जोखिममा छन् । नगरपालिकाका ग्रामीण प्रकृतिका वडाहरूका संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र तिनहू, प्रभास लगायतका खोलाको कटानका कारण जोखिममा छन् भने डढेलो यहाँका थप चुनौतीहरू हुन् । पहिरोको जोखिम विशेष गरी वर्षा याममा असार), साउन, भदौ गर्दछ हुने (भने आगो र महामारीको जस्ता जोखिमहरू खडेरीको चैत्र), वैशाख (मौसममा हुने गर्दछ । यस्ता जोखिमहरूबाट सडक पूर्वाधारमा क्षति हुने गरेको छ । त्यस बाहेक सडक दुर्घटना लगायतका विपद् बाट समेत बेला बेलामा समस्या हुने गरेको छ ।

विपद् व्यवस्थापनका लागि नगरपालिका क्षेत्र भित्र एउटा दमकल, विभिन्न सस्थाहरूसंग गरी ७ वटा एम्बुलेन्स र प्रतिकार्यका लागि जिल्ला प्रहरी, गोरखनाथ दल ब्यारेक सशस्त्र प्रहरी बल र रेडक्रस गरी करिब ३३८ जना तालिम प्राप्त स्वयंमसेवक रहेका छन् । नगरपालिकामा मनसुनजन्य विपद्का कारण गत आ.व ०७९/८० मा ३२ घरहरूमा क्षति पुगेको छ ।

७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु नगरपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडाहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद् आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, नगरपालिकामा शव वाहन सेवा नहुनु, विपद् पूर्वसूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् । वर्षातको समयमा देखा पर्ने पहिरोका कारण सडक अवरुद्ध तथा स्थानीय खोला किनारका बस्तीहरूमा

वर्षातको समयमा समस्या सृजना हुने गरेको छ । विपद्का कारण क्षति पुगेको ३२ घरहरू मध्ये १५ घरहरू मात्रै निर्माणाधिन अवस्थामा रहेकोले बाकि घरहरू समेत छिटो निर्माण गर्नु पर्ने देखिन्छ ।

जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लास्टिकजन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

७.४.३ सम्भावना तथा अवसर

नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारिएका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हदसम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

विपद्का घटनाहरूलाई मध्यनजर गर्दै पूर्वतयारी तथा प्रतिकार्यका लागि विपद् जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कनका साथै विपद् संवेदनशील भू उपयोग योजना तयारी गरी विपद् जोखिम न्यूनीकरणमा उल्लेख्य कार्य गर्न सकिने देखिन्छ । यसका साथै पूर्वतयारी कार्यका लागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् सङ्कटान्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

७.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

लक्ष्य

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

उद्देश्य

1. जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्वचेतावनी प्रणालीको विकास गर्नु।
2. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
3. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

रणनीति तथा कार्यनीतिहरू

तालिका ७० विपद् :व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्वचेतावनी प्रणालीको विकास गर्नु ।	
१:१. विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील	1. पूर्वानुमान तथा पूर्वचेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ । 2. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा

समाजको निर्माण गर्ने ।	उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ । ३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ । ४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । ५. भवन निर्माण संहिता कडाइका साथ लागु गर्दै निजी भवन संरचनाहरूलाई विपद् प्रतिरोधात्मक अनिवार्य रूपमा बनाउन लगाइने छ । यसका लागि भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
१ :२. सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने ।	१. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ । २. नगरपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ। ३. नगरपालिका कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ । ४. विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ ।
१:३. विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने।	१. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ । २. नगरपालिकामा कार्यरत निकायहरूले आ आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ । ३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ । ४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ । ५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ ।
उद्देश्य २: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।	
२:१. विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने ।	१. बाढी, चट्याङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ । २. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा

	पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ । ३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ। ४. आपतकालीन व्यवस्थापनका लागि वस्तीहरूमा खुल्ला क्षेत्र, पानीपोखरी, आश्रयगृहको व्यवस्था मिलाइने छ र अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिने छ । ५. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड दिइनेछ ।
उद्देश्य ३ :जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।	
३१. वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने ।	१. बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछ। २. नगरपालिकालाई वातावरण मैत्री नगरपालिकाको रूपमा विकास गरिनेछ। ३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ । ४. घरायसी प्रयोजनमा वढी कार्वन उत्पादन गर्ने मेशिन उपकरणहरू रेफ्रिजेरेटर, एयर कण्डिसनर, ड्रायर, हिटर जस्त उपकरणहरूको प्रयोगलाई निरुत्साहित गरिने छ ।
३.२ जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्दै जनजीवनमा सहजता ल्याउने ।	१. खाना पकाउदा दाउरा वाल्ने तथा परम्परागत चुल्हो एवं शहर वजार क्षेत्रमा अत्यधिक प्रयोगमा रहेको एलपि ग्याँसको सट्टामा विद्युतीय तथा इण्डक्सन चुल्हो प्रयोग गर्न प्रेरित गर्दै सोको प्रयोगमा आवश्यक सहयोग उपलव्ध गराइने छ । ५. स्वच्छ ऊर्जामा आधारित उद्यम व्यवसायहरू विकास, विस्तार एवं प्रवर्द्धनका लागि सहकारी क्षेत्रसंग समन्वय गर्दै आवश्यक सहयोग उपलव्ध गराइने छ । २. जलवायु परिवर्तनवाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न कृषकहरूलाई वाली एवं पशुपंक्षी वीमाको व्यवस्था मिलाइने छ र आवश्यकताका आधारमा सहयोग उपलव्ध गराइने छ । ३. खुल्ला क्षेत्रहरूमा हरियाली प्रवर्द्धनलाई वृक्षारोपण गर्ने, पानीपोखरी निर्माण गर्ने, पार्क उद्यान निर्माण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरी जलवायु परिवर्तनवाट हुने असरहरूलाई न्यूनीकरण गरिने छ।

७.४.५ कार्यक्रम तथा आयोजना

तालिका ,विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना :

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलबायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
१	नगर र वडा स्तरीय विपद् व्यवस्थापन समिति परिचालन र क्षमता अभिबृद्धि कार्यक्रम	पटक		८	८	८	८	८	४०	१३	२	१
२	आपतकालिन उद्धार कार्य संचालन केन्द्र निर्माण	सङ्ख्या		३०	३०	३५	३५	३५	१६५	१३	२	१
३	विपद जोखिम न्यूनीकरण कार्यका लागि सामग्री खरिद कार्यक्रम	एकमुष्ठ		१०	१०	१०	१०	१०		१३	३	१
४	ड्रोन सर्वेक्षणद्वारा विपद जोखिम नक्सांकन कार्यक्रम	सङ्ख्या		१२	१२	१२	१२	१२	६०	१५	३	१
५	विपद् पूर्व तयारी सम्बन्धि सुचना प्रशारण तथा उपकरण	पटक		१०	१०	१०	१०	१०	५०	१३	२	१
६	स्थानीय विपद् तथा वातावरण उत्थानशिल योजना तयारी र अध्यावधिकरण	वटा		३	३	३	३	३	१५	१५	२	१
७	जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रम	पटक		१०	१०	१०	१०	१०	५०	१५	२	१
	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा बजेट			६३	६३	६८	६८	६८	३८०			

७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७.विपद् जोखिम न्यूनीकरण :र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य आर्थिक) वर्ष र कुल(					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
सुरक्षित, एकीकृत र व्यवस्थित वस्तीआवास / क्षेत्र	सङ्ख्या	१८	२०	२२	२५	३०	३२	३२	वन वातावरण तथा विपद् व्यवस्थापन शाखा	
जोखिम वस्ती वा स्थानमा बसोबास गरेका परिवार	सङ्ख्या	३	३	२	१	०	०	०		
खुल्ला क्षेत्र तथा स्थानहरू	सङ्ख्या	१४	१४	१४	१४	१४	१४	१४		
आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक	जना	१०	१२	२०	३०	३५	४०	४०		
विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम (लाखमा)	रु.	२०	२५	३०	४०	५०	६०	६०		
विपद व्यवस्थापनमा क्रियाशील संघसंस्था/हरू	सङ्ख्या	२	२	२	२	२	२	२		
विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरू	सङ्ख्या	०	१४	१४	१४	१४	१४	१४		
विपद प्रतिकार्यका लागि भएको आपतकालीन नमूना अभ्यास	सङ्ख्या	१	१	१	२	३	४	४		
आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्बुलेन्स तथा वरुणयन्त्रको व्यवस्था पालिकाको) (आफ्नो	सङ्ख्या	२	२	२	२	२	३	३		
जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम संचालन	सङ्ख्या	३	३	३	३	३	४	४		

परिच्छेद ८ :संस्थागत तथा सुशासन विकास

८.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार राज्यले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम बनाउने, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त बनाउने, जनउत्तरदायी र सहभागितामूलक बनाउने, राज्यबाट प्राप्त हुने सेवा सुविधा माथि जनताको समान र सहज पहुँच सुनिश्चित एवं सुशासनको प्रत्याभूति गर्ने नीति अंगिकार गरेको छ । पन्ध्रौ राष्ट्रिय योजनामा सुशासन र सबल लोकतन्त्रलाई दीर्घकालीन लक्ष्यका रूपमा ग्रहण गरिएको छ भने प्रमुख सम्वाहकका रूपमा सार्वजनिक सेवाको सुदृढीकरण लाई लिइएको छ र दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा शासकीय सुधारलाई । त्यसैगरी राष्ट्रिय योजनामा जवाफदेहीता, पारदर्शी, जनउत्तरदायी, सहभागितामूलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त, स्वअनुशासित शासन प्रणालीलाई संस्थागत गर्ने, सेवा प्रवाहमा छिटो, सहज बनाउने, विद्युतीय शासन प्रणाली विकास विस्तार गर्ने र गुणस्तरीय सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने परिकल्पना गरिएको छ । यसैगरी स्थानीय नीति तर्जुमा गर्ने, ऐन, कानुन, मापदण्डहरू निर्माण गर्ने, कार्यान्वयन गर्ने एवं नियमन गर्ने र यसरी कानुनहरू निर्माण गर्दा संघीय एवं प्रादेशिक कानुनहरूको अधिनमा रही तर्जुमा गर्नुपर्ने जिम्मेवारीहरू पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । जबाफदेही, पारदर्शी र परिणाममूखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा पारदर्शी, समावेशी र जबाफदेही नगर सरकारको सोच सहित नगरपालिकाको सुशासन प्रवर्द्धन गर्नका लागि तानसेनमा रहेको प्रमुख प्रशासकीय भवनबाट नागरिकलाई सेवा प्रवाह भैरहेको छ ।

संस्थागत विकास तथा सुशासनको क्षेत्रमा यस नगरपालिकामा हालसम्म कूल ११२ वटा स्थानीय ऐन, नीति नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, आचारसंहिता र रणनीति तयार भई कार्यान्वयन तथा अभ्यासमा रहेका छन् । संविधान तथा प्रचलित कानुनअनुसार नगर सभाबाट न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा र अन्य विषयगत समितिहरू गठन भई तत् सम्बन्धी विषयमा क्रियाशिल रहेका छन् । सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेबसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

नगरपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न नगर कार्यपालिकामा जम्मा १७ वटा विभिन्न बिषयगत समितिहरू रहेकाछन्। सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमबाट निरूपण गर्ने गरिएको छ । नगरपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी **सुत्र प्रणाली** मार्फत कार्य थालनी गरिएको छ ।

संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस नगरले स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०७९/८० मा कूल ८०.५ अङ्क प्राप्त गरेको छ भने वितीय सुशासन जोखिम मुल्यांङ्कन (FRA) मा कूल ७२.५

अङ्क प्राप्त गरेको छ । तानसेन नगरपालिकामा १४ वटा वडा कार्यालयहरू सञ्चालनमा छन् । नगरपालिकाको दैनिक कार्यसम्पादन र विकास निर्माण तथा योजना कार्यान्वयनका लागि ८५ जना स्थायी र ११० जना करार र २ जना ज्यालादारी गरी कुल १९७ जना कर्मचारीको व्यवस्था छ ।

नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रूपमा कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, यातायात लगायतका क्षेत्रहरू रहेका छन् । स्थानीय शासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्धारण गरिएको छ । नगरपालिकामा सञ्चालित स्थानीय सञ्चित कोष र अन्य स्रोतबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएको छ।

८.२ समस्या तथा चुनौती

यस नगरपालिका ऐतिहासिक विशेषताधार्मिक मठ मन्दिरका कारणले पर्यटकीय विकास , र आर्थिक विकासको अथाह सम्भावना भएर पनि सुशासन र सेवा प्रवाहको अवस्थामा अपेक्षित रूपमा सफलता हासिल गर्न सकेको छैन । योजनाबद्ध, व्यवस्थित तथा नतिजा मूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन्।

स्थानीय तहको एकल अधिकार व्यवस्थाअनुसार नगरपालिकाले प्रमुख विषयहरू विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण, पर्यटन तथा खेलकूद विकास, कला तथा संस्कृति संरक्षण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन बाँकी नै रहेको छ । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, सोको कार्यान्वयन र पालना हुन सकिरहेको छैन । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आय मूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम हुने गरेको छ ।

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरूमा आवश्यकता र स्वीकृत दरबन्दीअनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूको पदपूर्ति न्यून रहेका कारण सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ । नगर कार्यपालिका कार्यालयको व्यवस्थित प्रशासनिक भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाइ रहेको छ । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरू भू उपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकास सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामूखी विकास योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमूखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरूप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी समयमा उपलब्धि मूलक रूपमा सम्पन्न गर्न सकिएको छैन।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ । राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र

सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सोअनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण नगरपालिकाको विकास उपलब्धिका मुख्य रूपमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकाससम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

८.३ सम्भावना तथा अवसर

साङ्गठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु ,नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सङ्घीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु ,सुशासन नगरपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ । सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

नगरपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसरको रूपमा देखिन्छन्।

८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सेवा प्रवाह सहज, विकास उपलब्धिलाई प्रभावकारी र सुशासन अभिवृद्धि गर्नु ।

उद्देश्य

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।

४. वित्तीय सुशासन कायम गर्नु ।
५. नगरपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु ।

रणनीति तथा कार्यनीति

तालिका ७३ सेवा प्रवाह तथा : सुशासनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।	
१.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने ।	१. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधिक र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि गरिनेछ । २. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ। ३. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ। ४. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ । ५. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ । ६. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ । ७. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ ।
१.२: सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने ।	१. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ । २. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। ३. नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई सहज, जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास गरिनेछ ।
उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।	
२.१: नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने ।	१. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ । २. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ । ३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ । ४. जनताको गुनासो सिधै नगर प्रमुखसम्म पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ । ५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ ।
२.२ :नगरपालिकाको कार्यसम्पादनलाई उत्तरदायी,	१. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।

पारदर्शी र परिणाममुखी बनाउने ।	२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ । ३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन नगरपालिका स्तरमा कार्यरत सामाजिक सङ्गसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ। ४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ । ५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ । ६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्रलाइ समय सापेक्ष र सेवाग्राहीमूखी बनाइनेछ। ७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ । ८. नगरपालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ । ९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ । १०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ । ११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ ।
२.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु।	१. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ । २. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ । ३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ ।
उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।	
३.१: जनशक्ति विकास गर्ने।	१. नगरपालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ । २. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ । ३. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधियुक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ ।

३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने ।	१. सङ्घीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ । २. नगरपालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ । ३. नगरपालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ । ४. नगरपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ ।
उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।	
४.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने ।	१. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ। २. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ । ३. समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई कानुन बमोजिम निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ । ४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।
४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने ।	१. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ। २. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ ।
उद्देश्य ५ :नगरपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु ।	
५ :१.आन्तरिक राजस्व वृद्धिमा जोड दिने ।	१. आन्तरिक राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्न्यान्वयन गरिनेछ । २. नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ । ३. आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग नियमित बैठक र छलफल गरिनेछ । ४. माध्यमिक तहको पाठ्यक्रममा कर, शुल्क र दस्तुरसम्बन्धी विषय समावेश गरी पठनपाठन शुरुवात गरिनेछ । ५. राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ। ६. वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ । ७. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी यसबारे जानकारी र

	प्रचार प्रसारद्धारा व्यवसाय दर्ता र वार्षिक कर सङ्कलनलाई सहज बनाइनेछ।
५ :२.राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने ।	१. राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था गरी सीप तथा दक्षता अभिवृद्धि गरिनेछ । २. स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ । ३. सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको सङ्कलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । ४. राजस्वसम्बन्धी आधार सूचना, अभिलेख, राजस्व सङ्कलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ । ५. वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ । ६. नगरपालिकाबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाईनेछ। ७. सूचना प्रविधिको उपयोग गरी नगरपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ । ८. बढी राजस्व सङ्कलन गर्ने वडा तथा वडाका कर्मचारीलाई पुरस्कृत गरिनेछ र सबैभन्दा बढी कर तिर्ने करदातालाई सहुलियतको व्यवस्था गरिनेछ ।

८.५ कार्यक्रम तथा आयोजना

तालिका ५४संस्थागत विकासका तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजना :

क.स.	कार्यक्रमहरू	एकाइ	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (लाखमा.रू)						दिविल संकेत	लैंगिक संकेत	जलवायू संकेत
				पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा			
	ऐन नियम कानुन जवाफदेहीता											
१	नागरिक सहायता कक्ष व्यवस्थापन	सङ्ख्या		१	१	१	१	१	५	१६	१	३
२	नियमित सेवाग्राही सन्तुष्टी सर्भेक्षण	एकमुष्ठ		३	३	३	३	३	१५	१६	२	३
३	आवश्यक कानून निर्माण र संशोधन	सङ्ख्या		३	३	३	३	३	१५	१६	३	३
४	सुचना प्रवाह तथा प्रकाशन	सङ्ख्या		५	५	५	५	५	२५	१६	२	३
५	आन्तरिक अनुगमन तथा निरिक्षण प्रणाली सुधार	सङ्ख्या		२	२	२	२	२	१०	१६	३	३
६	सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण	सङ्ख्या		२	२	२	२	२	१०	१६	२	३
७	विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि	एकमुष्ठ		५	५	५	५	५	२५	१६	२	३
८	सामाजिक जवाफदेहिता वृद्धिकालागि सामाजिक परीक्षण), सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणसञ्चालन (	सङ्ख्या		१०	१०	१०	१५	१०	५५	१६	१	३
९	जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन	सङ्ख्या		२	२	२	२	२	१०	१६	१	३
	संस्थागत संरचना तथा मानव संसाधन विकास											
१०	क्षमता विकास योजना निर्माण			३	०	०	०	०	३	१६	२	३
११	नगरपालिकाको प्रोफाईल अध्यावधिक -Municipal Digital Profile updates	पटक		१०	१०	१०	१०	१०	५०	१६	२	३
१२	वडा कार्यालयहरूमा विभिन्न भवनहरूको पूर्वाधार निर्माण	एकमुष्ठ		३०	५०	८०	८०	१००	३४०	१६	२	३
१३	Electronic Document Management System स्थापना र संचालन	एकमुष्ठ		१०	१०	१०	१०	१०	५०	१६	२	३
१४	नगर श्रोत नक्साङ्न र अध्यावधिकरण	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	१६	२	३
१५	गुनासो सुनुवाई कक्षको स्थापना र सञ्चालन हटलाइन र)	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	१६	१	३

	(नमस्ते तानसेन एप्सको प्रयोग मार्फत											
१६	नगर प्रहरी कार्य जिम्मेवारी तथा क्षमता विकास तालिम	जना		२	५	५	५	५	२२	१६	२	३
१७	वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन	सङ्ख्या		५	५	५	५	५	२५	१६	१	३
१८	विषयगत शाखा र उपशाखाको भौतिक श्रोत साधन व्यवस्थापन	एकमुष्ठ		२	२	२	२	२	१०	१६	२	३
१९	हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम विकास निर्माण), सेवा प्रवाह र राजश्व संकलन(	एकमुष्ठ		२	२	२	२	२	१०	१६	२	३
२०	न्यायीक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम	पटक		२	२	२	२	२	१०	१६	१	३
२१	मेलमिलाप केन्द्रको स्थापना र व्यवस्थापन	सङ्ख्या		२	२	२	२	२	१०	१६	१	३
२२	प्रशासनीक, प्राविधिक, सरसफाई कर्मि, स्वास्थ्य कर्मि सहितको जनशक्तिको पदपुर्ति	एकमुष्ठ		५	५	५	१५	१५	४५	१६	१	३
२३	महत्त्वपूर्ण पर्यटकीय, सार्वजनिक र धार्मीक स्थलहरूमा फ्री वाईफाई जोन वनाउने ईन्टरनेट सेवा प्रदायक संगको) (समन्वयमा	सङ्ख्या		३	१०	१०	२०	२०	६३	१६	२	३
२४	अन्तरपालिका असल अनुभव आदन प्रदान अध्ययन भ्रमण	पटक		३	५	५	५	५	२३	१७	२	३
२५	मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकास	सङ्ख्या		२	२	२	२	१२	२०	१६	१२	३
२६	सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण	पटक		३	३	३	३	३	१५	१६	२	३
२७	संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास	एकमुष्ठ		२	२	२	२	२	१०	१६	२	३
२८	कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि	एकमुष्ठ		२	२	२	२	२	१०	१६	२	३
२९	कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन	एकमुष्ठ		४	४	४	४	४	२०	१६	२	३
३०	स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम	एकमुष्ठ		५	५	५	५	५	२५	१६	१	३

	वित्तीय श्रोत परिचालन											
३१	राजश्वको संभाव्यता अध्ययन राजश्व सवलीकरण तथा / कार्ययोजना कार्यन्वयन	पटक		१०	१०	१०	१०	२०	६०	१६	२	३
३२	राजश्व संकलनलाई थप प्रभावकारी वनाउने वित्तीय —) संस्थासंगको समन्वयमाe-banking , QR Code वाट भुक्तानी (	जना		५	५	५	५	५	२५	१६	२	३
३३	अनलाईन भुक्तानी प्रणालीको प्रभावकारी कार्यन्वयन र कर्मचारीलाई तालिम	जना		२	२	२	२	२	१०	१६	१	३
३४	Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसंग आवद्धता र कर्मचारीलाई तालिम	पटक		२	२	२	२	२	१०	१६	२	३
३५	राजश्व परामर्श समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण र क्षमता विकास	सङ्ख्या		४	४	४	४	४	२०	१६	१	३
३६	Public Assets Management (PAM) जिन्सि व्यवस्थापन र सवै वडाहरूमा कार्यान्वयन	जना		३	३	३	३	३	१५	१६	२	३
३७	सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्वन्धी तालिम	एकमुष्ठ		१	२	२	२	२	९	१६	२	३
३८	नगरपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण	सङ्ख्या		५	०	१	०	०	६	१६	२	३
३९	कर अभिलेख व्यवस्थापक सम्बन्धि क्षमता विकास तालिम संचालन	एकमुष्ठ		५	५	५	५	५	२५	१६	२	३
४०	करदाता शिक्षा कार्यक्रम	एकमुष्ठ		१०	१४	१२	१४	१४	६४	१६	२	३
४१	उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम	पटक		१	२	१	३	३	१०	१६	२	३
४२	लेखा समितिको क्षमता विकास तालिम सञ्चालन	पटक		१	१	१	१	१	५	१६	२	३
	योजना व्यवस्थापन											
४३	विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम	सङ्ख्या		५	१	१	२	१	१०	१६	२	३
४४	उपभोक्ता समिति क्षमता विकास कार्यक्रम	सङ्ख्या		१०	१०	१०	१०	१०	५०	१६	१	३
४५	मध्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक	सङ्ख्या		५	२	२	२	२	१३	१६	२	३

४६	नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण	एकमुष्ठ		२	२	२	२	२	१०	१६	२	३
४७	पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा	पटक		१	२	१	१	१	६	१६	२	३
संस्थागत विकास तथा सुशासन क्षेत्रको जम्मा बजेट				४२१	४७५	५३०	५८७	६५६	२६६९			

८.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७५ संस्थागत :विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाई	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा योजना अवधिको लक्ष्य	पुष्ट्याँइको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
सुशासन, ऐन, नियम तथा जवाफदेहिता									योजना, प्रशासन, राजस्व शाखा र नगर पार्श्वचित्र	
पालिकाले स्वीकृत गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड ऐन ३८) ७४ नियम निति समेत ११२(	सङ्ख्या	११२	आवश्यकता अनुसार							
क्रियाशिल नीतिगत समिति तथा संयन्त्र विधायन), सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन आदि(	सङ्ख्या	१५	१५	१५	१६	१७	२०	२०		
नागरिक वडापत्र	सङ्ख्या	१५	१५	१५	१५	१५	१५	१५		
सार्वजनिक सुनुवाई,	सङ्ख्या	३	३	३	३	३	३			
सामाजिक परीक्षण	सङ्ख्या		१	१	१	१	१	५		
GESI परीक्षण	पटक	१	१	१	१	१	१	५		
सामाजिक मेलमिलाप भएका सङ्ख्या	सङ्ख्या	७४	७४	७४	७४	७५	७६			

उपलब्ध अनलाइन सेवाका प्रकारहरू निवेदन), सिफारिस, पञ्जीकरण(....	सङ्ख्या	१	1	1	1	1	1	1		
संस्थागत स्व मुल्यांकन LISA		८०.५	85	90	92	95	95	95		
वितिय जोखिम FRA		७२.५	81	85	90	95	99	99		
सेवाग्राहीको सन्तुष्टि स्तर	प्रतिशत	७५	७५	७७	८०	८५	८८	८८		
संस्थागत संरचना तथा मानव संशाधन										
पालिकामा कार्यरत मानव संशाधन)85+110+2)	सङ्ख्या	१९७	स्विकृत सगठन व्यवस्थापन सर्भेक्षण अनुसार							
पालिकामा कार्यरत प्राविधिक जनशक्ति	सङ्ख्या	१८	18	20	23	26	29	29		
एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि	मिनेट	३०	:20	:20	:20	:20	:20	:20		
क्षमता विकास कार्यक्रमवाट लाभान्वित पालिकाका पदाधिकारी, सदस्यहरू, कर्मचारी, गैसस, सरोकारवाला संघ संस्थाहरू	सङ्ख्या	२७५	276	280	285	290	295	295		
कार्यसम्पादन करार गरिएको तथा कार्यविवरण दिई सोही अनुसार कार्यसम्पादन गर्ने कर्मचारी सङ्ख्या	सङ्ख्या	१११	111	111	100	90	८०	८०		
पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन	सङ्ख्या	३०	32	35	38	40	42	42		
सेवा तथा श्रोत केन्द्र स्वास्थ्य), कृषि, पशुसेवा, शिक्षा(	सङ्ख्या	२	2	4	4	4	4	4		
श्रोत परिचालन										
पालिकाको वार्षिक आन्तरिक आय रकम	रुलाख .	939	1392	1349	1559	1811	2114	2114		
कुल बजेटमा आन्तरिक आयको हिस्सा	प्रतिशत	11.26	12.12	12.65	13.26	13.96	14.73	14.73		

पालिकाको कूल वार्षिक वजेट	रुकरोड .	8340	10294	11142	12331	13660	15147	69094		
कूल वजेटको वास्तविक खर्च	प्रतिशत	64.62	80	90	95	95	95	95		
कूल वजेटको पूँजिगत खर्च	प्रतिशत	39.97	80	85	90	95	95	95		
बेरुजु रकम	प्रतिशत	2.46	2	1.5	1	1	1	1		
योजना व्यवस्थापन										
श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण तयारी तथा अद्यावधिक भएको विषयक्षेत्रगत	सङ्ख्या	५	5	5	5	5	5	5		
कूल आयोजना मध्ये उपभोक्ता समितिवाट कार्यान्वयन भएका आयोजना	प्रतिशत	९४९/	95	95	95	95	95	95		
निर्धारित समयमा सम्पन्न आयोजना/कार्यक्रमहरू	प्रतिशत	95	100	100	100	100	100	100		
आयोजना÷कार्यक्रमको अनुगमन प्रतिवेदन सङ्ख्यापटके) , मासिक, चौमासिक, वार्षिक(	पटक	४७	47	47	47	47	48	48		
पालिकावाट प्रकाशित दस्तावेज र प्रतिवेदन	सङ्ख्या	2	2	2	2	2	2	2		
वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा	राखिएको / नराखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको		
आयव्ययको अद्यावदिक विवरण - बेवसाइटमा	राखिएको / नराखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको	राखिएको		
वार्षिक खरिद योजना	सङ्ख्या	1	1	1	1	1	1	1		
आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था	सङ्ख्या	1	1	1	1	1	1	1		

परिच्छेद ९कार्यान्वयन व्यवस्था :

९ पृष्ठभूमि १.

तानसेन नगरपालिकाले नगरपालिकाको योजनाबद्ध विकासका लागि नगर पार्श्वचित्र, तथ्यको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट प्रथम पञ्चवर्षीय योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा नगरपालिकाले नेपाल सरकारको सोह्रौ योजनाको मर्म तथा लुम्बिनी प्रदेशको योजनाहरूलाई समेत आधारको रूपमा लिएको छ । नगरपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ ।

९ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना २.

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस नगरपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत नगरपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । नगरपालिकामा हाल **१७ वटा शाखाहरू** तथा **एउटा रोजगार सेवा केन्द्र** र **१४ वटा वडा** समितिको कार्यालय रहेको छ । नगरपालिकाको विद्यमान सङ्गठन संरचना अनुसार स्वीकृत दरबन्दी तथा करार सहित **१९७ जना** कर्मचारी कार्यरत छन् । नगरपालिकाको आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न नगर कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने देखिन्छ ।

९ विषयक्षेत्र अनुसार अनुमानित बजेट ३.

यस आवधिक योजनामा विभिन्न पाँच वटा विषयगत क्षेत्रहरू तथा नगरपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान नगरपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत

नगरपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

तालिका ७विषय क्षेत्र अनुसार अनुमानित बजेट :

क.सं.	विषयगत क्षेत्र उपक्षेत्र	अनुमानित बजेट लागत (हजारमा.रू)						बजेट
		पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आव.	पाँचौ आव.	जम्मा	प्रतिशत
	नगर गौरवका आयोजना	557	616	683	757	840	3454	10.58
1	**आर्थिक क्षेत्र**	1725	2155	2387	2578	2655	11500	35.24
1.1	कृषि तथा पशुपन्छी	702	732	862	975	1028	4299	13.17
1.2	सिंचाई	290	340	350	360	360	1700	5.21
1.3	पर्यटन, संस्कृति तथा सम्पदा	433	580	653	675	707	3048	9.34
1.4	उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति	245	442	459	502	494	2142	6.56
1.5	वैंक तथा वित्तीय संस्था र सहकारी	36	39	39	39	39	192	0.59
1.६	श्रम, रोजगारी र सामाजिक सुरक्षा	19	22	24	27	27	119	0.36
2	**सामाजिक क्षेत्र**	1455	1977	2042	1829	1796	9099	27.88
2.1	स्वास्थ्य तथा पोषण	342	463	429	376	248	1858	5.69
2.2	शिक्षा, विज्ञान तथा नवप्रवतन	416	486	508	548	563	2521	7.72
2.3	खानेपानी तथा सरसफाइ	291	441	461	381	381	1955	5.99
2.4	महिला, बालबालिका तथा लक्षित वर्ग	184	204	204	234	234	1060	3.25
2.5	युवा तथा खेलकुद	178	238	248	248	328	1240	3.80
2.6	भाषा, कला, सहित्य तथा सस्कृति	44	145	192	42	42	465	1.42
3	**पूर्वाधार क्षेत्र**	1392	1552	1708	1910	2100	8662	26.54
3.1	बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण	447	267	337	362	392	1805	5.53
3.2	सडक, पुल तथा यातायात	769	1135	1225	1402	1562	6093	18.67
3.3	जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा	75	84	89	89	89	426	1.31
3.4	सूचना, सञ्चार तथा प्रविधि	101	66	57	57	57	338	1.04
4	**वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**	334	369	409	454	504	1995	6.11
4.1	वन तथा जैविक विविधता	49	49	49	49	59	255	0.78
4.2	भूसंरक्षण तथा जलाधार व्यवस्थापन	115	137	155	145	160	687	2.11
4.3	वातावरण तथा फोहोरमैला व्यवस्थापन	87	100	117	172	197	673	2.06
4.4	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता	83	83	88	88	88	380	1.16
5	**संस्थागत विकास तथा सुशासन क्षेत्र**	222	246	273	302	336	1379	4.23
5.1	सुशासन, ऐन नियम तथा जवाफदेहिता	33	33	33	38	33	170	0.52
5.2	संस्थागत संरचना तथा मानव संसाधन विकास	117	146	176	196	226	861	2.64
5.3	वित्तीय श्रोत परिचालन	49	50	48	51	61	259	0.79
5.4	योजना व्यवस्थापन	23	17	16	17	16	89	0.27

	जम्मा योजना बजेट	5128	6299	6819	7073	7391	32635	100.00
	नगरपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट						36089	

नगरपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट **रू .६ अर्ब ९० करोड ९४ लाख** अनुमान गरिएको छ । चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च ५० प्रतिशतमा सीमित गर्ने र पुँजीगत खर्च ५० प्रतिशत हुने अनुमान गरिएको छ । नगर गौरवका आयोजनाहरूको लागि कुल बजेटको **१०.५८ प्रतिशत** बजेट विनियोजन गरिएको छ र नपुग रकम बैङ्कल्पिक स्रोतप्रदेश सरकार तथा अन्य दाता ,संघीय सरकार :हरू संग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ । नगरपालिका गौरवका आयोजना कार्यान्वयनका लागि कूल **रू अर्ब २ .१७.५ करोड** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी आर्थिक विकास क्षेत्र विकासका लागि करिब **३५.२४ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **२७.८८ प्रतिशत**, पूर्वाधार विकासका लागि **२६.५४ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **६.११ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **४.२३ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।



चित्र ९ : विषय क्षेत्रगत बजेट

९ स्रोत अनुमान तथा प्रक्षेपण ४.

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद् अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र

साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

९राजस्व परिचालनको अवस्था ४.१.

नगरपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चवर्षीय आवधिक विकास योजना नगरपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाले आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

